# सानीभेरी गाउँपालिका

# स्थानीय शिक्षा योजना

## (२०८३-२०८७)








## Local Education Plan
## (2083-2087)

सानीभेरी गाउँपालिका
शिक्षा, युवा तथा खेलकुद शाखा
सिम्ली रुकुम पश्चिम
कर्णाली प्रदेश
नेपाल

# सानीभेरी गाउँपालिका

# स्थानीय शिक्षा योजना

(मिति २०८३ असार २२ मा स्वीकृत)

सानीभेरी गाउँपालिका
शिक्षा, युवा तथा खेलकुद शाखा
रूकुम पश्चिम भाग
कर्णाली प्रदेश
नेपाल

**सर्वाधिकार प्रकाशकमा**

**संरक्षक**
श्री बिर्ख बहादुर विष्ट

**संरक्षक**
श्री कमला रोका पुन

**सल्लाहकार**
श्री नरविर खड्का
श्री भूपाल सिं विष्ट

**योजना निर्माण प्राविधिक सहयोग**
केशव कुमार बि.सी.
शिक्षा प्राबिधिक अधिकृत
कालिका स्वावलम्वन सामाजिक केन्द्र, कपिलवस्तु

**योजना निर्माण कार्यदल**
श्री बिर्ख बहादुर विष्ट
श्री कमला रोका पुन
श्री नरविर खड्का
श्री शेर बहादुर खड्का
श्री चन्द्र बहादुर परियार
श्री अनन्त कुमार पुन
श्री चन्द्र बहादुर ओली
श्री भूपाल सिं विष्ट

**प्रकाशक**
सानीभेरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
सिम्ली, रूकुम (पश्चिम भाग)

सानीभेरी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

सिम्ली, रुकुम पश्चिम भाग

कर्णाली प्रदेश, नेपाल

सानीभेरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सिम्ली, रुकुम (पश्चिम भाग) कर्णाली प्रदेश, नेपाल २०७३

## मेरा दुई शव्द

मितिः २०८३।०३।२२

सानीभेरी गाउँपालिकाद्वारा स्थानीय शिक्षा योजना तयार गरिएको छ । वि.सं. २०८३ देखि २०८७ सम्मको लागि यो योजना तयार गरिएको हो । अहिलेको शिक्षाको स्थितिको विश्लेषण गर्दै आगामी पाँच वर्ष भित्र शिक्षालाई कहाँ पुर्याउने भनेर यो योजना तयार गरिएको हो। कुनै पनि राष्ट्रको विकासको लागि योजना आवश्यक पर्दछ। योजना बिना गरिएको कामले सार्थकता पाउन सक्दैन । देश विकासको लागि महत्वपूर्ण कोशे ढुङ्गा मानिएको शिक्षाको विकासको लागि शिक्षा योजना बनाउनु आवश्यक छ । सानीभेरी गाउँपालिकाको शैक्षिक विकासको लागि तयार पारिएको स्थानीय शिक्षा योजनाले आगामी दिनमा गाउँपालिकाको शैक्षिक विकासको लागि महत्वपूर्ण भूमिका खेल्ने विश्वास मैले लिएको छु।

सानीभेरी गाउँपालिका सरकारले यो योजनालाई शिक्षा विकासमा उपयोग गर्नुपर्दछ । विभिन्न सरोकारवालहरु बिच समन्वय, छलफल गरेर तयार गरिएको शिक्षा योजनाले सम्पूर्ण शैक्षिक सरोकारवालाहरुलाई आवश्यक जानकारी उपलब्ध गराउनेछ । गाउँपालिकाले हरेक वर्ष शैक्षिक कार्यक्रमहरु सञ्चालन गर्दा यो योजनालाई आत्मसाथ गर्नुपर्नेछ । वार्षिक नीति तथा कार्यक्रम र बजेट निर्माण गर्दा समेत स्थानीय शिक्षा योजनालाई पहिलो प्राथमिकता दिनु आवश्यक छ । नयाँ निर्वाचित भएर आउने जनप्रतिनिधिहरुले समेत यो योजनालाई आत्मसाथ गरेर जानु आवश्यक छ । आगामी दिनमा बन्ने नयाँ सरकारको लागि समेत यो दस्तावेज एउटा मार्गदर्शकका रुपमा रहने अपेक्षा गरेको छु ।

सानीभेरी गाउँपालिकाको स्थानीय शिक्षा योजना निर्माणमा सहभागी सबैलाई धेरै धरै धन्यबाद दिन चाहन्छु । साथै यस योजनाको प्रभावकारी कार्यान्वयनमा सम्बन्धित सबै सरोकारवालाहरुको सहयोगको समेत अपेक्षा गर्दछु ।

०८३।३।२२

.......................

बिर्ख बहादुर विष्ट

गाउँपालिका अध्यक्ष

सानीभेरी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

सिम्ली, रुकुम (पश्चिम भाग)
कर्णाली प्रदेश, नेपाल

## मेरो भनाइ

मिति २०८३/०३/२२

नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तहसहितको संघीय शासन प्रणालीलाई अंगीकार गर्दै स्थानीय तहलाई शिक्षा क्षेत्रको व्यवस्थापन, सञ्चालन र विकाससम्बन्धी स्पष्ट अधिकार तथा जिम्मेवारी प्रदान गरेको छ । साथै, आधारभूत तहसम्मको शिक्षा अनिवार्य तथा निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क रूपमा प्राप्त गर्ने नागरिकको मौलिक हक सुनिश्चित गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले यी जिम्मेवारीलाई थप स्पष्ट गर्दै स्थानीय तहलाई आवश्यक नीति, योजना तथा कार्यक्रम निर्माण र कार्यान्वयन गर्ने अधिकार दिएको छ ।

यसै संवैधानिक तथा कानुनी व्यवस्थाअनुरूप सानीभेरी गाउँपालिकाले शिक्षा क्षेत्रको समग्र विकासका लागि पाँच वर्षीय गाउँपालिको स्थानीय शिक्षा योजना (२०८३-२०८७) तयार गरेको छ । यस योजनाले गाउँपालिकाको विद्यमान शैक्षिक अवस्था, समस्या, चुनौती तथा सम्भावनाको विश्लेषण गर्दै गुणस्तरीय, समावेशी र दिगो शैक्षिक विकासका लागि आवश्यक रणनीति, कार्यक्रम र लक्ष्यहरू निर्धारण गरेको छ ।

योजनाको प्रभावकारी कार्यान्वयनका लागि जनप्रतिनिधि, कर्मचारी, शिक्षक, अभिभावक, समुदाय, संघ तथा सरोकावालाहरूको सक्रिय सहयोग, समन्वय र सहकार्य अपरिहार्य रहेको छ भने सफल कार्यान्वयनका लागि सहयोगको समेत अपेक्षा गरिएको छ ।

यस सानीभेरी गाउँपालिकाको स्थानीय शिक्षा योजना निर्माणमा योगदान पुऱ्याउने सबै व्यक्ति र सरोकारवालाप्रति हार्दिक आभार व्यक्त गर्दै यसको सफल कार्यान्वयनका लागि निरन्तर साथ, सहयोग र रचनात्मक सुझावको अपेक्षा गर्दछु ।

२०८३/०३/२२

नरविर खड्का
प्रमुख प्रशासकिय अधिकृत

सानीभेरी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

सिम्ली, रुकुम (पश्चिम भाग)

कर्णाली प्रदेश, नेपाल

## कृतज्ञता

मिति:२०८३।०३।२२

सानीभेरी गाउँपालिका रुकुम(पश्चिम भाग)ले स्थानीय शिक्षा योजना (२०८३-२०८७) निर्माण गरेको छ । कुनै पनि कार्यलाई व्यवस्थित र प्रभावकारी रुपमा सम्पन्न गर्नका लागि योजनाको आवश्यकता पर्दछ । योजना बिना गरिएको कार्यले उद्देश्य पूरा गर्न सक्दैन । नेपाल सरकारले सोहौं योजना (२०८१/८२-२०८५/८६) कार्यान्वयन गरिरहेको छ । सानीभेरी गाउँपालिकाले पनि दोस्रो आवधिक योजना (२०८०/८१-२०८४/८५) निर्माण गरी त्यसलाई कार्यान्वयन गरिरहेको छ । स्थानीय तह गठन भईसकेपछी प्रथम पटक सानीभेरी गाउँपालिकाले स्थानीय शिक्षा योजना (२०८३-२०८७) निर्माण गरेको हो । यस गाउँपालिकाको शिक्षा क्षेत्रको रुपान्तरण, विकास र दिर्घकालीन उन्नयनको लागि यसले महत्वपूर्ण भूमिका खेल्ने विश्वास मैले लिएको छु ।

स्थानीय तहको शिक्षा योजना निर्माण सम्बन्धी मार्गदर्शन, २०७९ (परिमार्जित संस्करण-२०८१) बमोजिम शिक्षा योजना तयार गरिएको छ । सानीभेरी गाउँपालिकाको शिक्षा योजना निर्माणको लागि कार्यदल गठन भएको थियो । उक्त कार्यदलले विभिन्न सरोकारवालाहरुसँग आवश्यक छलफल, अन्तरक्रिया र कार्यशालाको आयोजना गरी शिक्षा योजना निर्माणको लागि सल्लाह, सुझाव र पृष्ठपोषण आदानप्रदान गरिएको थियो । स्थानीय तहले हालसम्म गरेका शैक्षिक कार्यहरु, निर्माण गरेका विभिन्न दस्तावेजहरु तथा कार्ययोजना, प्रधानाध्यापक बैठक तथा शिक्षा समितिका निर्णयहरु, गाउँपालिकाले शिक्षा क्षेत्रमा हाँसिल गरेका उपलब्धीहरु लगायत अन्य विविध शैक्षिक पक्षहरुलाई योजना निर्माणमा विशेष ध्यान दिइएको छ । योजना निर्माण कार्यलाई व्यवस्थित, मर्यादित र वस्तुनिष्ठ बनाई यसको प्राविधिक पक्षलाई बलियो बनाउनको लागि विज्ञ सेवासमेत लिइएको छ ।

सानीभेरी गाउँपालिकाको यथार्थ शैक्षिक अवस्थाको चित्रण तथा विश्लेषण गर्दै आगमी पाँच वर्षभित्रको गन्तव्य समेत निर्धारण गरिएको छ । यस योजनाको प्रभावकारी रुपमा कार्यान्वयन गर्न सकिएको खण्डमा गाउँपालिकाको शैक्षिक गुणस्तरमा सुधार भई सिकाइ उपलब्धीमा अपेक्षित परिणाम प्राप्त गर्न सकिन्छ । यस योजना निर्माणमा सहयोग गर्ने सम्पूर्ण व्यक्ति तथा संस्थाहरुलाई हार्दिक आभार प्रकट गर्न चाहन्छु ।

भूपाल सिं विष्ट

प्रमुख शिक्षा अधिकृत (आठौं)

# विषय–सूची


विषय प्रवेश ..... 1
परिच्छेद १ ..... 13
परिचय ..... 13
१.१ पृष्ठभूमि ..... 13
१.२ सानीभेरी गाउँपालिकाको परिचय ..... 13
१.३ सानीभेरी गाउँपालिकाको जनसाङ्ख्यिक अवस्था ..... 15
१.४ सानीभेरी गाउँपालिकाको शैक्षिक अवस्था ..... 20
परिच्छेद २ ..... 38
लक्ष्य निर्धारण ..... 38
२.१ दिर्घकालिन सोंच ..... 39
२.२ लक्ष्य ..... 39
२.३ उदेश्यहरु ..... 39
२.४ रणनीति तथा कार्यनीति ..... 40
२.५ अपेक्षित उपलब्धि ..... 57
२.६ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण ..... 58
परिच्छेद ३ ..... 63
विद्यालय क्षेत्रका मुख्य उपक्षेत्रहरु ..... 63
३.१ प्रारम्भिक बालविकास शिक्षा ..... 63
३.१.१ परिचय ..... 63
३.१.२ वर्तमान अवस्था ..... 64
३.१.३ प्रारम्भिक बालविकासको समस्या ..... 66
३.१.४ प्रारम्भिक बालविकासको लक्ष्य ..... 66
३.१.५ प्रारम्भिक बालविकासका उदेश्य ..... 66
३.१.६ प्रारम्भिक बालविकासका रणनीतिहरु ..... 67
३.१.७ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ..... 68

३.२ आधारभूत तह शिक्षा ........ 73

३.२.१ परिचय ........ 73

३.२.२ आधारभूत तहको वर्तमान अवस्था ........ 74

३.२.३ आधारभूत तहका समस्याहरु ........ 78

३.२.४ लक्ष्य ........ 79

३.२.५ उदेश्य ........ 79

३.२.६ रणनीतिहरु ........ 80

३.२.७ प्रमुख उपलब्धि तथा नतिजा ........ 81

३.३ माध्यमिक तहको शिक्षा ........ 87

३.३.१ परिचय ........ 87

३.३.२ वर्तमान अवस्था ........ 88

३.३.३ माध्यमिक तह शिक्षाका समस्याहरु ........ 92

३.३.४ लक्ष्य ........ 92

३.३.५ उदेश्य ........ 93

३.३.६ रणनीतिहरु ........ 93

३.३.७ प्रमुख उपलब्धि तथा नतिजा ........ 94

३.४ प्राविधिक तथा व्यावसायीक शिक्षा ........ 99

३.४.१ परिचय ........ 99

३.४.२ वर्तमान अवस्था ........ 100

३.४.३ प्राबिधिक तथा ब्यावसायीक शिक्षाका समस्याहरु ........ 101

३.४.४ लक्ष्य ........ 102

३.४.५ उदेश्यहरु ........ 102

३.४.६ रणनीतिहरु ........ 103

३.४.७ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ........ 103

३.५ अनौपचारिक शिक्षा र आजिवन सिकाई ..... 105
३.५.१ परिचय ..... 105
३.५.२ वर्तमान अवस्था ..... 106
३.५.३ समस्याहरु ..... 107
३.५.४ लक्ष्य ..... 107
३.५.५ उदेश्यहरु ..... 107
३.५.६ रणनीतिहरु ..... 108
३.५.७ प्रमुख उपलब्धि र नतिजा ..... 108
परिच्छेद ४ ..... 112
अन्तरसम्बन्धित बिषय तथा क्षेत्रहरु ..... 112
४.१ पाठ्यक्रम, पाठ्यसामग्री, सिकाइ सामग्री ..... 112
४.१.१ परिचय ..... 112
४.१.२ वर्तमान अवस्था ..... 113
४.१.३ समस्या तथा चुनौतिहरु ..... 114
४.१.४ लक्ष्य ..... 115
४.१.५ उदेश्यहरु ..... 115
४.१.६ रणनीति ..... 115
४.१.७ प्रमुख उपलब्धि तथा नतिजा ..... 116
४.२ शिक्षक ब्यवस्थापन र विकास ..... 119
४.२.१ परिचय ..... 119
४.२.२ वर्तमान अवस्था ..... 120
४.२.३ समस्या र चुनौतिहरु ..... 121
४.२.४ लक्ष्य ..... 122
४.२.५ उदेश्यहरु ..... 122
४.२.६ रणनीतिहरु ..... 122

४.२.७ प्रमुख उपलब्धि तथा नतिजा ... 123
४.३ शैक्षिक समता तथा समावेशिकरण ... 127
४.३.१ परिचय ... 127
४.३.२ वर्तमान अवस्था ... 128
४.३.३ समस्या तथा चुनौतिहरु ... 128
४.३.४ लक्ष्य ... 128
४.३.५ उदेश्य ... 129
४.३.६ रणनीतिहरु ... 129
४.३.७ मुख्य उपलब्धि र नतिजा ... 130
४.४ बिद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम ... 133
४.४.१ परिचय ... 133
४.४.२ वर्तमान अवस्था ... 134
४.४.३ समस्या तथा चुनौतिहरु ... 136
४.४.४ लक्ष्य ... 137
४.४.५ उदेश्य ... 137
४.४.६ रणनीतिहरु ... 138
४.४.७ मुख्य उपलब्धि र नतिजा ... 139
४.५ बिद्यालय सुरक्षा, बिपद न्यूनिकरण तथा उत्थानशिलता ... 141
४.५.१ परिचय ... 141
४.५.२ वर्तमान अवस्था ... 142
४.५.३ समस्या तथा चुनौतिहरु ... 143
४.५.४ लक्ष्य ... 144
४.५.५ उदेश्य ... 144
४.५.६ रणनीतिहरु ... 145

४.५.७ मुख्य उपलब्धि र नतिजा....145
४.६ बिद्यालय भौतिक पूर्वाधार विकास....147
४.६.१ परिचय....147
४.६.२ वर्तमान अवस्था....148
४.६.३ समस्या तथा चुनौतिहरु....151
४.६.४ लक्ष्य....151
४.६.५ उदेश्य....151
४.६.६ रणनीतिहरु....152
४.६.७ मुख्य उपलब्धि तथा नतिजा....152
४.७ बिद्यालय बिद्यालय सूचना तथा प्रविधि....154
४.७.१ परिचय....154
४.७.२ परिचय....155
४.७.३ समस्या तथा चुनौतिहरु....156
४.७.४ लक्ष्य....156
४.७.५ उदेश्य....156
४.७.६ रणनीतिहरु....157
४.७.७ मुख्य उपलब्धि र नतिजा....157
परिच्छेद ६....159
सुशासन र व्यवस्थापन....159
६.१ परिचय....159
६.२ वर्तमान अवस्था....160
६.३ समस्या तथा चुनौतिहरु....161
६.४ लक्ष्य....161
६.५ उदेश्य....161
६.६ रणनीतिहरु....162

६.७ मुख्य उपलब्धि र नतिजा ... 162
परिच्छेद ७ ... 164
लगानी र व्यवस्थापन ... 164
७.१ परिचय ... 164
७.२ वर्तमान अवस्था ... 164
७.३ लक्ष्य ... 165
७.४ उदेश्यहरु ... 165
७.५ रणनीतिहरु ... 166
७.६ मुख्य उपलब्धि तथा नतिजा ... 166
परिच्छेद ८ ... 169
अनुगमन र मूल्याङ्कन ... 169
८.१ परिचय ... 169
८.२ वर्तमान अवस्था ... 170
८.३ उद्देश्य ... 171
८.४ रणनीतिहरू ... 171
८.५ प्रमुख उपलब्धि तथा अपेक्षित नतिजा ... 172

# बिषय प्रबेश

नेपालको संविधान, २०७२ ले शिक्षालाई नागरिकको मौलिक अधिकारका रूपमा स्थापित गर्दै शिक्षा क्षेत्रको विकासलाई उच्च प्राथमिकता दिएको छ । नेपालको संविधानको धारा ३१ अनुसार प्रत्येक नागरिकलाई आधारभूत तहसम्म अनिवार्य तथा निःशुल्क र माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्राप्त गर्ने हक सुनिश्चित गरिएको छ । साथै अपाङ्गता भएका तथा आर्थिक रूपमा विपन्न नागरिकलाई कानुनबमोजिम निःशुल्क उच्च शिक्षा, दृष्टिविहीन नागरिकलाई ब्रेल लिपिमार्फत तथा बहिरा एवं बोलाइसम्बन्धी कठिनाइ भएका नागरिकलाई सांकेतिक भाषामार्फत निःशुल्क शिक्षा प्राप्त गर्ने अधिकारको व्यवस्था गरिएको छ । प्रत्येक नेपाली समुदायलाई आफ्नो मातृभाषामा शिक्षा प्राप्त गर्ने तथा शैक्षिक संस्था स्थापना र सञ्चालन गर्ने हक पनि संविधानले प्रत्याभूत गरेको छ ।

संविधानले महिला, बालबालिका तथा दलित समुदायको शिक्षा सम्बन्धी अधिकारलाई समेत विशेष संरक्षण प्रदान गरेको छ । धारा ३८ बमोजिम महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी तथा सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक सुनिश्चित गरिएको छ । त्यसैगरी प्रत्येक बालबालिकालाई शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन, व्यक्तित्व विकास तथा सहभागिताको अधिकार सुनिश्चित गरिएको छ भने कुनै पनि स्थानमा शारीरिक वा मानसिक यातना दिन नपाइने व्यवस्था गरिएको छ । दलित समुदायका नागरिकलाई आधारभूत तहदेखि उच्च शिक्षासम्म छात्रवृत्तिसहित निःशुल्क शिक्षा प्राप्त गर्ने व्यवस्था पनि संविधानमा उल्लेख गरिएको छ ।

यसका अतिरिक्त संविधानले शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमुखी तथा जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक र राष्ट्रिय हितप्रति समर्पित जनशक्ति उत्पादन गर्ने राज्यको दायित्व निर्धारण गरेको छ । साथै शिक्षा क्षेत्रमा

राज्यको लगानी अभिवृद्धि गर्ने तथा नागरिकको ज्ञान, सूचना र व्यक्तित्व विकासका लागि पुस्तकालय एवं सामुदायिक सूचना केन्द्रहरूको स्थापना तथा प्रवर्द्धन गर्ने नीतिगत व्यवस्था पनि गरेको छ ।

दिगो विकास लक्ष्यको लक्ष्य नं. ४ ले समावेशी, समतामूलक तथा गुणस्तरीय शिक्षा प्राप्तिको सुनिश्चितता गर्दै सबैका लागि आजीवन सिकाइका अवसरहरूको प्रवर्द्धन गर्ने लक्ष्य निर्धारण गरेको छ । त्यसैगरी **अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन २०७५**, **स्थानीय सरकार सञ्चालन ऐन २०७४**, **शिक्षा ऐन २०२८**, **शिक्षा नियमावली २०५९**, **राष्ट्रिय शिक्षा नीति २०७६** तथा **विद्यालय शिक्षा क्षेत्र योजना (२०७९-२०८८)** ले स्थानीय तहलाई विद्यालय शिक्षाको व्यवस्थापन, सञ्चालन तथा गुणस्तर अभिवृद्धिका लागि आवश्यक कानूनी तथा नीतिगत आधार प्रदान गरेका छन् ।

उक्त संवैधानिक, कानुनी तथा नीतिगत व्यवस्थालाई आत्मसात् गर्दै सानीभेरी गाउँपालिकाले स्थानीय आवश्यकता, चुनौती र सम्भावनालाई केन्द्रमा राखी **पञ्चवर्षीय शिक्षा योजना (२०८३-२०८७)** तयार गर्न थालेको हो । यस योजनाले विद्यालय शिक्षाको पहुँच, समावेशिता, गुणस्तर, सुशासन तथा प्रभावकारी व्यवस्थापन मार्फत अपेक्षित शैक्षिक उपलब्धि हासिल गर्नुका साथै राष्ट्रिय शिक्षा नीति र विद्यालय शिक्षा क्षेत्र योजनाको प्रभावकारी कार्यान्वयनमा योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।

यस योजना निर्माणका क्रममा शिक्षा क्षेत्रका विद्यमान समस्या तथा आवश्यकताहरूको पहिचान गरी विभिन्न चरणमा कार्यशाला, गोष्ठी तथा परामर्श कार्यक्रम सञ्चालन गरिएको थियो। योजना तयार गर्ने प्रक्रियामा जनप्रतिनिधि, शिक्षक, विद्यालय व्यवस्थापन समिति, अभिभावक, कर्मचारी तथा शिक्षा क्षेत्रसँग सम्बन्धित अन्य सरोकारवालाहरूको सक्रिय सहभागिता सुनिश्चित गरिएको छ। योजनामा समावेश गरिएका कार्यक्रमहरूको

प्रभावकारी कार्यान्वयनका लागि सबै सरोकारवाला निकायहरूको समन्वय, सहकार्य र प्रतिबद्ध भूमिका अपरिहार्य रहने अपेक्षा गरिएको छ।

सानीभेरी गाउँपालिका रुकुम (पश्चिम भाग) को **पञ्चवर्षीय स्थानीय शिक्षा योजना (२०८३-२०८७)** गाउँपालिकाको शिक्षा क्षेत्रको समग्र विकासका लागि तयार गरिएको मार्गदर्शक योजना हो । यस पञ्चवर्षीय शिक्षा योजनाले सानीभेरी गाउँपालिकाको आगामी पाँच वर्षभित्र शिक्षा क्षेत्रको अपेक्षित विकासको मार्गचित्र प्रस्तुत गर्नुका साथै हाँसिल गर्नुपर्ने लक्ष्य, उद्देश्य तथा अपेक्षित उपलब्धिहरूलाई स्पष्ट रूपमा निर्धारण गरेको छ । योजनाले शिक्षामा समतामूलक पहुँच र पूर्ण सहभागिताको सुनिश्चितता, विद्यालय शिक्षाको गुणस्तर तथा सान्दर्भिकतामा अभिवृद्धि, शिक्षाका वैकल्पिक मार्गहरूको सुदृढीकरण तथा तिनलाई औपचारिक शिक्षा प्रणालीसँग आबद्ध गर्ने साथै सुशासनको प्रवर्द्धन गर्दै सेवा प्रवाहलाई प्रभावकारी बनाउने जस्ता प्रमुख उद्देश्यहरू हाँसिल गर्न आवश्यक रणनीतिहरू तय गरेको छ ।

यस पञ्चवर्षीय शिक्षा योजना निर्माणका क्रममा शिक्षामा पहुँच तथा सहभागिता, समानता र समावेशिता, गुणस्तर तथा सान्दर्भिकता, अनौपचारिक तथा निरन्तर शिक्षाका लागि वैकल्पिक सिकाइ मार्गहरूको विकास, विपद् तथा आपतकालीन अवस्थामा शिक्षाको निरन्तरता, सुशासन, प्रभावकारी व्यवस्थापन तथा समन्वय जस्ता पक्षहरूलाई विशेष रूपमा आत्मसात् गरिएको छ । योजनाले यी सबै आयामहरूलाई समेट्दै समावेशी, गुणस्तरीय, उत्तरदायी र दिगो शिक्षा प्रणालीको विकासका लागि स्पष्ट दिशा प्रदान गरेको छ ।

यस योजनामा सबै विद्यालयमा सुरक्षित तथा बालमैत्री सिकाइ वातावरण सुनिश्चित गर्ने उद्देश्यले आवश्यक भौतिक पूर्वाधार तथा शैक्षिक सुविधासम्बन्धी विभिन्न क्रियाकलापहरू समावेश गरिएका छन् । ती अन्तर्गत सबै विद्यालयमा सुरक्षित कक्षाकोठाको व्यवस्थापन, तहगत तथा कक्षा ५ सम्म कक्षागत पुस्तकालयको स्थापना, विद्युतीकरण तथा इन्टरनेट

सेवाको सुनिश्चितता, स्वच्छ खानेपानीको व्यवस्था, प्रारम्भिक बालविकास केन्द्रका लागि छुट्टै शौचालय तथा छात्रा र छात्रका लागि पर्याप्त पानीसहितका छुट्टाछुट्टै शौचालयको निर्माण र व्यवस्थापन गरिनेछ ।

त्यसैगरी आधारभूत विद्यालयका माथिल्ला कक्षा तथा माध्यमिक विद्यालयहरूमा विषयगत प्रयोगशालाको स्थापना तथा सुदृढीकरण, सबै विद्यालयका प्रारम्भिक कक्षामा बालमैत्री बसाइ व्यवस्थापन र सिकाइलाई प्रोत्साहन गर्ने छापामय तथा सामग्रीमय वातावरणको निर्माण, साथै प्रारम्भिक बालविकास केन्द्रहरूमा व्यवस्थित बसाइ व्यवस्थापन गरी नमूना बालविकास केन्द्रका रूपमा विकास गर्ने लगायतका क्रियाकलापहरू पनि यस योजनामा समेटिएका छन् ।

यस योजनाले शिक्षकहरूको पेसागत दक्षता तथा क्षमता अभिवृद्धिलाई प्राथमिकता दिएको छ । सोहीअनुसार शिक्षकहरूका लागि आवश्यक पेसागत तथा क्षमता विकाससम्बन्धी तालिम सञ्चालन गर्ने, शैक्षिक अवलोकन भ्रमणका अवसर उपलब्ध गराउने, पढाइ मेला आयोजना गर्ने तथा गाउँपालिकास्तरबाट नमूना माध्यमिक विद्यालय, आधारभूत विद्यालय र प्राथमिक विद्यालय विकासका लागि आवश्यक मापदण्ड तयार गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्ने व्यवस्था गरिएको छ ।

त्यसैगरी प्रविधिमैत्री शिक्षण सिकाइलाई प्रवर्द्धन गर्न डिजिटल शैक्षिक सामग्री उपलब्ध गराउने, पालिकास्तरीय परीक्षा प्रणालीको विकास तथा सञ्चालन गर्ने, वार्षिक शैक्षिक अन्तरक्रिया कार्यक्रम आयोजना गर्ने र शिक्षकहरूको क्षमता विकासका लागि कार्यमूलक अनुसन्धान सञ्चालन गर्ने योजना पनि समावेश गरिएको छ ।

यसका अतिरिक्त शिक्षक दरबन्दी मिलान गर्ने, विद्यालय गाभ्ने (मर्ज गर्ने) तथा कक्षा समायोजन जस्ता व्यवस्थापकीय सुधारका माध्यमबाट उपलब्ध शैक्षिक स्रोत साधनको

प्रभावकारी उपयोग गर्दै शिक्षण सिकाइको गुणस्तरमा सुधार ल्याउने कार्यक्रमहरू पनि यस योजनामा समेटिएका छन् ।

यस पञ्चवर्षीय शिक्षा योजना कार्यान्वयनका लागि संघ, प्रदेश र स्थानीय सरकारको संयुक्त लगानी आवश्यक पर्ने अनुमान गरिएको छ । योजनाअनुसार सानीभेरी गाउँपालिकाको शिक्षा क्षेत्रको आगामी पाँच वर्षका लागि कुल **रु.** १३११६२४५४३ (अक्षरेपी एक अर्ब एकतिस करोड स्रोह लाख चौबिस हजार पाँच सय त्रिचालिस) बराबरको बजेट आवश्यक पर्ने प्रक्षेपण गरिएको छ ।

त्यसैले योजनाको प्रभावकारी कार्यान्वयनका लागि आन्तरिक स्रोत परिचालन, अन्तरसरकारी वित्तीय हस्तान्तरणको अधिकतम उपयोग, विकास साझेदार तथा अन्य सम्भावित स्रोतहरूको पहिचान र परिचालनमा विशेष जोड दिनुपर्ने आवश्यकता रहेको छ ।

यस पञ्चवर्षीय शिक्षा क्षेत्र योजनाको प्रभावकारी कार्यान्वयनबाट शिक्षा क्षेत्रका विभिन्न आयाममा उल्लेखनीय उपलब्धि हाँसिल हुने अपेक्षा गरिएको छ । योजना अनुसार चार वर्ष उमेर पूरा गरेका सबै बालबालिकालाई प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम मार्फत कक्षा १ मा प्रवेशका लागि आवश्यक तयारी गराइने, पाँच देखि बाह्र वर्ष उमेर समूहका सबै बालबालिकाको विद्यालयमा भर्ना सुनिश्चित गर्दै आधारभूत तहको पूर्ण चक्र पूरा गराइने तथा विद्यार्थीहरूको समग्र सिकाइ उपलब्धिमा उल्लेखनीय सुधार ल्याइने लक्ष्य राखिएको छ ।

त्यसैगरी शिक्षामा रहेका सबै प्रकारका विभेद तथा असमानताको न्यूनीकरण, प्राविधिक तथा व्यावसायिक शिक्षाको सुदृढीकरण, आवश्यक योग्यता प्राप्त शिक्षकको पर्याप्त उपलब्धता सुनिश्चित गर्ने, योग्य, उत्प्रेरित तथा प्रतिबद्ध शिक्षक जनशक्तिको विकास गर्ने,

साथै शिक्षक र विद्यार्थी दुवैले सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी उपयोग गरी जुनसुकै परिस्थितिमा पनि सिकाइको निरन्तरता सुनिश्चित गर्ने अपेक्षा गरिएको छ ।

यस योजनाले विद्यालय सुशासनको सुदृढीकरण, बालबालिकाको विद्यालयमा समतामूलक पहुँच विस्तार, तथा शिक्षाको गुणस्तर अभिवृद्धिलाई उच्च प्राथमिकतामा राख्दै समावेशी, गुणस्तरीय, उत्तरदायी र दिगो शिक्षा प्रणालीको विकास गर्ने दीर्घकालीन आधार तयार गरेको छ ।

## १. शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य

नेपालको संविधान,२०७२, राष्ट्रिय शिक्षा नीति, २०७६, अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ तथा शिक्षा नियमावली, दिगो विकास लक्ष्य, सोह्रौं पञ्चवर्षीय योजना तथा विद्यालय शिक्षा सम्बन्धी प्रचलित ऐन कानूनले निर्धारण गरेका नीति, उद्देश्य र लक्ष्यहरूलाई संघीय शासन प्रणाली अनुसार प्रभावकारी रूपमा कार्यान्वयन गर्न स्थानीय तहमा शिक्षा योजना निर्माण गर्नु आवश्यक भएको छ । समय परिवर्तनसँग शिक्षा प्रणालीलाई समयानुकूल बनाउँदै सृजनशील, सक्षम, नैतिक, सीपयुक्त र उत्पादनशील नागरिक तयार गर्न तथा समग्र विद्यालय शिक्षाको गुणस्तर, सान्दर्भिकता र प्रभावकारितामा सुधार ल्याउन पनि योजनाबद्ध विकास अपरिहार्य रहेको छ ।

नेपालको संविधानको अनुसूची-८ ले आधारभूत तथा माध्यमिक शिक्षालाई स्थानीय तहको एकल अधिकारको रूपमा व्यवस्था गरेको छ भने स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) ले विद्यालय शिक्षासम्बन्धी २३ वटा अधिकार स्थानीय तहलाई प्रदान गरेको छ । यसका साथै स्थानीय सरकार सञ्चालन ऐनको दफा २४ (१) ले स्थानीय तहलाई आवधिक तथा क्षेत्रगत योजना निर्माण गरी कार्यान्वयन गर्ने कानुनी दायित्वसमेत दिएको छ । यसैगरी विद्यालय शिक्षा क्षेत्र योजना २०७९-२०८८ ले समतामूलक पहुँच,

समावेशी सहभागिता, न्यूनतम सिकाइ उपलब्धि तथा विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धिलाई प्राथमिकतामा राखेको छ ।

यी संवैधानिक, कानूनी तथा नीतिगत व्यवस्थालाई कार्यान्वयन गर्दै स्थानीय आवश्यकता, चुनौती र सम्भावनालाई सम्बोधन गर्न सानीभेरी गाउँपालिकाले पाँचवर्षीय स्थानीय शिक्षा योजना २०८३-२०८७ तयार गरेको छ । योजनामार्फत विद्यालय शिक्षाको पहुँच, गुणस्तर, समावेशिता, सुशासन र व्यवस्थापनमा सुधार गर्दै स्थानीय तहको शिक्षा प्रणालीलाई प्रभावकारी, उत्तरदायी तथा परिणाममुखी बनाउनु यस योजना विकासको औचित्य रहेको छ ।

**सानीभेरी गाउँपालिकाको शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य देहाय बमोजिम रहेका छन् :**

१. तीनै तह (संघिय, प्रदेश र स्थानीय) मा बन्ने शिक्षा योजनाका बिच लम्बीय (Vertical) र क्षितिजीय (Horizontal) सहसम्बन्ध स्थपित गर्न ।
२. संघ र प्रदेशबाट प्रदान गरिने स्रोतहरूलाई योजनामा आधारित बनाई व्यवस्थापन, परिचालन र उपयोग गर्न,
३. कार्यक्रम र स्रोतमा देखिएको अभाव, दोहोरोपना, स्रोत परिचालनमा असक्षमता जस्ता समस्यालाई न्यूनीकरण गर्न,
४. साझा विषयमा लागत साझेदारी, समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन,
५. शिक्षासम्बन्धी राष्ट्रिय लक्ष्य तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता हासिल गर्न सहयोग पुऱ्याउन,
६. बालबालिकाहरूको शिक्षामा पहुँच सुनिश्चितता, विद्यालयमा अर्थपूर्ण सहभागिताका लागि वञ्चित समूह, समुदायका बालबालिकाहरूलाई शिक्षाको पहुँच सम्बोधन गर्न र
७. लैङ्गिक असमानता, अपाङ्गता, भाषा, जातीयता, कठिन परिवेशमा रहेका बालबालिकालाई शिक्षामा अर्थपूर्ण सहभागिता र सिकाइमा सुधार ल्याउन

८. समग्र शैक्षिक वातावरण र गुणस्तरीय शिक्षा प्रवर्द्धन मार्फत सक्षमतायुक्त जनशक्ति निर्माण गरी सामाजिक तथा आर्थिक रुपान्तरणमा टेवा पुर्याउन ।

## २. शिक्षा योजना निर्माणका आधारहरु

यस सानीभेरी गाउँपालिकाको शिक्षा योजना निर्माण गर्दा स्थानिय तहको शिक्षा योजना निर्माण सम्बन्धी मार्गदर्शन, २०७९ संशोधन २०८१ लाई आधार बनाई निम्नलिखित दस्तावेजहरुलाई समेटी तयार गरिएको छ । यसका अतिरिक्त अन्य सान्दर्भिक द्वितिय स्रोतहरु र सन्दर्भ सामग्री प्रयोग गरी योजना निर्माणगरिएको छ ।

क) नेपालको संविधान, २०७२

ख) नेपालको १६ औं आवधिक योजना

ग) स्थानीय सरकार सञ्चालन ऐन, २०७४

घ) सङ्घ,प्रदेश र स्थानीय तह समन्वय तथा अन्तरसम्बन्ध ऐन, २०७७

ङ) अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ लगायत विद्यमान विद्यालय शिक्षा सम्बन्धी ऐन नियमावली

च) विद्यालय शिक्षा क्षेत्र योजना,२०७९-०८८

छ) स्थानिय शिक्षा योजना निर्माण मार्गदर्शन, २०७९

ज) सानीभेरी गाउँपालिकाको शैक्षिक स्थिती प्रतिबेदन, २०८२

झ) सानीभेरी गाउँपालिकाको एकीकृत शैक्षिक सूचना प्रणाली

ञ) शिक्षा नीति मूलतः राष्ट्रिय शिक्षा नीति, २०७६ र शिक्षाको सोचपत्र, २०७९

ट) विद्यालय शिक्षामा समता रणनीति

ठ) दिगो विकास लक्ष्य राष्ट्रिय कार्यढाँचा

ड) स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८

ढ) राष्ट्रिय जनगणनाको प्रतिवेदन २०७८

ण) लगायत अन्य स्थानीय तहका प्रतिबेदनहरु

## ३. शिक्षा योजना निर्माण प्रक्रिया

मिति २०८२ साउन ११ गते गते सानीभेरी गाउँपालिका गाउँ शिक्षा समितिको बैठकबाट स्थानीय शिक्षा योजना बनाउने निर्णय भई शिक्षा योजना निर्माण कार्यदल गठन भएको हो। योजनाको सुरुवातमा प्रत्येक विद्यालयका अभिभावक, शिक्षाप्रेमी, समाजसेवी, बुद्धिजीवी लगायतका शिक्षासँग सरोकार राख्ने सबैसँगको प्रत्यक्ष सहभागितामा छलफल गरिएको छ। यस सानीभेरी गाउँपालिकाको स्थानीय शिक्षा योजना निर्माण गर्दा यस गाउँपालिकाले अन्य क्षेत्रमा निर्माण गरेका योजना (कृषि, स्वास्थ्य, पूर्वाधार विकास आदि) तथा विद्यालयले बनाएका विद्यालय सुधार योजना र सानीभेरी गाउँपालिकाको शैक्षिक स्थिति प्रतिवेदन जस्ता विभिन्न दस्तावेजहरुलाई अध्ययन गरी समावेश मुख्य मुख्य कार्यक्रमलाई आधार मानी विभिन्न योजना बिचको अन्तरसम्बन्ध कायम हुने गरी योजनाको विकास गरिएको छ । यसका लागि स्थानीय तह अन्तर्गतका विभिन्न विभाग/शाखाहरूसँग आवश्यकता अनुसार समन्वय गरिएको छ । शिक्षा योजना निर्माण गर्दा स्थानीय तहले बालमैत्री, लैङ्गिकमैत्री र अपाङ्गमैत्री, विभिन्न प्रकोप तथा जलवायु परिवर्तनप्रति उत्थानशील, सफा तथा स्वच्छ भौतिक पूर्वाधार र हरित विद्यालय निर्माण गरी अनुकूल सिकाइ वातावरणको प्रबन्ध तथा त्यसको सबलीकरणको विषय समेतलाई मध्यनजर गरिएको छ भने योजनालाई अझ तथ्यांकमा आधारित वस्तुनिष्ठ र प्रभावकारी बनाउन शैक्षिक विज्ञमार्फत यसको मस्यौदा माथी पुनरावलोकन गरी सान्दर्भिक बनाउने कोशिस गरिएको छ । यस सानीभेरी गाउँपालिकाको शिक्षा योजना निर्माणमा निम्न प्रक्रियाहरु अवलम्वन गरिएको छः

१. सानीभेरी गाउँपालिकाको गाउँ शिक्षा समितिको मिति २०८२ साउन ११ गतेको बैठकले गाउँ शिक्षा योजना निर्माणका लागि ८ सदस्यीय शिक्षा योजना निर्माण कार्यदलको गठन गरी जिम्मेवारी दिइएको ।
२. कार्यदले सदस्यहरु बिच कार्य विभाजन गरेको र विभिन्न मितिमा छलफल, अन्तर्क्रिया र अध्ययन गरी स्थानीय शिक्षा योजनाको मस्यौदा तयार गरेको ।

३. योजनालाई मूर्तरूप दिन आन्तरिक छलफलमा योजनाको खाका तयार गरी योजनाले समेट्ने विषयवस्तु माथि छलफल भएको ।
४. योजनालाई अझ वस्तुनिष्ठ र प्रभावकारी बनाउन शैक्षिक विज्ञ परामर्श मार्फत थप पुनरावलोकन र अद्यावधिक गरिएको ।
५. योजनाको लागि वर्तमान अवस्थाको मूल्याङ्कन गरी तथ्याङ्क संकलन र विश्लेषण गरिएको ।
६. सरोकारवालाहरूसँगको छलफलबाट गाउँपालिकाका शैक्षिक समस्या चुनौती र अवसरका सन्दर्भमा समस्या वृक्ष, SWOT analysis तथा Gap Analysis गरिएको ।
७. मुख्य सरोकारवालाहरूबाट योजनाको मस्यौदा माथि सुझावका लागि कार्यशाला आयोजना गरी विषयहरुको पुनरावलोकन तथा समिक्षा गरिएको ।
८. सरोकारवालाहरुको सल्लाह सुझावको आधारमा शिक्षा योजना निर्माण कार्यदल र परामर्शदाताबाट योजनाको लेखन गरी शिक्षा योजनाको अन्तिम मस्यौदा तयार गरिएको ।
९. सरोकारवालाहरुबाट प्राप्त सुझावका आधारमा योजनालाई आवश्यक परिमार्जन र भाषिक सम्पादन सहित मुख्य सरोकारवालामाझ अन्तिम सुझावका लागि प्रस्तुत गरिएको।
१०. गाउँ कार्यपालिकाको मिति २०८२ असार २२ गतेको बैठकबाट स्वीकृत भई आ.व. २०८३।०८४ बाट कार्यान्वयन हुने ।

## ४. शिक्षा योजनाको दस्तावेजको स्वरुप

मिति २०८२ साउन ११ गते गते सानीभेरी गाउँपालिका गाउँ शिक्षा समितिको बैठकबाट स्थानीय शिक्षा योजना बनाउने निर्णय भई शिक्षा योजना निर्माण कार्यदल गठन भएको हो। योजनाको सुरुवातमा प्रत्येक विद्यालयका अभिभावक, शिक्षाप्रेमी, समाजसेवी, बुद्धिजीवी लगायतका शिक्षासँग सरोकार राख्ने सबैसँगको प्रत्यक्ष सहभागितामा छलफल गरिएको छ। यस सानीभेरी गाउँपालिकाको स्थानीय शिक्षा योजना निर्माण गर्दा यस गाउँपालिकाले अन्य क्षेत्रमा निर्माण गरेका योजना (कृषि, स्वास्थ्य, पूर्वाधार विकास आदि)

तथा विद्यालयले बनाएका विद्यालय सुधार योजना र सानीभेरी गाउँपालिकाको शैक्षिक स्थिति प्रतिवेदन जस्ता विभिन्न दस्तावेजहरुलाई अध्ययन गरी समावेश मुख्य मुख्य कार्यक्रमलाई आधार मानी विभिन्न योजना बिचको अन्तरसम्बन्ध कायम हुने गरी योजनाको विकास गरिएको छ । यसका लागि स्थानीय तह अन्तर्गतका विभिन्न विभाग/शाखाहरूसँग आवश्यकता अनुसार समन्वय गरिएको छ । शिक्षा योजना निर्माण गर्दा स्थानीय तहले बालमैत्री, लैङ्गिकमैत्री र अपाङ्गमैत्री, विभिन्न प्रकोप तथा जलवायु परिवर्तनप्रति उत्थानशील, सफा तथा स्वच्छ भौतिक पूर्वाधार र हरित विद्यालय निर्माण गरी अनुकूल सिकाइ वातावरणको प्रबन्ध तथा त्यसको सबलीकरणको विषय समेतलाई मध्यनजर गरिएको छ भने योजनालाई अझ तथ्यांकमा आधारित वस्तुनिष्ठ र प्रभावकारी बनाउन शैक्षिक विज्ञमार्फत यसको मस्यौदा माथी पुनरावलोकन गरी सान्दर्भिक बनाउने कोशिस गरिएको छ । यस सानीभेरी गाउँपालिकाको शिक्षा योजना निर्माणमा निम्न प्रक्रियाहरु अवलम्वन गरिएको छः

१. सानीभेरी गाउँपालिकाको गाउँ शिक्षा समितिको मिति २०८२ साउन ११ गतेको बैठकले गाउँ शिक्षा योजना निर्माणका लागि ८ सदस्यीय शिक्षा योजना निर्माण कार्यदलको गठन गरी जिम्मेवारी दिइएको ।
२. कार्यदले सदस्यहरु बिच कार्य विभाजन गरेको र विभिन्न मितिमा छलफल, अन्तर्क्रिया र अध्ययन गरी स्थानीय शिक्षा योजनाको मस्यौदा तयार गरेको ।
३. योजनालाई मूर्तरूप दिन आन्तरिक छलफलमा योजनाको खाका तयार गरी योजनाले समेट्ने विषयवस्तु माथि छलफल भएको ।
४. योजनालाई अझ वस्तुनिष्ठ र प्रभावकारी बनाउन शैक्षिक विज्ञ परामर्श मार्फत थप पुनरावलोकन र अद्यावधिक गरिएको ।
५. योजनाको लागि वर्तमान अवस्थाको मूल्याङ्कन गरी तथ्याङ्क संकलन र विश्लेषण गरिएको ।
६. सरोकारवालाहरूसँगको छलफलबाट गाउँपालिकाका शैक्षिक समस्या चुनौती र अवसरका सन्दर्भमा समस्या वृक्ष, SWOT analysis तथा Gap Analysis गरिएको ।

७. मुख्य सरोकारवालाहरूबाट योजनाको मस्यौदा माथि सुझावका लागि कार्यशाला आयोजना गरी विषयहरुको पुनरावलोकन तथा समिक्षा गरिएको ।

८. सरोकारवालाहरुको सल्लाह सुझावको आधारमा शिक्षा योजना निर्माण कार्यदल र परामर्शदाताबाट योजनाको लेखन गरी शिक्षा योजनाको अन्तिम मस्यौदा तयार गरिएको ।

९. सरोकारवालाहरुबाट प्राप्त सुझावका आधारमा योजनालाई आवश्यक परिमार्जन र भाषिक सम्पादन सहित मुख्य सरोकारवालामाझ अन्तिम सुझावका लागि प्रस्तुत गरिएको।

१०. गाउँ कार्यपालिकाको मिति २०८२ असार २२ गतेको बैठकबाट स्वीकृत भई आ.व. २०८३।०८४ बाट कार्यान्वयन हुने ।

# परिच्छेद १
# परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली अन्तर्गत शिक्षा प्रत्येक नागरिकको मौलिक हकका रूपमा सुनिश्चित गर्दै आधारभूत शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक शिक्षा निःशुल्क हुने व्यवस्था गरेको छ । साथै अपाङ्गता भएका, आर्थिक रूपमा विपन्न तथा मातृभाषी समुदायका नागरिकका लागि समेत समावेशी र समान शैक्षिक अवसर सुनिश्चित गर्ने संवैधानिक व्यवस्था गरिएको छ । संविधानको कार्यान्वयनका लागि अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, राष्ट्रिय शिक्षा नीति, दिगो विकास लक्ष्य, दीर्घकालीन राष्ट्रिय सोच, आवधिक योजना तथा विद्यालय शिक्षा क्षेत्र योजना लगायतका नीतिगत तथा कानुनी व्यवस्थाले शिक्षा क्षेत्रलाई स्पष्ट मार्गदर्शन गरेका छन्।

संघ, प्रदेश र स्थानीय तह बीचको समन्वय तथा सहकार्यबाट गुणस्तरीय, समावेशी र जीवनोपयोगी शिक्षाको विकास गर्दै सक्षम मानव संसाधन निर्माण गर्नु आजको आवश्यकता रहेको छ । यही राष्ट्रिय नीति, कानुनी व्यवस्था तथा स्थानीय आवश्यकता र प्राथमिकतालाई आधार मानी सानीभेरी गाउँपालिका रुकुम (पश्चिम भाग)ले स्थानीय सन्दर्भ अनुकूलको पाँच वर्षे शिक्षा योजना तयार गरेको छ । यस योजनाले गाउँपालिकाको शिक्षा क्षेत्रको समग्र विकास, गुणस्तर अभिवृद्धि, समावेशिता, सुशासन तथा दिगो शैक्षिक विकासका लागि मार्गदर्शन गर्ने अपेक्षा गरिएको छ ।

## १.२ सानीभेरी गाउँपालिकाको परिचय

सानभेरी गाउँपालिका कर्णाली प्रदेश अन्तर्गत रुकुम (पश्चिम भाग) जिल्लाको एक स्थानीय तह हो । देशमा सङ्घीय शासन व्यवस्था लागू हुनु पूर्व सानीभेरी गाउँपालिकाको क्षेत्र साविकको मध्यपश्चिमाञ्चल विकास क्षेत्रको राप्ती अञ्चलको रुकुम जिल्ला भित्र रहेको

थियो । परिवर्तित समयसँगै नेपालमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र शासन व्यवस्थाको उदयसँगै साविकको रुकुम जिल्लालाई २ भागमा विभाजन गरियो । यसरी दुई भागमा विभाजन भएको रुकुम जिल्लाको पश्चिम भाग कर्णाली प्रदेश र पूर्वी भाग लुम्बिनी प्रदेशमा परिणत भयो । यसरी कर्णाली प्रदेशमा समायोजन गरिएको रुकुम (पश्चिम भाग) जिल्लाका ६ वटा स्थानीय तहहरु छन्। जसमध्ये ३ स्थानीय तहहरु नगरपालिका छन् भने ३ स्थानीय तह गाउँपालिका छन्। यीनै ३ गाउँपालिका अन्तर्गतको एक गाउँपालिका सानीभेरी गाउँपालिका हो।

साविकका सिम्ली, गरायला, अर्मा गाविसका पूरा भाग, दुली गाविसका वडा नं. १, २, ३, ७, ८, ९ र पुर्तिमकाँडा गाविसका वडा नं. १, २, ३, ६, ७, ८ लाई समायोजन गरी सानीभेरी गाउँपालिका बनाइएको छ ।

रुकुम पूर्वी भागबाट रुकुम पश्चिम भाग हुदै बग्ने प्रशिद्द नदी सानीभेरीको नामबाट २०७३ फागुन २७ गते यस गाउँपालिकाको नाम सानीभेरी गाउँपालिका घोषणा गरिएको थियो । ८२ डिग्री २५ मिनेट देखि ८२ डिग्री ४२ मिनेट पूर्वी देशान्तर र २८ डिग्री ३५ मिनेट देखि २८ डिग्री ५८ मिनेट उत्तरी अक्षांशसम्म रहेको यस सानीभेरी गाउँपालिकाको क्षेत्रफल १३३.८ वर्ग किलोमिटर रहेको छ । साथै यस गाउँपालिकाको भूगोल समुद्री सतहबाट न्यूनतम ८०० मिटर देखि अधिकतम् २८०० मिटरसम्मको उचाइमा रहेको छ ।

सानीभेरी गाउँपालिकाको पूर्वमा मुसिकोट नगरपालिका र बाँफिकोट गाउँपालिका, पश्चिममा जाजरकोट जिल्लाको भेरी नगरपालिका, उत्तरमा आठविसकोट नगरपालिका र दक्षिणमा चौरजहारी नगरपालिका र त्रिवेणी गाउँपालिका रहेका छन् । यस गाउँपालिकाको हावापानी उपोष्ण देखि समशीतोष्ण प्रकारको रहेको छ । भूगोलका हिसाबले पहाड, लेक र नदी किनारका भू-भागहरू यस पालिकामा रहेका छन् ।

सानीभेरी गाउँपालिकामा जम्मा ११ वटा वडाहरु रहेका छन् । जसमध्ये यस गाउँपालिकाको वडा नं. १ को केन्द्र चाइनाबगरमा रहेको छ । वडा नं. २ को केन्द्र गिठाकोटमा रहेको छ । यसैगरी वडा नं. ३ को केन्द्र पेदीबजार र वडा नं. ४ को बलिबाङ गाउँमा वडाको केन्द्र रहेको छ । साथै वडा नं. ५ र ६ को केन्द्र क्रमशः लाखुरीबोट र देउताखोला रहेको छ । यस गाउँपालिकाको वडा नं. ७ र ८ वडाको केन्द्र क्रमशः फुक्रुजिउला र आमडँडामा रहेको छ । यसरी वडा नं. ९, १० र ११ को केन्द्र क्रमशः पनेलीचउर, घनठाना र काफलबोटमा रहेको छ । गाउँपालिकाको केन्द्र भने वडा नं. ९ स्थित सिम्ली बजारमा रहेको छ ।

यस सानीभेरी गाउँपालिकाको वडा नं. १, २, ७, ८ र ९ को भू-भाग भएर मध्यपहाडी राजमार्ग बनेको छ भने ३ र ४ नं. वडा भएर सहायक सडक बनेको छ । अन्य वडाहरुलाई भने सहायक सडक सञ्जालले छोएको छ । जिल्लाको सदरमुकाम मुसिकोट बाट सवारी साधनको प्रयोग गरी एक घण्टाको समयभित्र पुग्न सकिन्छ । यस गाउँपालिकाका सबै वडाका केन्द्रहरुमा सडक सञ्जाल पुगेको छ । गाउँपालिकाभित्रका सबै घरधुरीहरुमा विद्युतको केन्द्रिय पहुँच पुगेको छ । धार्मिक, ऐतिहासिक पर्यटकीय हिसावले सानीभेरी गाउँपालिका वडा नं. ४ रिम्ना दोभानमा रहेको धार्मिक स्थल (मन्दिर), बेलटापु मेला, मौराखारा लेक, हरेक फागुन १ गते आयोजना गरिने गुरिल्ला म्याराथन यस पालिकाका प्रमुख आकर्षणहरु हुन् । यसका अलावा स्थानीय स्तरमा मनाइने चाडपर्व तथा मेलापर्वहरु पनि विशेष हुने गर्दछन् ।

## १.३ सानीभेरी गाउँपालिकाको जनसाङ्ख्यिक अवस्था

नेपालको राष्ट्रिय जनगणना, २०७८ अनुसार सानीभेरी गाउँपालिकाको कुल जनसङ्ख्या २४ हजार ७ सय ५९ रहेको छ । जसमध्ये महिलाको सङ्ख्या १२ हजार ७ सय ४५ रहेको छ भने पुरुषको सङ्ख्या १२ हजार १४ रहेको देखिन्छ । जनगणनाको तथ्याङ्क अनुसार गाउँपालिकाको महिलाको जनसङ्ख्या पुरुषको भन्दा बढी देखिन्छ ।

पुरुषको जनसङ्ख्या ४८.५२ प्रतिशत रहेको देखिन्छ भने महिलाको जनसङख्य ५१.४८ प्रतिशत रहेको देखिन्छ । यस गाउँपालिकामा ५ हजार २ सय ९२ घरधुरी रहेका छन्। गाउँपालिकाको परिवारको औषत आकार ४.६८ रहेको देखिन्छ । सानीभेरी गाउँपालिकाको जनसङ्ख्या सम्बन्धिको विवरण तल उल्लेख छ :

| परिवार संख्या | जम्मा जनसंख्या | पुरुष | महिला | परिवारको औसत आकार | लैंगिक अनुपात | वार्षिक जनसंख्या वृद्धिदर | जन–घनत्व |
|---|---|---|---|---|---|---|---|
| ५२९२ | २४७५९ | १२०१४ | १२७४५ | ४.६८ | ९४.२६ | १.०५ | १८५ |

**सानीभेरी गाउँपालिकाको वडागत जनसङ्ख्या विवरण**

| वडा नं. | घरधुरी सङख्या | जनसङ्ख्या | | | कैफियत |
|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा | |
| १ | ४५५ | ९९७ | १०७८ | २०७५ | |
| २ | ४११ | ८४५ | ९९२ | १८३७ | |
| ३ | ८२४ | २००९ | २००४ | ४०१३ | |
| ४ | ५७१ | १३२९ | १४१५ | २७४४ | |
| ५ | ४५२ | ११७२ | ११९५ | २३६७ | |
| ६ | २६७ | ६३५ | ६६९ | १३०४ | |
| ७ | ३९७ | ७९९ | ९२७ | १७२६ | |
| ८ | ३७४ | ८१९ | ८५१ | १६७० | |
| ९ | ५६१ | १२३० | १३३६ | २५६६ | |
| १० | ३९३ | ८०२ | ९०३ | १७०५ | |
| ११ | ५८७ | १३७७ | १३७५ | २७५२ | |
| जम्मा | ५२९२ | १२०१४ | १२७४५ | २४७५९ | |

## सानीभेरी गाउँपालिकाको उमेरगत जनसङ्ख्या विवरण

नेपालको राष्ट्रिय जनगणना, २०७८ अनुसार सानीभेरी गाउँपालिकाको उमेरगत जनसङख्या विवरण देहायवमोजिम रहेको छ ।

| उमेर समूह | पुरुष | महिला | जम्मा | कैफियत |
|---|---|---|---|---|
| ००-०४ वर्ष | १३२३ | ११८१ | २५०४ | |
| ०५-०९ वर्ष | १३१६ | १२७५ | २५९१ | |
| १०-१४ वर्ष | १५६२ | १५७७ | ३१३९ | |
| १५-१९ वर्ष | १५४१ | १६२१ | ३१६२ | |
| २०-२४ वर्ष | १३३३ | १५१९ | २८५२ | |
| २५-२९ वर्ष | ९३६ | ९९६ | १९३२ | |
| ३०-३४ वर्ष | ७६० | ८७४ | १६३४ | |
| ३५-३९ वर्ष | ५६७ | ७१५ | १२८२ | |
| ४०-४४ वर्ष | ५४० | ६७८ | १२१८ | |
| ४५-४९ वर्ष | ४५० | ५०५ | ९५५ | |
| ५०-५४ वर्ष | ४५० | ४६५ | ९१५ | |
| ५५-५९ वर्ष | ३५६ | ४०९ | ७६५ | |
| ६०-६४ वर्ष | ३१४ | ३३६ | ६५० | |
| ६५-६९ वर्ष | २२० | २३४ | ४५४ | |
| ७०-७४ वर्ष | १८२ | १९६ | ३७८ | |
| ७५-७९ वर्ष | ९९ | १०१ | २०० | |
| ८०-८४ वर्ष | ४३ | ४४ | ८७ | |
| ८५-८९ वर्ष | १५ | १२ | २७ | |
| ९०-९४ वर्ष | ६ | ५ | ११ | |
| ९५+ वर्ष | १ | २ | ३ | |

## सानीभेरी गाउँपालिकाको जातजातीगत जनसङ्ख्या विवरण

राष्ट्रिय जनगणना, २०७८ अनुसार सानीभेरी गाउँपालिकाको जातजातीगत जनसङख्या विवरण देहायवमोजिम रहेको छ ।

| क्रस | जातजाती | जम्मा जनसङ्ख्या | | | कैफियत |
|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा | |
| १ | क्षेत्री | ७१०३ | ७४३३ | १४५३६ | |
| २ | पहाडी ब्राहमण | ३६ | ३२ | ६८ | |
| ३ | मगर | २३३७ | २५१० | ४८४७ | |
| ४ | बिश्वकर्मा | १६५१ | १७३७ | ३३८८ | |
| ५ | गुरुङ | ५६ | ७० | १२६ | |
| ६ | परियार | ४२६ | ४७४ | ९०० | |
| ७ | ठकुरी | २७३ | ३३७ | ६१० | |
| ८ | मिजार | ८७ | ९३ | १८० | |
| ९ | दशनामी/सन्यासी | ६ | ८ | १४ | |
| १० | कुमाल | ८ | १२ | २० | |
| ११ | घर्ती | ५ | ११ | १६ | |
| १२ | सुनुवार | ७ | ११ | १८ | |
| १३ | बादी | ४ | ६ | १० | |
| १४ | अन्य | १५ | ११ | २६ | |
| | जम्मा | १२०१४ | १२७४५ | २४७५९ | |

उल्लेखित तथ्याङ्कका आधारमा सबैभन्दा बढी जनसङ्ख्या ब्राहमण क्षेत्रीको रहेको देखिन्छ । जुन ५८.९८ प्रतिशत रहेको छ । त्यसपछि जनजाजी समुदायको बसोवास रहेको देखिन्छ जुन २०.१५ प्रतिशत रहेको छ । यसरी दलित र ठकुरीको क्रमशः १८.२४ र २.४६ प्रतिशत जनसङ्ख्या रहेको देखिन्छ ।

**धर्मका आधारमा सानीभेरी गाउँपालिकाको जनसङ्ख्या**

| धर्म | पुरुष | महिला | जम्मा | कैफियत |
|---|---|---|---|---|
| हिन्दु | ११११५४ | ११७५१ | २२९०५ | |
| बौद्द | ३७१ | ४३२ | ८०३ | |
| क्रिष्टियन | ८३ | १०१ | १८४ | |
| प्रकृति | ४०६ | ४६१ | ८६७ | |
| जम्मा | १२०१४ | १२७४५ | २४७५९ | |

**अपाङ्गताका आधारम सानीभेरी गाउँपालिकाको जनसङख्या**

राष्ट्रिय जनगणना, २०७८ का अनुसार यस सानीभेरी गाउँपालिकामा कुल जनसङ्ख्याको २.५२ प्रतिशत जनसङ्ख्यामा अपाङ्गता देखिन्छ । जसमध्ये सबैभन्दा बढि ६० वर्ष भन्दा माथीको जनसङ्ख्यामा अपाङ्गता देखिन्छ भने विद्यालय उमेर समूह ५ देखि १४ वर्ष उमेर समूहका १.४५ प्रतिशत जनसङ्ख्यामा अपाङ्गता भएको देखिन्छ । उमेर अनुसार अपाङ्गताको विवरण देहायबमोजिम रहेको छ :

| उमेर समूह | सो उमेरको जम्मा जनसंङ्ख्या | अपाङ्गताको सङ्ख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| ००-०४ वर्ष | २५०४ | २६ | १.०४ | |
| ०५-१४ वर्ष | ५७३० | ८३ | १.४५ | |
| १५-२४ वर्ष | ६०१४ | ११३ | १.८८ | |
| २५-३९ वर्ष | ४८४८ | ८० | १.६५ | |
| ४०-५९ वर्ष | ३८५३ | १५० | ३.८९ | |
| ६० देखि माथि | १८१० | १७२ | ९.५० | |
| जम्मा | २४७५९ | ६२४ | २.५२ | |

## १.४ सानीभेरी गाउँपालिकाको शैक्षिक अवस्था

शिक्षा समग्र विकासको आधार हो । कुनै निश्चित भूगोल र स्थानको शैक्षिक अवस्थाले त्यस क्षेत्रको समग्र विकासको अवस्थालाई चित्रण गर्दछ । शिक्षाले व्यक्तिको सर्बाङ्गीण विकास गरी असल योग्य, सक्षम, प्रतिस्पर्धी र उत्पादनमूलक मानवपूँजी तयार गर्दछ । राष्ट्रको आर्थिक, सामाजिक, सांस्कृतिक र पूर्वाधार विकासका लागि त्यस्तो जनशक्तिको योगदान महत्वपूर्ण हुन्छ । देशमा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको लागि शिक्षाले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । "समृद्ध नेपाल, सुखी नेपाली" हाम्रो शिक्षाको राष्ट्रिय आकाङ्क्षा र अठोट हो । नेपालको संविधानको धारा ३१ मा शिक्षा सम्बन्धी हक उल्लेखित छ । उक्त धाराले प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुने, प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने, अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने, नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था स्थापना र सञ्चालन गर्न पाउने हक हुने जस्ता शिक्षा सम्बन्धी मौलिक हकको प्रत्याभूत गरेको छ । यि कानूनी प्रावधानहरुलाई आत्मसाथ गर्दै सानीभेरी गाउँपालिकाले स्थानीय सरकार सञ्चालन ऐनले शिक्षा ब्यवस्थापन तथा सञ्चालनमा दिएका जिम्मेवारीहरु कार्यान्वयन गर्दै आइरहेको छ । यस सानीभेरी गाउँपालिकाको समग्र शैक्षिक अवस्थालाई तल उल्लेख गरिएको छ ।

### सानीभेरी गाउँपालिकाको साक्षरता दर

नेपालको जनगणना २०७८ अनुसार सानीभेरी गाउँपालिका रुकुम पश्चिम भागको साक्षरता दर निम्नानुसार रहेको छ ।

| पुरूष साक्षरता दर | महिला साक्षरता दर | कूल साक्षरता दर |
|---|---|---|
| ८२.०३ % | ६९.७७ % | ७५.६६% |

## सानीभेरी गाउँपालिकामा रहेका सामुदायिक सिकाइ केन्द्रहरु

यस सानीभेरी गाउँपालिका क्षेत्रमा ४ वटा सामुदायिक सिकाइ केन्द्रहरु रहेका छन्। जसमध्ये २ नं. वडाको क्षेत्रमा एक, ४ नं वडा क्षेत्रमा एक, ९ नं. वडा क्षेत्रमा एक र ११ नं. वडा क्षेत्रमा एक वटा सामुदायिक सिकाइ केन्द्रहरु रहेका छन् । जसको विवरण तल उल्लेख गरिएको छ ।

| क्रस | सिकाइ केन्द्रको नाम | ठेगाना | सहजकर्ताको नाम | कैफियत |
|---|---|---|---|---|
| १ | प्रगतिशील सामुदायिक सिकाइ केन्द्र | सानीभेरी २, पुर्तिमकाँडा | जयकुमारी पुन | |
| २ | सानोभेरी सामुदायिक सिकाइ केन्द्र | सानीभेरी ४, गरायला | पविता खत्री | |
| ३ | दिपज्योति सामुदायिक सिकाइ केन्द्र | सानीभेरी ९, सिम्ली | बिणा ओली भण्डारी | |
| ४ | प्रगतिशील सामुदायिक सिकाइ केन्द्र | सानीभेरी ११, अर्मा | समिक्षा ओली खड्का | |

## सानीभेरी गाउँपालिकामा रहेका विद्यालयहरु

| सञ्चालित तह | सङ्ख्या | कैफियत |
|---|---|---|
| प्रारम्भिक बालविकास तथा शिक्षाका केन्द्र | ५१ | १ संस्थागत |
| प्रारम्भिक बालविकास केन्द्र मात्र सञ्चालित | ८ | |
| आधारभूत तह कक्षा १-२ का विद्यालय सङ्ख्या | १ | |
| आधारभूत तह कक्षा १-३ का विद्यालय सङ्ख्या | १० | |
| आधारभूत तह कक्षा १-५ का विद्यालय सङ्ख्या | १० | १ संस्थागत |
| आधारभूत तह कक्षा ६-८ का विद्यालय सङ्ख्या | ९ | |
| माध्यमिक तह कक्षा ९-१० का विद्यालय सङ्ख्या | ८ | |
| माध्यमिक तह कक्षा ११-१२ का विद्यालय सङ्ख्या | ५ | |
| माध्यमिक तह कक्षा ९-१२ का विद्यालय सङ्ख्या | ५ | |

सानीभेरी गाउँपालिकाको शैक्षिक सूचना ब्यवस्थापन प्रणालीको शैक्षिक बर्ष २०८३ को तथ्याङ्क अनुसार बालविकास सहित जम्मा ५१ वटा विद्यालयहरु सञ्चालित छन् । जसमध्ये १ वटा संस्थागत तथा ५० वटा सामुदायिक केन्द्र रहेका छन् । साथै, यस पालिकामा ८ वटा प्रारम्भिक बालविकास केन्द्र मात्र सञ्चालन भएका विद्यालय छन्।

यस पालिकाको आधारभूत तहतर्फ हेर्दा कक्षा १-२ सञ्चालन गर्ने १ वटा विद्यालय, कक्षा १-३ सञ्चालन गर्ने १० वटा विद्यालय तथा कक्षा १-५ सञ्चालन गर्ने १० वटा विद्यालय रहेका छन् । साथै कक्षा १-५ सञ्चालन गर्ने विद्यालयमध्ये १ वटा संस्थागत र ९ वटा सामुदायिक विद्यालय रहेका छन् । त्यसैगरी कक्षा ६-८ सञ्चालन गर्ने ९ वटा विद्यालय रहेका छन् ।

यसैगरी यस सानीभेरी गाउँपालिकामा माध्यमिक तह कक्षा ९-१० सञ्चालन गर्ने ८ वटा विद्यालय, कक्षा ११-१२ सञ्चालन गर्ने ५ वटा विद्यालय तथा कक्षा ९-१२ सञ्चालन गर्ने ५ वटा विद्यालय रहेका छन् । यस तथ्याङ्कले आधारभूत तहको पहुँच तुलनात्मक रूपमा राम्रो भए पनि माथिल्लो तहमा विद्यालयको सङ्ख्या क्रमशः घट्दै गएको देखाउँछ ।

**सानीभेरी गाउँपालिकाका विद्यालयहरुमा भएका विद्यार्थि सङ्ख्या** ***(IEMIS Report-2083)***

| विद्यालयको तह | सामुदायिक | | | संस्थागत | | | कुल जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | केटी | केटा | जम्मा | केटी | केटा | जम्मा | केटी | केटा | जम्मा |
| प्रारम्भिक बालविकास | ४२२ | ४९९ | ९२१ | ३९ | ३५ | ७४ | ४६१ | ५३४ | ९९५ |
| आधारभूत तह कक्षा १-५ | १३१३ | १४३० | २७४३ | ७५ | ९१ | १६६ | १३८८ | १५२१ | २९०९ |
| आधारभूत तह कक्षा ६-८ | ७५३ | ७७१ | १५२४ | ० | ० | ० | ७५३ | ७७१ | १५२४ |
| माध्यमिक तह कक्षा ९-१० | ५८५ | ५१८ | ११०३ | ० | ० | ० | ५८५ | ५१८ | ११०३ |
| माध्यमिक तह कक्षा ११-१२ | १९२ | १३९ | ३३१ | ० | ० | ० | १९२ | १३९ | ३३१ |
| जम्मा | ३२६५ | ३३५७ | ६६२२ | ११४ | १२६ | २४० | ३३७९ | ३४८३ | ६८६२ |

**सानीभेरी गाउँपालिकाका जातजातीका आधारमा विद्यार्थी सङ्ख्या** *(IEMIS Report-2083)*

| जातजाती | | प्रारम्भिक बालविकास | कक्षा १-५ | कक्षा ६-८ | कक्षा ९-१० | कक्षा ११-१२ | जम्मा |
|---|---|---|---|---|---|---|---|
| ब्रहामण क्षेत्री | केटी | २९० | ७९० | ४३१ | ३७८ | १३९ | २०२८ |
| | केटा | ३३६ | ८९९ | ४३५ | ३३० | ९७ | २०९७ |
| | जम्मा | ६२६ | १६८९ | ८६६ | ७०८ | २३६ | ४१२५ |
| जनजाती | केटी | ७५ | २८७ | १५८ | १०५ | २४ | ६४९ |
| | केटा | ८५ | ३१६ | १८७ | ९७ | १९ | ७०४ |
| | जम्मा | १६० | ६०३ | ३४५ | २०२ | ४३ | १३५३ |
| दलित | केटी | ९५ | ३०६ | १४८ | ९४ | २८ | ६७१ |
| | केटा | ११२ | ३०० | १३५ | ८५ | २१ | ६५३ |
| | जम्मा | २०७ | ६०६ | २८३ | १७९ | ४९ | १३२४ |
| अन्य | केटी | १ | ६ | १६ | ८ | १ | ३२ |
| | केटा | १ | ५ | १४ | ६ | २ | २८ |
| | जम्मा | २ | ११ | ३० | १४ | ३ | ६० |
| **कुल जम्मा** | **केटी** | **४६१** | **१३८८** | **७५३** | **५८५** | **१९२** | **३३७९** |
| | **केटा** | **५३४** | **१५२०** | **७७१** | **५१८** | **१३९** | **३४८२** |
| | **जम्मा** | **९९५** | **२९०९** | **१५२४** | **११०३** | **३३१** | **६८६२** |

सानीभेरी गाउँपालिकाको शैक्षिक सत्र २०८३ एकीकृत शैक्षिक सूचना ब्यवस्थापन प्रणालीको तथ्यांक अनुसार विद्यालयहरूमा कुल ६,८६२ जना विद्यार्थी अध्ययनरत रहेका छन् । तीमध्ये ३,३७९ जना (४९.२६ प्रतिशत) छात्रा तथा ३,४८३ जना (५०.७४ प्रतिशत) छात्र रहेका छन् ।

जातजातिका आधारमा विश्लेषण गर्दा ब्राह्मण/क्षेत्री समुदायका ४,१२५ जना (६०.११ प्रतिशत) विद्यार्थी रहेका छन्, जुन कुल विद्यार्थी सङ्ख्याको सबैभन्दा ठूलो हिस्सा हो । यस समुदायमा २,०२८ जना (४९.१६ प्रतिशत) छात्रा र २,०९७ जना (५०.८४ प्रतिशत) छात्र रहेका छन् । यसबाट गाउँपालिकाको विद्यालय शिक्षामा ब्राह्मण/क्षेत्री समुदायको बाहुल्यता रहेको देखिन्छ ।

त्यसैगरी जनजाति समुदायका १,३५३ जना (१९.७२ प्रतिशत) विद्यार्थी अध्ययनरत रहेका छन् । जसमध्ये ६४९ जना (४७.९७ प्रतिशत) छात्रा र ७०४ जना (५२.०३ प्रतिशत) छात्र रहेका छन् । यो समुदाय जातजातीका आधारमा हेर्दा कुल विद्यार्थी सङ्ख्याको दोस्रो भाग ओगट्ने सङ्ख्यामा रहेको छ ।

यस गाउँपालिकामा दलित समुदायका १,३२४ जना (१९.२९ प्रतिशत) विद्यार्थी अध्ययनरत छन् । जसमा दलित समुदायका ६७१ जना (५०.६८ प्रतिशत) छात्रा र ६५३ जना (४९.३२ प्रतिशत) छात्र रहेका छन् । दलित समुदायमा छात्राको सङ्ख्या छात्रभन्दा १८ जनाले बढी रहेको देखिन्छ, जसले लैङ्गिक सहभागिताको दृष्टिले सकारात्मक अवस्था संकेत गर्दछ । साथै अन्य समुदायका ६० जना (०.८७ प्रतिशत) विद्यार्थी अध्ययनरत रहेको देखिन्छ । तीमध्ये ३२ जना (५३.३३ प्रतिशत) छात्रा र २८ जना (४६.६७ प्रतिशत) छात्र रहेको देखिन्छ ।

समग्र रूपमा हेर्दा सानीभेरी गाउँपालिकाका विद्यालयहरूमा अध्ययनरत विद्यार्थीमध्ये ब्राह्मण/क्षेत्री समुदायको सबैभन्दा बढी (६०.११ प्रतिशत) सहभागिता रहेको छ भने जनजाति (१९.७२ प्रतिशत) र दलित (१९.२९ प्रतिशत) समुदायको सहभागिता लगभग समान देखिन्छ। अन्य समुदायको सहभागिता ०.८७ प्रतिशत मात्र रहेको छ । यस तथ्याङ्कले गाउँपालिकाको विद्यालय शिक्षा प्रणालीमा ब्राह्मण/क्षेत्री समुदायको बाहुल्यता रहेको देखाए पनि जनजाति र दलित समुदायको पनि उल्लेखनीय सहभागिता रहेको देखाउँदछ । त्यसैले सबै जातजातिका बालबालिकालाई समान रूपमा गुणस्तरीय शिक्षामा पहुँच, सहभागिता र सिकाइ उपलब्धि सुनिश्चित गर्न लैंगिक समानता तथा सामाजिक समाबेशीकरण लक्षित कार्यक्रमहरूलाई पनि प्राथमिकता दिन आवश्यक देखिन्छ ।

| उमेर समूह | बिद्यालयमा भएको उमेरगत विद्यार्थी सङ्ख्या | उमेर समूहगत विद्यार्थी सङ्ख्या | बिद्यालयमा |
|---|---|---|---|
| ३-४ बर्ष उमेर समूहका | ५६४ | १०७८ | ५२.३१ |
| ५-९ बर्ष उमेर समूहका | २२८६ | २५९१ | ८८.२२ |
| ५-१२ बर्ष उमेर समूहका | ३४६६ | ४४२३ | ७८.३६ |
| १०-१४ बर्ष उमेर समूहका | २१८५ | ३१३९ | ६९.६० |

**सानीभेरी गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुको शिक्षक विवरण**

सानीभेरी गाउँपालिका अन्तर्गत सामुदायिक विद्यालयहरुमा रहेका शिक्षकहरुको तहगत विवरण यसप्रकार रहेको छ ।

| विद्यालयको तह | दरवन्दीको प्रकार | जम्मा सङ्ख्या |
|---|---|---|
| प्रारम्भिक बालविकास तथा शिक्षा | स्वीकृत दरबन्दी | ३२ |
| | स्थानीय तह | १७ |
| | जम्मा | ४९ |
| आधारभूत तह कक्षा १-५ | स्वीकृत दरबन्दी | ७६ |
| | राहत अनुदान | ३५ |
| | स्थानीय तह | २३ |
| | जम्मा | १३४ |
| आधारभूत तह कक्षा ६-८ | स्वीकृत दरबन्दी | १० |
| | सङ्घिय सिकाइ सहजिकरण अनुदान | १३ |
| | राहत अनुदान | १८ |
| | स्थानीय तह | ४४ |
| | जम्मा | ८५ |
| माध्यमिक तह कक्षा ९-१० | स्वीकृत दरबन्दी | ५ |
| | सङ्घिय सिकाइ सहजिकरण अनुदान | १८ |
| | राहत अनुदान | ५ |
| | स्थानीय तह | ११ |
| | जम्मा | ३९ |
| माध्यमिक तह कक्षा ११-१२ | स्वीकृत दरबन्दी | २ |
| | सङ्घिय सिकाइ सहजिकरण अनुदान | २ |
| | राहत अनुदान | २ |
| | जम्मा | ६ |

| | | |
|---|---|---|
| माध्यमिक तह कक्षा ९-१२ (प्राविधिक) | स्थानीय तह | २ |
| जम्मा शिक्षक | स्वीकृत दरबन्दी | १२५ |
| | सङ्घिय सिकाइ सहजिकरण अनुदान | ३३ |
| | राहत अनुदान | ६० |
| | स्थानीय तह | ९७ |
| | जम्मा | ३१५ |

*IEMIS Report, २०८३/सानीभेरी गाउँपालिकाको शैक्षिक स्थिति प्रतिबेदन, २०८२*

उल्लेखित विवरण अनुसार सानीभेरी गाउँपालिकाका सामुदायिक विद्यालयहरूमा विभिन्न तहमा गरी कुल ३१५ जना शिक्षक कार्यरत छन् । जसमध्ये मध्ये स्वीकृत दरबन्दीका १२५ जना (३९.६८ प्रतिशत), राहत अनुदानका ६० जना (१९.०५ प्रतिशत), स्थानीय तहका ९७ जना (३०.७९ प्रतिशत) तथा सशर्त सिकाइ सहजीकरण अनुदान अन्तर्गत ३३ जना (१०.४८ प्रतिशत) शिक्षक रहेका छन् । यस तथ्याङ्कले गाउँपालिकाको विद्यालय शिक्षा प्रणालीमा स्थानीय तहका शिक्षक ३०.७९ प्रतिशत हुनुले शिक्षक व्यवस्थापनमा गाउँपालिकाको उल्लेखनीय योगदान रहेको देखाउँछ ।

प्रारम्भिक बालविकास तथा शिक्षा तहमा ४९ जना शिक्षक कार्यरत रहेको देखिन्छ । जसमध्ये ३२ जना स्वीकृत दरबन्दी र १७ जना स्थानीय तहका बालविकास शिक्षक रहेका छन् ।

आधारभूत तह (कक्षा १-५) मा १३४ जना शिक्षक कार्यरत रहेका छन्, जुन सबै तहका सङ्ख्याको सबैभन्दा बढी सङ्ख्या हो। तीमध्ये ७६ जना स्वीकृत दरबन्दी, ३५ जना राहत अनुदान र २३ जना स्थानीय तहका शिक्षक रहेका छन् ।

यसैगरी आधारभूत तह (कक्षा ६-८) मा ८५ जना शिक्षक कार्यरत रहेका छन् । तीमध्ये १० जना स्वीकृत दरबन्दी, १३ जना सिकाइ सहजीकरण अनुदान, १८ जना राहत अनुदान तथा ४४ जना स्थानीय तहका शिक्षक रहेका छन् । यस तहमा स्थानीय तहबाट नियुक्त शिक्षकहरूको सङ्ख्या सबैभन्दा बढी देखिन्छ।

माध्यमिक तह (कक्षा ९-१०) मा ३९ जना शिक्षक कार्यरत रहेका छन् । यसमध्ये ५ जना स्वीकृत दरबन्दी, १८ जना सिकाइ सहजीकरण अनुदान, ५ जना राहत अनुदान तथा ११ जना स्थानीय तहका शिक्षक रहेका छन् ।

माध्यमिक तह (कक्षा ११-१२) मा ६ जना शिक्षक कार्यरत रहेका छन् । तीमध्ये २ जना स्वीकृत दरबन्दी, २ जना राहत अनुदान तथा २ जना सशर्त सिकाइ सहजीकरण अनुदान अन्तर्गत रहेका छन् ।

त्यसैगरी माध्यमिक तह (कक्षा ९-१२ प्राविधिक) मा २ जना स्थानीय तहका शिक्षक मात्र कार्यरत रहेका छन् । यसले प्राविधिक शिक्षामा शिक्षक व्यवस्थापन अझै सीमित रहेको देखाउँछ ।

समग्र रूपमा हेर्दा सानीभेरी गाउँपालिकामा शिक्षक व्यवस्थापन स्वीकृत दरबन्दी, स्थानीय तह, राहत अनुदान तथा सशर्त सिकाइ सहजीकरण अनुदान जस्ता विभिन्न स्रोतमार्फत गरिएको छ । कुल शिक्षकमध्ये स्वीकृत दरबन्दीका शिक्षकको हिस्सा सबैभन्दा बढी भए पनि करिब ६० प्रतिशत शिक्षक वैकल्पिक व्यवस्थापन (स्थानीय तह, राहत तथा सिकाइ सहजिकरण अनुदान) मार्फत कार्यरत रहेका छन् । यसबाट विद्यालय सञ्चालनमा स्थानीय सरकार र विभिन्न अनुदान कार्यक्रमहरूको महत्त्वपूर्ण भूमिका रहेको स्पष्ट हुन्छ । साथै, दीर्घकालीन रूपमा गुणस्तरीय र दिगो शिक्षक व्यवस्थापनका लागि आवश्यक दरबन्दी सिर्जना, विषयगत शिक्षकको सुनिश्चितता तथा शिक्षक वितरणलाई विद्यार्थी सङ्ख्या र विद्यालयको आवश्यकताका आधारमा थप व्यवस्थित गर्नुपर्ने आवश्यकता देखिन्छ ।

**सामुदायिक विद्यालयहरुको तहगत शिक्षक सङ्ख्या र विद्यार्थि सङ्ख्याको तुलना**

| विद्यालयको तह | जम्मा शिक्षक सङ्ख्या | जम्मा विद्यार्थि सङ्ख्या | शिक्षक विद्यार्थि अनुपात | कैफियत |
|---|---|---|---|---|
| प्रारम्भिक बालविकास शिक्षा | ४९ | ९२१ | १८.८० | |
| आधारभूत तह कक्षा १-५ | १३४ | २७४० | २०.४५ | |
| आधारभूत तह कक्षा ६-८ | ८५ | १५२३ | १७.९२ | |

| | | | | |
|---|---|---|---|---|
| माध्यमिक तह कक्षा ९-१० | ३९ | ११०३ | २८.२८ | |
| माध्यमिक तह कक्षा ११-१२ | ८ | १४५ | १८.१३ | |
| जम्मा | ३१५ | ६४३२ | २०.४२ | |

सानीभेरी गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा शैक्षिक सत्र २०८३ मा कुल ३१५ जना शिक्षक र ६,४३२ जना विद्यार्थी रहेको तथ्यङ्कबाट दखिन्छ । समग्र रूपमा एक शिक्षक बराबर औसत २०.४२ जना विद्यार्थी रहेको देखिन्छ ।

प्रारम्भिक बालविकास तथा शिक्षा तहमा ४९ जना शिक्षक र ९२१ जना विद्यार्थी रहेका छन्। यस तहमा शिक्षक-विद्यार्थी अनुपात १:१८.८० रहेको छ । यसैगरी आधारभूत तह (कक्षा १-५) मा १३४ जना शिक्षक र २,७४० जना विद्यार्थी रहेका छन् । यस तहमा शिक्षक-विद्यार्थी अनुपात १:२०.४५ रहेको छ ।

साथै आधारभूत तह (कक्षा ६-८) मा ८५ जना शिक्षक र १,५२३ जना विद्यार्थी रहेका छन् । यस तहमा शिक्षक-विद्यार्थी अनुपात १:१७.९२ रहेको छ भने माध्यमिक तह (कक्षा ९-१०) मा ३९ जना शिक्षक र १,१०३ जना विद्यार्थी रहेका छन् । यस तहमा शिक्षक-विद्यार्थी अनुपात १:२८.२८ रहेको छ, जुन सबै तहमध्ये उच्च अनुपात हो । यसले माध्यमिक तहमा शिक्षकको तुलनामा विद्यार्थी सङ्ख्या बढी रहेको देखाउँछ । विषयगत शिक्षकको व्यवस्थापन तथा आवश्यकतानुसार थप शिक्षक उपलब्ध गराउनुपर्ने आवश्यकता यस तथ्याङ्कले देखाउँछ ।

यसका साथै माध्यमिक तह (कक्षा ११-१२) मा ८ जना शिक्षक र १४५ जना विद्यार्थी रहेका छन् । यस तहमा शिक्षक-विद्यार्थी अनुपात १:१८.१३ रहेको छ ।

समग्र रूपमा हेर्दा सानीभेरी गाउँपालिकामा शिक्षक-विद्यार्थीको औसत अनुपात १:२०.४२ रहेको छ, जुनसुकै स्रोतबाट ब्यवस्थापन गरिएको भएपनि शिक्षक ब्यवस्थापन समग्र रूपमा राम्रो देखिन्छ । तथापि, माध्यमिक तह (कक्षा ९-१०) मा शिक्षक-विद्यार्थी अनुपात अन्य तहको तुलनामा उच्च (१:२८.२८) भएकाले उक्त तहमा विषयगत तथा आवश्यक दरबन्दी अनुसार थप शिक्षक व्यवस्थापन गर्नुपर्ने आवश्यकता देखिन्छ ।

## विद्यार्थिको शैक्षिक उपलब्धि विवरण

यस सानीभेरी गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुको कक्षा ३,५ र ८ कक्षाको शैक्षिक बर्ष २०८२ को औषत सिकाइ उपलब्धि (GPA) विवरण यस प्रकार रहेको छ ।

| कक्षा | बिषय | सिकाइ उपलब्धि | कैफियत |
|---|---|---|---|
| कक्षा ३ | नेपाली | ३.०७ | |
| | अंग्रेजी | २.९८ | |
| | गणित | २.९९ | |
| | सेरोफेरो | ३.१९ | |
| | कक्षा ३ को कक्षागत औषत | ३.०६ | |
| कक्षा ५ | नेपाली | २.९४ | |
| | अंग्रेजी | ३.०५ | |
| | गणित | २.८४ | |
| | शारिरिक शिक्षा | ३.११ | |
| | विज्ञान तथा प्रविधि | ३.०२ | |
| | सामाजिक अध्ययन | २.९४ | |
| | कक्षा ५ को कक्षागत औषत | २.९८ | |
| कक्षा ८ | नेपाली | २.८५ | |
| | अंग्रेजी | २.८० | |
| | गणित | २.६५ | |
| | शारिरिक शिक्षा | ३.१४ | |
| | विज्ञान तथा प्रविधि | २.९० | |
| | सामाजिक अध्ययन | २.९५ | |
| | कक्षा ८ को कक्षागत औषत | २.९१ | |

उल्लेखित तथ्याङ्क अनुसार सानीभेरी गाउँपालिकाको शैक्षिक बर्ष २०८२ को कक्षा ३, ५ र ८ का विद्यार्थीहरूको औसत सिकाइ उपलब्धि GPA ३.०० को हाराहारीमा रहेको

देखिन्छ । कक्षा ३ मा औसत सिकाइ उपलब्धि GPA ३.०६ रहेको छ, यो उल्लेखित तीन कक्षाहरुको तुलनामा बढी छ । कक्षा ३ को स्वास्थ्य तथा शारीरिक विषयमा अन्य बिषय भन्दा राम्रो अर्थात GPA ३.१९ देखिन्छ । यसरी कक्षा ३ को नेपाली, अङ्ग्रेजी र गणित विषयमा क्रमशः GPA ३.०७, २.९८ र २.९९ रहेको देखिन्छ ।

कक्षा ५ को औसत सिकाइ उपलब्धि GPA २.९८ रहेको छ । यस कक्षामा पनि शारीरिक विषयमा अरुभन्दा बिषयभन्दा राम्रो GPA ३.११ देखिन्छ भने गणित विषयमा GPA २.८४ अङ्क देखिएकोले अन्य विषयको तुलनामा सिकाइ उपलब्धि कम देखिन्छ ।

कक्षा ८ मा औसत सिकाइ उपलब्धि GPA २.९१ रहेको देखिन्छ । यस कक्षामा पनि शारीरिक विषयमा अन्य बिषयभन्दा राम्रो GPA ३.१४ देखिएको छ भने गणित विषयमा GPA २.६५ भइ अन्य बिषयको तुलनामा कम रहेको देखिन्छ ।

सानीभेरी गाउँपालिकाको कक्षा ३, ५ र ८ को शैक्षिक उपलब्धिलाई समग्र रूपमा हेर्दा शारीरिक विषयमा सबै कक्षामा सिकाइ उपलब्धि बढी रहेको देखिन्छ भने गणित विषयमा सिकाइ उपलब्धि सबैभन्दा कमजोर रहेको छ । साथै, कक्षा बढ्दै जाँदा औसत सिकाइ उपलब्धि क्रमशः केही घट्दै गएको देखिएकाले विशेषगरी आधारभूत तहको माथिल्लो कक्षामा विषयगत सिकाइ सुधार, उपचारात्मक शिक्षण (Remedial Teaching), नियमित शैक्षिक अनुगमन तथा शिक्षकको व्यावसायिक क्षमता अभिवृद्धिमा विशेष जोड दिन आवश्यक देखिन्छ ।

## पालिकाको कक्षा उत्तिर्ण, कक्षा दोहोर्याउने र विद्यालय छोड्ने (PRD) विवरण

सानीभेरी गाउँपालिका भित्र रहेका विद्यालयहरुको तह/कक्षागत उत्तिर्ण प्रतिशत

| तह/कक्षा | कक्षा उत्तिर्ण प्रतिशत | | |
|---|---|---|---|
| | केटी | केटा | जम्मा |
| प्रारम्भिक बालविकास | २१.०६ | २३.९९ | ४५.०५ |
| कक्षा १-३ को उत्तिर्ण प्रतिशत | ४१.२० | ४३.५५ | ८४.७५ |
| कक्षा १-५ को उत्तिर्ण प्रतिशत | ४२.२७ | ४५.०८ | ८७.३५ |

| | | | |
|---|---|---|---|
| कक्षा ६-८ को उत्तिर्ण प्रतिशत | ४७.०३ | ४५.७७ | ९२.८० |
| कक्षा ९ को उत्तिर्ण प्रतिशत | ५४.१६ | ४२.८३ | ९६.९९ |
| कक्षा १० को उत्तिर्ण प्रतिशत | ५२.९४ | ४५.८८ | ९८.८२ |
| कक्षा ९-१० को उत्तर्ण प्रतिशत | ५३.५५ | ४४.३६ | ९७.९१ |
| **समग्र कक्षा १० सम्मको उत्तर्ण प्रतिशत** | **४७.२६** | **४४.५६** | **९१.८२** |


सानीभेरी गाउँपालिका भित्र रहेका विद्यालयहरुको कक्षा दोहोर्याउने प्रतिशत

| तह/कक्षा | कक्षा दोहोर्याउने प्रतिशत | | |
|---|---|---|---|
| | केटी | केटा | जम्मा |
| प्रारम्भिक बालविकास | २३.८१ | २६.१९ | ५०.०० |
| कक्षा १-३ को कक्षा दोहोर्याउने प्रतिशत | ५.५४ | ७.२० | १२.७४ |
| कक्षा १-५ को कक्षा दोहोर्याउने प्रतिशत | ४.५४ | ६.१८ | १०.७२ |
| कक्षा ६-८ को कक्षा दोहोर्याउने प्रतिशत | २.१३ | ३.६२ | ५.७५ |
| कक्षा ९ को कक्षा दोहोर्याउने प्रतिशत | १.०६ | १.९५ | ३.०१ |
| कक्षा १० को कक्षा दोहोर्याउने प्रतिशत | १.१८ | ०.०० | १.१८ |
| कक्षा ९-१० को कक्षा दोहोर्याउने प्रतिशत | १.१२ | ०.९८ | २.१० |
| कक्षा १० सम्म कक्षा दोहोर्याउने प्रतिशत | २.९३ | ३.९३ | ६.८६ |

सानीभेरी गाउँपालिका भित्र रहेका विद्यालयहरुको विद्यालय छोड्ने प्रतिशत

| तह/कक्षा | विद्यालय छोड्ने प्रतिशत | | |
|---|---|---|---|
| | केटी | केटा | जम्मा |
| प्रारम्भिक बालविकास | २.४७ | २.४७ | ४.९४ |
| कक्षा १-३ को कक्षा छोड्ने प्रतिशत | १.१५ | १.३६ | २.५१ |
| कक्षा १-५ को कक्षा छोड्ने प्रतिशत | ०.८५ | १.०४ | १.९० |
| कक्षा ६-८ को कक्षा छोड्ने प्रतिशत | ०.८४ | ०.६२ | १.४६ |
| कक्षा ९ को कक्षा छोड्ने प्रतिशत | ०.०० | ०.०० | ०.०० |
| कक्षा १० को कक्षा छोड्ने प्रतिशत | ०.०० | ०.०० | ०.०० |
| कक्षा ९-१० को कक्षा छोड्ने प्रतिशत | ०.०० | ०.०० | ०.०० |
| कक्षा १० सम्म कक्षा छोड्ने प्रतिशत | ०.६६ | ०.६६ | १.३२ |

## सानीभेरी गाउँपालिकाको विद्यमान समस्या र तिनका कारणहरुको समस्या बृक्ष



## सानीभेरी गाउँपालिकाको शिक्षा क्षेत्रको SWOT विश्लेषण

सबल पक्ष (Strengths)

१. विद्यालयको पहुँच सन्तोषजनक रहेको देखिन्छ । गाउँपालिकाभित्र प्रारम्भिक बालविकास केन्द्रदेखि माध्यमिक तहसम्मका विद्यालयहरूको सङ्ख्या पर्याप्त भएकाले अधिकांश बालबालिकाको विद्यालयमा पहुँच सुनिश्चित भएको छ ।

२. स्थानीय सरकारको उच्च प्रतिबद्धता शिक्षा क्षेत्रको विकासका लागि स्थानीय सरकारले पाँचवर्षीय शिक्षा योजना निर्माण, शिक्षक व्यवस्थापन तथा शैक्षिक सुधारका कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

३. शिक्षक जनशक्तिको उपलब्धता सामुदायिक विद्यालयहरूमा आवश्यक सङ्ख्यामा शिक्षक कार्यरत रहेका छन् । स्थानीय तहबाट समेत शिक्षक व्यवस्थापन गरिएकाले शिक्षण सिकाइ सहजिकरण कार्यलाई प्रभावकारी बनाउन खोजिएको छ ।

४. विद्यालयको शिक्षण सिकाइ सहजिकरणलाई प्रभावकारी बनाउन शिक्षक दरवन्दी मिलान (योग्यता पुगेका तल्लो तहका शिक्षकलाई माथिल्लो तहमा अवसर), शिक्षक तथा स्रोत प्रयाप्त नभएका विद्यालयलाई एकमुष्ट अनुदान, निशुल्क पाठ्यपुस्तक, आधारभूत तह कक्षा ५ सम्म निशुल्क दिवा खाजा, आवश्यकतामा आधारीत छात्रबृत्ति तथा बिषयगत शिक्षण सहयोग अनुदान जस्ता कार्यक्रमहरु सञ्चालन गरिएको छ ।

५. लैङ्गिक समानता तथा समावेशी सहभागिता विद्यालयमा छात्रा र छात्रको सहभागिता लगभग समान रहेको छ । दलित, जनजाति लगायत विभिन्न समुदायका बालबालिकाको उल्लेखनीय सहभागिताले समावेशी शिक्षालाई बल पुगेको छ ।

६. नियमित रुपमा विद्यालय ब्यवस्थापन, शिक्षक क्षमता विकास र भौतिक पूर्वाधार विकासमा गाउँपालिकाबाट उल्लेख्य कार्यहरु भएका छन् ।

७. स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय तहलाई विद्यालय सञ्चालन तथा व्यवस्थापनका लागि अधिकार सहित जिम्मेवारी दिएको छ जसले स्थानीय तहलाई आफू अनुकूल शिक्षा सुधारका बाटाहरु प्रर्याप्त रहेका छन् ।

८. नीतिगत तथा कानुनी आधार सुदृढ रहेको संविधान, राष्ट्रिय शिक्षा नीति, विद्यालय शिक्षा क्षेत्र योजना तथा प्रचलित कानुन प्राप्त भएकाले शैक्षिक गुणस्तर सुधार र कार्यक्रम कार्यान्वयनका लागि स्पष्ट नीतिगत आधार उपलब्ध छ ।

९. सानीभेरी गाउँपालिकाले बार्षिक कुल बजेट हिस्साको तुलनात्मक हिसावले शिक्षा क्षेत्रमा बढि बजेट छुट्याइ कार्य गरीरहेको छ जसले विद्यालय स्तरका शैक्षिक समस्याहरुलाई सम्बोधन गर्न टेवा पुगेको छ ।

कमजोर पक्ष (Weaknesses)

१. माध्यमिक तथा उच्च माध्यमिक तहमा विद्यार्थी सङ्ख्या न्यून आधारभूत तहको तुलनामा माथिल्लो कक्षामा विद्यार्थी सङ्ख्या घट्दै गएको देखिन्छ, जसले विद्यार्थि निरन्तरता र विद्यालय टिकाउपनमा कमजोर रहेको देखिन्छ ।

२. भौतिक तथा शैक्षिक पूर्वाधार अझै अपूर्ण कतिपय विद्यालयमा प्रयोगशाला, पुस्तकालय, सूचना प्रविधि, इन्टरनेट तथा बालमैत्री पूर्वाधारको पर्याप्त व्यवस्था हुन नसकेको अवस्था छ ।

३. सानीभेरी गाउँपालिकाको पुरुषको तुलनामा महिला साक्षरता दर कम रहेकाले शैक्षिक समानता हासिल गर्न थप प्रयास आवश्यक देखिन्छ ।

४. अस्थायी स्रोतमा शिक्षक व्यवस्थापनको निर्भरता शिक्षकको ठूलो हिस्सा स्थानीय, राहत तथा अन्य वैकल्पिक स्रोतबाट व्यवस्थापन गरिएकाले दीर्घकालीन स्थायित्वमा शिक्षक व्यवस्थापनका लागि अभ्यास आवश्यक छ ।

५. प्राविधिक तथा सीपमूलक शिक्षाको सीमित विस्तार प्राविधिक तथा व्यावसायिक शिक्षा कार्यक्रम र त्यसका लागि आवश्यक जनशक्ति तथा स्रोतसाधन पर्याप्त रूपमा उपलब्ध हुन सकेको छैन ।

६. स्थानीय तहको सिमित स्रोतका कारण अपेक्षाकृत शैक्षिक विकास र लगानी समस्याको विषय छ साथै शिक्षा क्षेत्रमा वित्तीय स्रोतको अभावले योजना कार्यान्वयनका लागि आवश्यक बजेटको अप्रयाप्तता छ ।

७. सानीभेरी गाउँपालिकामा सङख्यात्मक हिसावले अपाङ्गता भएका बालबालिकाहरुको सङ्ख्या धेरै देखिन्छ । उनीहरुका लागि गुणस्तरीय, अपाङ्ग र जीवनोपयोगी शिक्षा प्रदान गर्ने सामुदायिक विद्यालयहरूको विकास हुन सकेको छैन ।

८. विज्ञान, अङ्ग्रेजी र गणित विषयका गुणस्तरीय शिक्षकहरूको अझैपनि गाउँपालिकामा अभाव छ । प्राथमिक तहका शिक्षकको संख्या बढी देखिएको भएतापनि आधारभूत तह कक्षा ६-८ र कक्षा ९-१० मा शिक्षक अभाव छ ।

९. शिक्षकहरूको पेशागत विकास तालिम प्रसस्त भएर पनि तालिमबाट प्राप्त गरेको ज्ञान र सीप कक्षाकोठामा विशेषतः शिक्षणमा प्रयोग हुन सकिरहेको छैन ।

१०. स्थानीय तहको शिक्षा शाखामा शैक्षिक जनशक्ति अभावका कारण नियमित विद्यालय अनुगमन, शैक्षिक पृष्ठपोषण र शैक्षणिक सहयोगको अभाव छ ।

११. आधारभूत तहका अधिकांश विद्यालयहरुका विद्यालय भवन कच्चि संरचनाका छन् । धुलो रहित कक्षाकोठा नहुँदा सिकाइ सहजिकरण वातावरण प्रभावकारी हुन सकेको छैन । जसलाई पक्की बनाउन स्रोत र साधनको अभाव छ ।

अवसरहरु (Opportunities)

१. तीन तहका सरकारबीच समन्वय र सहकार्य संघ, प्रदेश, स्थानीय तह र विकास साझेदारबीचको समन्वयबाट शिक्षा क्षेत्रमा थप लगानी तथा कार्यक्रम विस्तार गर्न सकिने अवसरहरु छन् ।

२. सूचना तथा सञ्चार प्रविधिको उपयोग डिजिटल प्रविधि, इन्टरनेट तथा सूचना प्रविधिको प्रयोगमार्फत शिक्षण सिकाइलाई थप प्रभावकारी बनाउन सकिने अवसर रहेको छ ।

३. आधारभूत तह र माध्यमिक तह सम्मको शिक्षा सञ्चालन र ब्यवस्थापनको कानूनी अधिकार स्थानीय तहमा हुनुले स्थानीय तहभित्रका विद्यालयहरुको ब्यवस्थापनमा सजिलो हुनु पनि अवसर हो ।

४. विकास साझेदारसँग सहकार्य विकास साझेदार, गैरसरकारी संस्था तथा निजी क्षेत्रसँग सहकार्य गरी शिक्षा क्षेत्रमा थप स्रोत परिचालन गर्न सकिने सम्भावना र अवसर रहेको छ ।

५. आवश्यकताका आधारमा शिक्षकको क्षमता विकास तालिम, शैक्षिक अवलोकन, कार्यमूलक अनुसन्धान तथा अनुभव आदानप्रदानमार्फत शिक्षकको व्यावसायिक क्षमता अभिवृद्धि गर्न सकिने अवसर रहेको छ ।
६. विद्यालय व्यवस्थापन सुधार विद्यालय समायोजन, शिक्षक दरबन्दी मिलान तथा स्रोतको प्रभावकारी परिचालनबाट विद्यालय व्यवस्थापन थप सुदृढ बनाउन सकिने अवसर रहेको छ ।
७. समावेशी तथा गुणस्तरीय शिक्षा प्रवर्द्धन संवैधानिक व्यवस्था, राष्ट्रिय नीति तथा दिगो विकास लक्ष्यको प्रभावकारी कार्यान्वयनमार्फत सबै बालबालिकालाई गुणस्तरीय शिक्षा उपलब्ध गराउने अवसर रहेको छ।

चुनौती (Threats)

१. आवश्यक बजेटको अभाव पर्याप्त वित्तीय स्रोतको अभावले योजना तथा कार्यक्रम कार्यान्वयन तथा लक्ष्य प्राप्तिमा कठिनाइ उत्पन्न हुन सक्छ।
२. भौगोलिक विकटता पहाडी भू-भाग, छरिएका बस्ती तथा यातायातको कठिन पहुँचले शत प्रतिशत शैक्षिक सेवा विस्तारमा चुनौतीपूर्ण छ ।
३. प्राकृतिक विपद् तथा जलवायु परिवर्तन बाढी, पहिरो तथा अन्य प्राकृतिक विपद्ले विद्यालय सञ्चालन र सिकाइ निरन्तरतामा असर पार्न सक्ने जोखिम रहेको छ ।
४. मौसमी बसाइसराई लगायत समुदायको आर्थिक अवस्थाका कारण विद्यार्थी सङ्ख्या घट्ने, माथिल्लो तहमा विद्यार्थीको निरन्तरता कमजोर हुँदा विद्यालय सञ्चालन तथा शैक्षिक गुणस्तरमा प्रभाव परिरहेको छ ।
५. दिवा खाजाको रुपमा स्थानीय उत्पादनमा आधारीत वस्तुको उपलब्धता र उपभोगमा चुनौति छ ।
६. सामाजिक तथा आर्थिक असमानता गरिबी, सामाजिक विभेद, अपाङ्गता तथा दुर्गम बस्तीका बालबालिकालाई गुणस्तरीय शिक्षामा समान पहुँच सुनिश्चित गर्नु अझै चुनौतीपूर्ण रहेको छ ।
७. विद्यालयमा समुदायको चासो कम छ । अभिभावकको विद्यालयमा अर्थपूर्ण र नियमित सहभागिता चुनौतिपूर्ण छ ।

८. विद्यालयमा शिक्षक र विद्यार्थीको नियमिततामा कमि छ । सामाजिक पृष्ठभूमि, भौगोलिक बिकटता र आर्थिक अवस्थाका कारण विद्यार्थीहरुको विद्यालय नियमिततामा चुनौति छ ।
९. शिक्षकको क्षमता, भौतिक पूर्वाधारको अवस्था र भौगोलिक अवस्थाका कारण सबै विद्यालयहरुमा प्रविधि विकास गर्न र प्रविधिको शिक्षण सिकाइमा प्रयोगको चुनौति छ ।
१०. विद्यालयमा पारदर्शिता, जवाफदेहिता, उत्तरदायित्व र जिम्मेवारीको अभाव छ । जसले गर्दा विद्यालय सुशासनमा अपेक्षित सुधार हुन सकेको अवस्था छैन ।

## SWOT बिश्लेषणको सार

सानीभेरी गाउँपालिकाको शिक्षा क्षेत्रको SWOT विश्लेषणबाट गाउँपालिकामा विद्यालयको पहुँच, स्थानीय सरकारको प्रतिबद्धता, शिक्षक व्यवस्थापन, समावेशी सहभागिता तथा नीतिगत आधारजस्ता पक्षहरूको अवस्था सन्तोषजनक देखिन्छ । त्यसैगरी, डिजिटल प्रविधिको विस्तार, तीन तहका सरकारबीचको समन्वय, विकास साझेदारसँगको सहकार्य तथा शिक्षकको व्यावसायिक क्षमता अभिवृद्धि जस्ता अवसरहरू शिक्षा क्षेत्रको गुणस्तर सुधारका लागि महत्वपूर्ण आधारका रूपमा रहेका छन् ।

यद्यपि, सानीभेरी गाउँपालिकामा माथिल्लो तहमा विद्यार्थी सङ्ख्या घट्दै जानु, भौतिक तथा शैक्षिक पूर्वाधारको अपूर्णता, वित्तीय स्रोतको अभाव, प्राविधिक शिक्षाको सीमित विस्तार तथा अस्थायी स्रोतमा शिक्षक व्यवस्थापनको निर्भरता जस्ता कमजोरीहरू विद्यमान छन् । साथै, भौगोलिक विकटता, प्राकृतिक विपद्, सीमित स्रोत-साधन तथा सामाजिक-आर्थिक असमानता शिक्षा क्षेत्रका प्रमुख चुनौतीका रूपमा रहेका छन् ।

यसर्थ, सानीभेरी गाउँपालिकाले आफ्ना सबल पक्षलाई प्रभावकारी रूपमा उपयोग गर्दै उपलब्ध अवसरहरूको अधिकतम परिचालन गर्न, पहिचान भएका कमजोरीहरूको क्रमिक सुधार गर्न तथा सम्भावित चुनौतीहरूको समयमै व्यवस्थापन गर्न सकेमा सबै बालबालिकाका लागि समावेशी, गुणस्तरीय, प्रविधिमैत्री, उत्तरदायी र दिगो विद्यालय शिक्षा प्रणाली निर्माण गर्ने लक्ष्य हासिल गर्न सकिने देखिन्छ।

# परिच्छेद २
# लक्ष्य निर्धारण

शिक्षाको विकासमा मुलुकको सामाजिक, सांस्कृतिक, आर्थिक, भौगोलिक, जनसाङ्ख्यिक तथा शासकीय संरचनाको महत्वपूर्ण प्रभाव रहन्छ । यी सबै पक्ष स्थानीय तहअनुसार फरक-फरक हुने भएकाले प्रत्येक स्थानीय तहको आवश्यकता, सम्भावना र विशिष्टतालाई सम्बोधन गर्ने शैक्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्नु आवश्यक हुन्छ । स्थानीय सन्दर्भमा आधारित शिक्षा नीति तथा कार्यक्रमले सामाजिक सद्भाव, सहकार्य, समावेशिता र समतामूलक विकासलाई प्रवर्द्धन गर्नुका साथै गुणस्तरीय शिक्षाको सुनिश्चिततामा समेत महत्वपूर्ण योगदान पुऱ्याउँछ ।

नेपालको संविधानले समाजवादउन्मुख राज्य व्यवस्थाको अवधारणाअनुरूप प्रत्येक नागरिकलाई आधारभूत तहसम्म अनिवार्य तथा निःशुल्क शिक्षा र माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्राप्त गर्ने मौलिक हक सुनिश्चित गरेको छ । यस संवैधानिक व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न स्थानीय तहले सबै बालबालिकाको समतामूलक पहुँच सुनिश्चित गर्दै शैक्षिक सक्षमता हासिल गरेको सिर्जनशील, नैतिकवान र सकारात्मक सोच भएका उत्पादनशील तथा विश्व बजारमा प्रतिस्पर्धा गर्न सक्ने जनशक्ति विकास गर्ने उद्देश्यका साथ स्थानीय आवश्यकतामा आधारीत शिक्षा योजनाको विकास गरेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले आधारभूत तथा माध्यमिक शिक्षासम्बन्धी अधिकार स्थानीय तहलाई प्रत्यायोजन गरेकाले स्थानीय आवश्यकता, उपलब्ध स्रोत-साधन र अवस्थाका प्राथमिकतालाई आधार मानी यो सानीभेरी गाउँपालिकाको शिक्षा योजना निर्माण गरी कार्यान्वयनको अपेक्षा गरेको छ ।

सानीभेरी गाउँपालिकाको शिक्षा क्षेत्रलाई समावेशी, गुणस्तरीय, प्रविधिमैत्री, सीपमूलक तथा परिणाममुखी बनाउँदै संविधान, राष्ट्रिय शिक्षा नीति र स्थानीय आवश्यकता अनुरूप शिक्षाको समग्र विकास सुनिश्चित गर्न यस योजनाको दीर्घकालीन सोंच, लक्ष्य र उदेश्य निर्धारण गरिएको छ ।

स्थानीय शिक्षा योजनाका दीर्घकालीन सोंच, लक्ष्य र उदेश्य निम्न तय गरिएको छ :

## २.१ दिर्घकालिन सोंच

"गुणस्तरीय शिक्षा, सक्षम जनशक्तिः समृद्ध सानीभेरी, हाम्रो उपलब्धि ।"

## २.२ लक्ष्य

"सबै बालबालिकाको गुणस्तरीय शिक्षामा समतामूलक पहुँच सुनिश्चित गरी सक्षम, निष्ठावान, उत्पादनशील, आत्मनिर्भर तथा प्रतिस्पर्धी जनशक्ति निर्माणमार्फत सानीभेरी गाउँपालिकाको सामाजिक तथा आर्थिक रूपान्तरणमा योगदान पुऱ्याउने ।"

## २.३ उदेश्यहरु

१. सानीभेरी गाउँपालिका भित्रका सबै बालबालिकालाई समावेशी, समतामूलक तथा गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चित गर्नु ।
२. शैक्षिक सुशासन प्रवर्द्धन गर्दै सिकाइका लागि सुरक्षित भौतिक पूर्वाधारसहित बालमैत्री, समावेशी र सिकाइमैत्री वातावरण निर्माण गरी गुणस्तरीय शिक्षा प्रदान गर्नु ।
३. व्यावसायिक, सीपमूलक, सूचना तथा सञ्चार प्रविधिमा आधारित र रोजगारमुखी शिक्षालाई प्रवर्द्धन गर्दै विद्यार्थीमा आवश्यक ज्ञान, सीप र क्षमताको विकास गरी सक्षम तथा प्रतिस्पर्धी नागरिक तयार गर्नु ।
४. उच्च शिक्षामा नागरीकको पहुँच अभिवृद्धि गरी विज्ञान, प्रविधि, नवप्रवर्तन र उद्यमशीलताप्रति अभिप्रेरित सक्षम, प्रतिस्पर्धी तथा व्यावसायिक मानव संसाधनको विकास गर्नु ।
५. नैतिक आचरण, मानव मूल्य, सामाजिक उत्तरदायित्व तथा सदाचारमा आधारित शिक्षा प्रदान गर्नु ।
६. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका अवसरहरू सुनिश्चित गरी सबै नागरिकलाई निरन्तर सिकाइमा सहभागी गराउनु ।
७. शिक्षा मार्फत स्थानीय कला, संस्कृति, साहित्य तथा परम्परागत सीपको संरक्षण, संवर्द्धन, प्रवर्द्धन र पुस्तान्तरण गर्नु ।

८. आपत्कालीन तथा सङ्कटकालीन अवस्थामा समेत विद्यार्थीको सिक्ने अधिकार सुनिश्चित गर्दै वैकल्पिक सिकाइ प्रणालीको प्रभावकारी कार्यान्वयन गर्नु ।

९. स्थानीय तहको शिक्षाको शासकीय प्रबन्धलाई सुदृढ बनाइ नतिजामुखी शिक्षा व्यवस्थापनको प्रबर्द्धन गर्नु ।

## २.४ रणनीति तथा कार्यनीति

**उदेश्य १ :** सानीभेरी गाउँपालिका भित्रका सबै बालबालिकालाई समावेशी, समतामूलक तथा गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चित गर्नु ।

| रणनीति | कार्यनीति |
|---|---|
| १. वदलिदो विकास र समयलाई मध्यनगर गर्दै विद्यालयहरुको ब्यवस्थापन, एकिकरण तथा मर्ज गर्ने साथै विद्यालय सुबिधाहरु थप गरी सुबिधासम्पन्न बनाउने साथै आगामी ५ बर्षमा विद्यालय संख्या घटाइ ३० सम्म पुर्याउने । | १. विद्यलयहरुको नक्साङ्कन तथा सर्बेक्षण गरिनेछ र सान्दर्भिकता र अवस्थाका आधारमा विद्यालय संख्या र तह बढाउने वा घटाउने कार्य गर्दै लगिने ५ र विद्यालय सुबिधाहरु थप गर्दै लगिनेछ |
| २. गाउँपालिकाभित्रका विद्यालय उमेरका सबै बालबालिकाको विद्यालय भर्ना, नियमित उपस्थिती, सिकाइमा निरन्तरता तथा विद्यालय पूरा गर्ने अवस्था सुनिश्चितता गर्ने | २. विद्यालय बाहिर रहेका तथा विद्यालय छोडेका सबै बालबालिकाको पहिचान गरी विद्यालय भर्ना, पुन:भर्ना र नियमित उपस्थितिका लागि विशेष कार्यक्रम बनाइ कार्यान्वयन गरिनेछ |
| ३. दलित, जनजाति, अपाङ्गता भएका, विपन्न, जोखिममा रहेका तथा अन्य वञ्चित समुदायका बालबालिकाका लागि समावेशी र समतामूलक शैक्षिक अवसरको विस्तार गर्ने | ३. विपन्न, दलित, जनजाति, अपाङ्गता भएका, अनाथ तथा जोखिममा रहेका बालबालिकाका लागि छात्रवृत्ति, शैक्षिक सामग्री तथा आवश्यक सहयोग प्रदान गरिनेछ |

| | |
|---|---|
| ४. प्रारम्भिक बालविकासदेखि माध्यमिक तहसम्म सुरक्षित, बालमैत्री, समावेशी, प्रविधिमैत्री तथा गुणस्तरीय शिक्षण सिकाइ वातावरणको विकास गर्ने | ४. विद्यालय वातावरणलाई बालमैत्री, लैङ्गिकमैत्री, अपाङ्गतामैत्री तथा समावेशी बनाइनेछ |
| ५. विद्यालय बाहिर रहेका तथा विद्यालय छोडेका बालबालिकाको पहिचान गरी औपचारीक शिक्षाको पहुँचमा ल्याउने | ५. प्रारम्भिक बालविकास केन्द्र तथा विद्यालयको पहुँच विस्तार गरी सबै बालबालिकाको समयमै विद्यालय भर्ना सुनिश्चित गरिनेछ |
| ६. दुर्गम तथा पहुँच नपुगेका बस्तीका बालबालिकाको शिक्षामा पहुँच अभिवृद्धि गर्न आवश्यक भौतिक, शैक्षिक तथा प्रविधिगत सुविधा पहिल्याइ कार्यान्वयन गर्ने | ६. अभिभावक, विद्यालय व्यवस्थापन समिति, शिक्षक, समुदाय तथा सरोकारवालाको सक्रिय सहभागितामा नियमित बैठक तथा छलफल गरी विद्यालय भर्ना, नियमित उपस्थिती र सिकाइ निरन्तरताको प्रवर्द्धन गरिनेछ |
| ७. अभिभावक, विद्यालय व्यवस्थापन समिति, शिक्षक, समुदाय तथा सरोकारवालाको सक्रिय सहभागिता, समन्वय र साझेदारी बृद्धि गरी विद्यालय शिक्षाको पहुँच र गुणस्तर सुधार गर्ने | ७. दुर्गम तथा सेवा पहुँच न्यून भएका बस्तीका बालबालिकाका लागि आवश्यक शैक्षिक सेवा, सिकाइ सामग्री तथा वैकल्पिक सिकाइका अवसर उपलब्ध गराइनेछ |
| ८. सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी उपयोग गर्दै सबै बालबालिकालाई प्रविधिमैत्री तथा नवप्रवर्तनमुखी सिकाइका अवसर उपलब्ध गराउने | ८. विद्यलयमा सूचना, सञ्चार तथा प्रविधिको विकास र प्रयोग मार्फत पहुँच विस्तार गर्दै सबै बालबालिकालाई प्रविधिमैत्री सिकाइका अवसर सुनिश्चित गरिनेछ |
| ९. तथ्यमा आधारित अनुगमन साधनका साथ नियमित अनुगमन, मूल्याङ्कन तथा पृष्ठपोषण प्रणालीलाई सुदृढ गर्ने । | ९. विद्यालय भर्ना, नियमित उपस्थिती, सिकाइ उपलब्धि तथा विद्यालय छोड्ने दरको नियमित अनुगमन, मूल्याङ्कन तथा पृष्ठपोषणका लागि अनुगमन साधनको विकास गरी प्रयोग गरिनेछ |

| | |
|---|---|
| १०. आवश्यकताका आधारमा विद्यालय व्यवस्थापन, समायोजन र मर्जरको कार्य क्रमश गर्दै लैजाने | १०. कमजोर विद्यार्थिलाई विद्यालय बाहिर हुनबाट रोक्न सिकाइ आपूरण कक्षा, अतिरिक्त कक्षा तथा सुधारात्मक कक्षाको सञ्चालन गरिनेछ<br>११. नियमित अभिभावक शिक्षाका कार्यक्रमको विकास गरी सञ्चालन गरीनेछ । |

**उदेश्य २:** शैक्षिक सुशासन प्रवर्द्धन गर्दै सिकाइका लागि सुरक्षित भौतिक पूर्वाधारसहित बालमैत्री, समावेशी र सिकाइमैत्री वातावरण निर्माण गरी गुणस्तरीय शिक्षा प्रदान गर्नु ।

| रणनीति | कार्यनीति |
|---|---|
| १. विद्यालयमा सुशासन, पारदर्शिता, जवाफदेहिता तथा सहभागितामूलक व्यवस्थापन प्रणाली सुदृढ गरी प्रभावकारी शैक्षिक प्रशासनको विकास गर्ने<br>२. बालमैत्री, समावेशी, सुरक्षित तथा विपद् उत्थानशील विद्यालय भौतिक पूर्वाधारको निर्माण, विस्तार र स्तरोन्नति गर्ने<br>३. गुणस्तरीय शिक्षण सिकाइका लागि आवश्यक कक्षाकोठा, पुस्तकालय, विज्ञान प्रयोगशाला, सूचना तथा सञ्चार प्रविधि, खानेपानी, शौचालय तथा अन्य शैक्षिक पूर्वाधारको विकास र प्रभावकारी उपयोग गर्ने | १. विद्यालयमा सुशासन, पारदर्शिता, जवाफदेहिता तथा सहभागितामूलक व्यवस्थापन प्रणालीलाई संस्थागत गर्दै विद्यालय प्रशासनलाई प्रभावकारी बनाइनेछ<br>२. विद्यालयका भौतिक पूर्वाधारहरुलाई बालमैत्री, समावेशी, वातावरणमैत्री सुरक्षित, तथा विपद् उत्थानशील मापदण्डअनुसार निर्माण, विस्तार, मर्मत तथा स्तरोन्नति गरिनेछ<br>३. सबै विद्यालयमा सुरक्षित भवन, पर्याप्त कक्षाकोठा, सुरक्षित र आरामदायी फर्निचर, स्वच्छ खानेपानी, लैङ्गिक तथा अपाङ्गतामैत्री शौचालय, पुस्तकालय, विज्ञान प्रयोगशाला, कम्प्युटर प्रयोगशाला तथा सूचना तथा सञ्चार |

| | |
|---|---|
| ४. विद्यालयमा सुरक्षित, समावेशी, लैङ्गिक तथा अपाङ्गतामैत्री सिकाइ वातावरण सुनिश्चित गर्दै बालअधिकारको संरक्षण र प्रवर्द्धन गर्ने<br>५. शिक्षक, प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिको क्षमता अभिवृद्धि गर्दै शैक्षिक नेतृत्व, नियमित अनुगमन, सुपरिवेक्षण र पृष्ठपोषण प्रणालीलाई सुदृढ गर्ने।<br>६. शिक्षक मेन्टरीङ प्रणालीलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने<br>७. सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण सिकाइ, विद्यालय व्यवस्थापन तथा शैक्षिक सेवाको विस्तार गरी प्रविधिमैत्री विद्यालय प्रणाली विकास गर्ने<br>८. विद्यालयको गुणस्तर अभिबृद्धि गर्न अभिभावक, समुदाय, सरोकारवाला निकाय तथा विकास साझेदारसँगको समन्वय, सहकार्य र साझेदारीलाई सुदृढ बनाउने<br>९. विद्यालयको कार्यसम्पादन मूल्याङ्कन, सिकाइ उपलब्धि तथा शैक्षिक गुणस्तरको नियमित अनुगमन, मूल्याङ्कन र तथ्यमा आधारित विद्यालय प्रणालीलाई संस्थागत गर्ने। | प्रविधिमा आधारित सिकाइका आवश्यक पूर्वाधारको विकास र प्रभावकारी उपयोग गरिनेछ<br>४. विद्यालयलाई बालमैत्री, समावेशी, लैङ्गिक समानतामूलक तथा हिंसामुक्त सिकाइ केन्द्रका रूपमा विकास गरी बालअधिकार तथा बालसुरक्षासम्बन्धी मापदण्डको प्रभावकारी कार्यान्वयन गरिनेछ<br>५. शिक्षक, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति तथा अभिभावक शिक्षक सङ्घको क्षमता अभिवृद्धि गर्दै शैक्षिक नेतृत्व, नियमित अनुगमन, सुपरिवेक्षण, पृष्ठपोषण तथा कार्यसम्पादन मूल्याङ्कन प्रणालीलाई सुदृढ गरिनेछ<br>६. शिक्षक पेशागत दक्षता विकास (शिक्षक मेन्टरीङ)का कार्यक्रमहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गरीनेछ<br>७. सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी उपयोगमार्फत शिक्षण सिकाइ प्रक्रिया, विद्यालय व्यवस्थापन, अभिलेख व्यवस्थापन तथा शैक्षिक सेवाप्रवाहलाई प्रविधिमैत्री बनाइनेछ<br>८. विद्यालयको सिकाइ उपलब्धि, कार्यसम्पादन तथा शैक्षिक गुणस्तरको नियमित अनुगमन, मूल्याङ्कन, प्रतिवेदन |

| | |
|---|---|
| | तथा तथ्यमा आधारित सुधारात्मक कार्यक्रम सञ्चालन गरिनेछ<br>९. संघ, प्रदेश, स्थानीय तह, समुदाय, निजी क्षेत्र तथा विकास साझेदारसँग समन्वय, सहकार्य र साझेदारी विस्तार गरी विद्यालयको गुणस्तर सुधारका लागि आवश्यक स्रोत, साधन तथा वित्तीय व्यवस्थापनलाई सुदृढ गरिनेछ |

**उदेश्य ३ :** व्यावसायिक, सीपमूलक, सूचना तथा सञ्चार प्रविधिमा आधारित र रोजगारमुखी शिक्षालाई प्रवर्द्धन गर्दै विद्यार्थीमा आवश्यक ज्ञान, सीप र क्षमताको विकास गरी सक्षम तथा प्रतिस्पर्धी नागरिक तयार गर्नु ।

| रणनीति | कार्यनीति |
|---|---|
| १. स्थानीय आवश्यकता, श्रम बजारको माग तथा सम्भावना अनुरूप व्यावसायिक, सीपमूलक र रोजगारमुखी शिक्षाको अवसर प्रदान गर्ने।<br>२. सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण सिकाइ प्रणालीको विकास गरी विद्यार्थीको डिजिटल साक्षरता र प्रविधिगत क्षमता विकास गर्ने।<br>३. दैनिक क्रियाकलापलाई सिर्जनशीलता, नवप्रवर्तन, समस्या समाधान, सञ्चार, सहकार्य तथा उद्यमशीलता जस्ता आवश्यक सीपहरू केन्द्रित बिधिमा परिणत गर्ने | १. विद्यार्थिहरुमा आधारभूत तहदेखि नै श्रमप्रति आकर्षण गर्न स्थानीय आवश्यकता, सम्भावना तथा बजारको मागका आधारमा व्यावसायिक, सीपमूलक तथा रोजगारमुखी शैक्षिक कार्यक्रमको विकास गरी कार्यान्वयन गरिनेछ<br>२. विद्यालयमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण सिकाइ प्रणालीको विकास गरी डिजिटल सिकाइ सामग्री, इन्टरनेट सेवा तथा प्रविधिमैत्री सिकाइ वातावरणको विकास गरिनेछ<br>३. विद्यार्थीमा सिर्जनशीलता, नवप्रवर्तन, समालोचनात्मक सोच, समस्या समाधान, |

| | |
|---|---|
| ४. विद्यालय, उद्योग व्यवसाय, कृषि, पर्यटन, सहकारी तथा अन्य सरोकारवाला निकायबीच सहकार्य र साझेदारी विस्तार गरी व्यवहारिक तथा रोजगारमुखी सिकाइलाई आत्मसाथ गर्न प्रेरीत गर्ने<br>५. शिक्षालाई स्थानीय स्रोत, साधन, परम्परागत ज्ञान, सीप तथा उद्यमसाग आबद्ध गरी आत्मनिर्भर र उत्पादनशील जनशक्ति विकास गर्न उन्मुख बनाउने<br>६. प्रयोगात्मक, परियोजना कार्यमा आधारित तथा अनुभवात्मक शिक्षण सिकाइलाई प्रोत्साहन गरी विद्यार्थीको ज्ञान, सीप र कार्यदक्षतामा अभिवृद्धि गर्ने।<br>७. शिक्षकको व्यावसायिक क्षमता तथा सूचना प्रविधिसम्बन्धी दक्षता अभिवृद्धि गरी प्रविधिमैत्री र प्रभावकारी शिक्षण सहजिकरण प्रणाली विकास गर्ने<br>८. उच्च शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा, स्वरोजगार र उद्यमशीलताबीच समन्वय कायम गरी सक्षम, प्रतिस्पर्धी, उत्पादनशील तथा आत्मनिर्भर नागरिक तयार गर्ने । | सञ्चार, सहकार्य, नेतृत्व तथा उद्यमशीलता सम्बन्धी जीवनोपयोगी सीप विकासमा प्रेरीत गर्ने कार्यक्रम तय गरिनेछ<br>४. विद्यालय र कृषि, पर्यटन, सहकारी, स्थानीय उद्यम तथा निजी क्षेत्रबीच सहकार्य र साझेदारी स्थापना गरी व्यवहारिक, प्रयोगात्मक तथा रोजगारमुखी सिकाइका अवसरहरू सिर्जना गर्न अभ्यास गरिनेछ<br>५. स्थानीय स्रोत, साधन, परम्परागत ज्ञान, सीप, प्रविधि तथा उद्यमलाई शिक्षण सिकाइ प्रक्रियासँग आबद्ध गरी उत्पादनशील तथा आत्मनिर्भर जनशक्ति विकासमा जोड दिइनेछ<br>६. विद्यार्थीलाई परियोजना कार्यमा आधारित सिकाइ, प्रयोगात्मक अभ्यास, करियर परामर्श, उद्यमशीलता विकास तथा स्वरोजगारमुखी कार्यक्रमहरूको अनुभव गराइनेछ<br>७. शिक्षकहरूको व्यावसायिक क्षमता, सूचना तथा सञ्चार प्रविधिसम्बन्धी दक्षता तथा नवीन शिक्षण विधिको प्रयोग गर्ने क्षमताको विकासका लागि निरन्तर कार्यक्रम गरिनेछ<br>८. प्राविधिक तथा व्यावसायिक शिक्षा, उच्च शिक्षा, रोजगार तथा |

| | |
|---|---|
| | उद्यमशीलताबीच प्रभावकारी समन्वय र सहकार्य कायम गरी सक्षम, प्रतिस्पर्धी, उत्पादनशील तथा आत्मनिर्भर नागरिक निर्माणका कार्यमा जोड दिइनेछ । |

**उदेश्य ४ :** उच्च शिक्षामा नागरीकको पहुँच अभिवृद्धि गरी विज्ञान, प्रविधि, नवप्रवर्तन र उद्यमशीलताप्रति अभिप्रेरित सक्षम, प्रतिस्पर्धी तथा व्यावसायिक मानव संसाधनको विकास गर्नु ।

| रणनीति | कार्यनीति |
|---|---|
| १. आधारभूत तथा माध्यमिक तहमा गुणस्तरीय शिक्षण सिकाइ सहजिकरण सुनिश्चित गरी उच्च शिक्षा, प्राविधिक शिक्षा तथा व्यावसायिक शिक्षाका लागि आवश्यक शैक्षिक आधार सुदृढ गर्ने<br>२. विद्यालय तहदेखि नै विज्ञान, गणित, सूचना तथा सञ्चार प्रविधि, नवप्रवर्तन, अनुसन्धान तथा सिर्जनशील सिकाइलाई आवश्यक जोड दिने<br>३. आधारभूत तहदेखि नै विद्यार्थीमा जीवनबृत्ति परामर्श, उद्यमशीलता, जीवनोपयोगी सीप तथा व्यावसायिक अभिमुखीकरण कार्यक्रम सञ्चालन गरी उच्च शिक्षा तथा रोजगारीका मानसिक रुपमा तयारी गर्ने<br>४. प्रतिभावान, विपन्न, दलित, जनजाति, अपाङ्गता भएका तथा अन्य लक्षित वर्गका विद्यार्थीलाई छात्रवृत्ति, शैक्षिक | १. आधारभूत तथा माध्यमिक तहमा विज्ञान, गणित, सूचना तथा सञ्चार प्रविधि र अङ्ग्रेजी विषयको गुणस्तरीय शिक्षण सिकाइ सुनिश्चित गरी उच्च शिक्षाका लागि आवश्यक शैक्षिक आधार सुनिश्चित गरिनेछ<br>२. विद्यालयमा विज्ञान प्रयोगशाला, पुस्तकालय, कम्प्युटर प्रयोगशाला तथा सूचना तथा सञ्चार प्रविधिमा आधारित सिकाइ स्रोतहरूको उपलब्धतामा जोड दिइ प्रभावकारी उपयोग गरिनेछ।<br>३. विद्यार्थीमा वैज्ञानिक सोच, नवप्रवर्तन, अनुसन्धान, सिर्जनशीलता तथा समस्या समाधान गर्ने क्षमताको विकास गर्न विद्यालयमा प्रयोगात्मक, परियोजना मूलक तथा जीवनोपयोगी शिक्षण सिकाइलाई कार्यान्वयन गरिनेछ |

| | |
|---|---|
| परामर्श तथा सहजीकरणमार्फत उच्च शिक्षामा पहुँच अभिवृद्धि गर्ने<br>५. विद्यालय, उच्च शिक्षाका संस्था, प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदायक निकाय, व्यवसाय तथा सरोकारवाला निकायबीच समन्वय, सहकार्य र साझेदारी सुदृढ गर्ने<br>६. स्थानीय आवश्यकता, कृषि, पर्यटन, वन, जडीबुटी, प्राकृतिक स्रोत तथा स्थानीय उद्यमसँग सम्बन्धित ज्ञान, सीप र प्रविधिलाई विद्यालय शिक्षासँग आबद्ध गर्ने<br>७. सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण सिकाइ, डिजिटल साक्षरता तथा अनुसन्धान संस्कृतिको विकास गरी प्रतिस्पर्धी तथा व्यावसायिक मानव संसाधन उत्पादनको आधार तयार गर्ने<br>८. माध्यमिक तह उत्तीर्ण विद्यार्थीलाई उच्च शिक्षा, प्राविधिक शिक्षा, स्वरोजगार तथा उद्यमशीलतामा आकर्षित गर्न सूचना, परामर्श, अभिमुखीकरण तथा प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने। | ४. माध्यमिक तहका विद्यार्थीका लागि उच्च शिक्षासम्बन्धी अभिमुखीकरण, छात्रवृत्ति तथा शैक्षिक परामर्श सेवाको व्यवस्था गरिनेछ<br>५. प्रतिभावान, विपन्न, दलित, जनजाति, अपाङ्गता भएका तथा अन्य लक्षित वर्गका विद्यार्थीलाई उच्च शिक्षामा पहुँच अभिवृद्धिका लागि आवश्यक सहयोग, प्रोत्साहन तथा सहजीकरण गरिनेछ<br>६. स्थानीय कृषि, पर्यटन, वन, जडीबुटी, प्राकृतिक स्रोत तथा स्थानीय उद्यमसँग सम्बन्धित ज्ञान, सीप र प्रविधिलाई विद्यालय शिक्षासँग आबद्ध गर्न शिक्षक क्षमता विकासलाई जोड दिइनेछ<br>७. विद्यालय, प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदायक संस्था, उच्च शिक्षाका संस्था तथा अन्य सरोकारवालाबीच समन्वय, सहकार्य र साझेदारी विस्तार गरिनेछ<br>८. शिक्षकको पेशागत, विषयगत, व्यावसायिक तथा सूचना प्रविधिसम्बन्धी क्षमता अभिवृद्धि गरी कक्षाकोठामा विज्ञान, प्रविधि, नवप्रवर्तन तथा उद्यमशीलतामा आधारित शिक्षण सिकाइलाई प्रभावकारी बनाइनेछ। |

**उदेश्य ५ :** नैतिक आचरण, मानव मूल्य, सामाजिक उत्तरदायित्व तथा सदाचारमा आधारित शिक्षा प्रदान गर्नु ।

| रणनीति | कार्यनीति |
|---|---|
| १. नियमित शिक्षण सिकाइ प्रक्रियामा नैतिक शिक्षा, मानव मूल्य, सामाजिक उत्तरदायित्व तथा सदाचार सम्बन्धी विषयवस्तुलाई एकीकरण गर्ने वातावरण बनाउने<br>२. विद्यालयमा अनुशासित, बालमैत्री, समावेशी, सुरक्षित तथा सकारात्मक सिकाइ वातावरण विकास गरी विद्यार्थीमा असल आचरण र जिम्मेवारीबोधको विकास गराउने<br>३. स्थानीय भाषा, संस्कृति, परम्परा, कला, सामाजिक मूल्य तथा नागरिक कर्तव्यलाई विद्यालयका शैक्षिक तथा अतिरिक्त क्रियाकलापसँग आबद्ध गर्ने<br>४. अभिभावक, विद्यालय, समुदाय तथा सरोकारवालाको सक्रिय सहभागिता र सहकार्य मार्फत विद्यार्थीमा नैतिक आचरण, सामाजिक उत्तरदायित्व तथा सकारात्मक व्यवहार विकास गर्ने<br>५. विद्यार्थीमा नेतृत्व क्षमता, स्वयंसेवा, सामाजिक सेवा, वातावरण संरक्षण तथा सामुदायिक सहभागिता मार्फत जिम्मेवार, अनुशासित र असल नागरिक बन्ने संस्कारको विकास गर्ने । | १. विद्यालय शिक्षण सिकाइ प्रक्रियामा नैतिक शिक्षा, मानव मूल्य, सामाजिक उत्तरदायित्व, नागरिक कर्तव्य तथा सदाचार सम्बन्धी विषयवस्तुको प्रभावकारी कार्यान्वयन गर्न क्षमता विकास तथा उपयुक्त वातावरण तयार गरिनेछ<br>२. विद्यालयहरुमा अन्तरविद्यालय तथा अन्तर वडा स्तरीय प्रतिस्पर्धात्मक अतिरिक्त क्रियाकलापहरु सञ्चालन गरिनेछ<br>३. गाउँपालिकाको समन्वयमा विद्यालयमा बालमैत्री, समावेशी, सुरक्षित तथा अनुशासित सिकाइ वातावरण निर्माण गरी विद्यार्थीमा नैतिक आचरण, अनुशासन र सकारात्मक व्यवहारको विकासमा जोड दिइनेछ ।<br>४. स्थानीय भाषा, कला, संस्कृति, परम्परा, मौलिक ज्ञान तथा सामाजिक मूल्य मान्यतालाई शैक्षिक, सहपाठ्य तथा अतिरिक्त क्रियाकलापमार्फत प्रवर्द्धन गरिनेछ |

| | |
|---|---|
| | ५. अभिभावकहरुको विद्यालयमा सक्रियता बढाउन कार्यक्रमको विकास गरी कार्यान्वयन गरीनेछ<br>६. नैतिक शिक्षा तथा सदाचारसम्बन्धी कार्यक्रमहरूको नियमित अनुगमन, मूल्याङ्कन, पृष्ठपोषण तथा सुधारात्मक कार्य गरी विद्यालयमा उत्तरदायी र मूल्यमा आधारित शैक्षिक संस्कृतिको विकास गरिनेछ। |

**उदेश्य ६ :** अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका अवसरहरू सुनिश्चित गरी निरन्तर सिकाइमा सहभागी गराउनु ।

| रणनीति | कार्यनीति |
|---|---|
| १. गाउँपालिकाको अगुवाई र सरोकारवालाहरुको सहभागितामा सबै उमेर समूहका नागरिकका लागि अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका अवसरहरूको विस्तार र पहुँच सुनिश्चित गर्ने<br>२. सामुदायिक सिकाई केन्द्रको आवश्यक सवलिकरण गर्ने<br>३. विद्यालय, सामुदायिक सिकाइ केन्द्र, पुस्तकालय तथा अन्य शैक्षिक संस्थालाई समुदायमा आधारित निरन्तर सिकाइका केन्द्रका रूपमा विकास गर्ने | १. अनौपचारिक तथा आजिवन सिकाई अवस्थाको नक्साङ्कन गरिनेछ<br>२. आवश्यकता र मागका आधारमा गाउँपालिकाभित्रका सबै उमेर समूहका नागरिकका लागि अनौपचारिक शिक्षा, साक्षरता तथा आजीवन सिकाइसम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।<br>३. सामुदायिक सिकाइ केन्द्रलाई सुदृढिकरण गर्दै आवश्यकताका कार्यक्रम सञ्चालन गरिनेछ ।<br>४. महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति, विद्यालय छोडेका |

| | |
|---|---|
| ४. साक्षरता, जीवनोपयोगी सीप, डिजिटल साक्षरता, वित्तीय साक्षरता तथा व्यावसायिक सीप विकाससम्बन्धी कार्यक्रम सञ्चालन गरी लक्षित नागरिकको ज्ञान, सीप र क्षमता अभिवृद्धि गर्ने<br>५. महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति, विद्यालय छोडेका किशोरकिशोरी तथा अन्य वञ्चित समुदायलाई लक्षित गरी समावेशी र आवश्यकतामा आधारित अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालन गर्ने<br>६. नक्साङ्कन गरि आवश्यकताका आधारमा बैकल्पिक शिक्षाका कार्यक्रम सञ्चालन गर्ने<br>७. संघ, प्रदेश, विद्यालय, सामुदायिक सिकाइ केन्द्र, गैरसरकारी संस्था तथा अन्य सरोकारवालासँग समन्वय, सहकार्य र साझेदारीमार्फत अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ प्रणालीलाई सुदृढ गर्ने । | किशोर किशोरी तथा अन्य वञ्चित समुदायलाई लक्षित गरी समावेशी साक्षरता, जीवनोपयोगी सीप, डिजिटल साक्षरता तथा आयआर्जनमूलक कार्यक्रम सञ्चालन गरिनेछ।<br>५. संघ, प्रदेश, स्थानीय तह, सामुदायिक सिकाइ केन्द्र, गैरसरकारी संस्था तथा अन्य सरोकारवालासँग समन्वय, सहकार्य र साझेदारी गरी अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरिनेछ<br>६. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ कार्यक्रमको नियमित अनुगमन, मूल्याङ्कन, पृष्ठपोषणलाई प्रभावकारी बनाइनेछ ।<br>७. सामुदायिक सिकाई केन्द्रहरुलाई आधारभूत सुविधासम्पन्न (पुस्तकालय, सूचना प्रविधि सम्बन्धी सामग्री, फर्निचर आदि) बनाउदै सिकाई केन्द्रको रुपमा विकास गरिनेछ ।<br>८. सामुदायिक सिकाई केन्द्रका व्यवस्थापन समिति र सहजकर्ताहरुको क्षमता अभिवृद्धि गरिनेछ । |

**उदेश्य ७ :** शिक्षा मार्फत स्थानीय कला, संस्कृति, साहित्य तथा परम्परागत सीपको संरक्षण, संवर्द्धन, प्रवर्द्धन र पुस्तान्तरण गर्नु ।

| रणनीति | कार्यनीति |
|---|---|
| १. स्थानीय कला, संस्कृति, साहित्य, भाषा, मौलिक ज्ञान तथा परम्परागत सीपको पहिचान, अभिलेखीकरण, दस्तावेजीकरण तथा संरक्षणलाई शैक्षिक कार्यक्रमसँग आबद्ध गर्ने<br>२. विद्यालयलाई स्थानीय सांस्कृतिक सम्पदा, ऐतिहासिक स्थल, धार्मिक तथा पर्यटकीय क्षेत्रसँग जोड्दै अनुभवमूलक तथा स्थानीय परिवेशमा आधारित सिकाइलाई प्रवर्द्धन गर्ने<br>३. स्थानीय स्रोत व्यक्ति, कलाकार, साहित्यकार, ज्येष्ठ नागरिक तथा परम्परागत सीप भएका व्यक्तिहरूको ज्ञान र अनुभवलाई विद्यालय शिक्षामा उपयोग गरी पुस्तान्तरणलाई संस्थागत गर्ने<br>४. स्थानीय मौलिक कला, साहित्य, लोकसंस्कृति तथा परम्परागत सीपसम्बन्धी अनुसन्धान, सिर्जना, प्रकाशन तथा नवप्रवर्तनात्मक शैक्षिक गतिविधिलाई प्रोत्साहन गर्ने<br>५. स्थानीय भाषा, कला, संस्कृति, साहित्य तथा परम्परागत सीपको संरक्षण र प्रवर्द्धनका लागि गाउँपालिका, विद्यालय, समुदाय तथा सम्बन्धित संस्थाबीच | १. स्थानीय भाषा, कला, संस्कृति, साहित्य, मौलिक ज्ञान तथा परम्परागत सीपको पहिचान, अभिलेखीकरण, दस्तावेजीकरण तथा संरक्षण गरी शिक्षण सिकाइ प्रक्रिया, स्थानीय पाठ्यक्रम तथा सहपाठ्य क्रियाकलापमा समावेश गर्ने वातावरण बनाइनेछ<br>२. स्थानीय कलाकार, साहित्यकार, संस्कृतिकर्मी, ज्येष्ठ नागरिक, परम्परागत सीप भएका व्यक्तिहरू तथा विद्यालयबीच अनुभव आदान प्रदान, अन्तरक्रिया, शैक्षिक बहस तथा संवाद कार्यक्रम तय गरी कार्यान्वयन गरीनेछ जसमा विद्यार्थिहरुको सहभागिता सुनिश्चित गरीनेछ<br>३. विद्यार्थी तथा शिक्षकका लागि स्थानीय ऐतिहासिक, धार्मिक, सांस्कृतिक, पर्यटकीय तथा प्राकृतिक सम्पदास्थलमा शैक्षिक भ्रमण, अध्ययन अवलोकन तथा अनुभवमूलक सिकाइ कार्यक्रम सञ्चालन गरिनेछ<br>४. स्थानीय कला, संस्किति, ऐतिहासिक सम्पदा, पेशा, सीप लगायतलाई स्थानीय पाठ्यक्रममा समाबेश गरि कार्यान्वन गरिनेछ |

| | |
|---|---|
| दीर्घकालीन समन्वय, सहकार्य र संस्थागत साझेदारी विकास गर्ने<br>६. स्थानीय कला, संस्कृति, साहित्य तथा परम्परागत सीपको संरक्षण, संवर्द्धन, प्रवर्द्धन र पुस्तान्तरणका लागि समुदाय तथा बालक्लवहरुको परिचालन गरिनेछ । | ५. विद्यालयस्तरमा स्थानीय कला, संस्कृति, साहित्य, लोकपरम्परा तथा मौलिक सीपसँग सम्बन्धित प्रदर्शनी, प्रतियोगिता, सांस्कृतिक महोत्सव, सिर्जनात्मक कार्यक्रम तथा अनुसन्धानमूलक गतिविधि सञ्चालन गरी संरक्षण र प्रवर्द्धन गरिनेछ<br>६. स्थानीय कला, संस्कृति, साहित्य तथा परम्परागत सीपको संरक्षण, संवर्द्धन, प्रवर्द्धन र पुस्तान्तरणका लागि गाउँपालिका, विद्यालय, समुदाय, सांस्कृतिक संस्था तथा अन्य सरोकारवालाबीच समन्वय, सहकार्य र साझेदारी विकास गरिनेछ। |

**उदेश्य ८ :** आपत्कालीन तथा सङ्कटकालीन अवस्थामा समेत विद्यार्थीको सिक्ने अधिकार सुनिश्चित गर्दै वैकल्पिक सिकाइ प्रणालीको प्रभावकारी कार्यान्वयन गर्नु ।

| रणनीति | कार्यनीति |
|---|---|
| १. विद्यालय संरचना निर्माणमा बालमैत्री र विपद् जोखिम बहन क्षमता भएका संरचना निर्माणमा जोड दिने<br>२. विपद्को अवस्थामा शिक्षा निरन्तरताको योजना निर्माण गर्ने र कार्यान्वयन गर्ने<br>३. औपचारिक तथा अनौपचारिक शिक्षाको माध्यमबाट सम्भावित विपद्को पूर्व | १. विद्यालयमा शिक्षक, विद्यालय ब्यवस्थापन समिति र बालक्लवका सदस्यहरुलाई विद्यालय सुरक्षा सम्बन्धी क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ<br>२. हरेक विद्यालयको विद्यालय सुधार योजनामा विपद् ब्यवस्थापन, जलवायू |

| | |
|---|---|
| सावधानी र तयारीको वातावरण तयार गर्ने | परिवर्तन र उत्थानशीलताको विषय समाबेश सुनिश्चित गरिनेछ |
| ४. सम्भावित विपद्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासको लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको तयारी गर्ने | ३. विपद्को समयमा शिक्षा निरन्तरता गर्न पूर्वतयारी, व्यवस्थापन, प्रतिकार्य र पुनर्स्थापना सम्बन्धी आवश्यक कार्यविधि तयार गरीने छ । |
| ५. विपद् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास गर्ने | ४. सम्भावित प्रकोप तथा विपद् सम्बन्धी पूर्वसावधानी, प्रकोपबाट बच्ने उपायहरूको बारेमा सचेतनामूलक र सतर्कतामूलक जानकारी सम्प्रषण गरिनेछ। |
| ६. विपद् कारण क्षति हुने सिकाई आपुरण परिपुर्तिका लागि योजना बनाई कार्यान्वयन गर्ने | ५. प्रकोपबाट शिक्षा क्षेत्रलाई जोगाउन सुरक्षित विद्यालयको अवधारणा अगाडि सारिनेछ |
| ७. हरेक विद्यालयमा विद्यालय सुरक्षा योजना निर्माणमा सहजिकरण गरी कार्यान्वयन गर्ने गराउने | ६. महामारी तथा विपद्का समयमा शिक्षण सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपायहरूको तयार गरीने छ |
| ८. विपद् तथा आपत्कालिन अवस्थामा शिक्षा निरन्तरताका लागि अल्पकालीन र दीर्घकालीन पुनर्स्थापनाको ब्यवस्था गर्ने | ७. शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपद् वा संकटहरूको पूर्वानुमान तथा त्यसको प्रभावको मूल्याङ्कन तथा विश्लेषण गरीने छ |
| ९. विद्यालयको विपद् प्रतिकार्यका लागि संस्थागत क्षमता विकास र सुदृढिकरण गर्ने । | ८. विपद् प्रतिरोधी भौतिक पूर्वाधारको निर्माण तथा पुनर्स्थापना गरीने छ |

| | |
|---|---|
| | ९. शैक्षिक सेवा निरन्तरताको लागि आवश्यक हुने यन्त्र उकरण, खाद्यान्न, पोसाक तथा अन्य राहत सामग्रीको योजना गरीने छ<br>१०. विपद् तथा प्रकोप र शान्ति सुरक्षा र अधिकारको क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी निकायहरू बिच पालिका तथा विद्यालयसम्म समन्वय र जिम्मेवारीको संयन्त्र निर्माण गरिने छ ।<br>११. हरित विद्यालय अभियान, जलवायु परिवर्तन, शिक्षा तथा दिगो विकासका निम्ति शिक्षा जस्ता कार्यक्रमहरू कार्यान्वयन गरीने छ । |

**उदेश्य ९ :** स्थानीय तहको शिक्षाको शासकीय प्रबन्धलाई सुदृढ बनाइ नतिजामुखी शिक्षा व्यवस्थापनको प्रबर्द्धन गर्नु ।

| रणनीति | कार्यनीति |
|---|---|
| १. विद्यालय तथा शैक्षिक संरचनाहरुलाई शसक्त बनाई परिचालन गर्ने<br>२. समुदाय तथा सरोकारवालाहरुको विद्यालयमा सहभागिता बृद्दि गर्ने कार्यक्रमको तय गर्ने<br>३. विद्यालयमा गुनासो सुनुवाई संयन्त्रको विकास गर्ने | १. शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ<br>२. संस्थागत संरचना अनुसार जनशक्तिको व्यवस्था तथा क्षमता विकासका कार्यक्रम गरीनेछ |

| | |
|---|---|
| ४. समुदायको विद्यालयमा अपनत्व जागृत गराउन अभिभावक तथा समुदायको विद्यालयमा अर्थपूर्ण सहभागिता सुनिश्चिततामा जोड दिने<br>५. विद्यालय व्यवस्थापन प्रणालीलाई सुदृढ गरी जिम्मेवारी र कर्तब्यबोध महशुस गराउने<br>६. तीन तह संघ, प्रदेश र स्थानीय तहका सरकारविचको अन्तरसम्बन्धलाई सुदृढ बनाउने<br>७. विद्यालय सबैको साझा फूलवारी भन्ने मनोभावना उत्प्रेरित वातावरण तयार गर्ने<br>८. हरेक विद्यालय र वडामा बालक्लव गठन तथा परिचालन गरी शैक्षिक सुशासनमा प्रवर्द्धन गर्ने<br>९. गुणस्तरको कमजोर नतिजालाई सम्बोधन गर्न आवश्यक जनशक्तिको व्यवस्था गर्ने र जनशक्तिलाई नतिजाप्रति उत्तरदायी र जवाफदेही बनाउने<br>१०. शैक्षिक कर्मचारी र संस्थाको क्षमता अभिवृद्धि गर्ने | ३. वडा शिक्षा समिति, टोल शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ र बालक्लवहरुलाई शसक्त बनाई परिचालन गरीनेछ ।<br>४. विद्यालयमा गुनासो सुनुवाई प्रणालीलाई प्रभावकारी बनाइनेछ<br>५. विद्यालयमा समुदायको सहभागिता र अपनत्वका लागि कार्यक्रमको विकास गरीनेछ<br>६. पालिका तथा विद्यालय स्तरमा शिक्षक उत्प्रेरणाका लागि शैक्षिक बहस तथा शिक्षक सम्मेलन जस्ता कार्यक्रम कार्यान्वयन गरिनेछ<br>७. कार्यमूलक अनुसन्धानलाई जोड दिइ शैक्षिक विकासमा प्रयोग गरिनेछ<br>८. पालिकामा शिक्षक पेसागत सहयोग (शिक्षक मेन्टरीङ)प्रणाली स्थापना गरी प्रभावकारी कार्यान्वयन गरीनेछ<br>९. प्रधानाध्यापकलाई थप जिम्मेवार बनाइ क्षमता विकास गरीने छ<br>१०. शैक्षिक जनशक्तिको उत्प्रेरणा विकासको लागि कार्यक्रम सञ्चालन गरीनेछ |

| | |
|---|---|
| | ११. एकीकृत सहभागितामुलक शैक्षिक अनुगमन तथा मूल्याङ्कन, सुपेरिबेक्षण र मार्गदर्शन लाई प्रभावकारी रुपमा कार्यान्वयन गरीनेछ<br>१२. विद्यालय अनुगमनमा निश्चित मापदण्ड र सूचकको कार्यान्वयन गरीनेछ<br>१३. अनुगमन, मूल्याङ्कन र प्रतिवेदन कार्यलाई छिटो, छरितो, व्यवस्थित र प्रभावकारी बनाउन प्रविधिको प्रयोग गरीनेछ<br>१४. एकीकृत शैक्षिक सूचना ब्यवस्थापन प्रणालीलाई प्रभावकारी रुपमा ब्यवस्थापन तथा कार्यान्वयन गरिनेछ<br>१५. तथ्य र वास्तविकातामा आधारित अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको विकास गरीनेछ ।<br>१६. अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणलाई उपयोग गरीनेछ ।<br>१७. कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, |

| | |
|---|---|
| | सुपरिवेक्षण एवम् प्रतिवेदन प्रणालीको प्रबन्ध गरीनेछ ।<br>१८. विद्यालयमा पुरस्कार र दण्ड प्रणालीको विकास गरी प्रभावकारी रुपमा कार्यान्वयन गरीनेछ । |

## २.५ अपेक्षित उपलब्धि

१. सानीभेरी गाउँपालिकाभित्रका सबै बालबालिकाको समावेशी, समतामूलक तथा गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चित भई सिकाइ उपलब्धि, उत्तीर्णदर तथा विद्यालयमा टिकाइदरमा उल्लेखनीय सुधार भएको हुनेछ ।

२. शैक्षिक सुशासन, उत्तरदायित्व, पारदर्शिता तथा तथ्यमा आधारित योजना, अनुगमन, मूल्याङ्कन र व्यवस्थापन प्रणाली सुदृढ भई विद्यालयको कार्यसम्पादन प्रभावकारी भएको हुनेछ ।

३. व्यावसायिक, सीपमूलक, सूचना तथा सञ्चार प्रविधिमा आधारित तथा रोजगारमुखी शिक्षाको विस्तारबाट विद्यार्थीमा आवश्यक ज्ञान, सीप, नवप्रवर्तनशीलता र प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि भएको हुनेछ ।

४. विज्ञान, प्रविधि, अनुसन्धान, नवप्रवर्तन तथा उद्यमशीलताप्रति अभिप्रेरित विद्यार्थीको सङ्ख्या वृद्धि भई उच्च शिक्षा, प्राविधिक शिक्षा तथा उत्पादनशील क्षेत्रमा सहभागिता बढेको हुनेछ ।

५. विद्यार्थीमा नैतिक आचरण, मानव मूल्य, सामाजिक उत्तरदायित्व, सदाचार, अनुशासन तथा नागरिक दायित्वको विकास भई जिम्मेवार, अनुशासित र असल नागरिक तयार भएका हुनेछन् ।

६. अनौपचारिक शिक्षा, सामुदायिक सिकाइ तथा आजीवन सिकाइका अवसरहरू विस्तार भई सबै उमेर समूहका नागरिकमा साक्षरता, जीवनोपयोगी सीप तथा निरन्तर सिकाइको संस्कृतिको विकास भएको हुनेछ।

७. स्थानीय भाषा, कला, संस्कृति, साहित्य, परम्परागत ज्ञान तथा सीपको संरक्षण, संवर्द्धन, प्रवर्द्धन र पुस्तान्तरण प्रभावकारी रूपमा भई स्थानीय पहिचान तथा सांस्कृतिक सम्पदाको जगेर्ना भएको हुनेछ ।

८. विपद् तथा आपत्कालीन अवस्थासमेत शिक्षा निरन्तरता सुनिश्चित हुने प्रणाली विकास भई सुरक्षित, उत्थानशील तथा प्रविधिमैत्री विद्यालय प्रणाली स्थापना भएको हुनेछ ।

९. स्थानीय तहको शैक्षिक सुशासन, संस्थागत क्षमता, सहभागिता मूलक योजना, प्रभावकारी अनुगमन, मूल्याङ्कन तथा तथ्यमा आधारित विद्यालय प्रणाली सुदृढ भई पारदर्शी, उत्तरदायी, जवाफदेही र नतिजामुखी शिक्षा व्यवस्थापन प्रणाली स्थापित भएको हुनेछ ।

## २.६ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

| क्र.स. | सूचक | | आधार वर्ष ०२/०८३ | २०८४ | २०८५ | २०८७ | सूचकको श्रोत | कार्य सम्पादन सम्बन्धी सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | **१. प्रारम्भिक बालविकास र शिक्षा** | | | | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर* (%) | स्थानीय | ८७.४० | 91.30 | 93.30 | 95.40 | | |
| | | प्रदेश | ९४.७० | | | | | |
| | | राष्ट्रिय | १०१.१० | 89.50 | 94.00 | 99.00 | दि.वि.ल. ४ (ने.रा.का.) | फ्ल्यास रिपोर्ट |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका* (%) | स्थानीय | 93.20 | 96.00 | 98.90 | 100.00 | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | 68.70 | 73.00 | 85.00 | 95.00 | दि.वि.ल. ४ (ने.रा.का.) | फ्ल्यास रिपोर्ट |
| | **२. आधारभूत शिक्षा (कक्षा १ - ८)** | | | | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेश दर (%) | स्थानीय | 95.00 | 98.50 | 99.00 | 100.00 | | |
| | | प्रदेश | ९४.३० | | | | | |
| | | राष्ट्रिय | 93.70 | 97.50 | 99.00 | 100.00 | वि.क्षे.वि.यो. (सामान्य समायोजन) | फ्ल्यास रिपोर्ट |
| | | | | | | | | |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (%) | स्थानीय | 106.80 | 103.80 | 102.00 | १००.०० | | |
| | | प्रदेश | १४१.१० | | | | | |
| | | राष्ट्रिय | 136.30 | 115.00 | 107.00 | 105.00 | वि.क्षे.वि.यो. (सामान्य समायोजन) | फ्ल्यास रिपोर्ट |
| | | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २.३ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर* (%) | स्थानीय | ८१.१० | ८८.६० | 94.70 | 97.00 | | |
| | | प्रदेश | ९४.९० | | | | | |
| | | राष्ट्रिय | 97.10 | 99.00 | 99.50 | 100.00 | **दि.वि.ल. ४ (ने.रा.का.)**<br>**दि.वि.ल. (रा.समीक्षा)** | **फ्ल्यास रिपोर्ट**<br>**दि.वि.ल. (रा.समीक्षा)** |
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर* (%) | स्थानीय | १०६.६० | १०२.८० | 100.80 | 100.00 | | |
| | | प्रदेश | 118.50 | | | | | |
| | | राष्ट्रिय | 118.00 | 115.00 | | | **वि.क्षे.वि.यो.** | **फ्ल्यास रिपोर्ट** |
| २.५ | आधारभूत तहको कक्षा ५ को खुद प्रवेश दर* (%) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | 98.30 | | | | **फ्ल्यास रिपोर्ट** | **फ्ल्यास रिपोर्ट** |
| २.६ | आधारभूत तहको कक्षा ५ को कूलप्रवेश दर* (%) | स्थानीय | 113.00 | 110.00 | 107.00 | 105.00 | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | 113.00 | 110.00 | 107.00 | 105.00 | **दि.वि.ल. ४ (ने.रा.का.)** | **फ्ल्यास रिपोर्ट** |
| २.७ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर* (%) | स्थानीय | ९१.३० | ९५.०० | ९७.०२ | ९९.०० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | 93.00 | | | | **फ्ल्यास रिपोर्ट** | **फ्ल्यास रिपोर्ट** |
| २.८ | आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर* (%) | स्थानीय | ६१.०२ | ६६.६० | ८८.७० | ९५.४० | | |
| | | प्रदेश | 82.90 | | | | | |
| | | राष्ट्रिय | 85.80 | 93.10 | 95.50 | 99.50 | **दि.वि.ल. ४ (ने.रा.का.)**<br>**दि.वि.ल. (रा.समीक्षा)** | **फ्ल्यास रिपोर्ट**<br>**दि.वि.ल. (रा.समीक्षा)** |
| २.९ | आधारभूत तहमा (प्राथमिक कक्षा १-५) मा भर्ना भएका ५-९ वर्ष उमेर भन्दा माथिका बालबालिका* (%) | स्थानीय | 22.86 | 18.20 | 12.40 | 8.60 | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | 22.20 | 20.00 | 15.00 | 10.00 | **फ्ल्यास रिपोर्ट**<br>**दि.वि.ल. ४ (ने.रा.का.)** | **फ्ल्यास रिपोर्ट** |
| २.१ | आधारभूत तह (प्राथमिक कक्षा १-५) कूल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क* | स्थानीय | 0.96 | 0.98 | 0.98 | 0.99 | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | 1.02 | | | 1.01 | **दि.वि.ल. (रा.समीक्षा)** | **फ्ल्यास रिपोर्ट**<br>**दि.वि.ल. (रा.समीक्षा)** |
| २.११ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर* (%) | स्थानीय | 64.10 | 65.90 | 75.80 | 86.30 | | |
| | | प्रदेश | 94.40 | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | राष्ट्रिय | 93.80 | 99.00 | | 100.00 | **पन्ध्रौँ योजना वि.क्षे.वि.यो.** | **फ्ल्यास रिपोर्ट दि.वि.ल. (रा.समीक्षा)** |
| २.१२ | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (%) | | स्थानीय | 119.10 | 114.00 | 110.50 | 105.30 | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | 125.70 | | | | **फ्ल्यास रिपोर्ट** | **फ्ल्यास रिपोर्ट** |
| २.१३ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर* (%) | | स्थानीय | 84.80 | 88.20 | 90.10 | 94.20 | | |
| | | | प्रदेश | 84.70 | | | | | |
| | | | राष्ट्रिय | 79.30 | | | 95.00 | **फ्ल्यास रिपोर्ट दि.वि.ल. (रा.समीक्षा)** | **फ्ल्यास रिपोर्ट दि.वि.ल. (रा.समीक्षा)** |
| २.१४ | आधारभूत तह(कक्षा १-८) कूल भर्ना दरमा लैङ्गिक समता सूचक* | | स्थानीय | 0.98 | 0.99 | 100.00 | 100.00 | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | 1.01 | 1.01 | | | **फ्ल्यास रिपोर्टवि.क्षे.वि.यो.** | **फ्ल्यास रिपोर्ट** |
| २.१५ | कक्षा ३ मा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ३ को आधारभूत वा तह २ हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | **शै.गु.प.के.** | **शै.गु.प.के. रिपोर्ट तथा फ्ल्यास रिपोर्ट** |
| | | गणित | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| २.१६ | कक्षा ५ मा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ५ को आधारभूत तह हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | 45.00 | 52.00 | 60.00 | 70.00 | **शै.गु.प.के.** | **शै.गु.प.के. रिपोर्ट तथा फ्ल्यास रिपोर्ट** |
| | | गणित | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | 28.30 | 40.00 | 60.00 | 70.00 | **शै.गु.प.के.** | **शै.गु.प.के. रिपोर्ट तथा फ्ल्यास रिपोर्ट** |
| | | अङ्ग्रेजी | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| २.१७ | कक्षा ८ मा न्यूनतम सिकाइ | नेपाली भाषा | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | उपलब्धि हासिल गरेका (कक्षा ८ को तह ३ हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | | राष्ट्रिय | 68.50 | 70.00 | 72.00 | 75.00 | **शै.गु.प.के.** | **शै.गु.प.के. रिपोर्ट तथा फ्ल्यास रिपोर्ट** |
| | | गणित | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | 53.50 | 60.00 | 65.00 | 70.00 | **शै.गु.प.के.** | **शै.गु.प.के. रिपोर्ट तथा शैक्षिक सूचना** |
| | | विज्ञान | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | 43.80 | 50.00 | 60.00 | 70.00 | **शै.गु.प.के.** | **शै.गु.प.के. रिपोर्ट तथा शैक्षिक सूचना** |
| ३. | **माध्यमिक शिक्षा (कक्षा ९-१२)** | | | | | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर* (%) | | स्थानीय | 47.00 | 53.10 | 60.20 | 70.80 | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | 47.60 | | 65.00 | | **फ्ल्यास रिपोर्ट**<br>**पन्ध्रौँ योजना** | **पन्ध्रौँ योजनाले वि.सं.२१०० (९५.० %) मा पुऱ्याउने लक्ष** |
| | | | | | | | | | |
| | | | | | | | | | |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर* (%) | | स्थानीय | 102.30 | 102.30 | 102.30 | 102.30 | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | 71.40 | | | 99.00 | **फ्ल्यास रिपोर्ट**<br>**दि.वि.ल. (रा.समीक्षा)** | **शैक्षिक सूचना तथा फ्ल्यास रिपोर्ट र**<br>**दि.वि.ल. (रा.समीक्षा)** |
| | | | | | | | | | |
| ३.३ | माध्यमिक तहमा कूल भर्ना दरमा लैङ्गिक समता सूचक* (कक्षा ९-१२) | | स्थानीय | 1.36 | 1.36 | 1.18 | 1.14 | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | 1.02 | 1.00 | 1.00 | 1.00 | **पन्ध्रौँ योजना**<br>**वि.क्षे.वि.यो.**<br>**दि.वि.ल. (रा.समीक्षा)** | **फ्ल्यास रिपोर्ट**<br>**दि.वि.ल. (रा.समीक्षा)** |
| | | | | | | | | | |
| | | | | | | | | | |
| ३.४ | कक्षा १० का विद्यार्थी सिकाइ उपलब्धि* (अङ्कमा) | | नेपाली भाषा | स्थानीय | | | | | |
| | | | | प्रदेश | | | | | |
| | | | | राष्ट्रिय | | | | | |
| | | | गणित | स्थानीय | | | | | |
| | | | | प्रदेश | | | | | |
| | | | | राष्ट्रिय | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | विज्ञान | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| | | अङ्ग्रेजी | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| **४.** | **जीवन-पर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा** | | | | | | | | |
| ४.१ | साक्षरता दर (६ वर्ष भन्दा माथि) (%) | स्थानीय | | | | | | जनगणना २०७८ | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | 82.00 | 89.00 | 95.00 | 100.00 | **दि.वि.ल. ४ (ने.रा.का.)** | **दि.वि.ल. (रा.समीक्षा) तथा शैक्षिक सूचना** | |
| ४.२ | साक्षरता दरमा लैङ्गिक समता (१५ वर्ष भन्दा माथि) | स्थानीय | | | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | 0.65 | | | 0.80 | **दि.वि.ल. (रा.समीक्षा)** | **दि.वि.ल. (रा.समीक्षा)** | |
| **५.** | **शिक्षामा लगानी** | | | | | | | | |
| ५.१ | कूल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट*(%) | स्थानीय | | | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | 10.68 | 15.00 | 17.00 | 20.00 | **दि.वि.ल. ४ (ने.रा.का.)** | **शैक्षिक सूचना** | |
| | | राष्ट्रिय | 11.00 | 15.00 | 17.00 | | **पन्ध्रौँ योजना** | **शैक्षिक सूचना** | |

# परिच्छेद ३
# विद्यालय क्षेत्रका मुख्य उपक्षेत्रहरू

## ३.१ प्रारम्भिक बालविकास शिक्षा

### ३.१.१ परिचय

नेपालको निःशुल्क तथा अनिवार्य शिक्षा ऐन, २०७५ तथा राष्ट्रिय शिक्षा नीति, २०७६ ले चार वर्ष उमेर पूरा गरेका बालबालिकाका लागि एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरेको छ । त्यसैगरी, नेपालको पन्ध्रौं योजनाले प्रारम्भिक बालविकास तथा शिक्षालाई उच्च प्राथमिकतामा राखेको छ। यही नीतिगत व्यवस्था र राष्ट्रिय प्राथमिकतालाई मध्यनजर गर्दै सानीभेरी गाउँपालिकाको शिक्षा योजनामा पनि प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमलाई विद्यालय क्षेत्रका मुख्य उपक्षेत्रमा समाबेश गरिएको छ । यस कार्यक्रमको प्रभावकारी कार्यान्वयन तथा सबै बालबालिकाको सहज पहुँच सुनिश्चित गर्न संघ, प्रदेश तथा स्थानीय सरकार, सरकारी तथा गैरसरकारी संस्था, समुदाय, विद्यालय, अभिभावक तथा अन्य सरोकारवालाबीच प्रभावकारी समन्वय, सहकार्य र साझेदारीको जरुरी छ ।

नेपालमा कक्षा १ मा भर्ना हुने उमेर नपुगेका बालबालिकाका लागि विद्यालयमा प्रारम्भिक बाल कक्षा सञ्चालन गर्ने अभ्यास विगतदेखि नै रहँदै आएको भए पनि वि.सं. २०५६ मा तत्कालीन शिक्षा विभागले समुदायमा आधारित बालविकास कार्यक्रम सञ्चालन गरेपछि सरकारी स्तरबाट प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको संस्थागत सुरुआत भएको हो। विशेषगरी चार वर्ष उमेर समूहका बालबालिकालाई विद्यालय शिक्षाका लागि आवश्यक आधारभूत तयारी गराउने उद्देश्यले प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम सञ्चालन गरिएको हो । यस कार्यक्रममार्फत बालबालिकाको शारीरिक, मानसिक, बौद्धिक, सामाजिक तथा संवेगात्मक विकासलाई सन्तुलित र व्यवस्थित रूपमा प्रवर्द्धन गर्ने लक्ष्य राखिएको छ ।

नेपालमा प्रारम्भिक बालविकाससम्बन्धी पहिलो राष्ट्रिय रणनीति शिक्षा मन्त्रालयको नेतृत्वमा वि.सं. २०६१ देखि २०७२ सम्म कार्यान्वयनमा रहेको थियो। उक्त रणनीतिले प्रारम्भिक बाल्यावस्थाका सबै बालबालिकालाई स्वास्थ्य, पोषण, सुरक्षा, संरक्षण तथा प्रारम्भिक शिक्षासम्बन्धी सेवाहरू एकीकृत रूपमा उपलब्ध गराई उनीहरूको सर्वाङ्गीण विकास सुनिश्चित गर्ने लक्ष्य निर्धारण गरेको थियो।

त्यसैगरी, दिगो विकास लक्ष्य (Sustainable Development Goals) अन्तर्गत लक्ष्य ४ को उपलक्ष्य ४.२ ले सन् २०३० सम्म सबै बालबालिकालाई गुणस्तरीय प्रारम्भिक बालशिक्षा विकास, हेरचाह तथा पूर्वप्राथमिक शिक्षामा समान पहुँच सुनिश्चित गर्ने, जसबाट उनीहरू आधारभूत शिक्षाका लागि पूर्ण रूपमा तयार हुन सक्ने वातावरण सिर्जना गर्ने लक्ष्य लिएको छ । यस लक्ष्य प्राप्तिका लागि प्रारम्भिक बालविकास तथा शिक्षाको पहुँच, गुणस्तर, समावेशिता तथा प्रभावकारिता अभिवृद्धि गर्नु वर्तमान समयको प्रमुख आवश्यकता हो ।

यसै सन्दर्भलाई दृष्टिगत गर्दै सानीभेरी गाउँपालिकाले तयार गरेको यस शिक्षा योजनामा प्रारम्भिक बालविकास तथा शिक्षालाई व्यवस्थित, गुणस्तरीय, समावेशी तथा प्रभावकारी बनाउने उद्देश्यले आवश्यक नीति, रणनीति, कार्यक्रम तथा कार्ययोजनाहरू समावेश गरिएको छ ।

## ३.१.२ वर्तमान अवस्था

| | |
|---|---|
| जम्मा बालविकास केन्द्रः | ५१ |
| सामुदायिक बालबिकास केन्द्रः | ५० |
| संस्थागत बालविकास केन्द्रः | १ |
| जम्मा बिद्यार्थि संख्याः | ९९५ |
| बालिका संख्याः | ४६१ |
| बालक संख्याः | ५३४ |

| | |
|---|---|
| बालविकासको कुल भर्ना दरः | ८७.४ |
| बालविकासको खुद भर्ना दरः | ६७.६ |
| कक्षा १ मा बाल विकासको अनुभव गरेका बिद्यार्थिः | ९३.२ |
| शिक्षक बिद्यार्थि अनुपात | १:१९.५० |

सानीभेरी गाउँपालिकामा हाल जम्मा ५१ वटा प्रारम्भिक बालविकास केन्द्र सञ्चालनमा रहेका छन् । तीमध्ये ५० वटा सामुदायिक र १ वटा संस्थागत बालविकास केन्द्र रहेको छ ।

यी केन्द्रहरूमा जम्मा ९९५ जना बालबालिका अध्ययनरत रहेका छन् । जसमध्ये ४६१ जना ४६.३३ प्रतिशत बालिका र ५३४ जना ५३.६७ प्रतिशत बालक रहेका छन् । बालक र बालिकाको सहभागितामा ठूलो अन्तर नदेखिए पनि बालिकाको सहभागिता कम देखिन्छ ।

बालविकास तहको कुल भर्ना दर ८७.४ प्रतिशत रहेको छ, जसले अधिकांश लक्षित उमेर समूहका बालबालिका प्रारम्भिक बालविकास कार्यक्रममा आबद्ध भएको संकेत गर्दछ । तर खुद भर्ना दर ६७.६ प्रतिशत मात्र रहेकाले अझै उल्लेख्य सङ्ख्यामा लक्षित उमेरका बालबालिका कार्यक्रमको पहुँचबाट बाहिर रहेको देखिन्छ । यस अवस्थाले सबै बालबालिकालाई प्रारम्भिक बालविकास सेवाको पहुँचमा ल्याउन थप प्रयास आवश्यक रहेको स्पष्ट पार्दछ ।

कक्षा १ मा भर्ना भएका विद्यार्थीमध्ये ९३.२ प्रतिशतले प्रारम्भिक बालविकास कार्यक्रमको अनुभव प्राप्त गरेको तथ्यले आधारभूत शिक्षामा प्रवेशपूर्व तयारीको अवस्था सन्तोषजनक रहेको देखाउँछ । यसले बालबालिकाको विद्यालय तयारी, सिकाइ क्षमता तथा विद्यालयमा टिकाइमा सकारात्मक प्रभाव पार्दछ ।

बालविकास केन्द्रमा शिक्षक-विद्यार्थी अनुपात १:१९.५० रहेको छ, जुन बालविकास शिक्षाका लागि सामान्यतया व्यवस्थापनयोग्य मान्न सकिन्छ । तथापि, प्रत्येक केन्द्रमा

दक्ष र तालिमप्राप्त सहजकर्ताको उपलब्धता, आवश्यक शैक्षिक सामग्री, बालमैत्री सिकाइ वातावरण तथा प्रभावकारी अनुगमनलाई थप सुदृढ गर्दै प्रारम्भिक बालविकास कार्यक्रमको गुणस्तर अभिवृद्धि गर्न आवश्यक छ ।

### ३.१.३ प्रारम्भिक बालविकासको समस्या

१. भौगोलिक अवस्था र सामाजिक अभ्यास लगायतका कारण प्रारम्भिक बालविकास उमेरका सबै बालबालिकाको प्रारम्भिक बालविकास तथा शिक्षामा समतामूलक पहुँच र सहभागिता सुनिश्चित हुन नसक्नु ।

२. प्रारम्भिक बालविकास केन्द्रमा उपलब्ध भौतिक पूर्वाधार, सिकाइ सामग्री तथा बालमैत्री शिक्षण सिकाइ वातावरण अपेक्षाअनुसार गुणस्तरीय हुन नसक्नु ।

३. प्रारम्भिक बालविकास शिक्षकको व्यावसायिक क्षमता विकास, नियमित तालिम, पृष्ठपोषण तथा सूचना प्रविधिमा आधारित शिक्षण सीपको अभिवृद्धि पर्याप्त हुन नसक्नु।

४. अभिभावक, समुदाय तथा सरोकारवालाको प्रारम्भिक बालविकास तथा शिक्षामा सक्रिय सहभागिता र समन्वय अपेक्षाअनुसार प्रभावकारी हुन नसक्नु।

### ३.१.४ प्रारम्भिक बालविकासको लक्ष्य

प्रारम्भिक बालविकासको उमेर पूरा गरेका सबै बालबालिकालाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षामा पहुँच सुनिश्चित गर्दै उनीहरूलाई कक्षा १ मा भर्ना हुनुअघि आवश्यक विद्यालय तयारीको अवसर प्रदान गर्ने ।

### ३.१.५ प्रारम्भिक बालविकासका उदेश्य

१. प्रारम्भिक बालविकास उमेर समूहका सबै बालबालिकाको सर्वाङ्गीण विकास तथा आधारभूत शिक्षाको तयारीका लागि गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षामा पहुँच विस्तार गर्ने ।

२. प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव प्राप्त गरी कक्षा १ मा भर्ना हुने बालबालिकाको प्रतिशत शतप्रतिशत पुऱ्याउने।

३. प्रारम्भिक बालविकास तथा शिक्षाका सेवाको गुणस्तर सुनिश्चित गर्दै सिकाइ, हेरचाह, संरक्षण तथा विद्यालय तयारीलाई प्रभावकारी बनाउने।
४. प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरूको भौतिक पूर्वाधार सुदृढीकरण गरी सुरक्षित, समावेशी र बालमैत्री सिकाइ वातावरण सुनिश्चित गर्ने।

## ३.१.६ प्रारम्भिक बालविकासका रणनीतिहरु

१. सङ्घीय सरकारले निर्धारण गरेका मापदण्ड तथा स्थानीय आवश्यकताअनुसार सबै बालबालिकाको पहुँच सुनिश्चित हुने गरी प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम सञ्चालन गर्ने ।
२. प्रारम्भिक बालविकास सेवाको पहुँचबाट वञ्चित समुदाय तथा बस्तीहरूको नक्साङ्कन गरी केन्द्रहरूको पुनर्वितरण तथा आवश्यकता अनुसार नयाँ प्रारम्भिक बालविकास केन्द्र स्थापना गर्ने ।
३. गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षा सुनिश्चित गर्न आवश्यक शैक्षिक सामग्री, खेल सामग्री, सूचना-प्रविधि तथा सिकाइ स्रोतहरूको व्यवस्थापन र प्रभावकारी प्रयोग सुनिश्चित गर्ने ।
४. प्रारम्भिक बालविकास तथा शिक्षा पाठ्यक्रमलाई स्थानीय आवश्यकता र सन्दर्भ अनुकूल स्थानीयकरण तथा अनुकूलन गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्ने ।
५. प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको दिगोपन र प्रभावकारिता अभिवृद्धिका लागि समुदाय, अभिभावक, विद्यालय, सरकारी तथा गैरसरकारी संस्था र निजी क्षेत्रसँग साझेदारी, सहकार्य तथा समुदाय परिचालनलाई सुदृढ गर्ने ।
६. परिवार, समुदाय, गैरसरकारी संस्था, निजी क्षेत्र तथा विद्यालयबीच समन्वय र सहकार्य विस्तार गरी प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको प्रभावकारिता अभिवृद्धि गर्ने ।
७. प्रारम्भिक बालविकास तथा शिक्षामा कार्यरत सहजकर्ता तथा अन्य जनशक्तिको व्यावसायिक क्षमता अभिवृद्धि, निरन्तर पेसागत विकास तथा कार्यसम्पादन क्षमता सुदृढ गर्ने।

८. प्रारम्भिक बालविकास तथा शिक्षाको प्रभावकारी कार्यान्वयनका लागि पालिकाको आवश्यकता अनुसार सुपरिवेक्षण, सहजीकरण, अनुगमन तथा शैक्षिक सहयोग प्रदान गर्ने संस्थागत संयन्त्रको स्थापना र परिचालन गर्ने।
९. प्रारम्भिक बालविकास तथा शिक्षा सम्बन्धी पाठ्यक्रम, मापदण्ड तथा कार्यविधिलाई समयसापेक्ष र स्थानीय सन्दर्भअनुकूल बनाउन आवश्यक सुझाव सङ्कलन गरी सम्बन्धित निकायमा पेस गर्ने।
१०. अपाङ्गता भएका प्रारम्भिक बालविकास उमेर समूहका बालबालिकाको समावेशी सहभागिता सुनिश्चित गर्न आवश्यक नीति, कार्यक्रम तथा वैकल्पिक सेवा प्रणाली विकास गरी कार्यान्वयन गर्ने।
११. प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरूमा सुरक्षित, बालमैत्री, समावेशी तथा अपाङ्गतामैत्री भौतिक पूर्वाधार र सिकाइ वातावरणको विकास तथा सुदृढीकरण गर्ने।

### ३.१.७ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव प्राप्त गरी कक्षा १ मा भर्ना हुने बालबालिकाको प्रतिशत शतप्रतिशत पुगेको हुनेछ ।

प्रमुख नतिजा

१. यस सानीभेरी गाउँपालिकाका प्रारम्भिक बालविकास तथा शिक्षा उमेर समूहका सबै बालबालिकाको कम्तिमा एक वर्षे प्रारम्भिक बालविकास तथा शिक्षामा सहज, समतामूलक र समावेशी पहुँच सुनिश्चित भएको हुनेछ ।
२. प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव प्राप्त गरी कक्षा १ मा प्रवेश गर्ने प्रारम्भिक बालविकास उमेर समूहका सबै बालबालिकाको अवसर सुनिश्चित भएको हुनेछ ।
३. सबै प्रारम्भिक बालविकास केन्द्रमा न्यूनतम योग्यता तथा आवश्यक तालिम प्राप्त शिक्षकको व्यवस्थापन भएको हुनेछ ।
४. सबै प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरूले न्यूनतम मापदण्ड पूरा गरी गुणस्तरीय सेवा सञ्चालन गरिरहेका हुनेछन् ।

५. बालबालिकाको विकासात्मक अवस्था, सिकाइ आवश्यकता तथा स्थानीय सन्दर्भअनुकूल पाठ्यक्रमको स्थानीयकरण, अनुकूलन र प्रभावकारी कार्यान्वयन भएको हुनेछ ।
६. भौगोलिक रूपमा दुर्गम क्षेत्र तथा अपाङ्गता भएका बालबालिकाको पहुँच सुनिश्चित गर्न आवश्यकता (आधारित वैकल्पिक प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम (घरमा आधारित, समुदायमा आधारित, कार्यस्थलमा आधारित तथा घुम्ती सेवा) विकास र कार्यान्वयन भएको हुनेछ ।
७. कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि परिवार, समुदाय, विद्यालय, सरकारी तथा गैरसरकारी संस्था र निजी क्षेत्रबीच समन्वय तथा सहकार्य स्थापित भएको हुनेछ।

# सानीभेरी गाउँपालिकाको प्रारम्भिक बालविकास तथा शिक्षा उपक्षेत्रको नतिजा तथा परिमाणात्मक लक्ष्य

| पूर्व प्रा.बि./बालविकासका लागि प्रस्तावित कार्यक्रमहरू (Proposed ECED Activities) | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रस्तावित कार्यक्रमहरु | लगानीको अनुमान (Cost Estimates (in '000s) | | | | | इकाइ लागत | प्रस्तावित प्रतिइकाइ लागत | बार्षिक भौतिक लक्ष्य (Yearly Physical Target) | | | | |
| | २०२६/२७ | २०२७/२८ | २०२८/२९ | २०२९/३० | २०३०/३१ | | | २०२६/२७ | २०२७/२८ | २०२८/२९ | २०२९/३० | २०३०/३१ |
| | 83/84 | 84/85 | 85/86 | 86/87 | 87/88 | | | 83/84 | 84/85 | 85/86 | 86/87 | 87/88 |
| पूर्व प्रा.बि./ECED कक्षा/केन्दमा तोकिएका न्युनतम मापदण्डहरूको (Minimum Standards) कार्यन्वयन गर्ने | ० | ३००००० | ३००००० | ३००००० | ३००००० | ० | ६०००० | ५ | ५ | ५ | ५ | ५ |
| Revisting the existing ECED/PPE (including the institutional schools facilities) and establishment of new ECED centers based on need identification | ० | १५०००० | ० | १५०००० | १५०००० | ० | १५०००० | | १ | | १ | १ |
| प्रारम्भिक बालविकास केन्द्रमा WASH का सुबिधा सुनिश्चित गरि न्यूनतम मापदण्ड कार्यान्वयन गर्ने खानेपानी सहित | २००००० | ४००००० | ४००००० | ६००००० | ८००००० | ० | २००००० | १ | २ | २ | ३ | ४ |
| बालबालिकाहरुका लागि दिवा खाजा कार्यक्रम | २०१२४०० | २०३०४०० | २१२४००० | २१६०००० | २३४०००० | ० | ३६०० | ५५९ | ५६४ | ५९० | ६०० | ६५० |
| बालबालिकाहरुको सर्वाङ्गिन विकासका लागि पूर्व बाल्याबस्था र सिकाई कार्यान्वयन (Implementation of the early childhood and learning standards for facilitating holistic development and learning of children) ELDS Report Card सहित | २७९५०० | २८२००० | २९५००० | ३००००० | ३२५००० | ० | ५०० | ५५९ | ५६४ | ५९० | ६०० | ६५० |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कार्य सम्पादनमा आधारीत बालविकास शिक्षक अनुदान Performance grant to ECED centers and teachers (based on imporvement against set standards) | ५००००० | ५००००० | ५००००० | ५००००० | ५००००० | | १००००० | ५ | ५ | ५ | ५ | ५ |
| बिभिन्न प्रकारका अपाङ्गता भएका बालबालिकाहरूलाई सहयोग (Support to disable students) | १२५००० | ३००००० | ३००००० | २५०००० | १२५००० | ० | २५००० | ५ | १२ | १० | ६ | ५ |
| पालिका तहको स्वास्थ्य केन्द्रहरूमार्फत त्रैमासिकरुपमा बालबालिकाहरुको स्वस्थ्य जांच गर्ने साथै बालबालिकाहरूमा अपाङ्गता परीक्षण गरी पहिचान गर्ने (Assement and identification of disabilities) | १५० | १५०००० | १५०००० | १५०००० | १५०००० | ३ | ३००० | ५० | ५० | ५० | ५० | ५० |
| ECED कक्षाका सहयोगी कार्यकर्ता/शिक्षकको तलब भत्ता | ४९९२००० | ४९९२००० | ४९९२००० | ४९९२००० | ४९९२००० | १३ | १२००० | ३२ | ३२ | ३२ | ३२ | ३२ |
| ECED कक्षाका सहयोगी कार्यकर्ता/शिक्षकका लागि पोशाक भत्ता | ३२०००० | ३२०००० | ३२०००० | ३२०००० | ३२०००० | १ | १०००० | ३२ | ३२ | ३२ | ३२ | ३२ |
| ECED कक्षाहरूका सामग्री र सिकाई कुनाका लागि बजेट अनुदान | ३००००० | ३००००० | ६००००० | ६००००० | ९००००० | | ६०००० | ५ | ५ | १० | १० | १५ |
| ECED कक्षाहरूका सिकाई सामग्री र बिद्धुतीय सिकाई सामग्रीका लागि बजेट अनुदान | २००००० | २००००० | ४००००० | ४००००० | ६००००० | | ४०००० | ५ | ५ | १० | १० | १५ |
| ECED कक्षाहरूमा अध्ययनरत तोकिएका अति बिपन्न र लक्षित समुदायका बालबालिकाहरुको सुबिधाका लागि बजेट अनुदान | ५००००० | ५००००० | ५००००० | ५००००० | ५००००० | | ५०००० | १० | १० | १० | १० | १० |
| **सानीभेरी गाउँपालिकाबाट थप गर्न चाहेका कार्यक्रमहरु:** | | | | | | | | | | | | |
| बालबिकासको नक्साङ्कन, पुनारावलोकन तथा प्राथमिकीरण | ५०००० | ० | ५०००० | ० | ५०००० | | ५०००० | १ | | १ | | १ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ECED कक्षाका सहयोगी कार्यकर्ता/शिक्षकको थप तलब भत्ता | ३३२८००० | ३३२८००० | ३३२८००० | ३३२८००० | ३३२८००० | १३ | ८००० | ३२ | ३२ | ३२ | ३२ | ३२ |
| गाउँपालिकाबाट ब्यवस्थापन गरिएका बालविकासका सहजकर्ताहरुको तलव भत्ता | ३५१०००० | ३५१०००० | ३५१०००० | ३५१०००० | ३५१०००० | १३ | १५००० | १८ | १८ | १८ | १८ | १८ |
| पालिकाबाट ब्यवस्थापन गरिएका बालविकासका सहजकर्ताहरुको पोषाक भत्ता | १८०००० | १८०००० | १८०००० | १८०००० | १८०००० | १ | १०००० | १८ | १८ | १८ | १८ | १८ |
| प्रारम्भिक बालविकास सहजकर्ताहरुका लागि ELDS तालिम/ पुनर्ताजगी तालिम | ६००००० | ० | ६००००० | ० | ६००००० | १ | ६००००० | १ | | १ | | १ |
| बालविकासमा सहभागी बालवालिकाहरुका अभिभावका लागि अभिभावक शिक्षा कार्यक्रम तथा समुदायमा प्रारम्भिक वालविकासको महत्वमा सचेतिकरण गर्ने | १६५००० | १६५००० | १६५००० | १६५००० | १६५००० | १ | १५००० | ११ | ११ | ११ | ११ | ११ |
| प्रारम्भिक बालविकासको कक्षाकोठा ब्यवस्थापन | ३००००० | ४८०००० | ४८०००० | ६००००० | ६००००० | १ | ६०००० | ५ | ८ | ८ | १० | १० |
| उत्कृष्ट बालविकास तथा नमूना वालविकास स्थापना गर्ने शिक्षक तथा वालविकासको प्रोत्साहन कार्यक्रम तथा शैक्षिक भ्रमण कार्यक्रम | ५००००० | ० | ५००००० | ० | ५००००० | १ | ५००००० | १ | | १ | | १ |
| बालविकास केन्द्रहरुमा फर्निचर, बसाइ ब्यवस्थापन तथा सिकाई सामग्रिहरुको ब्यवस्थापन गर्ने (खेल सामग्री समेत) | ४००००० | ८००००० | १२००००० | १२००००० | १२००००० | | २००००० | २ | ४ | ६ | ६ | ६ |
| **जम्मा बजेट** | १८४६२०५० | १८८८७४०० | २०८९४००० | २०२०५००० | २२१३५००० | | | | | | | |

## ३.२ आधारभूत तह शिक्षा

### ३.२.१ परिचय

नेपालको शिक्षा ऐन, २०२८ (संशोधनसहित) अनुसार आधारभूत शिक्षा भन्नाले प्रारम्भिक बालविकास तथा शिक्षा (ईसीडी/पीपीसी) देखि कक्षा ८ सम्म प्रदान गरिने शिक्षालाई बुझिन्छ। यस तहमा सामान्यतया ५ देखि १२ वर्ष उमेर समूहका बालबालिकाले अध्ययन गर्ने व्यवस्था रहेको छ ।

विद्यालय क्षेत्र सुधार योजना (२०६६-२०७२) ले विद्यालय शिक्षाको पुनर्संरचना गर्दै साविकको प्राथमिक कक्षा १-५ र निम्न माध्यमिक कक्षा ६-८ तहलाई एकीकृत गरी कक्षा १ देखि ८ सम्मलाई आधारभूत शिक्षाका रूपमा परिभाषित गरेको हो । यस व्यवस्थालाई नेपालको संविधान, २०७२ को धारा ३१ अन्तर्गत शिक्षासम्बन्धी मौलिक हकसँग पनि जोडिएको छ, जसले प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँच सुनिश्चित गर्ने संवैधानिक प्रत्याभूति प्रदान गरेको छ ।

गुणस्तरीय आधारभूत शिक्षा व्यक्तिको सर्वाङ्गीण विकास, जीवनोपयोगी सीपको विकास, सामाजिक तथा आर्थिक सशक्तीकरण, गरिबी न्यूनीकरण तथा समतामूलक समाज निर्माणको महत्वपूर्ण आधार हो। विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अध्ययन, अनुसन्धान र प्रतिवेदनहरूले गुणस्तरीय आधारभूत शिक्षाले व्यक्तिको जीवनस्तर उकास्नुका साथै राष्ट्रको समग्र सामाजिक, आर्थिक तथा मानवीय विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने तथ्यलाई पुष्टि गरेका छन् ।

यसै सन्दर्भमा, आधारभूत शिक्षाको महत्वलाई आत्मसात् गर्दै सानीभेरी गाउँपालिकाले आगामी पाँच वर्षका लागि तयार गरेको यस शिक्षा योजनामा कक्षा १ देखि कक्षा ८ सम्मको शिक्षाको वर्तमान अवस्थाको समग्र समीक्षा गरिएको छ । योजनामा शिक्षामा पहुँच, सिकाइ उपलब्धि तथा गुणस्तर, बालमैत्री तथा समावेशी सिकाइ वातावरण, प्रविधिमैत्री शिक्षणसिकाइ, विद्यालय सुशासन तथा व्यवस्थापकीय सुदृढीकरणका विद्यमान अवस्था, अवसर, चुनौती तथा आवश्यकताहरूको विश्लेषण गरिएको छ । सोही विश्लेषणका आधारमा आगामी पाँच वर्षका लागि आधारभूत शिक्षा विकासका दीर्घकालीन लक्ष्य,

उद्देश्य, रणनीति, अपेक्षित नतिजा तथा कार्यान्वयन गरिने प्रमुख कार्यक्रम र क्रियाकलापहरू निर्धारण गरिएको छ ।

नेपालको संविधान, २०७२ ले विद्यालय शिक्षाको व्यवस्थापन तथा सञ्चालनलाई स्थानीय तहको एकल अधिकार सूचीमा समावेश गरेको छ भने शिक्षा क्षेत्रलाई संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार क्षेत्रभित्र पनि राखेको छ । यस संवैधानिक व्यवस्थाअनुसार विद्यालय शिक्षाको नीति निर्माण, व्यवस्थापन, समन्वय तथा गुणस्तर अभिवृद्धिमा तीनै तहका सरकारहरूको साझा दायित्व रहेको छ । त्यसैले प्रत्येक बालबालिकालाई समान, समावेशी, गुणस्तरीय, बालमैत्री तथा प्रविधिमैत्री शिक्षा उपलब्ध गराई उनीहरूको सर्वाङ्गीण विकास सुनिश्चित गर्नु सबै तहका सरकारहरूको संवैधानिक तथा नैतिक दायित्व समेत रहेको छ ।

### ३.२.२ आधारभूत तहको वर्तमान अवस्था

| सूचक | वर्तमान अवस्था |
|---|---|
| जम्मा आधारभूत तह कक्षा १-५ सञ्चालित विद्यालय | ३२ |
| आधारभूत तह कक्षा १-३ सञ्चालित सामुदायिक विद्यालय | १० |
| आधारभूत तह कक्षा १-५ सञ्चालित सामुदायिक विद्यालय | १० |
| आधारभूत तह कक्षा १-५ सञ्चालित संस्थागत विद्यालय | १ |
| आधारभूत तह कक्षा १-८ सञ्चालित जम्मा विद्यालय | २२ |
| आधारभूत तह कक्षा १-८ सञ्चालित सामुदायिक विद्यालय | २२ |
| आधारभूत तह कक्षा १-५ को कुल भर्ना दर | १२१.४ |
| आधारभूत तह कक्षा १-५ को खुद भर्ना दर | ९५.४ |
| आधारभूत तह कक्षा १-८ को कुल भर्ना दर | ११९.१ |
| आधारभूत तह कक्षा १-८ को खुद भर्ना दर | ९५.१ |
| कक्षा १ को कुल भर्ना दर: | ९८.२ |

| | |
|---|---|
| कक्षा १ को खुद भर्ना दरः | ६३.२ |
| कक्षा ८ को टिकाउ दर | ८४.८ |
| कक्षा १-५ को कक्षाउत्तिर्ण दर | ८७.३५ |
| कक्षा ६-८ को कक्षाउत्तिर्ण दर | ९२.८० |
| कक्षा १-५ को शिक्षक विद्यार्थि अनुपात | १:२० |
| कक्षा ६-८ को शिक्षक विद्यार्थि अनुपात | १:१८ |
| कक्षा १-५ को कक्षा छोड्ने दर | १.९० |
| कक्षा ६-८ मा कक्षा छोड्ने दर | १.४६ |
| कक्षा १-५ को कक्षा दोहोर्याउने प्रतिशत | १०.७२ |
| कक्षा ६-८ मा कक्षा दोहोऱ्याउने दर | ५.७५ |

सानीभेरी गाउँपालिका, रुकुम पश्चिम भागमा आधारभूत तह अन्तर्गत कक्षा १-५ सञ्चालन भएका विद्यालयको संख्या ३२ रहेको छ भने कक्षा १-८ सञ्चालन भएका विद्यालयको संख्या २२ रहेको छ, जसमा सबै विद्यालय सामुदायिक विद्यालयहरु छन् । कक्षा १-५ सञ्चालन गर्ने विद्यालयमध्ये १ वटा संस्थागत विद्यालय रहेको छ । आधारभूत तह कक्षा १-५ को कुल भर्ना दर १२१.४० प्रतिशत र खुद भर्ना दर ९५.४० प्रतिशत रहेको छ भने कक्षा १-८ को कुल भर्ना दर ११९.१० प्रतिशत र खुद भर्ना दर ९५.१० प्रतिशत रहेको देखिन्छ । यसले विद्यालय उमेर समूहका अधिकांश बालबालिकाको विद्यालयमा पहुँच सुनिश्चित भएको संकेत गर्दछ । तर कक्षा १ को खुद भर्ना दर ६३.२० प्रतिशत रहेकाले उपयुक्त उमेरमा विद्यालय भर्ना सुनिश्चित गर्न थप प्रयास आवश्यक देखिन्छ ।

शैक्षिक उपलब्धिका दृष्टिले कक्षा ८ को टिकाउ दर ८४.८० प्रतिशत, कक्षा १-५ को कक्षाउत्तीर्ण दर ८७.३५ प्रतिशत तथा कक्षा ६.८ को कक्षाउत्तीर्ण दर ९२.८० प्रतिशत रहेकोले माथिल्लो आधारभूत तहमा सिकाइ उपलब्धि तुलनात्मक रूपमा सन्तोषजनक देखिन्छ । कक्षा १-५ र कक्षा ६-८ मा शिक्षक विद्यार्थी अनुपात क्रमशः करिब १:१७ र १:२० भएकाले शिक्षण-सिकाइका लागि शिक्षकको उपलब्धता सन्तोषजनक रहेको

देखिन्छ । त्यस्तै, कक्षा छोड्ने दर कक्षा १-५ मा १.९० प्रतिशत र कक्षा ६-८ मा १.४६ प्रतिशत मात्र रहे पनि कक्षा दोहोऱ्याउने दर क्रमशः १०.७२ प्रतिशत र ५.७५ प्रतिशत रहेकाले विशेषगरी प्रारम्भिक कक्षामा सिकाइ सुदृढीकरण, नियमित शैक्षिक सहयोग तथा सिकाइ सुधारका कार्यक्रमलाई प्रभावकारी बनाउन आवश्यक देखिन्छ ।

## आधारभूत तहको तहगत विद्यालय सुबिधाको अवस्था

### खेलमैदान

| सञ्चालित कक्षा | खेलमैदान भएका तर अप्रयाप्त भएका विद्यालय | खेलमैदान भएका विद्यालय | खेलमैदान नभएका विद्यालय | भएका तर सामान्य अवस्थाका | जम्मा |
|---|---|---|---|---|---|
| कक्षा १-२ | ० | १ | २ | ० | ३ |
| कक्षा १-३ | ० | ६ | ० | ३ | ९ |
| कक्षा १-५ | ० | ३ | ४ | १ | ८ |
| कक्षा १-८ | १ | ३ | ० | ५ | ९ |
| जम्मा | १ | १३ | ६ | ९ | २९ |

### खानेपानी

| सञ्चालित कक्षा | खानेपानी भएको तर अपर्याप्त भएको | खानेपानी भएको | खानेपानी नभएको | खानेपानी सामान्य अवस्थाको | जम्मा |
|---|---|---|---|---|---|
| कक्षा १-२ | ० | २ | १ | ० | ३ |
| कक्षा १-३ | ० | ४ | ४ | १ | ९ |
| कक्षा १-५ | १ | ४ | ० | ३ | ८ |
| कक्षा १-८ | २ | ३ | २ | २ | ९ |
| जम्मा | ३ | १३ | ७ | ६ | २९ |

## शौचालय

आधारभूत तह कक्षा १-८ सञ्चालित विद्यालयका शौचालयको अवस्था

| शौचालयको प्रकार | विद्यालय सङख्या | शौचालय सङ्ख्या | कैफियत |
|---|---|---|---|
| पक्कि शौचालय भएका विद्यालय | ४ | ४ | |
| कच्चि शौचालय भएका विद्यालय | २५ | २९ | |
| जम्मा | २० | ३३ | |

## विद्यालय भवन

| भवनको प्रकार | विद्यालय सङख्या | भवन सङख्या | कैफियत |
|---|---|---|---|
| कच्चि भवन मात्र भएका विद्यालय | १६ | ३३ | |
| पक्कि भवन मात्र भएका विद्यालय | ३ | ४ | |
| कच्चि र पक्कि दुवै भवन भएका विद्यालय | १० | ३७ | |
| जम्मा | २९ | ७४ | |

## कम्प्युटर ल्यावको अवस्था

| सञ्चालित तह | कम्प्यूटर ल्याव भएको | भएको तर सामान्य | कम्प्यूटर ल्याव नभएको | जम्मा |
|---|---|---|---|---|
| कक्षा १-२ | ० | ० | ३ | ३ |
| कक्षा १-३ | ० | १ | ८ | ९ |
| कक्षा १-५ | १ | २ | ५ | ८ |
| कक्षा १-८ | ५ | ३ | १ | ९ |
| **जम्मा** | **६** | **६** | **१७** | **२९** |

## विद्यालयमा इन्टरनेट सुबिधा

| सञ्चालित कक्षा | इन्टरनेट भएका विद्यालय | इन्टरनेट नभएका विद्यालय | जम्मा |
|---|---|---|---|
| कक्षा १-२ | ० | ३ | ३ |
| कक्षा १-३ | ० | ९ | ९ |
| कक्षा १-५ | २ | ६ | ८ |
| कक्षा १-८ | ३ | ६ | ९ |
| जम्मा | ५ | २४ | २९ |

यस सानीभेरी गाउँपालिकामा २९ वटा विद्यालयहरु आधारभूत तहका कक्षाहरु सञ्चालन भैरहेकोमा प्रयोगशाला भएका विद्यालयहरु छैनन भने पुस्तकालय भएका विद्यालयहरु जम्मा २ वटा रहेका छन् । यो तथ्याङ्कले गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुमा शैक्षिक गुणस्तर अभिबृद्दिका लागि प्रयोगशाला र पुस्तकालयमा प्राथमिकता दिनुपर्ने आवश्यकता देखिन्छ ।

### ३.२.३ आधारभूत तहका समस्याहरु

१. विद्यालय उमेरका सबै बालबालिकाको समयमै विद्यालय भर्ना सुनिश्चित हुन नसक्नु।
२. प्रारम्भिक कक्षामा कक्षा दोहोऱ्याउने दर बढि हुनु तथा सिकाइ उपलब्धि अपेक्षाअनुसार हासिल हुन नसक्नु ।
३. आधारभूत तह पूरा गर्ने विद्यार्थीको टिकाउ दर अपेक्षाअनुसार हुन नसक्नु।
४. विद्यालयको भौतिक पूर्वाधार (भवन, खेलमैदान, खानेपानी तथा शौचालय) पर्याप्त र गुणस्तरीय नहुनु ।
५. कम्प्युटर प्रयोगशाला, इन्टरनेट तथा अन्य सूचना-प्रविधिमैत्री शैक्षिक पूर्वाधारको पहुँच सीमित हुनु ।
६. विद्यालयहरूमा प्रयोगशाला तथा पुस्तकालयजस्ता सिकाइ स्रोतहरूको अभाव हुनु ।
७. विद्यालयमा गुणस्तरीय शिक्षण-सिकाइका लागि आवश्यक शैक्षिक स्रोत तथा सुविधाको अपर्याप्तता हुनु ।

८. विद्यालयमा गुणस्तरीय, समावेशी र प्रविधिमैत्री सिकाइ वातावरणको विकास हुन नसक्नु।
९. शिक्षक तालिमको कक्षाकोठामा प्रयोग नहुनु, बदलिदो समय र आवश्यकता केन्द्रित शिक्षण सिकाई सहजिकरणको अभाव हुनु ।
१०. शिक्षक पेशागत दक्षता विकास र विद्यालयलाई नियमित अनुगमन, पृष्ठपोषण र शैक्षणिक सहयोगको अभाव हुनु ।

## ३.२.४ लक्ष्य

सानीभेरी गाउँपालिकाभित्रका सबै बालबालिकाका लागि समतामूलक, समावेशी तथा गुणस्तरीय आधारभूत शिक्षामा सर्वसुलभ पहुँच, सहभागिता र सिकाइ उपलब्धि सुनिश्चित गर्नु।

## ३.२.५ उदेश्य

१. विद्यालय उमेरका सबै बालबालिकालाई समयमै भर्ना, नियमित सहभागिता, सिकाइको निरन्तरता तथा आधारभूत तह पूरा गर्ने अवसर सुनिश्चित गरी समतामूलक र गुणस्तरीय आधारभूत शिक्षामा पहुँच अभिवृद्धि गर्नु ।
२. प्रारम्भिक कक्षादेखि नै विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार गर्दै कक्षा दोहोऱ्याउने तथा विद्यालय छोड्ने दर न्यूनीकरण गरी विद्यार्थी टिकाउ दर र शैक्षिक उपलब्धि अभिवृद्धि गर्नु ।
३. विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधार, सूचना तथा सञ्चार प्रविधिमा पहुँच, प्रयोगशाला, पुस्तकालय, खानेपानी, शौचालय, खेलमैदान तथा अन्य आवश्यक सिकाइ स्रोतहरूको विकास र विस्तार गरी सुरक्षित, समावेशी, बालमैत्री तथा प्रविधिमैत्री सिकाइ वातावरण सुनिश्चित गर्नु ।
४. शिक्षकको पेशागत क्षमता तथा विषयगत दक्षता अभिवृद्धि गर्दै तालिमबाट प्राप्त ज्ञान, सीप र प्रविधिको प्रभावकारी कक्षाकोठा प्रयोग, नियमित शैक्षिक अनुगमन, पृष्ठपोषण, परामर्श तथा नवप्रवर्तनमुखी शिक्षण सिकाइ प्रक्रियामार्फत शिक्षणको गुणस्तर अभिवृद्धि गर्नु ।

### ३.२.६ रणनीतिहरु

१. विद्यालय उमेरका सबै बालबालिकाको समयमै भर्ना, नियमित उपस्थिति, सिकाइको निरन्तरता तथा आधारभूत तह पूरा गर्ने अवसर सुनिश्चित गर्न लक्षित कार्यक्रमहरु भर्ना अभियान, अभिभावक शिक्षा, समुदाय सचेतिकरण, बालक्लव परिचालन जस्ता सञ्चालन गर्ने ।

२. प्रारम्भिक कक्षामा आधारभूत सिकाइ सुदृढीकरण, उपचारात्मक कक्षा तथा शिक्षण, निरन्तर विद्यार्थी मूल्याङ्कन तथा सिकाइ सहयोग कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्ने ।

३. विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधारको विकास, विस्तार र मर्मत सम्भार गरी सुरक्षित, समावेशी, बालमैत्री तथा प्रविधिमैत्री सिकाइ वातावरण सुनिश्चित गर्ने ।

४. विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पहुँच विस्तार गर्दै कम्प्युटर प्रयोगशाला, इन्टरनेट, पुस्तकालय, विज्ञान प्रयोगशाला तथा अन्य सिकाइ स्रोतहरूको विकास र प्रभावकारी उपयोगलाई प्रवर्द्धन गर्ने ।

५. शिक्षकको विषयगत, पेशागत तथा प्रविधिमैत्री क्षमता अभिवृद्धि गर्दै तालिमबाट प्राप्त ज्ञान, सीप र अनुभवलाई कक्षाकोठामा प्रभावकारी रूपमा कार्यान्वयन गर्ने वातावरण निर्माण गर्ने ।

६. विद्यालयमा नियमित शैक्षिक अनुगमन, पृष्ठपोषण, परामर्श, सुपरिवेक्षण तथा विद्यालयमा आधारित पेशागत सहयोग प्रणालीलाई प्रभावकारी बनाउने ।

७. विद्यालय, अभिभावक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, स्थानीय तह तथा समुदायबीचको समन्वय, सहकार्य र उत्तरदायित्व अभिवृद्धि गर्दै गुणस्तरीय शिक्षा प्रवर्द्धन गर्ने।

८. समावेशी, लैङ्गिकमैत्री, बालमैत्री तथा जीवनोपयोगी शिक्षण सिकाइ प्रणालीलाई प्रवर्द्धन गरी सबै बालबालिकाका लागि समान, सुरक्षित र गुणस्तरीय सिकाइको अवसर सुनिश्चित गर्ने।

### ३.२.७ प्रमुख उपलब्धि तथा नतिजा

यस सानीभेरी गाउँपालिका अन्तर्गतका विद्यालयहरुमा अनिवार्य तथा निःशूल्क आधारभूत शिक्षाको पहुँच अभिवृद्धि तथा सहभागिता सुनिश्चितता भइ गुणस्तरीय आधारभूत शिक्षा प्रवर्दन भएको हुनेछ ।

# सानीभेरी गाउँपालिकाको आधारभूत तह शिक्षा उपक्षेत्रको नतिजा तथा परिमाणात्मक लक्ष्य

| **आधारभूत तहका लागि प्रस्तावित कार्यक्रमहरू (Proposed Activities for Basic Level)** | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | **लगानीको अनुमान (Cost Estimates (in '000s)** | | | | | | | **बार्षिक भौतिक लक्ष्य (Yearly Physical Target)** | | | | |
| **प्रस्तावित कार्यक्रमहरु** | २०२६/२७ ८३/८४ | २०२७/२८ ८४/८५ | २०२८/२९ ८५/८६ | २०२९/३० ८६/८७ | २०३०/३१ ८७/८८ | **इकाइ लागत** | **प्रस्तावित प्रतिइकाइ लागत** | २०२६/२७ ८३/८४ | २०२७/२८ ८४/८५ | २०२८/२९ ८५/८६ | २०२९/३० ८६/८७ | २०३०/३१ ८७/८८ |
| सामुदायिक आधारभूत बिद्यालयमा (कक्षा १-५) स्वीकृत र राहत दरबन्दीमा कार्यरत शिक्षकका लागि तलब भत्ता (दुर्गम भत्ता सहित) | ६९०४३००० | ६९०४३००० | ६९०४३००० | ६९०४३००० | ६९०४३००० | १३ | ४७००० | ११३ | ११३ | ११३ | ११३ | ११३ |
| सामुदायिक आधारभूत बिद्यालयमा (कक्षा ६-८) स्वीकृत र राहत दरबन्दीमा कार्यरत शिक्षकका लागि तलब भत्ता (दुर्गम भत्ता सहित) | २६६५०००० | २६६५०००० | २६६५०००० | २६६५०००० | २६६५०००० | १३ | ५०००० | ४१ | ४१ | ४१ | ४१ | ४१ |
| आधारभूत तह १-५ मा कार्यरत स्थानीय तहबाट ब्वस्थापन गरिएका शिक्षकको तलव भत्ता | ५६१६००० | ५६१६००० | ५६१६००० | ५६१६००० | ५६१६००० | १३ | १८००० | २४ | २४ | २४ | २४ | २४ |
| आधारभूत तह १-५ मा कार्यरत स्थानीय तहबाट ब्वस्थापन गरिएका शिक्षकको पोषाक भत्ता | २४०००० | २४०००० | २४०००० | २४०००० | २४०००० | १ | १०००० | २४ | २४ | २४ | २४ | २४ |
| आधारभूत तह ६-८ मा कार्यरत स्थानीय तहबाट ब्वस्थापन गरिएका शिक्षकको तलव भत्ता (स्थानीय तर्फ) | ११४४०००० | ११४४०००० | ११४४०००० | ११४४०००० | ११४४०००० | १३ | २०००० | ४४ | ४४ | ४४ | ४४ | ४४ |
| आधारभूत तह ६-८ मा कार्यरत शिक्षकको पोषाक भत्ता | ४१०००० | ४१०००० | ४१०००० | ४१०००० | ४१०००० | १ | १०००० | ४१ | ४१ | ४१ | ४१ | ४१ |
| आधारभूत तह ६-८ मा कार्यरत स्थानीय तहबाट ब्वस्थापन गरिएका शिक्षकको पोषाक भत्ता | ४४०००० | ४४०००० | ४४०००० | ४४०००० | ४४०००० | १ | १०००० | ४४ | ४४ | ४४ | ४४ | ४४ |
| सामुदायिक आधारभुत तह (कक्षा ६-८) बिद्यालयहरुमा प्रशासन सहायक | ० | ० | १५६०००० | १५६०००० | १५६०००० | १३ | १२००० | | | १० | १० | १० |
| सामुदायिक आधारभुत तह (कक्षा ६-८) बिद्यालयहरुमा प्रशासन सहायकको पोषाक भत्ता | ० | ० | १००००० | १००००० | १००००० | १ | १०००० | | | १० | १० | १० |
| सामुदायिक आधारभुत तह (कक्षा १-८) बिद्यालयहरुमा कार्यरत कर्मचारी र साहयक कर्मचारीहरूका लागि तलब भत्ता (पोशाक र दुर्गम भत्ता सहित) | ३५२००० | ३५२००० | ३५२००० | ३५२००० | ३५२००० | १ | ८००० | ४४ | ४४ | ४४ | ४४ | ४४ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सामुदायिक आधारभुत तह (कक्षा १-८) बिद्यालयहरुमा कार्यरत कर्मचारी र साहयक कर्मचारीहरूका लागि पोषाक भत्ता | ४४०००० | ४४०००० | ४४०००० | ४४०००० | ४४०००० | १ | १०००० | ४४ | ४४ | ४४ | ४४ | ४४ |
| सामुदायिक आधारभुत तह (कक्षा १-५) बिद्यालयहरुका लागि व्यवस्थापन/सन्चालन खर्च (शिक्षण सिकाई समाग्री, कम्तिमा १ सेट पाठ्यक्रम, शिक्षक निर्देशिका र Book corner समेतका लागि) | ११६३६०० | ११४८२५८ | ११५५६८५ | ११४८५४६ | ११३९७५८ | १ | ४०० | २९०९ | २८७१ | २८८९ | २८७१ | २८४९ |
| सामुदायिक आधारभुत तह (कक्षा १-८) बिद्यालयहरुका लागि व्यवस्थापन/सन्चालन खर्च (शिक्षण सिकाई समाग्री, कम्तिमा १ सेट पाठ्यक्रम, शिक्षक निर्देशिका र Book corner समेतका लागि) | ६१०००० | ५९३६३६ | ५९२०७० | ५७४७९१ | ५९०८४३ | १ | ४०० | १५२५ | १४८४ | १४८० | १४३७ | १४७७ |
| आधारभूत तह (कक्षा १-५) का लागि प्र.अ.भत्ता | १२६००० | १२६००० | १२६००० | १२६००० | १२६००० | १२ | ५०० | २१ | २१ | २१ | २१ | २१ |
| आधारभूत तह (कक्षा ६-८) का लागि प्र.अ.भत्ता | ४३२०० | ४३२०० | ४३२०० | ४३२०० | ४३२०० | १२ | ४०० | ९ | ९ | ९ | ९ | ९ |
| आधारभूत बिद्यालय (कक्षा १-८) का लागि सन्चालन र व्यवस्थापन बापत एकमुष्ठ अनुदान (SIP निर्माण/अद्यावधिक, SMC का सदस्यहरूको क्षमता विकास, अभिभावक शिक्षा, अतिरिक्त क्रियाकलाप, सामाजिक परीक्षण, EMIS व्यवस्थापन, School report card विकास र प्रयोग, School bulletin प्रकाशन, आदिका लागि) | २१००००० | २१०००००  | २१०००००  | २१०००००  | २१०००००  | १ | ५०००० | ४२ | ४२ | ४२ | ४२ | ४२ |
| Early Grade Learning (EGL) program को न्युनतम package कार्यक्रम व्यवस्थापन र संचालनका लागि बिद्यालयहरुलाई बजेट अनुदान | ० | ० | ० | ० | ० | | | १ | १ | १ | १ | १ |
| पालिका स्तरमा स्वास्थ्य केन्द्रहरूसँगको समन्वयमा बिद्यालय स्वस्थ्य कार्यक्रम सन्चालन | २१०००० | २१०००० | २१०००० | २१०००० | २१०००० | २ | २५०० | ४२ | ४२ | ४२ | ४२ | ४२ |
| बिद्यालयमा शिक्षण सिकाइ सहजिकरण सहयोग | ५०४००० | ५०४००० | ५०४००० | ५०४००० | ५०४००० | १ | १२००० | ४२ | ४२ | ४२ | ४२ | ४२ |
| आधारभूत तह (कक्षा १-५) का लागि पाठ्यपुस्तक खरिब र बितरण अनुदान | १२०६९२० | ८६६८०० | ८६६८०० | ८६६८०० | ८६६८०० | १ | ४४० | २७४३ | १९७० | १९७० | १९७० | १९७० |
| आधारभूत तह (कक्षा ६-८) का लागि पाठ्यपुस्तक खरिब र बितरण अनुदान | १५२५००० | ११८६००० | ११८६००० | ११८६००० | ११८६००० | १ | १००० | १५२५ | ११८६ | ११८६ | ११८६ | ११८६ |
| आधारभूत तह (कक्षा १-५) का बालबालिकाका लागि दिवा खाजा व्यवस्थापन र सन्चालन अनुदान | ७०९२००० | ७०९२००० | ७०९२००० | ७०९२००० | ७०९२००० | १८० | २० | १९७० | १९७० | १९७० | १९७० | १९७० |
| आधारभूत तह (कक्षा १-५) का बालबालिकाका लागि दिवा खाजा व्यवस्थापन र सन्चालन अनुदान (भान्से) | २७३०००० | २७३०००० | २७३०००० | २७३०००० | २७३०००० | १३ | ५००० | ४२ | ४२ | ४२ | ४२ | ४२ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| आधारभूत तहमा अध्ययनरत बिद्यार्थि मध्ये साधारण छात्रावृत्ति बापतको बजेट अनुदान (छात्राबृत्ति) अतिबिपन्न, अपाङ्ग, जेहन्दार | ८००००० | ८००००० | ८००००० | ८००००० | ८००००० | १ | २००० | ४०० | ४०० | ४०० | ४०० | ४०० |
| आधारभूत तहमा अध्ययनरत बिद्यार्थि मध्ये साधारण छात्रवृत्ति बापतको बजेट अनुदान (छात्राबृत्ति) अतिबिपन्न, द्वन्दपिडित, अपाङ्ग, जेहन्दार | ४०००० | ४०००० | ६०००० | ६०००० | ६०००० | १ | २००० | २० | २० | ३० | ३० | ३० |
| आधारभूत तहमा अध्ययनरत बिद्यार्थीमध्ये करिब २०% बिद्यार्थीलाई मागमा आधारित साधारण छात्रवृत्ति बापतको बजेट अनुदान (छात्राबृत्ति PMT) | २५०००० | २५०००० | २५०००० | २५०००० | २५०००० | १ | ५००० | ५० | ५० | ५० | ५० | ५० |
| दलित छात्रबृत्ति सहयोग कार्यक्रम (Boys) | ११५२०० | ११५२०० | १०१६०० | १०१६०० | १०१६०० | १ | ४०० | २८८ | २८८ | २५४ | २५४ | २५४ |
| आवासीय सुबिधा प्राप्त गर्ने बाहेकका बिभिन्न अपाङ्गता भएका बिद्यार्थीहरुलाई थप सुबिधा बापतको बजेट अनुदान | ५०००० | ५०००० | ५०००० | ५०००० | ५०००० | १ | १०००० | ५ | ५ | ५ | ५ | ५ |
| आवासीय सुबिधा सहितको छात्रवृत्ति बापतको बजेट अनुदान | ० | ० | ० | ० | ० | | | | | | | |
| कक्षा ६-८ का छात्राहरूलाई Sanitary Pad बितरण बापतको बजेट अनुदान | ११२५०० | ११२५०० | ११२५०० | ११२५०० | ११२५०० | १२ | २० | ४६९ | ४६९ | ४६९ | ४६९ | ४६९ |
| महिनावारी स्वच्छता सम्बन्धि सचेतना तथा सेनीटरी प्याड निर्माण र ब्यवस्थापन कार्यक्रम | १८०००० | ० | १८०००० | ० | १८०००० | १ | २०००० | ९ | ० | ९ | ० | ९ |
| बिद्यालयहरुमा ICT lab स्थापना र ICT learning materials व्यवस्थापन बापतको बजेट अनुदान | ४०००००० | ४०००००० | ४०००००० | ४०००००० | ४०००००० | १ | ४००००० | १० | १० | १० | १० | १० |
| आधारभूत तह कक्षा ६-८ का लागि मिनि बिज्ञान प्रयोगशाला स्थापना तथा संचालन सहयोग | ६००००० | ६००००० | ४००००० | ४००००० | ४००००० | १ | २००००० | ३ | ३ | २ | २ | २ |
| समता रणनिति कार्यन्वयन गरी सोका आधारमा लक्षित स्थानीय तहहरूमा बिद्यालय बाहिर रहेका बालबालिकाहरुलाई बिद्यालय शिक्षामा ल्याई उनीहरूको शिक्षालाई निरन्तरता दिन पालिकाहरुलाई बजेट अनुदान | १००००० | १००००० | १००००० | १००००० | १००००० | १ | १००००० | १ | १ | १ | १ | १ |
| शुन्य दरबन्दी भएका बिद्यालयहरूलाई एकमुष्ठ बजेट अनुदान (१-५) | ० | ० | ० | ० | ० | | ० | | | | | |
| शुन्य दरबन्दी भएका बिद्यालयहरूलाई एकमुष्ठ सिकाई अनुदान (६-८) | ० | ० | ० | ० | ० | | ० | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| शुन्य दरबन्दी भएका बिद्यालयहरूलाई एकमुष्ठ सिकाई अनुदान प्राप्त गर्ने शिक्षकको पोषाक (६-८) | ० | ० | ० | ० | ० | | ० | | | | | |
| SMCs र PTAs को क्षमता अभिबृद्दी र अभिभावकहरूलाई सचेतना कार्यक्रम | २२०००० | २२०००० | २२०००० | २२०००० | २२०००० | १ | २०००० | ११ | ११ | ११ | ११ | ११ |
| बिद्यालयको सामाजिक लेखा परिक्षण तथा समिक्षा कार्यक्रम | १००००० | १००००० | १००००० | १००००० | १००००० | १ | १००००० | १ | १ | १ | १ | १ |
| आधारभूत तहको अन्तिम परीक्षा (कक्षा ८) व्यवस्थापन र सन्चालन (स्तर बृद्दि समेत)बापत स्थानीय तहलाई बजेट अनुदान | ८१४५०० | ७०४३०१ | ८४३३९० | ७४१४७१ | ६९०३७५ | १ | १५०० | ५४३ | ४७० | ५६२ | ४९४ | ४६० |
| आधारभूत तहका बिद्यालयहरुको नक्साङ्कन, पुनर्बितरण, समायोजन तथा दरवन्दि मिलान गर्ने (शिक्षक उत्प्रेरणा सहित शिक्षकहरुको आन्तरिक सरुवा तथा व्यवस्थापनको कार्यान्वयन) | ३००००० | ० | ३००००० | ० | ३००००० | १ | ३००००० | १ | ० | १ | ० | १ |
| सामुदायिक आधारभूत बिद्यालयहरुमा प्रविधि विकास (बिद्युत इन्टरनेट सुबिधा) तथा कार्यकान्वयन गर्ने | ० | १२००००० | २०००००० | २०००००० | २०००००० | १ | २००००० | ० | ६ | १० | १० | १० |
| आधारभूत तहको शैक्षिक गुणस्तर परिक्षण कार्यक्रम (कक्षा ३, ५ र ८) | ४२०००० | ४२०००० | ४२०००० | ४२०००० | ४२०००० | १ | १०००० | ४२ | ४२ | ४२ | ४२ | ४२ |
| सबै विषयका शिक्षकहरुका लागि पुनर्ताजगी तालिम | ४२०००० | ४२०००० | ४२०००० | ४२०००० | ४२०००० | १ | १०००० | ४२ | ४२ | ४२ | ४२ | ४२ |
| बिद्यालयको जोखिम न्यूनिकरण कार्यक्रम (बिद्यालय मर्मत, खेलमैदान, बिद्यालय घेराबार, रंगरोगन लगायत) | ८००००० | १६००००० | १६००००० | २०००००० | २०००००० | १ | २००००० | ४ | ८ | ८ | १० | १० |
| शिक्षणमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्बन्धी कार्यशाला सञ्चालन | ३००००० | ३००००० | ३००००० | ३००००० | ३००००० | १ | ३००००० | १ | १ | १ | १ | १ |
| प्रभावकारीता र उपयुक्तता सुनिश्चित गरि बालबालिकाहरुका अनुभव र सिकाइ आदान प्रदान गर्न अन्तर बिद्यालय अतिरिक्त क्रियाकलाप तथा बालबालिका निर्मित शैक्षिक सामग्री प्रदर्शनि कार्यक्रम संचालन गर्ने । | ५००००० | ५००००० | ५००००० | ५००००० | ५००००० | १ | ५००००० | १ | १ | १ | १ | १ |
| पालिका स्तरिय सिकाई आदान प्रदान तथा अतिरिक्त क्रियाकलाप संचालन | ० | ४००००० | ४००००० | ४००००० | ४००००० | १ | ४००००० | ० | १ | १ | १ | १ |
| स्थानीय पाठ्क्रमको विकास परिमार्जन र कार्यान्वयन (पुनरावलोकन समेत) | ० | ३००००० | ० | ० | ३००००० | १ | ३००००० | ० | १ | ० | ० | १ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| शिक्षकको निरन्तर पेसागत सहयोग कार्यक्रम सञ्चालन | २००००० | २००००० | २००००० | २००००० | २००००० | १ | २००००० | १ | १ | १ | १ | १ |
| सिकाइ स्तर कमजोर भएका बालबालिकाहरु पहिचान गरि अतिरिक्त उपचारात्मक कक्षाका सेसनहरु संचालन गर्ने | ० | २००००० | २००००० | २००००० | २००००० | १ | ४०००० | ० | ५ | ५ | ५ | ५ |
| हरित बिद्यालय, बिद्यालय फूलवारी, बिद्यालय सरसफाई, बिद्यालय क्षेत्रमा बृक्षारोपन जस्ता कार्यक्रमको अवधारणा स्थापित गरि कार्यान्वयन गर्ने बिद्यालयहरुको नक्साङ्कन गरि प्रोत्साहन तथा पुरस्कार कार्यक्रम गर्ने । | ० | ४०००० | ६०००० | ६०००० | ६०००० | १ | २०००० | ० | २ | ३ | ३ | ३ |
| वडा स्तरमा बार्षिक बिद्यार्थि भर्ना अभियान संचालन (वडा शिक्षा, टोल शिक्षा बिब्यस शिक्षक र बालक्लबको परिचालन मार्फत बिद्यालय बाहिर रहेका बालबालिका पहिचान गरि बिद्यालय भर्नाका कार्यक्रम संचालन गर्ने ) | ० | २२०००० | २२०००० | २२०००० | २२०००० | १ | २०००० | | ११ | ११ | ११ | ११ |
| कार्यसम्पादन तथा सूचकहरुको आधारमा उत्कृष्ठ बिद्यालय तथा कर्मचारी सम्मान कार्यक्रम | १०००० | २०००० | २०००० | २०००० | २०००० | १ | १०००० | १ | २ | २ | २ | २ |
| अन्तरविद्यालय शिक्षण कार्यक्रम | १००००० | १००००० | १००००० | १००००० | १००००० | १ | १००००० | १ | १ | १ | १ | १ |
| सिकाइ उपलब्धी परीक्षणको आधारमा शिक्षकको वर्गीकरण | ५०००० | ५०००० | ५०००० | ५०००० | ५०००० | १ | ५०००० | १ | १ | १ | १ | १ |
| विषयगत समिति गठन | ११०००० | ११०००० | ११०००० | ११०००० | ११०००० | १ | १०००० | ११ | ११ | ११ | ११ | ११ |
| विद्यार्थीको प्रतिभा पहिचान कार्यक्रम | ३००००० | ३००००० | ३००००० | ३००००० | ३००००० | १ | ३००००० | १ | १ | १ | १ | १ |
| **आधारभूत तहको जम्मा बजेट** | १४२८३३९२० | १४४७०२८९५ | १४७३१४२४४ | १४७१०७९०८ | १४७८४४०७६ | | | | | | | |

## ३.३ माध्यमिक तहको शिक्षा

### ३.३.१ परिचय

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसार विद्यालय शिक्षालाई आधारभूत तह कक्षा १-८ र माध्यमिक तह कक्षा ९-१२ गरी दुई तहमा विभाजन गरिएको छ । माध्यमिक शिक्षा विद्यार्थीलाई उच्च शिक्षाका लागि तयार गर्नुका साथै ज्ञान, सीप, प्रविधि तथा जीवनोपयोगी क्षमताले सम्पन्न, उत्पादनशील र प्रतिस्पर्धी नागरिक विकास गर्ने महत्वपूर्ण आधार हो ।

नेपालको संविधान ले प्रत्येक नागरिकलाई माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्राप्त गर्ने मौलिक हक सुनिश्चित गरेको छ । साथै, माध्यमिक शिक्षाको व्यवस्थापन तथा सञ्चालनको जिम्मेवारी स्थानीय तहलाई प्रदान गरिएको छ । यसअनुसार स्थानीय तहले स्थानीय आवश्यकता र सन्दर्भअनुकूल शैक्षिक नीति, योजना तथा स्थानीय पाठ्यक्रम निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्ने दायित्व रहेको छ ।

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ तथा विज्ञान, प्रविधि तथा नवप्रवर्तन नीति, २०७६ ले माध्यमिक शिक्षामा वैज्ञानिक सोच, सिर्जनशीलता, नवप्रवर्तन, सूचना तथा सञ्चार प्रविधिको प्रयोग, परम्परागत मौलिक ज्ञान, स्थानीय सीप तथा जीवनोपयोगी शिक्षालाई प्रवर्द्धन गर्ने नीति अवलम्बन गरेका छन् ।

माध्यमिक शिक्षाको मूल उद्देश्य विद्यार्थीमा नैतिकता, इमान्दारिता, लोकतान्त्रिक आचरण, राष्ट्रिय एकता, सामाजिक सद्भाव, बहुसांस्कृतिक मूल्य, मानवअधिकार, दिगो विकास, वातावरण संरक्षण, विपद् व्यवस्थापन, श्रमप्रतिको सम्मान, वैज्ञानिक दृष्टिकोण, सिर्जनशीलता, समालोचनात्मक सोच तथा आधुनिक ज्ञान, सीप र प्रविधिको विकास गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्षम, जिम्मेवार, आत्मनिर्भर र उत्पादनशील नागरिक तयार गर्नु हो ।

राष्ट्रिय शिक्षा नीति, २०७६ ले सबै नागरिकका लागि गुणस्तरीय तथा निःशुल्क माध्यमिक शिक्षाको पहुँच सुनिश्चित गर्दै सिर्जनशील, अध्ययनशील, सकारात्मक सोच भएका, सदाचारी,

सीपयुक्त, प्रतिस्पर्धी तथा उत्पादनशील जनशक्ति विकासमा जोड दिएको छ । त्यसैगरी विज्ञान, प्रविधि तथा नवप्रवर्तन नीति, २०७६ ले विद्यालय तहदेखि नै स्थानीय मौलिक ज्ञान, परम्परागत प्रविधि, सीप तथा नवप्रवर्तनलाई शिक्षासँग आबद्ध गरी वैज्ञानिक सोच र सिर्जनशीलताको विकास गर्ने लक्ष्य लिएको छ । यस सन्दर्भमा सानीभेरी गाउँपालिकाले स्थानीय आवश्यकता, सम्भावना र मौलिकतालाई आधार बनाई माध्यमिक शिक्षालाई सुरक्षित, समावेशी, बालमैत्री, अपाङ्गतामैत्री, प्रविधिमैत्री तथा गुणस्तरीय बनाउँदै व्यावसायिक, सीपमूलक, रोजगारमुखी र उत्पादनमुखी शिक्षामार्फत सक्षम, आत्मनिर्भर तथा प्रतिस्पर्धी जनशक्ति उत्पादन गर्ने उद्देश्यले योजनाबद्ध रूपमा कार्यक्रम सञ्चालन गर्ने नीतिका साथ माध्यमिक तह शिक्षाको योजनामा कार्यक्रमहरु समाबेश गरेको छ ।

### ३.३.२ वर्तमान अवस्था

| | |
|---|---|
| माध्यमिक तह कक्षा ९-१० संचालित बिद्यालय | १० |
| माध्यमिक तह कक्षा ९-१० संचालित संस्थागत बिद्यालय | ० |
| माध्यमिक तह कक्षा ९-१२ संचालित बिद्यालय | ३ |
| माध्यमिक तह कक्षा ९-१२ मा प्राबिधिक तथा ब्यवसायिक धार संचालित बिद्यालय | १ |
| माध्यमिक तह कक्षा ९-१० को कूल भर्ना दर | ९४.४ |
| माध्यमिक तह कक्षा ९-१० को खुद भर्ना दर | ७३.६७ |
| माध्यमिक तह कक्षा ९-१२ को कुल भर्ना दर | ८७.९५ |
| माध्यमिक तह कक्षा ९-१२ को खुद भर्ना दर | ६२.२९ |
| माध्यमिक तह कक्षा ९-१० को शिक्षक बिद्यार्थि अनुपात | १:२८.२८ |
| माध्यमिक तह कक्षा ९-१२ को शिक्षक बिद्यार्थि अनुपात | १:१८.१३ |
| कक्षा ९-१० मा उत्तीर्ण दर | ९३.५ |
| कक्षा ११-१२ मा उत्तीर्ण दर | ८९.९ |
| लैंगिक समता सूचक | |

सानीभेरी गाउँपालिकामा कक्षा ९-१० सञ्चालन गर्ने माध्यमिक विद्यालय १० वटा रहेका छन् भने कक्षा ९-१२ सञ्चालन गर्ने विद्यालय ३ वटा मात्र रहेका छन् । तीमध्ये १ वटा विद्यालयमा प्राविधिक तथा व्यावसायिक धार सञ्चालनमा रहेको छ । यसले माध्यमिक तहमा प्राविधिक तथा सीपमूलक शिक्षाको पहुँच अझ विस्तार गर्नुपर्ने आवश्यकता देखाउँछ ।

कक्षा ९-१० को कुल भर्ना दर ९४.४ प्रतिशत र खुद भर्ना दर ७३.६७ प्रतिशत रहेको छ। त्यस्तै कक्षा ९-१२ को कुल भर्ना दर ८७.९५ प्रतिशत र खुद भर्ना दर ६२.२९ प्रतिशत रहेको छ। यसबाट माध्यमिक तहमा भर्ना हुने विद्यार्थीको संख्या सन्तोषजनक भए पनि उमेरअनुसार भर्ना हुने विद्यार्थीको अनुपात अपेक्षाकृत कम रहेको तथा माथिल्लो कक्षातर्फ जाँदा विद्यार्थीको निरन्तरता चुनौतीपूर्ण रहेको देखिन्छ।

कक्षा ९-१० मा शिक्षक विद्यार्थी अनुपात १:२८.२८ तथा कक्षा ९-१२ मा १:१८.१३ रहेको छ। कक्षा ९-१२ मा शिक्षक विद्यार्थी अनुपात अपेक्षाकृत अनुकूल देखिए पनि कक्षा ९-१० मा विषयगत शिक्षकको उपलब्धता र शिक्षण सिकाइको प्रभावकारिता थप सुदृढ गर्नुपर्ने आवश्यकता रहेको देखिन्छ।

शैक्षिक उपलब्धिका दृष्टिले कक्षा ९-१० को उत्तीर्ण दर ९३.५ प्रतिशत र कक्षा ११-१२ को उत्तीर्ण दर ८९.९ प्रतिशत रहेको छ, जुन सन्तोषजनक अवस्था हो। तथापि, कक्षा ११-१२ मा उत्तीर्ण दर केही घटेकाले सिकाइ उपलब्धि अभिवृद्धि, विषयगत सहयोग, करियर परामर्श तथा सुधारात्मक शिक्षण कार्यक्रमलाई थप प्रभावकारी बनाउन आवश्यक देखिन्छ।

समग्रमा, सानीभेरी गाउँपालिकाको माध्यमिक शिक्षा क्षेत्रमा विद्यालय सञ्चालन, उत्तीर्ण दर तथा शिक्षक विद्यार्थी अनुपात सन्तोषजनक रहे पनि खुद भर्ना दर वृद्धि, माध्यमिक तहमा विद्यार्थीको निरन्तरता सुनिश्चित गर्ने, प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तार गर्ने र सिकाइको गुणस्तर अभिवृद्धि गर्ने विषयलाई आगामी योजनामा प्राथमिकताका साथ समेट्नुपर्ने आवश्यकता देखिन्छ ।

## विद्यालय खेलमैदान

| सञ्चालित तह | अप्रयाप्त खेलमैदान भएका | खेलमैदान भएका | खेलमैदान नभएका | सामान्य खेलमैदान भएका | जम्मा |
|---|---|---|---|---|---|
| कक्षा १-१० | २ | ६ | १ | १ | १० |
| कक्षा १-१२ | ० | २ | १ | ० | ३ |
| जम्मा | २ | ८ | २ | १ | १३ |

## विद्यालय खानेपानी

| सञ्चालित तह | खानेपानी अप्रयाप्त भएका | खानेपानी भएका | खानेपानी नभएका | जम्मा |
|---|---|---|---|---|
| कक्षा १-१० | ३ | ७ | ० | १० |
| कक्षा १-१२ | ० | २ | १ | ३ |
| जम्मा | ३ | ९ | १ | १३ |

## शौचालयको अवस्था

| शौचालयको प्रकृति | विद्यालय सङ्ख्या | शौचालय सङ्ख्या | कैफियत |
|---|---|---|---|
| कच्ची मात्र शौचालय भएका विद्यालय | ५ | ७ | |
| पक्की मात्र शौचालय भएका विद्यालय | ५ | १२ | |
| कच्ची र पक्की दुबैभएका विद्यालय | ३ | ९ | |
| जम्मा | १३ | २८ | |

## विद्यालय भवनको अवस्था

| भवनको प्रकृति | विद्यालय सङ्ख्या | कक्षाकोठा सङ्ख्या |
|---|---|---|
| कच्ची भवन भएका विद्यालय र सङख्या | १३ | ८५ |
| पक्की भवन भएका विद्याल र सङख्या | ३६ | २१० |
| जम्मा | ४९ | २९५ |

## विद्यालय प्रयोगशाला

| सञ्चालित तह | प्रयोगशाला भएका विद्यालय | प्रयोगशाला नभएका विद्यालय | जम्मा |
|---|---|---|---|
| कक्षा १-१० | ४ | ६ | १० |
| कक्षा १-१२ | ३ | ० | ३ |
| जम्मा | ७ | ६ | १३ |

## पुस्तकालयको अवस्था

| सञ्चालित तह | पुस्तकालय भएका | पुस्तकालय नभएका | जम्मा |
|---|---|---|---|
| कक्षा १-१० | ५ | ५ | १० |
| कक्षा १-१२ | ३ | ० | ३ |
| जम्मा | ८ | ५ | १३ |

## विद्यालयमा कम्प्युटर ल्यावको अवस्था

| सञ्चालित तह | कम्प्युटर ल्याव भएका | कम्प्युटर ल्याव नभएका | जम्मा |
|---|---|---|---|
| कक्षा १-१० | ९ | १ | १० |
| कक्षा १-१२ | ३ | ० | ३ |
| जम्मा | १२ | १ | १३ |

## विद्यालयमा इन्टरनेटको सुबिधा

| सञ्चालित तह | इन्टरनेट भएका | इन्टरनेट नभएका | जम्मा |
|---|---|---|---|
| कक्षा १-१० | ८ | २ | १० |
| कक्षा १-१२ | ३ | ० | ३ |
| जम्मा | ११ | १ | १२ |

### ३.३.३ माध्यमिक तह शिक्षाका समस्याहरु

१. माध्यमिक तहमा विषयगत शिक्षकको अभाव तथा सूचना प्रविधिमा आधारित बदलिँदो शिक्षण-सिकाइ प्रणालीअनुसार शिक्षकको ज्ञान, सीप र व्यावसायिक क्षमता समयानुकूल अद्यावधिक हुन नसक्दा गुणस्तरीय शिक्षण सिकाइमा अपेक्षित सुधार हुन नसक्नु।
२. विद्यालयमा अभिभावक तथा समुदायको सक्रिय सहभागिता र शैक्षिक उत्तरदायित्व कमजोर हुँदा विद्यार्थीको सिकाइ, नियमितता र शैक्षिक उपलब्धिमा अपेक्षित सुधार हुन नसक्नु ।
३. प्रयोगशाला, पुस्तकालय, खेलमैदान, खानेपानी तथा अन्य सिकाइ सहजीकरण गर्ने भौतिक पूर्वाधार सबै विद्यालयमा पर्याप्त र गुणस्तरीय रूपमा उपलब्ध हुन नसक्नु ।
४. माध्यमिक तहका केही विद्यालयमा सुरक्षित, पर्याप्त तथा गुणस्तरीय भौतिक संरचना, प्रयोगात्मक सिकाइ सामग्री र सिकाइमैत्री वातावरणको अभाव रहनु ।
५. प्राविधिक तथा व्यावसायिक शिक्षाको पहुँच सीमित हुँदा विद्यार्थीमा सीप, उद्यमशीलता तथा रोजगारमुखी क्षमताको अपेक्षित विकास हुन नसक्नु ।
६. सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षणसिकाइका लागि कम्प्युटर, इन्टरनेट तथा डिजिटल स्रोतको प्रभावकारी र समान उपयोग सुनिश्चित हुन नसक्नु ।
७. माध्यमिक तहमा खुद भर्ना दर तथा विद्यार्थीको निरन्तरता अपेक्षाअनुसार हुन नसक्दा माथिल्लो तहमा सिकाइ उपलब्धि र उत्तीर्णदरमा दीर्घकालीन प्रभाव पर्नु ।
८. विद्यालयमा शैक्षणिक सहजिकरण सहयोग र शिक्षक पेशागत दक्षता विकास कार्यक्रमहरु प्रयाप्त र प्रभावकारी हुन नसक्नु ।

### ३.३.४ लक्ष्य

माध्यमिक तहमा गुणस्तरीय, प्रविधिमैत्री, समावेशी तथा जीवनोपयोगी शिक्षा सुनिश्चित गरी सक्षम, प्रतिस्पर्धी, उत्पादनशील र आत्मनिर्भर जनशक्ति विकास गर्नु ।

### ३.३.५ उद्देश्य

१. माध्यमिक शिक्षामा सबै बालबालिकाको समतामूलक, समावेशी तथा सर्वसुलभ पहुँच, सहभागिता, टिकाउ दर र शैक्षिक उपलब्धि अभिवृद्धि गर्नु ।
२. माध्यमिक शिक्षालाई गुणस्तरीय, प्रविधिमैत्री, जीवनोपयोगी, सीपमूलक तथा रोजगारमुखी बनाई विद्यार्थीलाई उच्च शिक्षा, स्वरोजगार र उत्पादनशील जीवनका लागि सक्षम बनाउनु ।
३. स्थानीय आवश्यकता, सम्भावना तथा राष्ट्रिय योग्यता प्रारूपअनुसार साधारण, प्राविधिक तथा व्यावसायिक शिक्षाबीचको पारगम्यता सुनिश्चित गर्दै विद्यार्थीको रुचि, क्षमता र आकाङ्क्षाअनुसार अध्ययनका अवसर विस्तार गर्नु ।
४. विद्यालयको भौतिक, शैक्षिक तथा प्रविधिमैत्री वातावरणलाई सुरक्षित, बालमैत्री, समावेशी र अपाङ्गतामैत्री बनाउँदै प्रभावकारी शिक्षण सिकाइ, मूल्याङ्कन तथा शैक्षिक सुशासन सुदृढ गर्नु ।
५. स्थानीय कला, संस्कृति, भाषा, साहित्य, परम्परा तथा मौलिक ज्ञानको संरक्षण र पुस्तान्तरण गर्दै नैतिक, जिम्मेवार, वातावरणप्रति सचेत, सामाजिक रूपमा उत्तरदायी, सक्षम तथा प्रतिस्पर्धी नागरिक विकास गर्नु ।

### ३.३.६ रणनीतिहरु

१. माध्यमिक विद्यालयहरूको नक्साङ्कन, सर्वेक्षण तथा आवश्यकता विश्लेषण गरी स्थानीय आवश्यकता, भौगोलिक पहुँच, विद्यार्थी सङ्ख्या, स्रोत साधन तथा सान्दर्भिकताका आधारमा विद्यालयको व्यवस्थापन, पुनर्संरचना, समायोजन र सुदृढीकरण गर्ने ।
२. माध्यमिक शिक्षामा सबै बालबालिकाको समतामूलक, समावेशी तथा सर्वसुलभ पहुँच, सहभागिता, निरन्तरता र सिकाइ उपलब्धि सुनिश्चित गर्न लक्षित कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्ने ।
३. गुणस्तरीय, प्रविधिमैत्री, जीवनोपयोगी, सीपमूलक तथा रोजगारमुखी शिक्षालाई प्रवर्द्धन गर्दै विज्ञान, प्रविधि, नवप्रवर्तन तथा उद्यमशीलतामा आधारित शिक्षण सिकाइ प्रणालीको विकास गर्ने ।

४. स्थानीय आवश्यकता, सम्भावना, श्रम बजारको माग तथा राष्ट्रिय योग्यता प्रारूपअनुसार साधारण, प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तार, समन्वय र पारगम्यता सुदृढ गर्ने ।

५. विद्यालयको भौतिक पूर्वाधार, सूचना तथा सञ्चार प्रविधि, प्रयोगशाला, पुस्तकालय, खेलकुद तथा सिकाइ स्रोतहरूको विकास गरी सुरक्षित, बालमैत्री, समावेशी, अपाङ्गतामैत्री तथा सिकाइमैत्री वातावरण निर्माण गर्ने ।

६. शिक्षक, प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापनको व्यावसायिक क्षमता अभिवृद्धि गर्दै शैक्षिक सुशासन, प्रभावकारी नेतृत्व, नियमित अनुगमन, मूल्याङ्कन तथा तथ्यमा आधारित निर्णय प्रणाली सुदृढ गर्ने ।

७. स्थानीय भाषा, कला, संस्कृति, साहित्य, मौलिक ज्ञान तथा परम्परागत सीपको संरक्षण र पुस्तान्तरण गर्दै विद्यालय, अभिभावक, समुदाय तथा सरोकारवालाबीचको सहकार्य सुदृढ गरी जिम्मेवार, नैतिक, सक्षम, प्रतिस्पर्धी र उत्पादनशील नागरिक तयार गर्ने ।

### ३.३.७ प्रमुख उपलब्धि तथा नतिजा

उपलब्धि

माध्यमिक तह उत्तीर्ण गरेका विद्यार्थीहरू व्यावसायिक, प्राविधिक, विज्ञान तथा प्रविधि क्षेत्रका आधारभूत ज्ञान, सीप, सकारात्मक दृष्टिकोण, मूल्य-मान्यता र व्यवहार आत्मसात् गरेका नैतिक, कर्तव्यनिष्ठ, सक्षम तथा जिम्मेवार नागरिकको निर्माण गर्ने ।

# सानीभेरी गाउँपालिकाको माध्यमिक तह शिक्षा उपक्षेत्रको नतिजा तथा परिमाणात्मक लक्ष्य

| माध्यमिक तहका लागि प्रस्तावित कार्यक्रमहरू (Proposed Activities for Secondary Level) | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | लगानीको अनुमान (Cost Estimates (in '000s) | | | | | एकाई | प्रस्तावित प्रतिइकाइ लागत | बार्षिक भौतिक लक्ष्य (Yearly Physical Target) | | | | |
| प्रस्तावित कार्यक्रमहरु | २०२६/२७<br>८३/८४ | २०२७/२८<br>८४/८५ | २०२८/२९<br>८५/८६ | २०२९/३०<br>८६/८७ | २०३०/३१<br>८७/८८ | | | २०२६/२७<br>८३/८४ | २०२७/२८<br>८४/८५ | २०२८/२९<br>८५/८६ | २०२९/३०<br>८६/८७ | २०२८/२९<br>८५/८६ |
| माध्यमिक तहसम्म संचालित बिद्यालयहरूको सङ्ख्या | | | | | | | | १३ | १३ | १३ | १३ | १३ |
| सबै प्रकार र तहका बिद्यालय नक्शांकन, समायोजन, दरवन्दि मिलान तथा पुनर्वितरण कार्यक्रम सन्चालन | ० | १००००० | ० | १००००० | १००००० | १ | १००००० | ० | १ | ० | १ | १ |
| सामुदायिक माध्यमिक बिद्यालयमा (कक्षा ९-१२) स्वीकृत र राहत दरबन्दीमा कार्यरत शिक्षकका लागि तलब भत्ता | १९३०५००० | १९३०५००० | १९३०५००० | १९३०५००० | १९३०५००० | १३ | ४५००० | ३३ | ३३ | ३३ | ३३ | ३३ |
| माध्यमिक तह (कक्षा ९-१२) का लागि प्र.अ.भत्ता | ७८००० | ७८००० | ७८००० | ७८००० | ७८००० | १२ | ५०० | १३ | १३ | १३ | १३ | १३ |
| सामुदायिक माध्यमिक तह (कक्षा १-१० र १-१२) बिद्यालयहरुमा कार्यरत कर्मचारी र साहयक कर्मचारीहरूका लागि तलब भत्ता | ३३८०००० | ३३८०००० | ३३८०००० | ३३८०००० | ३३८०००० | १३ | २०००० | १३ | १३ | १३ | १३ | १३ |
| सामुदायिक माध्यमिक तह (कक्षा १-१० र १-१२) बिद्यालयहरुमा कार्यरत लेखा र प्रशासनिक कर्मचारीहरूका लागि तलब भत्ता (पोशाक) | ३३८०००० | ३३८०००० | ३३८०००० | ३३८०००० | ३३८०००० | १३ | २०००० | १३ | १३ | १३ | १३ | १३ |
| माध्यमिक बिद्यालय (कक्षा १-१२) का लागि सन्चालन र व्यवस्थापन बापत एकमुष्ठ अनुदान (SIP निर्माण/अद्यावधिक, शिक्षण सिकाई सामग्री, कम्तिमा १/१ सेट पाठ्यक्रम र शिक्षक निर्देशिका, Book Corner, इन्टरनेट सुबिधा, सुद्ध पिउने पानी, बिद्धुत महशुल, आदि) | १३००००० | १३००००० | १३००००० | १३००००० | १३००००० | १ | १००००० | १३ | १३ | १३ | १३ | १३ |
| माद्यमिक बिद्यालय (कक्षा १-१२) का लागि एकमुष्ठ अनुदान (SIP निर्माण/अद्यावधिक, SMC का सदस्यहरूको क्षमता विकास, अभिभावक शिक्षा, अतिरिक्त क्रियाकलाप, सामाजिक परीक्षण, EMIS व्यवस्थापन, School report card विकास र प्रयोग, School bulletin प्रकाशन, आदिका लागि) | २६०००० | २६०००० | २६०००० | २६०००० | २६०००० | १ | २०००० | १३ | १३ | १३ | १३ | १३ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| माध्यमिक तह (कक्षा ९-१०) का विद्यार्थिका लागि पाठ्यपुस्तक खरिद र बितरण अनुदान | ८८२४०० | ८८२४०० | ८८२४०० | ८८२४०० | ८८२४०० | १ | ८०० | ११०३ | ११०३ | ११०३ | ११०३ | ११०३ |
| माध्यमिक तह (कक्षा ११-१२) का लागि पाठ्यपुस्तक खरिद र बितरण अनुदान (पाठ्यपुस्तकको सङ्ख्या पाठ्यक्रम ढाँचाले तोके अनुसार हुने) | २६४८०० | २६४८०० | २६४८०० | २६४८०० | २६४८०० | १ | ८०० | ३३१ | ३३१ | ३३१ | ३३१ | ३३१ |
| माध्यमिक तहका बिद्यार्थीहरूमध्ये (कक्षा ९-१०) अतिबिपन्न द्वन्दपिडित छात्रवृत्ति (Pro-poor targeted Scholarship) का लागि छनौट भएका बिद्यार्थीहरूलाई छात्रवृत्ति वितरण | २००००० | २००००० | २५०००० | २५०००० | २५०००० | १ | ५००० | ४० | ४० | ५० | ५० | ५० |
| माध्यमिक तहका बिद्यार्थीहरूमध्ये (कक्षा ११-१२) अतिबिपन्न छात्रवृत्ति (Pro-poor targeted Scholarship) का लागि छनौट भएका बिद्यार्थीहरूलाई छात्रवृत्ति वितरण | १००००० | १००००० | १००००० | १००००० | १००००० | १ | ५००० | २० | २० | २० | २० | २० |
| कक्षा ९-१२ का छात्राहरूलाई Sanitary Pad बितरण बापतको बजेट अनुदान | २१८५७४ | २४९४५२ | २३९८८८ | २२५५४० | २२३२९७ | १२ | २० | ९११ | १०३९ | १००० | ९४० | ९३० |
| माध्यमिक बिद्यालय तहमा E-पुस्तकालय, वाचनालय तथा पुस्तकालय स्थापना तथा मर्मत सम्भार र सन्चालन सहयोग | ४००००० | १२००००० | १२००००० | १२००००० | १२००००० | १ | ४००००० | १ | ३ | ३ | ३ | ३ |
| माध्यमिक बिद्यालय तहमा बिज्ञान प्रयोगशाला स्थापना, अध्यावधिक र सामग्री थप अभिमुखिकरण सन्चालन बजेट अनुदान | ४००००० | १२००००० | १२००००० | १२००००० | १२००००० | १ | ४००००० | १ | ३ | ३ | ३ | ३ |
| माध्यमिक बिद्यालय तहमा ICT प्रयोगशाला स्थापना, सामग्री थप र अभिमुखिकरण तथा सिकाई सामग्री थप र सन्चालन बजेट अनुदान | १००००० | २००००० | २००००० | २००००० | २००००० | १ | १००००० | १ | २ | २ | २ | २ |
| Big School तथा नमूना विद्यालय कार्यक्रम छनौटमा परेका माध्यमिक बिद्यालयमा भौतिक विकास कार्यक्रम बजेट अनुदान | ० | ५००००० | ५००००० | ५००००० | ५००००० | १ | ५००००० | ० | १ | १ | १ | १ |
| Big School तथा नमूना विद्यालय कार्यक्रम कार्यक्रम छनौटमा परेका माध्यमिक बिद्यालयमा Master Plan कार्यान्वयन (पुस्तकालय व्यवस्थापन, ICT र बिज्ञान प्रयोगशाला, समाग्री र किट्सहरू, आदि) का लागि बजेट अनुदान | ० | ० | ० | ० | ० | १ | ५००००० | | | | | |
| प्र.अ.हरूकालागि कार्य सम्पन्नका आधारमा प्रोत्साहन र नमूना बिद्यालय कार्यक्रम सन्चालन भएका बिद्यालयमा कार्य सम्पन्नका आधारमा | ५०००० | १००००० | १००००० | १००००० | १००००० | १ | ५०००० | १ | २ | २ | २ | २ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नियुक्त भएका शिक्षकहरुका लागि प्रोत्साहन बजेट अनुदान | | | | | | | | | | | | |
| Big School कार्यान्वयन संगै छात्रबास सन्चालन तथा सहजिकरण कार्यक्रम | ० | १००००० | १००००० | १००००० | १००००० | १ | १००००० | ० | १ | १ | १ | १ |
| कक्षा ९-१२ मा प्राबिधिक धार सन्चालन भएका बिद्यालयमा कार्यरत शिक्षक, प्रशिक र सहायक प्रशिकका लागि तलब र भत्ता बापतको बजेट अनुदान | १३००००० | २६००००० | २६००००० | २६००००० | २६००००० | १३ | ५०००० | २ | ४ | ४ | ४ | ४ |
| कक्षा ९-१२ मा प्राबिधिक धार सन्चालन भएका बिद्यालयमा प्रत्ति बिद्यार्थी सिकाई सामग्री, प्रयोगशाला सहयोग, औजार/सामग्री, प्रयोगात्मक सामग्री, OJT र सन्चालन खर्च बापतको बजेट अनुदान | ४००००० | ४००००० | ४००००० | ४००००० | ४००००० | १ | ४००० | १०० | १०० | १०० | १०० | १०० |
| कक्षा ९-१२ मा प्राबिधिक धार सन्चालन भएका बिद्यालयमा प्रयोगशाला स्थापना, औजार/सामग्री खरिद र व्यवस्थापन बापतको बजेट अनुदान | १००००० | १००००० | १००००० | १००००० | १००००० | १ | १००००० | १ | १ | १ | १ | १ |
| **सानीभेरी गाउँपालिकाले थप गरेका कार्यक्रमहरु:** | | | | | | | | | | | | |
| बिषयगत शिक्षक तालिम कार्यक्रम | १२००००० | १२००००० | १२००००० | १२००००० | १२००००० | ४ | ३००००० | १ | १ | १ | १ | १ |
| बिद्यालयहरुमा पेरियोडिक रुपमा माध्यमिक स्तरिय अन्तर बिद्यालय प्रतिष्पर्धात्मक अतिरिक्त क्रियाकलाप तथा शैक्षिक प्रदर्शनि कार्यक्रम संचालन | २००००० | २००००० | २००००० | २००००० | २००००० | १ | २००००० | १ | १ | १ | १ | १ |
| माध्यमिक बिद्यालय तहमा एक कक्षा एक SMART Board कार्यक्रम कार्यान्वयन गर्ने (क्रमश विस्तार गर्दै लैजाने) साथै शिक्षणमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्बन्धी कार्यशाला सञ्चालन | ५००००० | १०००००० | १०००००० | १०००००० | १०००००० | १ | ५००००० | १ | २ | २ | २ | २ |
| कक्षा १-१० तथा १-१२ संचालित बिद्यालयहरुमा हरित बिद्यालय, बिद्यालय फूलवारी, बिद्यालय सरसफाई, बिद्यालय क्षेत्रमा बृक्षारोपन जस्ता कार्यक्रमको अवधारणा स्थापित गरि कार्यान्वयन गर्ने बिद्यालयहरुको मूल्यांकन र स्तरिकरण गरि प्रोत्साहन तथा पुरस्कार कार्यक्रम गर्ने। | ० | ७५००० | ७५००० | ७५००० | ७५००० | १ | २५००० | | ३ | ३ | ३ | ३ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| बिद्यालय स्तरिय उत्कृष्ट बालक्लव प्रोत्साहन कार्यक्रम संचालन | ० | ५० | ७५ | ७५ | ७५ | १ | २५ | | २ | ३ | ३ | ३ |
| बिद्यालयमा जीवनउपयोगी सीप तथा ब्यवहार, असल आचरण र नागरिक कर्तब्य सम्बन्धीका साप्ताहिक सेसनहरु संचालन गर्ने | ० | ० | ० | ० | ० | | ४५ | | १३ | १३ | १३ | १३ |
| स्थानीय कला, सीप र संस्कृतिको पुस्तान्तरणका साथै आफ्नो मौलिकताप्रति पहिचान बोकेको नागरिक तयारीका लागि माध्यमिक बिद्यालय स्तरिय प्रतियोगितात्मक कार्यक्रम सञ्चालन | २०० | २०० | २०० | २०० | २०० | १ | २०० | १ | १ | १ | १ | १ |
| वडा स्तरमा बार्षिक बिद्यार्थि भर्ना अभियान संचालन साथै सेवाक्षेत्रभित्रका सबै बिद्यार्थिलाई माध्यामिक तहको शिक्षामा पहुँच सुनिश्चितता गर्ने (वडा शिक्षा, टोल शिक्षा बिब्यस शिक्षक र बालक्लबको परिचालन) | ११०००० | ११०००० | ११०००० | ११०००० | ११०००० | १ | १०००० | ११ | ११ | ११ | ११ | ११ |
| कक्षा ९-१२ का बिद्यार्थिहरुको परियोजना कार्य प्रवर्दन गर्ने, प्रकाशन गर्ने र प्रवाह गर्ने कार्यक्रम | २६००० | २६००० | २६००० | २६००० | २६००० | १ | २००० | १३ | १३ | १३ | १३ | १३ |
| रनिङ शिल्ड संचालन तथा कार्यान्वयन | ८००००० | ८००००० | ८००००० | ८००००० | ८००००० | १ | ८००००० | १ | १ | १ | १ | १ |
| शिक्षकको निरन्तर पेसागत सहयोग कार्यक्रम सञ्चालन | ४००००० | ४००००० | ४००००० | ४००००० | ४००००० | १ | ४००००० | १ | १ | १ | १ | १ |
| अन्तरविद्यालय शिक्षण कार्यक्रम तथा नमूना शिक्षण प्रदर्शन | २००००० | २००००० | २००००० | २००००० | २००००० | १ | २००००० | १ | १ | १ | १ | १ |
| सिकाइ उपलव्धी परीक्षण तथा शैक्षिक गुणस्तर परीक्षण कार्यक्रम सञ्चालन | ३००००० | ३००००० | ३००००० | ३००००० | ३००००० | १ | ३००००० | १ | १ | १ | १ | १ |
| विषयगत समिति गठन र मेन्टर शिक्षकहरुको उत्पादन तथा क्षमता अभिवृद्धि | २००००० | २००००० | २००००० | २००००० | २००००० | १ | २००००० | १ | १ | १ | १ | १ |
| प्रश्नपत्र निर्माण क्षमता विकास कार्यशाला सञ्चालन | १००००० | १००००० | १००००० | १००००० | १००००० | १ | १००००० | १ | १ | १ | १ | १ |
| **माध्यमिक तहको जम्मा अनुमानित बजेट** | **३६१५४९७५** | **४०५१०९०२** | **४०४५१३६३** | **४०५३७०१५** | **४०५३४७७२** | | | | | | | |

## ३.४ प्राविधिक तथा व्यावसायीक शिक्षा

### ३.४.१ परिचय

प्राविधिक तथा व्यावसायीक शिक्षा व्यक्तिलाई आवश्यक ज्ञान, सीप, प्रविधि, कार्यदक्षता तथा सकारात्मक कार्यसंस्कृतिको विकास गरी उत्पादनशील, आत्मनिर्भर र रोजगारमुखी नागरिक तयार गर्ने शिक्षाको महत्वपूर्ण माध्यम हो । यस शिक्षाले विज्ञान, प्रविधि, कृषि, उद्योग, सेवा, उद्यमशीलता र उत्पादनमूलक क्षेत्रसँग सम्बन्धित व्यवहारिक ज्ञान, सीप र दक्षताको विकास गर्दै शिक्षालाई श्रम, उत्पादन र रोजगारीसँग जोड्ने कार्य गर्दछ ।

नेपाल सरकारले विद्यालय तहदेखि नै प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तारलाई प्राथमिकतामा राख्दै माध्यमिक तहमा साधारण तथा प्राविधिक धार सञ्चालनको व्यवस्था गरेको छ । नेपालको संविधान, राष्ट्रिय शिक्षा नीति, २०७६, राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६, विद्यालय शिक्षा क्षेत्र योजना तथा राष्ट्रिय योग्यता प्रारूप ले प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तार, गुणस्तर अभिवृद्धि, सीप विकास तथा श्रम बजारसँगको आबद्धतालाई विशेष महत्व दिएका छन् । साथै, दिगो विकास लक्ष्य, २०३० ले पनि सबैका लागि समावेशी, समतामूलक, गुणस्तरीय तथा सीपमूलक शिक्षाको पहुँच विस्तार गरी सम्मानजनक रोजगारी र उद्यमशीलताको प्रवर्द्धनमा जोड दिएको छ।

सानीभेरी गाउँपालिकामा उपलब्ध प्राकृतिक स्रोत साधन, कृषि, पशुपालन, पर्यटन, स्थानीय उद्योग, मौलिक सीप तथा श्रम बजारको आवश्यकता अनुरूप प्राविधिक तथा व्यावसायिक शिक्षाको विकास गर्नु आवश्यक छ । यसका लागि विद्यालय तहदेखि नै स्थानीय आवश्यकता, विद्यार्थीको रुचि, क्षमता तथा भविष्यको रोजगारीका सम्भावनालाई आधार बनाई सीपमूलक, प्रविधिमैत्री तथा रोजगारमुखी शिक्षा विस्तार गर्नुपर्ने आवश्यकता रहेको छ ।

प्राविधिक तथा व्यावसायिक शिक्षाको प्रभावकारी कार्यान्वयनबाट दक्ष, सीपयुक्त, आत्मनिर्भर, उद्यमशील तथा उत्पादनशील जनशक्ति विकास हुने, स्थानीय स्तरमै रोजगारी तथा स्वरोजगारीका अवसर विस्तार हुने, वैदेशिक रोजगारीप्रतिको निर्भरता क्रमशः घट्ने, मौसमी बसाईसराईका कारण विद्यार्थिहरुका विद्यालय अनियमितता कम हुने तथा सानीभेरी

गाउँपालिकाको आर्थिक, सामाजिक र समग्र विकासमा सकारात्मक योगदान पुग्ने अपेक्षा गरिएको छ ।

### ३.४.२ वर्तमान अवस्था

यस सानीभेरी गाउँपालिकामा प्राबिधिक धार सञ्चालनमा रहेको विद्यालय १ वटा मात्र रहेको छ जसमा पशुसेवा बिज्ञानतर्फको बिषय पठनपाठन भैरहेको छ । कक्षा ९-१२ मा सञ्चालित यस प्राबिधिक धारको विषयले मात्र प्राबिधिक धारका अन्य विषय अध्ययन गर्न चाहने विद्यार्थिका लागि पर्याप्त पहुँच दिनु सकिरहेको अवस्था छैन ।

| | |
|---|---|
| प्राबिधिक तथा ब्यवसायिक धारको पढाई संचालित बिद्यालय | १ |
| प्राविधिक तथा ब्यवसायिक धारको विषय | पशु बिज्ञान |
| प्राविधिक धार अध्ययनरत विद्यार्थि सङ्ख्या कक्षा ९ | |
| प्राविधिक धार अध्ययनरत विद्यार्थि सङ्ख्या कक्षा १० | ३४ जना (३२.६९%) |
| प्राविधिक धार अध्ययनरत विद्यार्थि सङ्ख्या कक्षा ११ | |
| प्राविधिक धार अध्ययनरत विद्यार्थि सङ्ख्या कक्षा १२ | १० जना (६.७२%) |
| प्राबिधिक धारका प्रशिक्षक सङ्ख्या | २ जना |

सानीभेरी गाउँपालिकामा हाल १ वटा माध्यमिक विद्यालयमा पशु विज्ञान विषयअन्तर्गत प्राविधिक तथा व्यावसायिक धार सञ्चालन भइरहेको छ । उल्लेखित तथ्याङ्कअनुसार कक्षा १० मा ३४ जना ३२.६९ प्रतिशत र कक्षा १२ मा १० जना ९६.७२ प्रतिशत विद्यार्थी अध्ययनरत रहेका देखिन्छ । यसले गाउँपालिकामा प्राविधिक तथा व्यावसायिक शिक्षाको प्रारम्भिक विस्तार भएको देखिए पनि विद्यार्थीको पहुँच, सहभागिता तथा माथिल्लो कक्षासम्मको निरन्तरता अपेक्षाअनुसार हुन नसकेको संकेत गर्दछ ।

यस धारको प्रभावकारी सञ्चालनका लागि २ जना प्राविधिक प्रशिक्षक गाउँपालिकाको स्रोतबाट व्यवस्थापन गरिएको छ । यसबाट गाउँपालिकाले प्राविधिक तथा व्यावसायिक

शिक्षाको विकास, विषयगत जनशक्ति व्यवस्थापन तथा गुणस्तरीय शिक्षण सिकाइ सुनिश्चित गर्न सक्रिय भूमिका निर्वाह गरेको देखिन्छ ।

हाल पशु विज्ञान विषय मात्र सञ्चालन भइरहेकाले प्राविधिक तथा व्यावसायिक शिक्षाको दायरा सीमित रहेको छ । सानीभेरी गाउँपालिकाको स्थानीय आवश्यकता, प्राकृतिक स्रोत साधन, कृषि, पर्यटन, सूचना तथा सञ्चार प्रविधि, निर्माण, स्वास्थ्य, उद्यमशीलता तथा स्थानीय श्रम बजारको मागलाई दृष्टिगत गरी कृषि बाली विज्ञान, कम्प्युटर तथा सूचना प्रविधि, सिभिल, विद्युत, वन तथा वातावरण, पर्यटन तथा आतिथ्य सेवा लगायत अन्य प्राविधिक तथा व्यावसायिक विषयहरू क्रमशः विस्तार गर्दा अझ प्रभावकारी हुने देखिन्छ।

यसका साथै, विद्यार्थीको रुचि, क्षमता र भविष्यको रोजगारीका अवसरलाई ध्यानमा राखी प्राविधिक तथा व्यावसायिक धार सञ्चालन गर्ने विद्यालयको संख्या वृद्धि गर्ने, आवश्यक पूर्वाधार तथा प्रयोगशाला सुदृढ गर्ने, प्रशिक्षकको क्षमता र सङ्ख्यामा वृद्धि गर्ने र स्थानीय उद्योग, कृषि फार्म तथा व्यवसायसँग विद्यालयको सहकार्य विस्तार गर्नु आवश्यक देखिन्छ । यसबाट दक्ष, सीपयुक्त, आत्मनिर्भर, उद्यमशील तथा उत्पादनशील जनशक्ति विकास भई स्थानीय स्तरमै रोजगारी तथा स्वरोजगारीका अवसर सिर्जना हुने र गाउँपालिकाको आर्थिक तथा सामाजिक रुपान्तरणमा दीर्घकालीन सहयोग पुग्न सक्दछ ।

### ३.४.३ प्राबिधिक तथा ब्यावसायीक शिक्षाका समस्याहरु

१. प्राविधिक तथा व्यावसायिक शिक्षाको पहुँच र विषयगत विविधता सीमित हुनु, दक्ष प्रशिक्षक तथा प्राविधिक जनशक्तिको अभाव रहनु तथा स्थानीय आवश्यकताका अन्य बिषय र श्रम बजारको मागअनुसारका अन्य विषय सञ्चालन हुन नसक्नु ।

२. प्राविधिक तथा व्यावसायिक शिक्षाका लागि आवश्यक प्रयोगशाला, उपकरण, शिक्षण सामग्री, कार्यशाला, सूचना प्रविधि तथा अन्य स्रोत साधनको अभावका कारण प्रभावकारी व्यवहारिक शिक्षण सिकाइ सञ्चालन हुन नसक्नु ।
३. प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तार, सञ्चालन, व्यवस्थापन, वित्तीय स्रोत परिचालन, उद्योग तथा निजी क्षेत्रसँगको साझेदारी र नीतिगत व्यवस्थापन पर्याप्त प्रभावकारी हुन नसक्दा गुणस्तरीय तथा रोजगारमुखी शिक्षा विस्तारमा चुनौती रहनु।

### ३.४.४ लक्ष्य

स्थानीय आवश्यकता र श्रम बजारको मागअनुरूप प्राविधिक तथा व्यावसायिक शिक्षाको पहुँच सुनिश्चित गर्दै दक्ष, सीपयुक्त, उद्यमशील, उत्पादनशील तथा आत्मनिर्भर जनशक्ति विकास गर्नु।

### ३.४.५ उदेश्यहरु

१. सानीभेरी गाउँपालिकाभित्रका सबै नागरिकका लागि स्थानीय आवश्यकता, सम्भावना तथा श्रम बजारको मागअनुरूप प्राविधिक तथा व्यावसायिक शिक्षामा समतामूलक पहुँच र अवसर सुनिश्चित गर्नु ।
२. प्राविधिक तथा व्यावसायिक शिक्षालाई व्यवहारमुखी, सीपमूलक, प्रविधिमैत्री तथा रोजगारमुखी बनाई विद्यार्थीमा उद्यमशीलता विकास गर्दै स्वरोजगार र रोजगारीका अवसर अभिवृद्धि गर्नु ।
३. स्थानीय स्रोत साधन, रैथाने ज्ञान, परम्परागत सीप तथा उत्पादनका सम्भावनासँग प्राविधिक तथा व्यावसायिक शिक्षालाई आबद्ध गरी स्थानीय आर्थिक विकास र समृद्धिमा योगदान पुऱ्याउनु ।
४. प्राविधिक तथा व्यावसायिक शिक्षाको योजना, सञ्चालन, व्यवस्थापन तथा गुणस्तर अभिवृद्धिका लागि आवश्यक पूर्वाधार, दक्ष जनशक्ति, प्रविधि, उद्योग व्यवसायसँगको सहकार्य तथा संस्थागत क्षमता सुदृढ गर्नु।

### ३.४.६ रणनीतिहरु

१. स्थानीय आवश्यकता, सम्भावना, श्रम बजारको माग तथा राष्ट्रिय मापदण्डका आधारमा प्राविधिक तथा व्यावसायिक शिक्षाको योजना, विस्तार, सञ्चालन र व्यवस्थापन सुदृढ गर्ने ।

२. प्राविधिक तथा व्यावसायिक शिक्षालाई स्थानीय स्रोत साधन, रैथाने सीप, उद्यमशीलता तथा उत्पादनसँग आबद्ध गर्दै पाठ्यक्रमको स्थानीयकरण, व्यवहारमुखी शिक्षण सिकाइ र प्रयोगात्मक अभ्यासलाई प्रवर्द्धन गर्ने ।

३. प्राविधिक तथा व्यावसायिक शिक्षाको गुणस्तर अभिवृद्धिका लागि आवश्यक पूर्वाधार, प्रयोगशाला, उपकरण, दक्ष प्रशिक्षक, उत्कृष्ट सिकाइ केन्द्र तथा बहुप्राविधिक शिक्षालयरतालिम केन्द्रको विकास र सुदृढीकरण गर्ने ।

४. प्राविधिक तथा व्यावसायिक शिक्षाको पहुँच, गुणस्तर र प्रभावकारिता अभिवृद्धिका लागि सङ्घ, प्रदेश, स्थानीय तह, उद्योग व्यवसाय, निजी क्षेत्र, शैक्षिक संस्था तथा अन्य सरोकारवालासँग प्रभावकारी समन्वय, सहकार्य र साझेदारी विस्तार गर्ने ।

५. महिला, दलित, आदिवासीरजनजाति, अपाङ्गता भएका व्यक्ति, आर्थिक रूपमा विपन्न तथा दुर्गम क्षेत्रका नागरिकको प्राविधिक तथा व्यावसायिक शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्दै क्षमता विकास, छात्रवृत्ति, सीप विकास तथा रोजगार/स्वरोजगारमुखी कार्यक्रम सञ्चालन गर्ने ।

### ३.४.७ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

१. सानीभेरी गाउँपालिकामा स्थानीय सन्दर्भ र आवश्यकताका आधारमा थप अन्य विषयको कक्षा ९-१२ मा प्राविधिक धारको विद्यालय सञ्चालन भएको हुने ।

२. प्राविधिक तथा व्यावसायिक शिक्षामा सार्वजनिक, निजी तथा सामुदायिक क्षेत्रको सहभागिता र लगानी अभिवृद्धि भई माध्यमिक तह उत्तीर्ण युवाहरूका लागि उत्पादन, रोजगारी, स्वरोजगार तथा जीविकोपार्जनका अवसर विस्तार भएका हुनेछन् ।

# सानीभेरी गाउँपालिकाको प्राबिधिक तथा ब्यावसायीक शिक्षा उपक्षेत्रको नतिजा तथा परिमाणात्मक लक्ष्य

**प्राबिधिक तथा ब्यवसायिक शिक्षाका लागि प्रस्तावित कार्यक्रमहरू (Proposed Activities for Technical & Vocational Education)**

| प्रस्तावित कार्यक्रमहरु | लगानीको अनुमान (Cost Estimates) | | | | | एकाई | प्रति इकाई बजेट | बार्षिक भौतिक लक्ष्य (Yearly Physical Target) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | २०२६/२७ | २०२७/२८ | २०२८/२९ | २०२९/३० | २०३०/३१ | | | २०२६/२७ | २०२७/२८ | २०२८/२९ | २०२९/३० | २०३०/३१ |
| | ८३/८४ | ८४/८५ | ८५/८६ | ८६/८७ | ८७/८८ | | | ८३/८४ | ८४/८५ | ८५/८६ | ८६/८७ | ८७/८८ |
| कृषि विषय पढाइको लागि सम्भाव्यता अध्ययन | ० | २००००० | ० | ० | २००००० | १ | २००००० | ० | १ | ० | ० | १ |
| आवश्यकता पहिचान गरि प्राबिधिक तथा बहुप्राविक शिक्षालय स्थापनाका लागि सहजिकरण तथा सहयोग | ० | ० | ८००००० | ८००००० | ८००००० | १ | ८००००० | ० | ० | १ | १ | १ |
| प्राविधिक धार सञ्चालन र सञ्चालन भएका विद्यालयमा प्रयोगशाला व्यवस्थापन सहयोग तथा सामग्री ब्यवस्थापन | ५००००० | ५००००० | १०००००० | १०००००० | १०००००० | १ | ५००००० | १ | १ | २ | २ | २ |
| पशु विज्ञान सञ्चालित विद्यालयको लागि शिक्षक अनुदान | १३००००० | १३००००० | २६००००० | २६००००० | २६००००० | १३ | ५०००० | २ | २ | ४ | ४ | ४ |
| सामुदायिक विद्यालयमा प्राविधिक तथा व्यावसायिक शिक्षा कार्यक्रम सञ्चालन तथा सञ्चालन भएका विद्यालयमा थप विषय सञ्चालनका लागि जनशक्ति ब्यवस्थापन | ६५०००० | ६५०००० | १३००००० | १३००००० | १३००००० | १३ | ५०००० | १ | १ | २ | २ | २ |
| प्राबिधिक तथा ब्यवसायिक सीपका छोटो अवधिका तालिम संचालन (३ महिने) छोटो अवधिका सिपमूलक तालिमहरू सञ्चालन (लक्षित बर्ग) | ० | ४००००० | ४००००० | ४००००० | ४००००० | १ | ४००००० | ० | १ | १ | १ | १ |
| प्राविधिक शिक्षा अध्यापनरत प्रशिक्षक र सहायक प्रशिक्षकलाई क्षमता विकास तालिम | ० | १००००० | १००००० | १००००० | १००००० | १ | १००००० | ० | १ | १ | १ | १ |
| प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदायक संस्थाहरूको अनुगमन, नियमन र ब्यवस्थापन | ५०००० | ५०००० | ५०००० | ५०००० | ५०००० | १ | ५०००० | १ | १ | १ | १ | १ |
| प्राविधिक र व्यावसायिक शिक्षा सम्बन्धी पालिकाको नीति तथा योजना निर्माण | ० | १००००० | ० | ० | ० | १ | १००००० | ० | १ | | | |
| चिकित्सा शिक्षा अध्ययन छात्रवृत्ति | ६००००० | ६००००० | ६००००० | ६००००० | ६००००० | १ | ६००००० | १ | १ | १ | १ | १ |
| प्राविधिक धारका विद्यार्थिहरुका लागि परियोजना कार्य तथा पढ्दै कमाउदै कार्यक्रमका लागि सहयोग | ० | १००००० | १००००० | १००००० | १००००० | १ | १००००० | ० | १ | १ | १ | १ |
| प्राबिधिक धार संचालन सम्बन्धि छलफल तथा अन्तर्क्रिया संचालन | ० | ५०००० | ० | ५०००० | ० | १ | ५०००० | | १ | | १ | |
| **प्राबिधिक तथा ब्यावसायिक शिक्षाको जम्मा बजेट** | **३१०००००** | **४०५००००** | **६९५००००** | **७००००००** | **७१५००००** | | | | | | | |

## ३.५ अनौपचारिक शिक्षा र आजिवन सिकाई

### ३.५.१ परिचय

अनौपचारिक शिक्षा भनेको औपचारिक विद्यालय प्रणालीभन्दा बाहिर सञ्चालन हुने, लचिलो, आवश्यकता आधारित तथा जीवनोपयोगी सिकाइ प्रक्रिया हो । यस प्रकारको शिक्षा निश्चित कक्षा, पाठ्यक्रम वा प्रमाणपत्रमा मात्र सीमित नभई व्यक्तिले दैनिक जीवनका अनुभव, सामाजिक सहभागिता, कार्यस्थल, प्रविधिको प्रयोग, भ्रमण, स्वअध्ययन तथा व्यवहारिक अभ्यासबाट ज्ञान, सीप, मूल्य र जीवनोपयोगी क्षमता आर्जन गर्ने प्रक्रियालाई समेट्दछ ।

आजीवन सिकाइ भन्नाले व्यक्तिले जीवनका प्रत्येक चरणमा निरन्तर रूपमा ज्ञान, सीप, अनुभव र दक्षता हासिल गर्ने प्रक्रियालाई बुझिन्छ । यो औपचारिक शिक्षामा मात्र सीमित नभई बदलिँदो सामाजिक, आर्थिक, वैज्ञानिक तथा प्रविधिगत परिवेशअनुसार निरन्तर सिक्न, आत्मविकास गर्न र जीवन तथा जीविकोपार्जनलाई सुदृढ बनाउन प्रेरित गर्ने शिक्षा प्रणाली हो ।

भौगोलिक विकटता, सामाजिक तथा आर्थिक अवस्था, उमेर, लैङ्गिक असमानता, अपाङ्गता, सांस्कृतिक विविधता तथा अन्य कारणले औपचारिक शिक्षाको पहुँचबाट वञ्चित भएका बालबालिका, युवा तथा प्रौढ नागरिकका लागि अनौपचारिक शिक्षा प्रभावकारी विकल्पका रूपमा रहेको छ । यसले शिक्षामा समतामूलक पहुँच विस्तार गर्नुका साथै साक्षरता, साक्षरोत्तर शिक्षा, निरन्तर शिक्षा, खुला तथा वैकल्पिक सिकाइ, सीप विकास, जीविकोपार्जन र सामाजिक सशक्तीकरणमा महत्वपूर्ण योगदान पुऱ्याउँछ ।

नेपालको संविधानले प्रत्याभूत गरेको शिक्षाको मौलिक हक, दिगो विकास लक्ष्य ४, राष्ट्रिय शिक्षा नीति, २०७६ तथा आवधिक योजनाले परिकल्पना गरेको सबैका लागि समावेशी, समतामूलक र गुणस्तरीय शिक्षा तथा आजीवन सिकाइका अवसर सुनिश्चित गर्ने लक्ष्य

प्राप्त गर्न औपचारिक शिक्षासँगै अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ कार्यक्रमको प्रभावकारी विस्तार र सुदृढीकरण अपरिहार्य रहेको छ ।

### ३.५.२ वर्तमान अवस्था

सानीभेरी गाउँपालिकामा अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका कार्यक्रमलाई औपचारिक शिक्षासँग एकीकृत गरी योजनाबद्ध रूपमा कार्यान्वयन गर्ने व्यवस्था हालसम्म पूर्ण रूपमा विकास हुन सकेको छैन। गाउँपालिकाभित्र हाल ४ वटा सामुदायिक सिकाइ केन्द्र सञ्चालनमा रहे पनि ती केन्द्रहरूको संस्थागत सुदृढीकरण, कार्यक्रम सञ्चालन, स्रोत साधन व्यवस्थापन तथा प्रभावकारी परिचालन अपेक्षाअनुसार हुन सकेको देखिँदैन। त्यसैले समुदायको आवश्यकता, स्थानीय सम्भावना तथा लक्षित वर्गलाई केन्द्रमा राखी अनौपचारिक, वैकल्पिक तथा आजीवन सिकाइका कार्यक्रमलाई व्यवस्थित, प्रभावकारी र नतिजामुखी रूपमा योजना बनाई कार्यान्वयन गर्नुपर्ने आवश्यकता रहेको छ ।

राष्ट्रिय जनगणना, २०७८ अनुसार सानीभेरी गाउँपालिकामा साक्षरता प्रतिशत ७५.६६ (पुरुष ८२.०३ र महिला ६९.७७) रहेको छ । ५ वर्ष वा सोभन्दा माथिका जनसंख्यामध्ये ७५.६५ प्रतिशत साक्षर रहेका छन् । यसबाट अझै करिब २४.३४ प्रतिशत जनसंख्या साक्षरताको पहुँचबाट बाहिर रहेको देखिन्छ । यस्तो अवस्थालाई मध्यनजर गर्दै निरक्षर नागरिकका लागि साक्षरता कार्यक्रम, साक्षरोत्तर शिक्षा, सीपमूलक तथा जीविकोपार्जनमुखी तालिम, डिजिटल साक्षरता, खुला तथा वैकल्पिक शिक्षा र आजीवन सिकाइका कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गरी सबै नागरिकलाई शिक्षाको अवसरमा पहुँच सुनिश्चित गर्न आवश्यक देखिन्छ । अझ भन्ने हो भने स्थानीय तहमा विद्यालय उमेरका विद्यालय बाहिर रहेको बालवालिकाहरु पहिचान गरी उनिहरुलाई बैकल्पिक शिक्षाका अवसरहरुमा समाहित गर्न पनि नसकेको अवस्था छ ।

### ३.५.३ समस्याहरु

१. अनौपचारिक, वैकल्पिक तथा आजीवन सिकाइका कार्यक्रमहरूको प्रभावकारी योजना, व्यवस्थापन र कार्यान्वयन हुन नसक्नु ।
२. सामुदायिक सिकाइ केन्द्रहरूको संस्थागत सुदृढीकरण, स्रोत साधन तथा कार्यक्रम सञ्चालन प्रभावकारी हुन नसक्नु ।
३. विद्यालयबाहिर रहेका बालबालिका तथा निरक्षर युवा—प्रौढलाई वैकल्पिक शिक्षा र आजीवन सिकाइका अवसरमा समावेश गर्न नसक्नु ।

### ३.५.४ लक्ष्य

अनौपचारिक, वैकल्पिक तथा आजीवन सिकाइका अवसरमा सबै नागरिकको समतामूलक पहुँच सुनिश्चित गरी साक्षर, सीपयुक्त, आत्मनिर्भर तथा उत्पादनशील सक्षम नागरीक तयार गर्नु ।

### ३.५.५ उदेश्यहरु

१. सानीभेरी गाउँपालिकाभित्रका सबै नागरिकका लागि अनौपचारिक, वैकल्पिक तथा आजीवन सिकाइका अवसरमा समतामूलक र समावेशी पहुँच सुनिश्चित गर्दै साक्षरता तथा निरन्तर सिकाइको प्रवर्द्धन गर्नु ।
२. विद्यालयबाहिर रहेका बालबालिका, विद्यालय छोडेका किशोर किशोरी, युवा तथा प्रौढलाई वैकल्पिक शिक्षामार्फत औपचारिक शिक्षाको मूलधारमा समावेश गर्दै सीप, जीविकोपार्जन तथा जीवनोपयोगी क्षमताको विकास गर्नु ।
३. सामुदायिक सिकाइ केन्द्रहरूको संस्थागत सुदृढीकरण गर्दै अभिभावक शिक्षा, रेडियो तथा दूरशिक्षा, टोल शिक्षा, डिजिटल सिकाइ, छोटो अवधिका सीपमूलक तालिम, युवा विकास तथा अन्य आजीवन सिकाइ कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्नु ।

४. स्थानीय आवश्यकता र लक्षित समुदायको आधारमा अनौपचारिक तथा आजीवन सिकाइका कार्यक्रमलाई विद्यालय शिक्षा योजना, स्थानीय विकास योजना तथा सरोकारवालासँगको सहकार्यमार्फत प्रभावकारी रूपमा कार्यान्वयन गर्नु ।

### ३.५.६ रणनीतिहरु

१. स्थानीय आवश्यकता, लक्षित वर्ग तथा सरोकारवालाको सहभागिताका आधारमा अनौपचारिक, वैकल्पिक तथा आजीवन सिकाइको नीतिगत व्यवस्था, कार्यक्रम तथा कार्यान्वयन प्रणाली विकास गर्ने ।

२. विद्यालयबाहिर रहेका बालबालिका, निरक्षर युवा तथा प्रौढका लागि अनौपचारिक कक्षा, वैकल्पिक शिक्षा, रेडियो शिक्षा, दूरशिक्षा तथा टोल शिक्षा कार्यक्रम सञ्चालन गरी शिक्षामा पहुँच विस्तार गर्ने ।

३. सामुदायिक सिकाइ केन्द्र तथा शैक्षिक सूचना केन्द्रको संस्थागत सुदृढीकरण गर्दै वडास्तरसम्म सीपमूलक, आयमूलक, अभिभावक शिक्षा तथा आजीवन सिकाइका कार्यक्रम सञ्चालन गर्ने ।

४. लक्षित समुदायको आवश्यकता तथा स्थानीय सन्दर्भअनुसार अनौपचारिक शिक्षाको पाठ्यक्रम, सिकाइ सामग्री, सञ्चालन कार्यविधि तथा मूल्याङ्कन प्रणाली विकास गरी प्रभावकारी कार्यान्वयन गर्ने ।

५. अनौपचारिक तथा आजीवन सिकाइका कार्यक्रम प्रभावकारी बनाउन सङ्घ, प्रदेश, स्थानीय तह, सामुदायिक संस्था, गैरसरकारी संस्था तथा अन्य सरोकारवालाबीच समन्वय, सहकार्य र साझेदारी सुदृढ गर्ने।

### ३.५.७ प्रमुख उपलब्धि र नतिजा

अनौपचारिक तथा वैकल्पिक शिक्षाको प्रभावकारी कार्यान्वयनबाट सबै नागरिकका लागि आजीवन सिकाइका अवसर सुनिश्चित भई सामुदायिक सिकाइ केन्द्रहरू प्रभावकारी आजीवन सिकाइ केन्द्रका रूपमा विकास भएका हुनेछन् ।

| अनौपचारिक र आजीवन शिक्षा कार्यक्रमका लागि प्रस्तावित कार्यक्रमहरू (Proposed Activities for Non-Formal and Continious Education) | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | लगानीको अनुमान (Cost Estimates (in '000s) | | | | | एकाई | प्रस्तावित बजेट | बार्षिक भौतिक लक्ष्य (Yearly Physical Target) | | | | |
| प्रस्तावित कार्यक्रमहरु | २०२६/२७ | २०२७/२८ | २०२८/२९ | २०२९/३० | २०३०/३१ | | | २०२६/२७ | २०२७/२८ | २०२८/२९ | २०२९/३० | २०३०/३१ |
| | ८३/८४ | ८४/८५ | ८५/८६ | ८६/८७ | ८७/८८ | | | ८३/८४ | ८४/८५ | ८५/८६ | ८६/८७ | ८७/८८ |
| स्थानीय तह र सो तहमा कार्यरत गैर-सरकारी र अन्य सङ्घ-सँस्थाहरू सँगको सहकार्यमा अनौपचारिक शिक्षा र निरन्तर शिक्षासम्बन्धी स्थानीय तहको मापदण्ड र निर्देशिकाहरूको विकास गर्ने | ० | १००००० | ० | ० | ० | १ | १००००० | ० | १ | ० | ० | ० |
| स्थानीय तह र सो तहमा कार्यरत गैर-सरकारी र अन्य सङ्घ-सँस्थाहरू सँगको सहकार्यमा अनौपचारिक शिक्षा र निरन्तर शिक्षा सन्चालन र व्यवस्थापनसम्बन्धी लागत सहभागिताको तौरतरिका तथा बिधिका लागि ढाँचा र स्वरूप विकास गर्ने | ० | ५०००० | ० | ० | ० | १ | ५०००० | ० | १ | ० | ० | ० |
| स्थानीय तहका सबै सरोकारवालाहरू सँगको समन्वय र सहयोगमा लक्षित कार्यक्रमहरू मार्फत स्थानीय तहका वार्डहरूलाई चरणबद्ध रूपमा पूर्ण साक्षरता बनाउन पूर्ण साक्षर पालिका कार्यक्रम सन्चालन | ० | ३३०००० | ३३०००० | ३३०००० | ३३०००० | १ | ३०००० | ० | ११ | ११ | ११ | ११ |
| अनौपचारिक शिक्षा र निरन्तर शिक्षाका लागि रेडियो, टिभी र सामाजिक संजाल जस्ता आम सन्चारका साधनहरूको उपयोग गर्न बजेट अनुदान (स्थानीय तहमा अनौपचारिक शिक्षा र निरन्तर शिक्षासमबन्धी बिषयबस्तुहरुको विकास, बितरण र प्रचारप्रसार गर्ने) | १००००० | १००००० | १००००० | १००००० | १००००० | १ | १००००० | 1 | 1 | 1 | 1 | 1 |
| स्थानीय तहको प्रत्येक वार्डमा सन्चालित सामुदायिक अध्ययन केन्द्रमा रहेका पुस्तकालयहरू सँग सम्बन्ध स्थापना गराउने गरी समुदाय स्तरमा पुस्तकालय स्थापना र सन्चालन गर्ने | ० | ० | ० | ० | ० | | | ० | ४ | ४ | ४ | ४ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| अनौपचारिक शिक्षा र निरन्तर शिक्षाका अययन, अद्यापन र व्यवहारिक बिषयबस्तु विकास गर्दा वातावरणको परिवर्तन, संरक्षण, प्राथमिक स्वास्थ्य, परम्परागत ज्ञान र सीपहरूको अभिबृधि, स्थानीयस्तरका बिभिन्न सवालहरू र अन्य स्थानीय बिकासात्मक पक्षहरूलाई समेटेर तयार गर्ने | ० | ० | ० | ० | ० | | | ० | ० | ० | ० | ० |
| हाल सन्चालनमा रहेका समुदायिक केन्द्रहरूमा आवश्यकतामा आधारित नमुना कार्यक्रमहरु थपगरी सवलिकरण गर्ने साथै समुदायिक केन्द्रहरूको सन्चालन र व्यवस्थापन खर्च र अनौपचारिक शैक्षिक सुचना व्यवस्थापन प्रणालीको कार्यान्वयन गरी तथ्याँक बिबरण तयार गर्ने तलव बापतको बजेट | १६०००० | १६०००० | १६०००० | १६०००० | १६०००० | १ | ४००००० | ४ | ४ | ४ | ४ | ४ |
| हाल सन्चालनमा रहेका समुदायिक केन्द्रहरूमा आवश्यकतामा आधारित नमुना कार्यक्रमहरु थपगरी सवलिकरण गर्ने साथै समुदायिक केन्द्रहरूको सन्चालन र व्यवस्थापन खर्च र अनौपचारिक शैक्षिक सुचना व्यवस्थापन प्रणालीको कार्यान्वयन गरी तथ्याँक बिबरण तयार गर्ने ब्यवस्थापन खर्च | २००००० | २००००० | २००००० | २००००० | २००००० | १ | ५०००० | ४ | ४ | ४ | ४ | ४ |
| अनौपचारिक र निरन्तर शिक्षासम्बन्धी NQF कार्यन्वयन (समकक्षता मूल्यांकन र निर्धारणका लागि ऐन, निर्देशिका साथै सँस्थागत संरचना, मानव स्रोत विकास र तिनको क्षमता अभिबृधि गर्ने) का लागि बजेट अनुदान | ० | १००००० | ० | १००००० | ० | १ | १००००० | ० | १ | ० | १ | ० |
| शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा हाल सन्चालनमा रहेको Online Learning Portal मा अनौपचारिक शिक्षा र निरन्तर शिक्षासम्बन्धी सम्बन्धी Online सामाग्रीहरुको विकास र कार्यान्वयन साथै नमुना CLC हरुका लागि Online र Offlline नमूना सामाग्रीहरु विकास र प्रयोग गर्न बजेट अनुदान | १६०००० | १६०००० | १६०००० | १६०००० | १६०००० | १ | ४०००० | ४ | ४ | ४ | ४ | ४ |
| CLC परिचालकहरुको क्षमता अभिबृधि/तालिमका लागि बजेट अनुदान | १००००० | १००००० | १००००० | १००००० | १००००० | १ | २५००० | ४ | ४ | ४ | ४ | ४ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| अनौपचारिक र निरन्तर शिक्षा कार्यक्रमहरुको अनुगमन बापतको बजेट अनुदान | ४०००० | ४०००० | ४०००० | ४०००० | ४०००० | १ | ४०००० | 1 | 1 | 1 | 1 | 1 |
| अनौपचारिक शिक्षाका लागि प्रौढ बिद्यालय तथा बैकल्पिक शिक्षा कार्यक्रम सन्चालन बजेट अनुदान | ० | ३००००० | ३००००० | ३००००० | ३००००० | १ | ३००००० | ० | १ | १ | १ | १ |
| सानीभेरी गाउँपालिकाले गर्न चाहेका कार्यक्रमहरु: | | | | | | | | | | | |
| सामुदायिक सिकाई केन्द्र CLC मार्फत जीवनउपयोगी सीप तथा सचेतना कार्यक्रम संचालन (घरेलु बुनाइ, आयआर्जन तथा डिजिटल साक्षरता शिक्षा) | ० | २००००० | २००००० | ४००००० | ४००००० | १ | १००००० | ० | २ | २ | ४ | ४ |
| सामुदायिक सिकाई केन्द्र CLC का लागि प्रबिधि तथा इन्टरनेट सुबिधा | ० | १२०००० | १२०००० | १२०००० | १२०००० | १ | ३०००० | ० | ४ | ४ | ४ | ४ |
| समुदायमा जनसंख्याको तथ्यांक संकलन बर्गिकरण बिश्लेषण गर्ने बिद्यालय बाहिर रहेका बालबालिका पहिचान गर्ने | ० | ११०००० | ११०००० | ११०००० | ११०००० | १ | १०००० | | ११ | ११ | ११ | ११ |
| जिवनपर्यन्त सिकाईका लागि छोटो अवधिका कार्यक्रम तथा तालिम | ० | ३००००० | ६००००० | ६००००० | ६००००० | १ | १५०००० | ० | २ | ४ | ४ | ४ |
| अनौपचारिक शिक्षा प्रवाहका लागि समुदाय स्तरमा बालक्लव, यूवा क्लब र नागरिक समाज संजालको परिचालन गर्ने। | ० | ८०००० | ८०००० | ८०००० | ८०००० | १ | २०००० | | ४ | ४ | ४ | ४ |
| समुदाय तथा विद्यालयमा कानुनी सचेतना, लागु औषध दुर्ब्यसनी, समाजिक गलत अभ्यास तथा डिजिटल साक्षरता सम्बन्धि कार्यक्रम संचालन | ५०००० | ११०००० | ११०००० | ११०००० | ११०००० | १ | १०००० | ५ | ११ | ११ | ११ | ११ |
| आवश्यकता अनुसार अनौपचारिक शिक्षाका कार्यक्रम संचालन (बैकल्पिक शिक्षा कार्यक्रम, पौढ शिक्षा तथा आजिवन सिकाई सीप) | ० | ५००००० | ५००००० | ५००००० | ५००००० | १ | ५००००० | ० | १ | १ | १ | १ |
| पालिका भित्र डिजिटल शिक्षा तथा बित्तिय साक्षरता शिक्षा संचालन गर्ने | २००००० | २००००० | २००००० | २००००० | २००००० | १ | २००००० | १ | १ | १ | १ | १ |
| **अनौपचारिक र आजीवन शिक्षा कार्यक्रमको जम्मा अनुमानित बजेट** | **२४५००००** | **४७०००००** | **४७५००००** | **५०५००००** | **४९५००००** | | | | | | | |

# परिच्छेद ४

# अन्तरसम्बन्धित बिषय तथा क्षेत्रहरू

## ४.१ पाठ्यक्रम, पाठ्यसामग्री, सिकाइ सामग्री

### ४.१.१ परिचय

पाठ्यक्रम शिक्षा प्रणालीको मार्गदर्शन गर्ने आधारभूत दस्तावेज हो । यसले कुनै कक्षा वा तहमा के-के विषयवस्तु सिकाउने भन्ने मात्र निर्धारण गर्दैन, बरु देश, काल, परिस्थिति तथा समाजको आवश्यकता अनुरूप विद्यार्थीमा विकास गरिनुपर्ने ज्ञान, सीप, मूल्य, दृष्टिकोण र सक्षमताको पनि मार्गनिर्देशन गर्दछ । साथै, के पढाउने, कुन शिक्षण-सिकाइ विधि र क्रियाकलापमार्फत अपेक्षित सिकाइ उपलब्धि हासिल गराउने तथा विद्यार्थीले अपेक्षित सिकाइ हासिल गरे-नगरेको मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण कसरी प्रदान गर्ने भन्ने विषयसमेत पाठ्यक्रमले स्पष्ट रूपमा निर्धारण गर्दछ ।

पाठ्यक्रमको मुख्य उद्देश्य मानवीय चेतनाको विकास, बौद्धिक क्षमता अभिवृद्धि तथा बालबालिकाको सर्वाङ्गीण विकास गर्नु हो । यसका साथै समाजको सभ्यता, संस्कृति, मूल्य र मान्यताको संरक्षण, हस्तान्तरण तथा विकास गर्दै शिक्षण-सिकाइ प्रक्रियाको स्वरूप निर्धारण गर्नु पनि पाठ्यक्रमका महत्वपूर्ण उद्देश्यहरू हुन् ।

मानवीय आवश्यकता, बालबालिकाको रुचि, समाजका मूल्य-मान्यता तथा विश्व परिवेशमा विकसित ज्ञान, सीप र प्रविधिलाई आत्मसात् गर्दै पाठ्यक्रमलाई समयसापेक्ष, गतिशील र लचिलो दस्तावेजका रूपमा विकास र कार्यान्वयन गर्न आवश्यक हुन्छ ।

पाठ्यक्रम कार्यान्वयनको प्रमुख माध्यम पाठ्यपुस्तक हो । सूचना तथा सञ्चार प्रविधिको पहुँच अझै सीमित रहेको नेपाली सन्दर्भमा पाठ्यपुस्तक नै अधिकांश विद्यार्थीका लागि सिकाइको मुख्य स्रोतका रूपमा रहेको छ । यसले पाठ्यक्रममा निर्धारित सिकाइ उपलब्धि हासिल गर्न महत्वपूर्ण सहयोग पुऱ्याउँछ । नेपाल सरकारले हाल सामुदायिक

विद्यालयमा अध्ययनरत सबै विद्यार्थीलाई निःशुल्क पाठ्यपुस्तक उपलब्ध गराउँदै आएको छ, जसले गुणस्तरीय र समतामूलक शिक्षामा पहुँच विस्तार गर्न महत्वपूर्ण योगदान पुऱ्याएको छ ।

### ४.१.२ वर्तमान अवस्था

सानीभेरी गाउँपालिकाका सबै विद्यालयहरूमा राष्ट्रिय पाठ्यक्रम प्रारूपअनुसारका पाठ्यक्रमहरू कार्यान्वयनमा रहेका छन् । स्थानीय आवश्यकता, भौगोलिक परिवेश, भाषा, संस्कृति तथा जीवनशैलीलाई समेट्दै कक्षा ४-५ र कक्षा ६-८ का लागि स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास गरी अभ्यासउन्मुख अवस्थामा छ ।

पाठ्यक्रम तथा पाठ्यपुस्तकको प्रभावकारी कार्यान्वयनका लागि हाल कक्षा १ देखि १० सम्मका सबै विषय र कक्षा ११ तथा १२ का अनिवार्य विषयका पाठ्यपुस्तकहरू निःशुल्क उपलब्ध गराउने व्यवस्था कार्यान्वयनमा रहेको छ । तथापि, सीमित स्रोत साधनका र पहुँचका कारण सबै विद्यालयका कक्षा ११-१२ मा आवश्यक परिमाणमा पाठ्यपुस्तक उपलब्ध गराउन सकिएको छैन ।

विद्यालयहरूमा विभिन्न विषयका पाठ्यक्रम, शिक्षक निर्देशिका, सन्दर्भ सामग्री तथा शिक्षण-सिकाइ सामग्रीको प्रयोग हुँदै आएको भए पनि तिनको प्रभावकारिताको नियमित अनुगमन, मूल्याङ्कन तथा समीक्षा गरी थप सुधार गर्नुपर्ने आवश्यकता देखिएको छ ।

राष्ट्रिय पाठ्यक्रम प्रारूपअनुसार कक्षा १ देखि ३ सम्म विषयक्षेत्रहरूलाई एकीकृत गरी अन्तरसम्बन्धित विषयवस्तुमा आधारित शिक्षण-सिकाइ प्रणाली कार्यान्वयनमा रहेको छ । साथै, प्रत्येक विषयको प्रकृतिअनुसार विद्यार्थीलाई कुल मूल्याङ्कनको २५ देखि ५० प्रतिशत भार बराबरका प्रयोगात्मक कार्य, परियोजना कार्य, सामुदायिक कार्य तथा अन्य व्यवहारिक सिकाइ गतिविधिमा सहभागी गराउने व्यवस्था कार्यान्वयन गरिएको छ ।

विद्यार्थीको सिकाइ उपलब्धिलाई थप प्रभावकारी बनाउन परीक्षण तथा मूल्याङ्कन प्रणालीमा सुधार गरी आधारभूत तह कक्षा १-३ सम्म निरन्तर विद्यार्थी मूल्याङ्कन (Continuous Student Assessment System) लागू गरिएको छ भने संघीय सरकारको कक्षा ४ र ५ को समेत निरन्तर मूल्याङ्कन पद्दतिमा लैजाने तयारी स्वरुप यस आव देखि यस पालिका पनि आवश्यक तयारीमा रहेको छ । त्यसैगरी, सबै कक्षामा अक्षराङ्कन प्रणालीका आधारमा नतिजा प्रकाशन गर्ने व्यवस्था कार्यान्वयनमा रहेको छ । तथापि, परीक्षा तथा मूल्याङ्कन प्रणालीलाई अझ बढी वस्तुनिष्ठ, विश्वसनीय, सिकाइमुखी तथा उपलब्धिमूलक बनाउन थप सुधार, क्षमता विकास र प्रभावकारी कार्यान्वयन आवश्यक रहेको देखिन्छ।

### ४.१.३ समस्या तथा चुनौतिहरु

१. पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि तह तथा विषयअनुसार दक्ष र योग्य शिक्षकको पर्याप्त व्यवस्था हुन नसक्नु ।
२. स्थानीय आवश्यकता, भाषा, संस्कृति तथा सन्दर्भअनुकूल स्थानीय पाठ्यक्रम र पाठ्यसामग्रीको विकास तथा कार्यान्वयनका लागि आवश्यक क्षमता र स्रोतको अभाव हुनु ।
३. सबै शिक्षक तथा प्रधानाध्यापकलाई नयाँ तथा परिमार्जित पाठ्यक्रमसम्बन्धी अभिमुखीकरण र क्षमता विकासका अवसर पर्याप्त रूपमा उपलब्ध हुन नसक्नु ।
४. समयसापेक्ष रूपमा पाठ्यक्रम तथा पाठ्यसामग्रीको समीक्षा, परिमार्जन, अद्यावधिक र प्रभावकारी कार्यान्वयनमा निरन्तरता कायम हुन नसक्नु।
५. अपाङ्गता भएका, अनाथ, असहाय तथा विशेष आवश्यकता भएका बालबालिकाका लागि आवश्यकता अनुकूल समावेशी पाठ्यसामग्री, सिकाइ स्रोत तथा सहायक सामग्रीको पर्याप्त व्यवस्था हुन नसक्नु।

### ४.१.४ लक्ष्य

राष्ट्रिय तथा स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन, गुणस्तरीय पाठ्यसामग्रीको उपलब्धता र प्रयोग तथा स्तरयुक्त मूल्याङ्कन प्रणालीमार्फत विद्यार्थीको अपेक्षित सिकाइ उपलब्धि सुनिश्चित गर्नु।

### ४.१.५ उदेश्यहरु

पाठ्यक्रम तथा पाठ्यसामग्रीका उद्देश्यहरू

१. पाठ्यक्रममा आधारित पाठ्यवस्तु, पाठ्यपुस्तक तथा अन्य सिकाइ सामग्रीको प्रभावकारी प्रयोगमार्फत विद्यार्थीमा आवश्यक ज्ञान, सीप, मूल्य, दृष्टिकोण तथा व्यवहारको विकास गर्नु ।
२. स्थानीय तहको भौगोलिक, सामाजिक, सांस्कृतिक, आर्थिक तथा पर्यावरणीय विशेषता, आवश्यकता र विविधतालाई समेट्दै स्थानीय परम्परागत ज्ञान, सीप, कला, संस्कृति, पेशा तथा व्यवसायको संरक्षण, प्रवर्द्धन र आधुनिकीकरणमा टेवा पुऱ्याउने स्थानीय पाठ्यक्रम विकास गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्नु ।
३. स्थानीय पाठ्यक्रममा आधारित गुणस्तरीय पाठ्यपुस्तक, शिक्षक सहयोगी सामग्री तथा अन्य सिकाइ सामग्रीको विकास, उत्पादन र प्रभावकारी प्रयोग सुनिश्चित गर्नु।
४. पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि हासिल भए नभएको यथार्थ रूपमा मापन गर्न विश्वसनीय, वस्तुनिष्ठ, समावेशी तथा स्तरयुक्त मूल्याङ्कन प्रणालीको विकास र प्रभावकारी कार्यान्वयन गर्नु ।

### ४.१.६ रणनीति

१. स्थानीय आवश्यकता, राष्ट्रिय पाठ्यक्रम प्रारूप तथा प्रदेशको नीतिअनुरूप स्थानीय पाठ्यक्रम, पाठ्यपुस्तक, सन्दर्भ सामग्री तथा अन्य शैक्षिक सामग्रीको विकास, परिमार्जन र प्रभावकारी कार्यान्वयन गर्ने ।

२. पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि शिक्षक, प्रधानाध्यापक तथा सरोकारवालाको क्षमता अभिवृद्धि, प्रबोधीकरण, पेशागत विकास तथा नियमित तालिम सञ्चालन गर्ने ।
३. पाठ्यक्रम कार्यान्वयनका लागि आवश्यक पाठ्यपुस्तक, शिक्षक निर्देशिका, सन्दर्भ सामग्री, सिकाइ सामग्री तथा प्रविधिमैत्री शैक्षिक स्रोतहरूको उपलब्धता र व्यवस्थापन सुनिश्चित गर्न विभिन्न निकायसँग साझेदारी तथा समन्वय गर्ने ।
४. पाठ्यक्रम, पाठ्यपुस्तक तथा सिकाइ सामग्रीको गुणस्तर अभिवृद्धिका लागि सरोकारवालाबीच कार्यशाला, अन्तरक्रिया, समीक्षा, अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई सुदृढ गर्दै निरन्तर सुधार गर्ने ।
५. विद्यार्थीको सिकाइ उपलब्धि सुनिश्चित गर्न निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली तथा अन्य मूल्याङ्कन प्रक्रियालाई प्रभावकारी, एकरूप र सिकाइमुखी रूपमा कार्यान्वयन गर्ने।

### ४.१.७ प्रमुख उपलब्धि तथा नतिजा

१. स्थानीय आवश्यकता तथा राष्ट्रिय पाठ्यक्रम प्रारूपअनुसार स्थानीय पाठ्यक्रम, पाठ्यपुस्तक, पाठ्यसामग्री र शैक्षिक सामग्रीको विकास तथा प्रभावकारी कार्यान्वयन सुनिश्चित भएको हुनेछ ।
२. पाठ्यक्रम कार्यान्वयन, शिक्षकको क्षमता अभिवृद्धि तथा निरन्तर, आवधिक र स्तरयुक्त मूल्याङ्कन प्रणाली सुदृढ भई विद्यालयमा गुणस्तरीय शिक्षण सिकाइ प्रक्रिया प्रभावकारी बनेको हुनेछ ।
३. पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि हासिल भई विद्यार्थीको ज्ञान, सीप, मूल्य, दृष्टिकोण तथा समग्र सिकाइ उपलब्धिमा उल्लेखनीय सुधार भएको हुनेछ।
४. राष्ट्रिय तथा स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनमार्फत विद्यालय शिक्षाको गुणस्तर, सान्दर्भिकता तथा सिकाइको प्रभावकारितामा वृद्धि भएको हुनेछ।

| पाठ्यक्रम, पाठ्यसामग्री, सिकाइ सामग्री कार्यक्रमका लागि प्रस्तावित कार्यक्रमहरू (Proposed Activities for Curriculum and Evaluation) | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रस्तावित कार्यक्रमहरु | लगानीको अनुमान (Cost Estimates | | | | | इकाई | प्रस्तावित प्रति इकाई बजेट | बार्षिक भौतिक लक्ष्य (Yearly Physical Target) | | | | |
| | २०२६/२७ ८३/८४ | २०२७/२८ ८४/८५ | २०२८/२९ ८५/८६ | २०२९/३० ८६/८७ | २०३०/३१ ८७/८८ | | | २०२६/२७ ८३/८४ | २०२७/२८ ८४/८५ | २०२८/२९ ८५/८६ | २०२९/३० ८६/८७ | २०३०/३१ ८७/८८ |
| **राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ को कार्यन्वयन** (तहगत पाठ्यक्रमहरूको विकास, परीक्षण र कार्यन्वयन, नमुना पाठ्यपुस्तकहरूको विकास, शिक्षक निर्देशिका र सन्दर्भ सामग्रीहरुको प्रबोधिकरण विकास गर्ने) | २५०००० | २५०००० | २५०००० | २५०००० | २५०००० | १ | २५०००० | १ | १ | १ | १ | १ |
| **पाठ्यक्रमको मूल्यांकन** (मुल्यांकन, सुधार र बिद्यालयमा आधारित पाठ्यक्रम विकास र नमूना परीक्षण) | ० | २००००० | ० | २००००० | ० | १ | २००००० | ० | १ | ० | १ | ० |
| **Digital सामाग्रीहरुको कार्यन्वयन** (विधुतीय अन्तरक्रियात्मक सामाग्रीहरुको विकास र तिनलाई Online/Offline माध्यमबाट बिद्यार्थी (अपाङ्गता भएका बिद्यार्थी समेत) र शिक्षकको पँहुचसम्म पुर्याउने सुनिश्चित गर्ने, पाठ्यक्रम विकास केन्द्रबाट विकास गरिएका सबै सामाग्रीहरुलाई विधुतीय प्रती बनाई तिनलाई e-library को विकास गरी सबैको पँहुच सुनिश्चित गर्ने | २००००० | २००००० | २००००० | २००००० | २००००० | १ | २००००० | १ | 1 | १ | १ | १ |
| सँस्थागत संरचनाको विकास र क्षमता अभिबृद्धि गर्ने (बिज्ञहरुको परिचालन गरी स्थानीय तहहरूमा स्थानीय पाठ्यक्रमको विकास र कार्यान्वयनका लागि प्राबिधिक सहयोग प्रदान गर्ने बिधि र पद्धति स्थापित गर्ने) | ० | ० | ० | ० | ० | | ३००००० | १ | | १ | | १ |
| आधारभूत तहको पाठ्यक्रका लागि सबै शिक्षकहरूलाई अभिमुखीकरण प्रबोधिकरण तालिम प्रदान गर्ने | ४१०००० | ० | ४१०००० | ० | ४१०००० | १ | १०००० | ४१ | ० | ४१ | | ४१ |
| आन्तरिक र बाह्य दुवै विधिका बिद्यार्थी मुल्यांकन र तिनको कार्यन्वयनको मापदण्डहरू विकास गर्ने (जसमा:- नमूना सामाग्रीहरु विकास गर्ने, कक्षाकोठामा आधारित मुल्यांकनका मापदण्डहरूको विकास र तिनको बारेमा अभिमुखीकरण साथै बिद्यार्थी प्रगतीको प्रतिबेदन र सुझाव सङ्कलन) | ० | ३००००० | ० | ० | ३००००० | १ | ३००००० | ० | १ | ० | ० | १ |
| प्राबिधिक धारका बिषयहरुको पाठ्यक्रम र सिकाई सामग्रीहरुको विकास र कार्यान्वयन गर्ने (जसमा:- प्राबिधिक धारका बिषयगत समस्या तथा सवालहरू पत्ता लागउने, तिनलाई पाठ्यक्रममा समायोजन गर्ने र सोका आधारमा पाठ्यपुस्तक, सिकाई सामग्रीहरूको विकास, मुल्यांकन पद्धतिको विकास र तिनको प्रबोधिकरण, बितरण, प्रयोग बिषयहरु समाबेश गर्ने) | ० | २००००० | २००००० | २००००० | २००००० | १ | २००००० | ० | १ | १ | १ | १ |
| बहूपाठ्यपुस्तकहरूको कार्यान्यन गर्ने (जसमा:- बहू पाठ्यपुस्तक नीतिको कार्यान्यन गर्ने, गुणस्तर सुनिश्चित गर्ने, पाठ्यपुस्तकहरुको | ० | ० | २००००० | ० | ० | १ | २००००० | ० | ० | १ | ० | ० |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| मुल्यांकन र छनौट, बहूबर्षिय पाठ्यपुस्तकहरूको परिक्षण गर्ने र अपाङ्गता भएका बिद्यार्थीहरूका लागि उपयुक्त पाठ्यपुस्तकहरूको विकास गर्ने) | | | | | | | | | | | | |
| बिद्यालय शिक्षा पाठ्यक्रम, पाठ्यपुस्तक र अन्य बिषय क्षेत्रका निर्देशिका, बिधि र प्रक्रियाहरूको विकास र परिमार्जन गर्ने र तिनलाई एकीकृत गर्ने) | ० | ० | ० | ५००००० | ० | १ | ५००००० | ० | ० | ० | १ | ० |
| **सानीभेरी गाउँपालिकाले थप गर्न चाहेका कार्यक्रमहरु** | | | | | | | | | | | | |
| स्थानीय पाठ्यक्रमको आवश्यक परिमार्जन, संशोधन र विकास प्रबोधिकरण गर्ने | ४००००० | ० | ० | ४००००० | ० | १ | ४००००० | १ | ० | ० | १ | ० |
| स्थानीय पाठ्यपुस्तकको तयारी तथा लेखन तथा संशोधन | ५००००० | ० | ० | ५००००० | ० | १ | ५००००० | १ | | | १ | |
| आवश्यकतामा आधारित पाठ्य सामग्री तथा सामग्री ब्वस्थापन | ५००००० | ५००००० | ५००००० | ५००००० | ५००००० | १ | ५००००० | १ | १ | १ | १ | १ |
| निरन्तर मूल्याङ्कन र आन्तरिक मूल्याङ्कनको प्रभावकारी कार्यान्वयन | ४००००० | ४००००० | ४००००० | ४००००० | ४००००० | १ | ४००००० | १ | १ | १ | १ | १ |
| बिषय बस्तु तथा पाठ्यक्रममा जलवायू परिवर्तन तथा उत्थानशिलता र बृहत्तर विद्यालय सुरक्षाका सामग्री समायोजन र कार्यान्वयन | ० | २००००० | ० | २००००० | ० | १ | २००००० | ० | १ | ० | १ | ० |
| पाठ्यक्रम कार्यान्वयनको कार्ययोजना निर्माणका साथै पाठ्यक्रम र मूल्याङ्कन बिच तादात्म्यता कायम | ५००००० | ५००००० | ५००००० | ५००००० | ५००००० | १ | ५००००० | १ | १ | १ | १ | १ |
| **पाठ्यक्रम र मुल्यांकन कार्यक्रमको जम्मा बजेट** | **३१६००००** | **२७५००००** | **२६६००००** | **३८५००००** | **२७६००००** | | | | | | | |

## ४.२ शिक्षक ब्यवस्थापन र विकास

### ४.२.१ परिचय

शिक्षा क्षेत्रको गुणस्तरीय विकास र सुधारका लागि शिक्षक व्यवस्थापन तथा पेशागत विकास एक महत्वपूर्ण उपक्षेत्र हो । दक्ष, सक्षम, उत्प्रेरित तथा उत्तरदायी शिक्षकको परिचालनबाट मात्र पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि तथा विद्यार्थीमा अपेक्षित ज्ञान, सीप, मूल्य र व्यवहारको प्रभावकारी विकास गर्न सकिन्छ । शिक्षा समाजको परिवर्तन, विकास र समृद्धिको प्रमुख आधार भएकाले शिक्षकको योग्यता, क्षमता, दक्षता र पेशागत प्रतिबद्धताले विद्यार्थीको सिकाइ उपलब्धिमा प्रत्यक्ष प्रभाव पार्दछ । सक्षम र प्रेरित शिक्षकले गुणस्तरीय शिक्षा प्रदान गर्दै समाजलाई सकारात्मक परिवर्तन र समृद्धिको दिशामा अग्रसर गराउन महत्वपूर्ण भूमिका निर्वाह गर्दछ। त्यसैले शिक्षा क्षेत्रमा योग्य, दक्ष र पेशाप्रति समर्पित शिक्षकको व्यवस्थापन तथा विकास अपरिहार्य मानिन्छ ।

नेपालको विद्यमान कानुनी व्यवस्थाअनुसार तहगत रूपमा आवश्यक शैक्षिक योग्यता र मापदण्ड पूरा गरी शिक्षक व्यवस्थापन गर्ने व्यवस्था रहेको छ । शिक्षण पेशालाई आकर्षक, मर्यादित र प्रतिस्पर्धी पेशाका रूपमा विकास गर्ने उद्देश्यले नेपालको पन्ध्रौं योजना, २०७६/०७७-२०८०/०८१ ले उत्कृष्ट शैक्षिक उपलब्धि हासिल गरेका प्रतिभाशाली व्यक्तिलाई शिक्षण सेवामा आकर्षित गर्ने नीति अवलम्बन गरेको छ । त्यसैगरी, संयुक्त राष्ट्रसंघद्वारा स्वीकृत दिगो विकास लक्ष्य-४ को कार्यान्वयनका लागि नेपालले राष्ट्रिय कार्यढाँचा स्वीकृत गरी समावेशी, समतामूलक तथा गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने दिशामा विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

नेपालमा विद्यालय शिक्षाका लागि आवश्यक शिक्षक उत्पादन र विकासको कार्य विश्वविद्यालय तथा उच्च शिक्षाका संस्थामार्फत सञ्चालन हुँदै आएको छ । शिक्षकको पेशागत क्षमता अभिवृद्धिका लागि पूर्वसेवा तथा सेवाकालीन तालिम, शिक्षक पेशागत

विकास (TPD) कार्यक्रम, आवश्यकतामा आधारित तालिम, सूचना तथा सञ्चार प्रविधिमा आधारित तालिम तथा अन्य क्षमता विकास कार्यक्रमहरू भौतिक र भर्चुअल दुवै माध्यमबाट सञ्चालन गरिँदै आएका छन् ।

सानीभेरी गाउँपालिकाले पनि शिक्षक व्यवस्थापन तथा पेशागत विकासलाई प्राथमिकतामा राख्दै आवश्यकताअनुसार गाउँपालिकाको स्रोतबाट स्वयंसेवक शिक्षक परिचालन, शिक्षकको पेशागत क्षमता विकाससम्बन्धी तालिम सञ्चालन, उत्कृष्ट शिक्षक तथा उत्कृष्ट प्रधानाध्यापक पुरस्कार वितरण, शिक्षक बढुवाका लागि सिफारिस तथा अन्य प्रोत्साहनमूलक कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । यी प्रयासहरूले विद्यालयमा गुणस्तरीय शिक्षण सिकाइ वातावरण सुदृढ गर्न तथा विद्यार्थीको सिकाइ उपलब्धि अभिवृद्धि गर्न महत्वपूर्ण योगदान पुऱ्याइरहेका छन् ।

### ४.२.२ वर्तमान अवस्था

सानीभेरी गाउँपालिकामा जम्मा ४२ वटा विद्यालयहरु रहेका छन । जसमध्ये १ विद्यालय संस्थागत विद्यालय रहेको छ ।

| विद्यालयको तह | जम्मा शिक्षक सङ्ख्या | जम्मा विद्यार्थि सङ्ख्या | शिक्षक विद्यार्थि अनुपात | कैफियत |
|---|---|---|---|---|
| प्रारम्भिक बालविकास शिक्षा | ४९ | ९२१ | १८.८० | |
| आधारभूत तह कक्षा १-५ | १३४ | २७४० | २०.४५ | |
| आधारभूत तह कक्षा ६-८ | ८५ | १५२३ | १७.९२ | |
| माध्यमिक तह कक्षा ९-१० | ३९ | ११०३ | २८.२८ | |
| माध्यमिक तह कक्षा ११-१२ | ८ | १४५ | १८.१३ | |
| जम्मा | ३१५ | ६४३२ | २०.४२ | |

समग्रमा शिक्षक व्यावस्थापनको हिसावले शिक्षक विद्यार्थि अनुपात १:२०.४२ देखिएको छ । तह अनुसारका शिक्षक सङ्ख्या तल लेखिए बमोजिम छन् :

| तह | स्वीकृत दरबन्दी | सङ्घिय सिकाइ अनुदान | राहत अनुदान | स्थानीय तह | जम्मा |
|---|---|---|---|---|---|
| प्रारम्भिक बालविकास तथा शिक्षा | ३२ | ० | ० | १७ | ४९ |
| आधारभूत तह कक्षा १-५ | ७६ | ० | ३५ | २३ | १३४ |
| आधारभूत तह कक्षा ६-८ | १० | १३ | १८ | ४४ | ८५ |
| माध्यमिक तह कक्षा ९-१० | ५ | १८ | ५ | ११ | ३९ |
| माध्यमिक तह कक्षा ११-१२ | २ | २ | २ | ० | ६ |
| माध्यमिक तह कक्षा ९-१२ (प्राविधिक) | ० | ० | ० | २ | २ |
| जम्मा | १२५ | ३३ | ६० | ९७ | ३१५ |

### ४.२.३ समस्या र चुनौतिहरु

१. विद्यार्थी सङ्ख्या, तह र विषयगत आवश्यकताअनुसार शिक्षक दरबन्दी अपर्याप्त हुँदा विद्यालयमा शिक्षकको समुचित व्यवस्थापन गर्न कठिनाइ हुनु ।

२. शिक्षकहरूको निरन्तर पेशागत विकासका लागि आवश्यकतामा आधारित, नियमित तथा समसामयिक तालिम, मेन्टरिङ, कोचिङ र अन्य क्षमता विकास कार्यक्रमको अभाव हुनु ।

३. शिक्षकको कार्यसम्पादनमा आधारित प्रोत्साहन, पुरस्कार तथा वृत्ति विकास प्रणाली प्रभावकारी नहुँदा पेशाप्रतिको उत्प्रेरणा र कार्यदक्षतामा अपेक्षित सुधार हुन नसक्नु।

४. विशेषगरी अङ्ग्रेजी, गणित र विज्ञानलगायत विषयमा दक्ष तथा अनुभवी विषयगत शिक्षकको अभाव रहनु ।

५. स्थानीय स्रोत र साधनले शिक्षक ब्यवस्थापन तथा पेशागत विकासका कार्यक्रम सञ्चालन गर्न अप्रयाप्त हुनु साथै कानूनी प्रवधानले दरवन्दी मिलानका कार्यहरु नहुनु।

६. शिक्षकको पेशागत विकास, विद्यालय सुधार तथा शैक्षिक गुणस्तर अभिवृद्धिमा समुदाय, अभिभावक तथा सरोकारवालाको प्रभावकारी सहभागिता र सहकार्य पर्याप्त हुन नसक्नु ।
७. शिक्षक व्यवस्थापन, क्षमता विकास तथा शैक्षिक सुधार कार्यक्रम सञ्चालनका लागि आवश्यक वित्तीय, भौतिक तथा प्राविधिक स्रोतसाधनको अभाव हुनु, जसले योजनाबद्ध कार्यान्वयनमा चुनौती सिर्जना गर्नु ।

### ४.२.४ लक्ष्य

विद्यार्थी सङ्ख्या र विद्यालयको आवश्यकता अनुरूप दक्ष, सक्षम तथा पर्याप्त शिक्षकको व्यवस्थापन, परिचालन र पेशागत विकास सुनिश्चित गर्दै शिक्षकको कार्यसम्पादन र कार्यकुशलतामा सुधार गरी विद्यार्थीको सिकाइ उपलब्धि तथा शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने ।

### ४.२.५ उदेश्यहरु

१. विद्यार्थी सङ्ख्याका आधारमा तहगत शिक्षकको उचित व्यवस्थापन, परिचालन, दरबन्दी मिलान तथा समायोजन गरी विद्यालयमा आवश्यक शिक्षकको उपलब्धता सुनिश्चित गर्ने ।
२. तालिम, गोष्ठी, कार्यशाला, कार्यमूलक अनुसन्धान, कार्यसम्पादन मूल्याङ्कन तथा आवश्यक प्राविधिक सहयोगमार्फत शिक्षकको पेशागत दक्षता र कार्यकुशलता अभिवृद्धि गर्ने ।

### ४.२.६ रणनीतिहरु

१. विद्यार्थी सङ्ख्या, शिक्षक विद्यार्थी अनुपात तथा विद्यालयको आवश्यकता विश्लेषणका आधारमा तहगत शिक्षक दरबन्दीको व्यवस्थापन, मिलान, पुनर्वितरण, रिक्त पदपूर्ति तथा

आवश्यक विद्यालयमा पालिका स्रोतबाट शिक्षक व्यवस्थापन गर्ने, साथै आवश्यकताअनुसार नयाँ दरबन्दी सिर्जनाका लागि पहल गर्ने ।

२. शिक्षक तथा प्रधानाध्यापकको पेशागत विकास, वृत्ति विकास र कार्यसम्पादन सुधारका लागि आवश्यकतामा आधारित तालिम, गोष्ठी, कार्यशाला, कार्यमूलक अनुसन्धान तथा अन्य क्षमता अभिवृद्धि कार्यक्रम प्रदेश, सङ्घ र सम्बन्धित निकायसँग समन्वय र सहकार्य गरी सञ्चालन गर्ने।

३. शिक्षकको निरन्तर पेशागत सहयोग, उत्प्रेरणा र सिकाइ सुधारका लागि शैक्षिक विज्ञ परिचालन, विषयगत शिक्षक सञ्जाल, सिकाइ समूह, विज्ञसँग अन्तरक्रिया, मेन्टरिङ, कोचिङ तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरी विद्यार्थीको सिकाइ उपलब्धिसँग शिक्षकको पेशागत विकासलाई आबद्ध गर्ने।

४. शिक्षकका उत्कृष्ट अभ्यास, अनुभव, अनुसन्धान, नवप्रवर्तन तथा सिकाइसम्बन्धी उपलब्धिहरूको दस्तावेजीकरण, प्रकाशन, प्रसारण र आदानप्रदानको व्यवस्था गरी विद्यालयमा सिक्ने संस्कृति र गुणस्तर अभिवृद्धि गर्ने ।

### ४.२.७ प्रमुख उपलब्धि तथा नतिजा

१. सबै विद्यालयमा आवश्यकता अनुरूप दक्ष, विषयगत तथा पेशाप्रति अभिप्रेरित शिक्षकको व्यवस्थापन भई निरन्तर पेशागत विकासको अवसर सुनिश्चित भएको हुनेछ ।

२. दक्ष र उत्प्रेरित शिक्षकको प्रभावकारी परिचालन तथा सुदृढ शिक्षण अभ्यासबाट विद्यार्थीको सिकाइ उपलब्धि, शैक्षिक गुणस्तर र विद्यालयको समग्र कार्यसम्पादनमा उल्लेखनीय सुधार भएको हुनेछ ।

| शिक्षक व्यवस्थापन र तालिम कार्यक्रमका लागि प्रस्तावित कार्यक्रमहरू (Proposed Activities for Teacher Management and Training) | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | लगानीको अनुमान (Cost Estimates) | | | | | एकाई | प्रस्तावित बजेट | बार्षिक भौतिक लक्ष्य (Yearly Physical Target) | | | | |
| प्रस्तावित कार्यक्रमहरु | २०२६/२७<br>८३/८४ | २०२७/२८<br>८४/८५ | २०२८/२९<br>८५/८६ | २०२९/३०<br>८६/८७ | २०३०/३१<br>८७/८८ | | | २०२४/२५<br>८१/८२ | २०२५/२६<br>८२/८३ | २०२६/२७<br>८३/८४ | २०२७/२८<br>८४/८५ | २०२८/२९<br>८५/८६ |
| शिक्षक योग्यता र बितरणको अध्यावधिक मापदण्डका आधारमा शिक्षक व्यवस्थापन (पुनर्बितरण दरवन्दि मिलान र समायोजन) | ६००००० | ६००००० | ० | ० | ६००००० | १ | ६००००० | 1 | 1 | ० | ० | 1 |
| नयाँ नियुक्ति भएका शिक्षकहरुलाई सेवा प्रवेश तालिम | ० | १५०००० | १५०००० | १५०००० | १५०००० | १ | १५००० | | १० | १० | १० | १० |
| १५% देखि ३५% माध्यमिक शिक्षकहरुलाई गणित, विज्ञान र अंग्रेजी बिषयको बिषयबस्तुहयूको पाठ अध्ययन सामग्री विकाससम्बन्धी तालिम | १४८५०० | १९८००० | २४७५०० | २९७००० | ३४६५०० | १ | ३०००० | ५ | ७ | ८ | १० | १२ |
| शिक्षकहरुलाई ICT मा आधारित Online/Offline सिकाई सम्बन्धी तालिम | २७९००० | ३७२००० | ५५८००० | ७४४००० | ९३०००० | १ | १०००० | २८ | ३७ | ५६ | ७४ | ९३ |
| बिषयगत शिक्षक तालिमहरू सन्चालनका लागि १० दिने प्रशिक्षक प्रशिक्षण तालिम (TOT) | २०० | २०० | ० | ० | २०० | १ | २०० | १ | १ | | | १ |
| प्रारम्भिक कक्षा सिकाई (EGL) सम्बन्धी ५ दिने शिक्षक तालिम | ० | २०० | ० | २०० | ० | १ | २०० | ० | १ | ० | १ | ० |
| ECED सँग सम्बन्धित बिभिन्न तालिमहरुको नयाँ मापदण्डका आधारमा तालिमहरुको गुणस्तर सुनिश्चित गर्न प्रशिक्षक प्रशिक्षण सन्चालन गर्ने (ELDS) तालिम समेत | ६००००० | ० | ० | ६००००० | ० | १ | ६००००० | १ | ० | ० | १ | ० |
| सबै बिद्यालयका प्र.अ.हरुलाई जिम्मेवार बनाई Teacher's Time-on-task सम्बन्धी तयार गरिएको प्रणालीको अनिवार्य कार्यान्वयन गर्ने | ३२५००० | २२५००० | ११२५०० | ११२५०० | ११२५०० | १ | २५००० | १३ | ९ | ५ | ५ | ५ |
| बिद्यालयमा आधारित अनुगमन र सहयोग प्रणाली अन्तर्गत प्र.अ.हरुका लागि Teachers, Mentors सम्बन्धी तालिम कार्यक्रम | १००००० | २००००० | १००००० | १२५००० | १२५००० | १ | ५०००० | २ | ४ | २ | ३ | ३ |
| शिक्षक तथा बिद्यालय अनुगमन कार्यक्रमका लागि जनप्रतिनिधि र कर्मचारीको क्षमता अभिबृद्दी | २००००० | २००००० | २००००० | २००००० | २००००० | १ | २००००० | १ | १ | १ | १ | १ |
| तालिम परिषदबाट स्वीकृत शिक्षक तालिम पाठ्यक्रमका आधारमा माध्यमिक तहका शिक्षकहरुलाई ४५ दिने TPD Certification तालिम प्रदान गर्ने (जस्मा १५ दिने तालिम Face to Face दिने, १५ दिने तालिम Online/Offline विधिमा देने र १५ दिने तालिम बिद्यालयमा आधारित अभ्यासात्मक रुपमा देने) | ० | ० | ० | ० | ० | | | ७ | ७ | १ | १ | १ |
| माध्यमिक तहका शिक्षकहरुलाई दिइदै आएको Online TPD Certification तालिमलाई निरन्तरता दिने | ० | ० | ० | ० | ० | | | १ | १ | | | १ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| आधारभूत तहका (कक्षा ६-८) शिक्षकहरुलाई TPD Certification तालिम प्रदान गर्ने (जस्मा १५ दिने तालिम Face to Face दिने, १५ दिने तालिम Online/Offline विधिमा देने र १५ दिने तालिम बिद्यालयमा आधारित अभ्यासात्मक रुपमा देने) | ० | ० | ० | ० | ० | | | ४ | ४ | | | ४ |
| आधारभूत तहका (कक्षा ६-८) शिक्षकहरुलाई दिइदै आएको Online TPD Certification तालिमलाई निरन्तरता दिने | ० | ० | ० | ० | ० | | | १ | १ | | | १ |
| आधारभूत तहका (कक्षा १-५) शिक्षकहरुलाई TPD Certification तालिम प्रदान गर्ने (जस्मा १५ दिने तालिम Face to Face दिने, १५ दिने तालिम Online/Offline विधिमा देने र १५ दिने तालिम बिद्यालयमा आधारित अभ्यासात्मक रुपमा देने) | ० | ० | ० | ० | ० | | | ११ | ११ | | | ११ |
| आधारभूत तहका (कक्षा ६-८) शिक्षकहरुलाई दिइदै आएको Online TPD Certification तालिमलाई शिक्षक तालिम एकीकृत पाठ्यक्रमका आधारमा निरन्तरता दिने | ० | ० | ० | ० | ० | | | | | | | |
| नयाँ भर्ना हुने ECED Teachers/Facilatotars हरूलाई तालिम | ० | ० | ० | ० | ० | | | | | | | |
| हाल कार्यरत सबै ECED Teachers/Facilatotars हरूलाई दुई Modules मा प्रत्येक ५/५ बर्षमा पुनर्ताजगी तालिम प्रदान गर्ने | ० | ० | ० | ० | ० | | | | | | | |
| आधारभूत र माध्यमिक तहका प्र.अ.हरुलाई नेतृत्व विकास तालिम प्रदान गर्ने (जस्मा १५ दिने तालिम Face to Face तालिम बिद्यालयमा आधारित अभ्यासात्मक रुपमा देने) | ० | ० | ० | ० | ० | | | | | | | |
| शिक्षकहरूलाई Face to Face र Online दुवै विधिमा मागमा आधारित Soft-skills integration, EGL Skill, एकीकृत शिक्षण सिकाई र शिक्षण सिकाईका अन्य क्षेत्रमा छोटो अवधिका तालिमहरू प्रदान गर्ने | ४४८००० | ४४८००० | ४४८००० | ४४८००० | ४४८००० | १ | ४०००० | ११ | ११ | ११ | ११ | ११ |
| बिशेष शिक्षाका बिद्यालयहरूमा कार्यरत शिक्षकहरू र बिशेष शिक्षाका स्रोतकक्षाहरू सन्चालन गर्ने स्रोत शिक्षकहरूलाई तालिम प्रदान गर्ने | ० | ० | ० | ० | ० | | | ० | ० | ० | ० | ० |
| बिशेष शिक्षाका बिद्यालयहरूमा कार्यरत शिक्षकहरू र बिशेष शिक्षाका स्रोतकक्षाहरू सन्चालन गर्ने स्रोत शिक्षकहरूलाई तालिम प्रदान गर्ने | ० | ० | ० | ० | ० | | | ० | ० | ० | ० | ० |
| समाहित शिक्षा सन्चालन भएका बिद्यालयहरूमा कार्यरत शिक्षकहरूलाई तालिम प्रदान गर्ने | ० | ० | ० | ० | ० | | | ० | | | | |
| **सानीभेरी पालिकाले गर्न चाहेका कार्यक्रमहरु:** | | | | | | | | | | | | |
| बिद्यालयका शिक्षकहरुको अवस्था नक्साङ्कन र अवस्था बिश्लेषण गर्ने साथै दरवन्दी मिलान गर्ने | ५००००० | ० | ० | ५००००० | ० | १ | ५००००० | १ | ० | ० | १ | ० |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| Dual-qualified Teacher को विकास र कार्यान्वयन | २००००० | २००००० | २००००० | २००००० | २००००० | १ | २००००० | १ | १ | १ | १ | १ |
| शिक्षकहरुलाई प्रबिधि विकास र शिक्षण सिकाई सम्बन्धी तालिम संचालन गर्ने (IEMIS) समेत | २०० | २०० | २०० | २०० | २०० | १ | २०० | १ | १ | १ | १ | १ |
| शिक्षकहरुलाई स्तरिय परिक्षा संचालन निरन्तर मूल्यांकन पद्दति र प्रश्न निर्माण तालिम संचालन गर्ने | २०० | ० | ० | २०० | ० | १ | २०० | १ | | | १ | |
| पालिकामा विद्यालय अनुगमन सुपरिबेक्षण तथा शिक्षक पेशागत सहयोगका लागि  शैक्षणिक स्रोत बि परिचालन कार्यक्रम | ३००००० | ३००००० | ३००००० | ३००००० | ३००००० | १ | ३००००० | १ | १ | १ | १ | १ |
| बृहत्तर विद्यालय सुरक्षा सम्बन्धी शिक्षक तालिम तथा योजना निर्माण कार्यशाला | ६३०००० | ० | | ४८०००० | | १ | १५००० | ४२ | | | ३२ | |
| हरेक बिद्यालयका फोकल शिक्षकलाई बिद्यालय स्वास्थ्य तथा पोषण सम्बन्धि तालिम कार्यक्रम | ० | ० | ० | ० | ० | | ६ | ४२ | | | | ३२ |
| सबै प्रकारका शिक्षक तालिमहरू सन्चालनका लागि पालिका स्तरमा स्रोत शिक्षकको प्रावधान राखि बिषयगत प्रशिक्षक प्रशिक्षण तालिम (TOT) संचालन गर्ने | ० | १०००००० | ० | ० | १०००००० | १ | १०००००० | ० | १ | ० | ० | १ |
| शैक्षिक सुधार प्रवर्द्धन गर्न बिषयगत समितिको परिचालन गर्ने | ३००००० | ३००००० | ३००००० | ३००००० | ३००००० | ६ | ५०००० | १ | १ | १ | १ | १ |
| बिद्यालयहरुमा संगित तथा खेलप्रति उत्साहित बनाउन खेलकुद तथा संगित प्रशिक्षक ब्यवस्थापन | १००००० | १००००० | १००००० | १००००० | १००००० | १ | १००००० | १ | १ | १ | १ | १ |
| बिद्यालयहरुमा लेखा तथा जिन्सी ब्यवस्थापन तालिम कार्यक्रम सञ्चालन गर्ने | २१०००० | ० | ० | १६०००० | ० | १ | ५००० | ४२ | | | ३२ | |
| एकीकृत पाठ्यक्रम कार्यान्वयन तथा निरन्तर विद्यार्थि मूल्याङ्कन सम्बन्धी शिक्षक तालिम (कक्षा १-३ र ४-५) | ६००००० | ६००००० | ६००००० | ० | ० | १ | ६००००० | १ | १ | १ | ० | ० |
| **शिक्षक व्यवस्थापन र तालिम कार्यक्रमको जम्मा बजेट** | **५५४११००** | **४८९३६००** | **३३१६२००** | **४७१७१००** | **४८१२४००** | | | | | | | |

## ४.३ शैक्षिक समता तथा समावेशिकरण

### ४.३.१ परिचय

रुकुम पश्चिमको सानीभेरी गाउँपालिका भाषिक, सांस्कृतिक, जातीय तथा सामाजिक विविधताले सम्पन्न स्थानीय तह हो । गाउँपालिकामा विभिन्न जातजाति, समुदाय तथा भौगोलिक पृष्ठभूमिका नागरिकहरूको बसोबास रहेको छ । यस विविधतालाई एकातिर स्थानीय पहिचान, सामाजिक सद्भाव, सांस्कृतिक सम्पदा तथा विकासको महत्वपूर्ण आधारका रूपमा लिइन्छ भने अर्कोतर्फ ऐतिहासिक, सामाजिक तथा आर्थिक कारणले केही समुदाय अझै पनि अवसरबाट वञ्चित हुने अवस्था विद्यमान छ । बिपन्न समुदायका परिवारहरुको आर्थिक कारणले मौसमी बसाइसराईको समस्या पनि यहाँ देखिन्छ ।

सामाजिक, आर्थिक, भौगोलिक तथा शैक्षिक रूपमा पछाडि परेका समुदाय, दलित, जनजाति, विपन्न परिवार, अपाङ्गता भएका बालबालिका, बालिका तथा कठिन परिस्थितिमा रहेका बालबालिकाहरूले गुणस्तरीय शिक्षामा समान पहुँच, सहभागिता, निरन्तरता र सिकाइ उपलब्धि हासिल गर्न विभिन्न चुनौती सामना गरिरहेका छन् । यसका कारण विद्यालय भर्ना, नियमित उपस्थिती, सिकाइ उपलब्धि तथा शैक्षिक उपलब्धिमा असमानता देखिने गरेको छ ।

त्यसैगरी विद्यालयमा समावेशी तथा बालमैत्री सिकाइ वातावरण, अपाङ्गमैत्री र लैङ्गिकमैत्री पूर्वाधार, आवश्यक शैक्षिक सहयोग तथा संरक्षणका उपायहरूलाई अझ प्रभावकारी बनाउन आवश्यक देखिन्छ । नेपालको संविधान, राष्ट्रिय शिक्षा नीति, दिगो विकास लक्ष्य तथा समावेशी शिक्षाको अवधारणाअनुरूप सबै बालबालिकालाई कुनै पनि प्रकारको विभेदबिना समान, समतामूलक, सुरक्षित र गुणस्तरीय शिक्षाको अवसर सुनिश्चित गर्नु सानीभेरी गाउँपालिकाको प्रमुख दायित्व हो । त्यसैले गाउँपालिकामा शिक्षामा समता, समावेशिता र विविधताको सम्मान गर्दै सबै बालबालिकाको अर्थपूर्ण सहभागिता र सिकाइ

उपलब्धि सुनिश्चित गर्न लक्षित कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन आवश्यक रहेको छ ।

### ४.३.२ वर्तमान अवस्था

### ४.३.३ समस्या तथा चुनौतिहरु

१. अपाङ्गता भएका, अतिविपन्न तथा अन्य लक्षित समुदायका बालबालिकाहरुको यथार्थ तथ्याङ्क सङ्कलन, नक्साङ्कन, विश्लेषण तथा अभिलेखीकरण प्रणाली अपेक्षित रुपमा प्रभावकारी हुन नसक्नु ।
२. विद्यालय तथा समुदायमा समता, समावेशिता, विभेदरहित व्यवहार र बालअधिकारसम्बन्धी चेतना तथा संवेदनशीलताको अपेक्षित विकास हुन नसक्नु ।
३. विद्यालयहरूमा अपाङ्गमैत्री, लैङ्गिकमैत्री, बालमैत्री तथा समावेशी भौतिक पूर्वाधार र शिक्षण सिकाइ वातावरणको पर्याप्त विकास हुन नसक्नु ।
४. समाजमा जातीय, लैङ्गिक, आर्थिक तथा अपाङ्गताका आधारमा हुने विभेद पूर्ण रूपमा अन्त्य हुन नसक्नु ।
५. दलित, विपन्न, सिमान्तकृत, अपाङ्गता भएका तथा कठिन परिस्थितिमा रहेका बालबालिकाका लागि छात्रवृत्ति, शैक्षिक सामग्री, सहायक उपकरण र अन्य आवश्यक शैक्षिक सहयोगको पहुँच तथा उपलब्धता पर्याप्त हुन नसक्नु ।
६. अपाङ्गता भएका बालबालिकाहरुका लागि अपाङ्गमैत्री पूर्वाधार र संरचनाको अभाव हुनु ।

### ४.३.४ लक्ष्य

सानीभेरी गाउँपालिकाभित्रका सबै बालबालिकालाई सामाजिक, आर्थिक, भौगोलिक, लैङ्गिक तथा अपाङ्गताजन्य अवस्थाका आधारमा कुनै पनि प्रकारको विभेदबिना समान, समतामूलक,

समावेशी र सुरक्षित विद्यालय शिक्षामा पहुँच, सहभागिता, निरन्तरता तथा सिकाइ उपलब्धि सुनिश्चित गर्ने।

### ४.३.५ उदेश्य

१. सामाजिक, आर्थिक, भौगोलिक, सांस्कृतिक, लैङ्गिक तथा अपाङ्गताजन्य अवस्थाका आधारमा कुनै पनि प्रकारको विभेदबिना सबै बालबालिकाका लागि समान, समतामूलक र समावेशी विद्यालय शिक्षामा पहुँच, सहभागिता तथा निरन्तरता सुनिश्चित गर्ने ।

२. विपन्न, सिमान्तकृत, पिछडिएका, अपाङ्गता भएका, विद्यालयबाहिर रहेका तथा कठिन परिस्थितिमा रहेका बालबालिकाका लागि गुणस्तरीय विद्यालय शिक्षाको अवसर र आवश्यक शैक्षिक सहयोग सुनिश्चित गर्ने ।

३. विद्यालयलाई विभेद, हिंसा, बेवास्ता, दुर्व्यवहार तथा सबै प्रकारका जोखिमबाट मुक्त, बालमैत्री, लैङ्गिकमैत्री, अपाङ्गमैत्री तथा शारीरिक एवं मानसिक रूपमा सुरक्षित सिकाइ वातावरणयुक्त बनाउने ।

### ४.३.६ रणनीतिहरु

१. बालमैत्री विद्यालयका मापदण्डअनुसार विद्यालयका भौतिक पूर्वाधार, खानेपानी, सरसफाइ, शौचालय तथा अन्य शैक्षिक सुविधालाई अपाङ्गमैत्री, लैङ्गिकमैत्री, समावेशी र सुरक्षित बनाउँदै गुणस्तरीय समावेशी सिकाइ वातावरणको विकास गर्ने ।

२. अपाङ्गता भएका, विपन्न, सिमान्तकृत, पिछडिएका, विद्यालयबाहिर रहेका तथा कठिन परिस्थितिमा रहेका बालबालिकाको नियमित पहिचान, नक्साङ्कन र अभिलेखीकरण गरी छात्रवृत्ति, शैक्षिक सामग्री, सहायक उपकरण तथा अन्य आवश्यक शैक्षिक सहयोग उपलब्ध गराई विद्यालय भर्ना, पुनःभर्ना, नियमित सहभागिता र निरन्तरता सुनिश्चित गर्ने।

३. समावेशी शिक्षाको प्रभावकारी कार्यान्वयनका लागि शिक्षक, विद्यालय व्यवस्थापन समिति, अभिभावक तथा सरोकारवालाको क्षमता अभिवृद्धि गर्दै समावेशी शिक्षण

सिकाइ, बाल संरक्षण, विभेदरहित विद्यालय संस्कृति तथा छात्रवृत्ति एवं शैक्षिक सहयोग कोषको प्रभावकारी परिचालन गर्ने ।

४. समावेशी, समतामूलक र सुरक्षित शिक्षाको प्रवर्द्धनका लागि प्रदेश, सङ्घ, विकास साझेदार, गैरसरकारी संस्था तथा अन्य सम्बन्धित निकायसँग समन्वय, सहकार्य र स्रोत साझेदारी गरी आवश्यक पूर्वाधार, कार्यक्रम तथा सेवाको विस्तार गर्ने ।

## ४.३.७ मुख्य उपलब्धि र नतिजा

१. पालिका भित्रका सबै बालबालिकाका लागि सामाजिक, आर्थिक, भौगोलिक, लैङ्गिक तथा अपाङ्गताजन्य अवस्थाका आधारमा कुनै पनि प्रकारको विभेदबिना समान, समतामूलक र समावेशी विद्यालय शिक्षामा पहुँच, सहभागिता तथा निरन्तरता सुनिश्चित भएको हुनेछ।

२. विद्यालयहरू बालमैत्री, अपाङ्गमैत्री, लैङ्गिकमैत्री तथा सुरक्षित सिकाइ वातावरणयुक्त भई लक्षित समुदायका बालबालिकाले आवश्यक छात्रवृत्ति, शैक्षिक सहयोग र संरक्षण सेवा प्राप्त गरेका हुनेछन् ।

३. विद्यालयबाहिर रहेका, विपन्न, सिमान्तकृत, अपाङ्गता भएका तथा कठिन परिस्थितिमा रहेका बालबालिकाको विद्यालय भर्ना, नियमित सहभागिता, टिकाउ दर र सिकाइ उपलब्धिमा उल्लेखनीय सुधार भएको हुनेछ ।

४. समतामूलक, समावेशी तथा सुरक्षित शिक्षाको प्रभावकारी कार्यान्वयनबाट विद्यालयमा विभेद, हिंसा, बेवास्ता तथा दुर्व्यवहार न्यूनीकरण भई सबै बालबालिकाले सम्मानपूर्ण, सुरक्षित र गुणस्तरीय शिक्षाको अवसर प्राप्त गरेका हुनेछन् ।

| **शैक्षिक समता तथा समाबेशिकरण शिक्षा कार्यक्रमका लागि प्रस्तावित कार्यक्रमहरू (Proposed Activities for Inclusive Education at all Levels)** | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | लगानीको अनुमान (Cost Estimates) | | | | | एकाई | प्रस्तावित बजेट | बार्षिक भौतिक लक्ष्य (Yearly Physical Target) | | | | |
| प्रस्तावित कार्यक्रमहरु | २०२६/२७ ८३/८४ | २०२७/२८ ८४/८५ | २०२८/२९ ८५/८६ | २०२९/३० ८६/८७ | २०३०/३१ ८७/८८ | | | २०२६/२७ ८३/८४ | २०२७/२८ ८४/८५ | २०२८/२९ ८५/८६ | २०२९/३० ८६/८७ | २०३०/३१ ८७/८८ |
| स्थानीय तहका स्वास्थ्य शाखा/केन्द्रहरू सँग समन्वय गरी शैक्षिक सत्रको शुरूमा ECD देखि आधारभूत तहसम्मका बिद्यार्थीहरुको अपाङ्गतासम्बन्धी स्वास्थ्य जांच र परीक्षण गरी निदान गर्न बजेट अनुदान (बर्षको २ पटक ६/६ महिनामा) | १४७८०० | १५४२०० | १५१०७५ | १४९०२५ | १५०४२५ | १ | २५ | ५९१२ | ६१६८ | ६०४३ | ५९६१ | ६०१७ |
| सबै किसिमका अपाङ्गता पहिचान भएका बालबालिकाहरुका लागि शिक्षा निरन्तरता सहयोग कार्यक्रम | ५०००० | ५०००० | ५०००० | ५०००० | ५०००० | १ | ५०००० | १ | १ | १ | १ | १ |
| बौद्धिक अपाङ्गता भएका बालबालिकाका लागि बिशेष शिक्षा प्रदान गर्न बिशेष बिद्यालय निर्माणका लागि बजेट अनुदान | ० | ० | ० | ० | ० | | | १ | १ | १ | १ | १ |
| श्रवण/बहिरा, बोलाई कठिनाई भएका र बौद्धिक अपाङ्गता भएका बालबालिकाकालाई बिशेष शिक्षा प्रदान गर्नका लागि साथै आवास सुबिधा सहित भएका बिद्यालयहरुलाई बजेट अनुदान | ० | ० | ० | ० | ० | | | १ | १ | १ | १ | १ |
| बिशेष शिक्षा परिषदबाट सहयोग प्राप्त भई सन्चालित बिशेष बिद्यालयहरुमा शिक्षण सिकाई सामग्री बितरण बापतको बजेट अनुदान | ० | ० | ० | ० | ० | | | १ | १ | १ | १ | १ |
| पालिका भित्र एक बिशेष शिक्षा/स्रोत बिद्यालय संचालन कार्यक्रम | ० | ० | ० | ० | ० | | ५००००० | १ | १ | १ | १ | १ |
| बिभिन्न प्रकारका अपाङ्गता भएका बालबालिकाका लागि सहायता सामग्री शिक्षण सिकाई सामग्री, ब्रेल किताब, श्रवण सामग्री र थप सामग्रीहरु बितरणका लागि बजेट अनुदान | ३३०००० | ३३०००० | ३३०००० | ३३०००० | ३३०००० | १ | १५००० | २२ | २२ | २२ | २२ | २२ |
| पालिकाहरुमा बिशेष शिक्षा र अन्तरगतका छात्रबास सुबिधा, छात्रवृत्ति र तथ्याँक प्रमाणिकरण कार्यक्रम | ० | ० | ० | ० | ० | | | 1 | 1 | 1 | 1 | 1 |
| **सानीभेरि गाउँपालिकाले गर्न चाहेका कार्यक्रमहरु:** | | | | | | | | | | | | |
| पालिकाभित्र रहेका अपाङ्गता भएका बालबालिकाहरुको नक्सांकन, पहिचान तथा पहुँच विस्तार कार्यक्रम | १००००० | ० | १००००० | ० | १००००० | १ | १००००० | १ | ० | १ | ० | १ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| स्थानीय तहको शिक्षाको तहभन्दा माथिल्लो तह अध्ययन गर्न चाहने अपाङ्गता भएका बालबालिकाहरुको शैक्षिक ब्यवस्थापन सहयोग कार्यक्रम | ५०००० | ५०००० | ५०००० | ५०००० | ५०००० | १ | ५०००० | १ | १ | १ | १ | १ |
| बालमैत्री तथा अपाङ्गमैत्री कक्षाकोठा ब्यवस्थापन | ९००००० | १२००००० | १२००००० | १२००००० | १२००००० | १ | ३००००० | ३ | ४ | ४ | ४ | ४ |
| आवश्यकताका आधारमा उपचारात्मक कक्षा सञ्चालन | १००००० | १००००० | १००००० | १००००० | १००००० | १ | १००००० | १ | १ | १ | १ | १ |
| लैंगिक समानता तथा सामाजिक समाबेशिकरण सम्बन्धि बिद्यालय तथा समुदाय सचेतना तथा अभिमुखिकरण (पिछडिएका, द्धन्व पिडित अपाङ्ग र अतिबिन्न) | २२० | २२० | २२० | २२० | २२० | १ | २० | ११ | ११ | ११ | ११ | ११ |
| संरक्षणबिहिन बिपन्न बालबालिकाहरुको शैक्षिक निरन्तरता सहयोग | १००००० | १००००० | १००००० | १००००० | १००००० | १ | १०००० | १० | १० | १० | १० | १० |
| बिद्यालय उपस्थित हुन नसक्ने अपाङ्गता भएका बालबालिकाहरुका लागि गृह बिद्यालय संचालन | ० | ० | ० | ० | ० | | | २ | २ | २ | २ | २ |
| एकीकृत विद्यालयको अवधारणा कार्यान्वयन | ५००००० | ० | ५००००० | ० | ५००००० | १ | ५००००० | १ | | १ | | १ |
| समाबेशि शिक्षा सुनिश्चितताका लागि बिद्यालय संरचना विकास सम्बन्धि बिद्यालयको क्षमता अभिबृद्दि कार्यक्रम | १००००० | १००००० | १००००० | १००००० | १००००० | १ | १००००० | १ | १ | १ | १ | १ |
| विद्यार्थीका सिकाइ आवश्यकताको पहिचान तथा वर्गीकरण | १००००० | १००००० | १००००० | १००००० | १००००० | १ | १००००० | १ | १ | १ | १ | १ |
| **शैक्षिक समता तथा समाबेशिकरण कार्यक्रमको जम्मा बजेट** | २४७८०२० | २१८४४२० | २७८१२९५ | २१७९२४५ | २७८०६४५ | | | | | | | |

## ४.४ बिद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम

### ४.४.१ परिचय

विद्यार्थीको स्वास्थ्य, पोषण, सरसफाइ तथा स्वच्छताको अवस्थाले उनीहरूको शारीरिक र मानसिक विकास, सिकाइ उपलब्धि, विद्यालयमा नियमित सहभागिता तथा समग्र जीवनस्तरमा प्रत्यक्ष प्रभाव पार्दछ । त्यसैले विद्यालयमा आधारित स्वास्थ्य तथा पोषण कार्यक्रममार्फत विद्यार्थीलाई आधारभूत स्वास्थ्य सेवा, पोषण, स्वास्थ्य शिक्षा तथा सरसफाइसम्बन्धी व्यवहार विकास गराउनु गुणस्तरीय शिक्षाको महत्वपूर्ण आधार मानिन्छ ।

विद्यालयमा नियमित स्वास्थ्य परीक्षण, जुकाको औषधि वितरण, सूक्ष्मपोषक तत्त्व, प्राथमिक उपचार सामग्री, किशोरीहरूका लागि आइरन चक्की तथा महिनावारी स्वच्छता व्यवस्थापन, सुरक्षित खानेपानी, बालमैत्री, लैङ्गिकमैत्री र अपाङ्गमैत्री शौचालय, सरसफाइ तथा स्वच्छ विद्यालय वातावरणको व्यवस्था गर्नु आवश्यक छ । साथै विद्यालय व्यवस्थापन समिति, बाल क्लब तथा स्थानीय स्वास्थ्य संस्थासँग समन्वय र सहकार्य गरी स्वास्थ्य, पोषण, सरसफाइ तथा स्वच्छतासम्बन्धी कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्नुपर्ने आवश्यकता रहेको छ ।

विद्यालय शिक्षा क्षेत्र योजना, सोह्रौं आवधिक योजना तथा विद्यालयहरूमा खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी कार्यविधि, २०७४ ले विद्यालय स्वास्थ्य, पोषण तथा स्वच्छतालाई प्राथमिकतामा राखेका छन् । यद्यपि यी कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि विद्यालय, स्थानीय तह, स्वास्थ्य संस्था तथा अन्य सरोकारवालाबीच संस्थागत समन्वय, स्रोत व्यवस्थापन र नियमित अनुगमनलाई थप सुदृढ बनाउनु आवश्यक देखिन्छ । नेपालको संविधानले प्रत्याभूत गरेको शिक्षा, स्वास्थ्य तथा खाद्यसम्बन्धी अधिकार, खाद्य सम्प्रभुतासम्बन्धी कानुन, राष्ट्रिय स्वास्थ्य नीति, २०७६,

राष्ट्रिय शिक्षा नीति, २०७६ तथा बालबालिकासम्बन्धी प्रचलित कानुनले बालबालिकाको स्वास्थ्य, पोषण र खाद्य सुरक्षालाई मौलिक अधिकारका रूपमा सुनिश्चित गरेका छन् ।

यी संवैधानिक तथा नीतिगत व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि विद्यालय स्वास्थ्य तथा पोषणसम्बन्धी कार्यक्रमलाई योजनाबद्ध, समन्वयात्मक र प्रभावकारी रूपमा सञ्चालन गर्नु आवश्यक छ ।

### ४.४.२ वर्तमान अवस्था

नेपाल सरकारले विद्यालयको स्वास्थ्य सेवा तथा सुबिधालाई प्रवर्द्धन गर्नका लागि विद्यालय स्वास्थ्य तथा नर्सिङ सेवा निर्देशिका, २०८१ र विद्यालयमा स्वास्थ्य तथा पोषण अवस्थामा सुधार गरी बालबालिकाहरुको सिकाइ उपलब्धिमा सुधार गर्न विद्यालय स्वास्थ्य तथा पोषण रणनीति, २०८२ समेत कार्यान्वयनमा ल्याएको छ । यसैगरी विद्यालय खानेपानी, सरसफाई तथा स्वच्छताका लागि विद्यालय खानेपानी, सरसफाई तथा स्वच्छता कार्यविधि, २०७४ पनि कार्यान्वयनमा छ ।

राष्ट्रिय स्वास्थ्य नीति, २०७६ ले कुपोषणलाई प्रमुख जनस्वास्थ्य समस्याका रूपमा पहिचान गर्दै बालबालिका, किशोरकिशोरी तथा महिलाको पोषण अवस्था सुधारका लागि गुणस्तरीय तथा स्वास्थ्यवर्धक खाद्य पदार्थको उत्पादन, प्रयोग र पहुँच विस्तार गर्ने तथा हानिकारक खाद्य पदार्थको प्रयोगलाई निरुत्साहित गर्ने नीति अवलम्बन गरेको छ। यस नीतिले विद्यालय स्वास्थ्य कार्यक्रम र पोषण शिक्षालाई सुदृढ गर्दै शिक्षा क्षेत्रसँगको समन्वयमा विद्यालय स्वास्थ्य सेवा विस्तार गर्ने, विद्यालयहरूमा स्वास्थ्य तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने तथा विद्यालय स्वास्थ्य सेवालाई व्यवस्थित, नियमित र प्रभावकारी बनाउने व्यवस्था गरेको छ । विद्यालय स्वास्थ्य तथा पोषण रणनीतिले *शारीरिक स्वास्थ्य प्रारम्भिक जाँच, जुकाको संक्रमण नियन्त्रणका लागि जुकाको औषधी वितरण, रक्तअल्पता रोकथामका लागि आइरन चक्की वितरण, प्राथमिक उपचारका*

*लागि किट बक्स वितरण, विद्यालय दिवा खाजा प्रवर्द्धन, विद्यालय तथा वातावरणीय सरसफाइ प्रवर्द्धन, कार्यक्रम कार्यान्वियनका लागि बाल सहभागिता प्रवर्द्धन र स्वास्थ्य तथा पोषण सम्बन्धी सूची समावेश भएको विद्यालय हाजिरी पुस्तिका* गरि विद्यालयमा ८ क्षेत्रको सुविधामा पहुँच हुनुपर्ने प्रावधान राखेको छ ।

नेपालमा विद्यालय उमेरका बालबालिकाको विद्यालय पहुँच, नियमित उपस्थिति तथा पोषण अवस्था सुधार गर्ने उद्देश्यले सन् १९७४ देखि विश्व खाद्य कार्यक्रमको सहयोग र सहकार्यमा प्राथमिक विद्यालयमा दिवा खाजा कार्यक्रम सञ्चालन हुँदै आएको छ । हाल यो कार्यक्रम सामुदायिक विद्यालयका बालविकासदेखि कक्षा ५ सम्मका विद्यार्थीका लागि सञ्चालन भइरहेको छ । विगतका बर्षहरुमा बालबालिकाहरुको दिवा खाजाका लागि प्रतिदिन प्रतिबिद्यार्थि १५ रुपैयाका दरले उपलब्ध गराउँदै आएको अवस्था थियो भने चालु आ.व. देखि २० रुपैंयाका दरले उपलब्ध गराउने प्रावधान रहेको छ । दिवा खाजा कार्यक्रमले विद्यार्थीको पोषण अवस्था, विद्यालयमा नियमित उपस्थिती, सिकाइ तथा सामाजिक सुरक्षामा सकारात्मक योगदान पु-याएको देखिएको छ । यस कार्यक्रमलाई स्थानीय कृषि उत्पादन तथा स्थानीय आपूर्ति प्रणालीसँग आबद्ध गरी सञ्चालन गर्न सके यसको प्रभावकारिता, दिगोपन र स्थानीय आर्थिक विकासमा समेत थप योगदान पुग्ने अपेक्षा गरिएको छ।

सानीभेरी गाउँपालिकाले पनि विद्यालय खानेपानी, विद्यालयमा शौचालय मर्मत तथा निर्माण, विद्यालय दिवा खाजा लगायतका कार्यक्रमहरु नियमित रुपमा गर्दै आइरहेको छ । तथ्यांङ्किय हिसावले सानीभेरी गाउँपालिकाको अवस्था तल उल्लेख गरिएको छ ।

| सञ्चालित कक्षा | खानेपानी भएको तर अपर्याप्त भएको | खानेपानी भएको | खानेपानी नभएको | खानेपानी सामान्य अवस्थाको | जम्मा |
|---|---|---|---|---|---|
| कक्षा १-२ | ० | २ | १ | ० | ३ |
| कक्षा १-३ | ० | ४ | ४ | १ | ९ |

| | | | | | |
|---|---|---|---|---|---|
| कक्षा १-५ | १ | ४ | ० | ३ | ८ |
| कक्षा १-८ | २ | ३ | २ | २ | ९ |
| कक्षा १-१० | ३ | ७ | ० | ० | १० |
| कक्षा १-१२ | ० | २ | १ | ० | ३ |
| जम्मा | ६ | २२ | ८ | ६ | ४२ |

शौचालय

| आधारभूत तह कक्षा १-८ | | | |
|---|---|---|---|
| शौचालयको प्रकार | विद्यालय सङ्ख्या | शौचालय सङ्ख्या | कैफियत |
| पक्कि शौचालय भएका विद्यालय | ४ | ४ | |
| कच्चि शौचालय भएका विद्यालय | २५ | २९ | |
| जम्मा | २० | ३३ | |
| आधारभूत तह कक्षा ९-१२ | | | |
| शौचालयको प्रकृति | विद्यालय सङ्ख्या | शौचालय सङ्ख्या | कैफियत |
| कच्ची मात्र शौचालय भएका विद्यालय | ५ | ७ | |
| पक्की मात्र शौचालय भएका विद्यालय | ५ | १२ | |
| कच्ची र पक्की दुबैभएका विद्यालय | ३ | ९ | |
| जम्मा | १३ | २८ | |

### ४.४.३ समस्या तथा चुनौतिहरु

१. विद्यालय स्वास्थ्य, पोषण, दिवा खाजा, सुरक्षित खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यक्रमको प्रभावकारी, मितव्ययी, गुणस्तरीय र दिगो व्यवस्थापनका लागि आवश्यक वित्तीय, भौतिक तथा संस्थागत स्रोतको अभाव हुनु ।

२. धेरै विद्यालयमा सुरक्षित खानेपानी, विद्यार्थी सङ्ख्याअनुसार पर्याप्त तथा बालमैत्री, लैङ्गिकमैत्री र अपाङ्गमैत्री शौचालय, हात धुने सुविधा तथा स्वच्छ विद्यालय वातावरणको पर्याप्त व्यवस्था हुन नसक्नु ।
३. विद्यालय स्वास्थ्य तथा पोषण सेवाको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक स्वास्थ्यकर्मी, विद्यालय खाजा व्यवस्थापन गर्ने जनशक्ति तथा स्थानीय क्षमता विकासका कार्यक्रम पर्याप्त रूपमा सञ्चालन हुन नसक्नु ।
४. पौष्टिक तथा स्वस्थकर विद्यालय खाजा व्यवस्थापन, स्थानीय कृषि उत्पादनसँगको आबद्धता, नियमित अनुगमन तथा मूल्याङ्कन प्रणाली र स्वास्थ्य पोषण शिक्षाको प्रभावकारी कार्यान्वयनमा कमजोरी रहनु ।
५. विद्यालय स्वास्थ्य, पोषण, सरसफाइ तथा स्वच्छतासम्बन्धी कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि शिक्षा शाखा, स्वास्थ्य शाखा, विद्यालय, समुदाय तथा अन्य सरोकारवालाबीच आवश्यक समन्वय, सहकार्य र बहुक्षेत्रीय साझेदारी पर्याप्त रूपमा प्रभावकारी हुन नसक्नु ।
६. समुदाय विद्यालयमा प्राप्त हुने दिवा खाजामा मात्र निर्भर रहनु साथै अभिभावकहरु बालबालिकाका लागि घरमा तयार हुने खाजा ब्यवस्थापनमा कमजोरी हुनु ।

### ४.४.४ लक्ष्य

विद्यालय स्वास्थ्य, पोषण, दिवा खाजा, सुरक्षित खानेपानी, सरसफाइ तथा स्वच्छता सेवामा सबै विद्यार्थीको समान पहुँच सुनिश्चित गर्दै बहुक्षेत्रीय समन्वय, स्थानीय स्रोत परिचालन तथा समुदायको सहभागितामार्फत स्वस्थ, सुरक्षित, पोषणमैत्री र बालमैत्री विद्यालय वातावरणको विकास गर्ने ।

### ४.४.५ उदेश्य

१. सबै विद्यालयमा विद्यार्थीका लागि गुणस्तरीय विद्यालय स्वास्थ्य, पोषण, दिवा खाजा, सुरक्षित खानेपानी, सरसफाइ तथा स्वच्छता सेवामा समान, सुरक्षित र दिगो पहुँच सुनिश्चित गर्ने।

२. विद्यार्थीको स्वास्थ्य, पोषण अवस्था, नियमित विद्यालय उपस्थिती, सिकाइ उपलब्धि तथा स्वस्थ जीवनशैलीमा सुधार ल्याउन विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमको प्रभावकारी कार्यान्वयन, स्थानीय स्रोत परिचालन र समुदायको सहभागिता अभिवृद्धि गर्ने।

३. विद्यालय स्वास्थ्य, पोषण, सरसफाइ तथा स्वच्छता कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि शिक्षा शाखा, स्वास्थ्य शाखा, विद्यालय, अभिभावक, समुदाय तथा अन्य सरोकारवालाबीच समन्वय, सहकार्य, अनुगमन र संस्थागत क्षमता सुदृढीकरण गर्ने।

### ४.४.६ रणनीतिहरु

१. विद्यालय स्वास्थ्य, पोषण तथा दिवा खाजा कार्यक्रमलाई क्रमशः विस्तार गर्दै स्थानीय उत्पादनमा आधारित पोषणयुक्त खाजाको व्यवस्था गरी सबै विद्यार्थीका लागि गुणस्तरीय स्वास्थ्य तथा पोषण सेवामा पहुँच सुनिश्चित गर्ने ।

२. विद्यालयमा सुरक्षित खानेपानी, बालमैत्री, लैङ्गिकमैत्री तथा अपाङ्गमैत्री शौचालय, हात धुने सुविधा, किशोरीमैत्री महिनावारी स्वच्छता व्यवस्थापन, सरसफाइ तथा स्वच्छ विद्यालय वातावरणसहित आवश्यक स्वास्थ्य तथा पोषण पूर्वाधारको विकास र सुदृढीकरण गर्ने ।

३. विद्यालय स्वास्थ्य सेवालाई सुदृढ बनाउन नियमित स्वास्थ्य परीक्षण, प्राथमिक उपचार, जुकाको औषधि, सूक्ष्मपोषक तत्त्व, आइरन फोलिक एसिड, भिटामिन ए तथा अन्य आवश्यक स्वास्थ्य सेवाहरू स्वास्थ्य क्षेत्रसँगको समन्वयमा प्रभावकारी रूपमा सञ्चालन गर्ने ।

४. विद्यालय स्वास्थ्य, पोषण, दिवा खाजा, सरसफाइ तथा स्वच्छता कार्यक्रमको दिगोपनका लागि सङ्घ, प्रदेश, स्थानीय तह, विकास साझेदार, निजी क्षेत्र, समुदाय तथा अभिभावकबीच समन्वय, सहकार्य, स्रोत परिचालन र साझेदारीलाई सुदृढ गर्ने।

५. विद्यालय स्वास्थ्य, पोषण, दिवा खाजा तथा सरसफाइ कार्यक्रमको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न नियमित अनुगमन, मूल्याङ्कन, अभिलेखीकरण तथा सुधारात्मक कार्य प्रणालीलाई सुदृढ गर्दै उत्तरदायी सेवा प्रवाहको व्यवस्था गर्ने।

### ४.४.७ मुख्य उपलब्धि र नतिजा

१. सबै विद्यालयमा गुणस्तरीय विद्यालय स्वास्थ्य, पोषण, दिवा खाजा, सुरक्षित खानेपानी, सरसफाइ तथा स्वच्छता सेवामा विद्यार्थीहरूको पहुँच सुनिश्चित भई विद्यालय स्वास्थ्य सेवा प्रभावकारी रूपमा सञ्चालन भएको हुनेछ ।

२. विद्यालयहरूमा बालमैत्री, लैङ्गिकमैत्री तथा अपाङ्गमैत्री स्वास्थ्य, पोषण र सरसफाइसम्बन्धी पूर्वाधार तथा सुविधाको विकास भई सुरक्षित र स्वस्थ सिकाइ वातावरण सुनिश्चित भएको हुनेछ ।

३. विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि शिक्षा, स्वास्थ्य, स्थानीय सरकार, समुदाय, अभिभावक तथा अन्य सरोकारवालाबीच समन्वय, साझेदारी र अनुगमन प्रणाली सुदृढ भएको हुनेछ।

| बिद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमका लागि प्रस्तावित कार्यक्रमहरू (Proposed Activities for SHN) | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | लगानीको अनुमान (Cost Estimates) | | | | | एकाई | प्रस्तावित बजेट | बार्षिक भौतिक लक्ष्य (Yearly Physical Target) | | | | |
| प्रस्तावित कार्यक्रमहरु | २०२६/२७ | २०२७/२८ | २०२८/२९ | २०२९/३० | २०३०/३१ | | | २०२६/२७ | २०२७/२८ | २०२८/२९ | २०२९/३० | २०३०/३१ |
| | ८३/८४ | ८४/८५ | ८५/८६ | ८६/८७ | ८७/८८ | | | ८३/८४ | ८४/८५ | ८५/८६ | ८६/८७ | ८७/८८ |
| पूर्णसरसफाइयुक्त विद्यालय कार्यक्रम सञ्चालन | २२०००० | २२०००० | २२०००० | २२०००० | २२०००० | १ | २०००० | ११ | ११ | ११ | ११ | ११ |
| विद्यालय स्वास्थ्य तथा पोषण मापदण्ड निर्माण तथा कार्यान्वय | ११०००० | ० | ० | ११०००० | ० | १ | १०००० | ११ | ० | ० | ११ | ० |
| बिद्यालय घुम्ति सेवा मार्फत बिद्यालय नर्स र स्वास्थ्यकर्मि मार्फत बिद्यालयमा स्वास्थ्य सेवा कार्यक्रम संचालन गर्ने (बर्षमा २ पटक) | ५००००० | ५००००० | ५००००० | ५००००० | ५००००० | २ | ५००० | ५० | ५० | ५० | ५० | ५० |
| बहुक्षेत्रीय पोषण योजनाको कार्यान्वयन | १००००० | १००००० | १००००० | १००००० | १००००० | १ | १००००० | १ | १ | १ | १ | १ |
| आधारभूत तहको बिद्यालयमा खाजा तयार गर्नका लागि आवश्यक सामग्रीहरुको ब्यवस्थापन | ४०००० | ८०००० | १००००० | १००००० | १२०००० | १ | २०००० | २ | ४ | ५ | ५ | ६ |
| दिवाखाजाको लागि खाद्य वस्तु ब्यवस्थापनका लागि स्थानीय उत्पादक सहकारीसंग समन्वय र सहकार्य तथा बैठक | ११०००० | ११०००० | ११०००० | ११०००० | ११०००० | १ | १०००० | ११ | ११ | ११ | ११ | ११ |
| पोषणयुक्त खानेकुराको महत्व बुझाउन जनचेतनात्मक कार्यक्रम संचालन (वडागत) | ११०००० | ११०००० | ११०००० | ११०००० | ११०००० | १ | १०००० | ११ | ११ | ११ | ११ | ११ |
| विद्यालय सरसफाई तथा करेसावारी निर्माण सहयोग | १०००० | १०००० | १०००० | १०००० | १०००० | १ | १००० | १० | १० | १० | १० | १० |
| बिद्यालयमा बिद्यार्थिको संख्याका आधारमा सरसफाईका सामग्री ब्यवस्थापन | २००००० | २००००० | २००००० | २००००० | २००००० | १ | ४००० | ५० | ५० | ५० | ५० | ५० |
| बिद्यालयमा प्राथमिक उपचार सामग्रीको ब्यवस्थापन | १६८००० | १६८००० | १६८००० | १६८००० | १६८००० | १ | ४००० | ४२ | ४२ | ४२ | ४२ | ४२ |
| नियमित घरमा बनेको तयारी खाजा प्रयोग गर्ने र सरसफाईमा उत्कृष्ट बिद्यार्थिका लागि प्रोत्साहन तथा पुरस्कार | ४०००० | ४०००० | ४०००० | ४०००० | ४०००० | २ | २०० | १०० | १०० | १०० | १०० | १०० |
| बिद्यालय सरसफाई, घरमा तयार गरेको पौष्टिकयुक्त खाना बिषयमा जनचेतना अभिबृद्धि गर्न बालक्लव परिचालन र योजनाको बार्षिक, मध्यावधि र अन्तिम मूल्यांकन गर्ने | ११०००० | ११०००० | ११०००० | ११०००० | ११०००० | १ | १०००० | ११ | ११ | ११ | ११ | ११ |
| हरित विद्यालय प्रवर्द्धन कार्यक्रम | १००००० | १००००० | १००००० | १००००० | १००००० | १ | १०००० | १० | १० | १० | १० | १० |
| बिद्यालय सरसफाई, घरमा तयार गरेको पौष्टिकयुक्त खाना बिषयमा जनचेतना अभिबृद्धि गर्न बालक्लव परिचालन (जनचेतनामूलक सन्देश, गीत, सडक नाटक तथा अन्य प्रतियोगिता) | ११०००० | ११०००० | ११०००० | ११०००० | ११०००० | १ | १०००० | ११ | ११ | ११ | ११ | ११ |
| विद्यालयमा पोषण कर्नर स्थापना सहयोग | १००००० | १००००० | १००००० | १००००० | १००००० | १ | २०००० | ५ | ५ | ५ | ५ | ५ |
| **बिद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमका लागि प्रस्तावित कार्यक्रमको जम्मा बजेट** | **२०२८०००** | **१९५८०००** | **१९७८०००** | **२०८८०००** | **१९९८०००** | | | | | | | |

## ४.५ बिद्यालय सुरक्षा, बिपद न्यूनिकरण तथा उत्थानशिलता

### ४.५.१ परिचय

प्राकृतिक विपद्, महामारी, द्वन्द्व, हिंसा, जलवायुजन्य जोखिम तथा अन्य आपत्कालीन परिस्थितिका कारण शिक्षण सिकाइ प्रक्रियामा अवरोध उत्पन्न हुन सक्ने भएकाले यस्ता अवस्थामा पनि बालबालिकाको शिक्षाको अधिकारलाई संरक्षण गर्दै सिकाइको निरन्तरता सुनिश्चित गर्नु अत्यावश्यक हुन्छ । आपत्कालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा भन्नाले विपद् वा सङ्कटको समयमा बालबालिकालाई सुरक्षित, समावेशी तथा गुणस्तरीय शिक्षामा निरन्तर पहुँच सुनिश्चित गर्न वैकल्पिक सिकाइ प्रणाली, मनोसामाजिक सहयोग तथा आवश्यक शैक्षिक सेवासहित सञ्चालन गरिने कार्यक्रमलाई जनाउँछ। यसको मूल उद्देश्य सङ्कटका कारण सिर्जित जोखिमबाट बालबालिका, शिक्षक तथा विद्यालय समुदायको सुरक्षा सुनिश्चित गर्नु, बालबालिकालाई हिंसा, शोषण, दुव्र्यवहार तथा अन्य जोखिमबाट संरक्षण गर्नु र शिक्षा प्रणालीलाई निरन्तर सञ्चालनयोग्य बनाउनु हो । यस अवधारणाले प्राकृतिक विपद् जोखिम न्यूनीकरण, महामारी व्यवस्थापन, जलवायु परिवर्तनका प्रभाव, द्वन्द्व तथा अन्य आपत्कालीन अवस्थाप्रति शिक्षा प्रणालीलाई उत्थानशील (Resilient) तयारीयुक्त र उत्तरदायी बनाउने विषयलाई समेट्दछ ।

नेपालको संविधानले प्रत्येक बालबालिकाको शिक्षा, सुरक्षा तथा संरक्षणको अधिकार सुनिश्चित गर्दै उनीहरूमाथि हुने सबै प्रकारका विभेद, हिंसा, दुव्र्यवहार र शोषणलाई निषेध गरेको छ। त्यसैगरी अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ तथा नियमावली, २०७७ ले छात्रवृत्ति, दिवा खाजा, विशेष आवश्यकता भएका तथा सुविधा(विहीन बालबालिकाका लागि विशेष सहयोग र मातृभाषामा शिक्षा प्राप्त गर्ने अधिकारको सुनिश्चितता गरेको छ। विद्यालय शान्ति क्षेत्र राष्ट्रिय कार्यढाँचा तथा कार्यान्वयन निर्देशिका, २०६८ ले विद्यालयलाई सशस्त्र गतिविधि, हिंसा, राजनीतिक हस्तक्षेप, विभेद, दुव्र्यवहार र शोषणबाट मुक्त सुरक्षित सिकाइस्थलका रूपमा विकास गर्ने व्यवस्था गरेको छ । यी संवैधानिक,

कानुनी तथा नीतिगत व्यवस्थाका आधारमा स्थानीय तहले आपत्कालीन तथा सङ्कटपूर्ण अवस्थामा पनि सुरक्षित, समावेशी र निरन्तर शिक्षाको सुनिश्चितताका लागि पूर्वतयारी, जोखिम न्यूनीकरण, समन्वय र प्रभावकारी कार्यान्वयनमा विशेष प्राथमिकता दिन आवश्यक छ ।

### ४.५.२ वर्तमान अवस्था

नेपालले विगतमा भूकम्प, बाढी, पहिरो, महामारी तथा अन्य प्राकृतिक विपद्का कारण शिक्षा क्षेत्रमा उल्लेखनीय क्षति व्यहोरेको छ । विशेषगरी कोभिड-१९ महामारीका कारण विद्यालय लामो समय बन्द हुँदा शिक्षण सिकाइ प्रक्रियामा ठूलो असर परेको थियो । सो अवधिमा नेपाल सरकारले सिकाइ सहजीकरण निर्देशिका, २०७७, विद्यालय शिक्षा सम्बन्धी आकस्मिक कार्ययोजना, २०७७, विद्यालय सञ्चालन कार्यढाँचा, पाठ्यवस्तु समायोजन ढाँचा, २०७७ लगायतका नीतिगत व्यवस्था लागू गरी वैकल्पिक सिकाइ प्रणालीमार्फत शिक्षाको निरन्तरता सुनिश्चित गर्ने प्रयास गरेको थियो ।

सानीभेरी गाउँपालिकामा पनि महामारीको समयमा टोल शिक्षा, रेडियो शिक्षा, वैकल्पिक सिकाइ सामग्री तथा सीमित रूपमा अनलाइन माध्यमबाट शिक्षण सिकाइलाई निरन्तरता दिने प्रयास गरिएको थियो । यद्यपि सूचना प्रविधिको सीमित पहुँच, इन्टरनेट तथा विद्युत् सेवाको अभाव, डिजिटल उपकरणको कमी र अभिभावकको सीमित सहयोगका कारण सबै विद्यार्थीलाई समान रूपमा सिकाइको अवसर उपलब्ध गराउन चुनौती रहेको थियो।

वि.सं.२०८० मा जाजरकोट केन्द्रबिन्दु भएर गएको भूकम्पले सानीभेरी गाउँपालिकाका केही विद्यालयका भवन, कक्षाकोठा तथा शैक्षिक पूर्वाधारमा क्षति पुऱ्याउनुका साथै विद्यार्थी र शिक्षकमा मनोसामाजिक असर समेत परेको थियो। यसले विपद्का समयमा सुरक्षित सिकाइ वातावरण, वैकल्पिक सिकाइ व्यवस्था तथा विद्यालयको विपद् तयारी र उत्थानशीलता सुदृढ गर्नुपर्ने आवश्यकतालाई थप स्पष्ट गरेको छ।

नेपाल सरकारले कार्यान्वयनमा ल्याएको बृहत्तर विद्यालय सुरक्षा रणनीतिले सुरक्षित विद्यालय पूर्वाधार, विद्यालयस्तरीय विपद् जोखिम व्यवस्थापन तथा विपद्का समयमा शिक्षाको निरन्तरताका तीन आधारभूत पक्षलाई प्राथमिकता दिएको छ । यस रणनीतिलाई स्थानीय तहमा प्रभावकारी रूपमा कार्यान्वयन गर्दै विद्यालय सुरक्षा योजना, विपद् पूर्वतयारी, जोखिम न्यूनीकरण, मनोसामाजिक सहयोग तथा वैकल्पिक सिकाइ प्रणालीलाई संस्थागत गर्नु सानीभेरी गाउँपालिकाका विद्यालयहरूको प्रमुख आवश्यकता रहेको छ ।

नेपालको संविधान, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५, अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली, २०७७ तथा विद्यालय शान्ति क्षेत्र राष्ट्रिय कार्यढाँचा तथा कार्यान्वयन निर्देशिका, २०६८ ले शिक्षा, बाल संरक्षण, विद्यालय सुरक्षा तथा विभेदरहित सिकाइ वातावरणको सुनिश्चितता गरेका छन् । यी संवैधानिक, कानुनी तथा नीतिगत व्यवस्थाहरूलाई सानीभेरी गाउँपालिकामा सुरक्षित, समावेशी, उत्थानशील र निरन्तर शिक्षा प्रणाली विकास गर्ने महत्वपूर्ण अवसरका रूपमा उपयोग गर्न सकिन्छ ।

### ४.५.३ समस्या तथा चुनौतिहरु

१. भूकम्प प्रतिरोधी तथा विपद् सुरक्षित विद्यालय भौतिक पूर्वाधारको निर्माण, मर्मत तथा सुदृढीकरण पर्याप्त हुन नसक्दा विद्यार्थी तथा शिक्षकको सुरक्षामा जोखिम कायम रहनु ।

२. विद्यालयस्तरीय विपद् जोखिम व्यवस्थापन योजना, आपत्कालीन कार्ययोजना तथा सुरक्षा मापदण्डहरूको प्रभावकारी कार्यान्वयन हुन नसक्दा विपद्का समयमा शिक्षाको निरन्तरता र सुरक्षित व्यवस्थापनमा चुनौती देखिनु ।

३. शिक्षक, विद्यार्थी तथा विद्यालय समुदायमा विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी, खोज तथा उद्धार, प्राथमिक उपचार र आपत्कालीन प्रतिक्रिया सम्बन्धी ज्ञान, सीप तथा नियमित अभ्यासको अभाव हुनु ।
४. विद्यालय सुरक्षा तथा विपद् जोखिम न्यूनीकरणका कार्यक्रमहरूमा स्थानीय समुदाय, अभिभावक, विद्यालय व्यवस्थापन समिति तथा सरोकारवाला निकायको समन्वय, सहभागिता र उत्तरदायित्व अपेक्षाअनुसार प्रभावकारी हुन नसक्नु ।
५. विपद् तयारी तथा व्यवस्थापनका लागि आवश्यक सुरक्षा उपकरण, प्राथमिक उपचार सामग्री, आपत्कालीन सञ्चार प्रणाली, उद्धार सामग्री तथा अन्य आवश्यक स्रोतसाधनको पर्याप्त व्यवस्था हुन नसक्नु ।
६. विद्यालयमा सुरक्षा संस्कृति, जोखिम सचेतना तथा विपद् व्यवस्थापनसम्बन्धी अभ्यास र नियमित सचेतनामूलक कार्यक्रमको कमीका कारण सुरक्षित, उत्थानशील तथा विपदमैत्री विद्यालय वातावरणको विकास हुन नसक्नु ।

### ४.५.४ लक्ष्य

सबै विद्यालयलाई सुरक्षित, विपद् उत्थानशील, बालमैत्री तथा समावेशी सिकाइ केन्द्रका रूपमा विकास गर्दै विपद् तथा आपत्कालीन अवस्थामासमेत विद्यार्थीको सुरक्षा र शिक्षाको निरन्तरता सुनिश्चित गर्ने।

### ४.५.५ उदेश्य

१. विद्यालय तथा समुदायमा विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी, सुरक्षा सचेतना र उत्थानशीलता सम्बन्धी ज्ञान, सीप तथा अभ्यासको विकास गर्दै आपत्कालीन अवस्थामासमेत शिक्षाको निरन्तरता सुनिश्चित गर्ने ।
२. सम्भावित विपद् तथा आपत्कालीन अवस्थाको प्रभावकारी व्यवस्थापनका लागि आवश्यक भौतिक, मानवीय, प्राविधिक तथा आर्थिक स्रोतसाधनको विकास, परिचालन र संस्थागत क्षमता सुदृढ गर्ने ।

३. विपद् जोखिम व्यवस्थापन, आपत्कालीन प्रतिकार्य तथा अल्पकालीन र दीर्घकालीन पुनर्स्थापनाका लागि प्रभावकारी संयन्त्र, कार्यप्रणाली र समन्वय प्रणाली विकास गरी सुरक्षित, उत्थानशील तथा विपदमैत्री विद्यालय प्रणालीको विकास गर्ने ।

## ४.५.६ रणनीतिहरु

१. विपद् तथा आपत्कालीन अवस्थामासमेत शिक्षाको निरन्तरता सुनिश्चित गर्न पूर्वतयारी, जोखिम न्यूनीकरण, आपत्कालीन प्रतिकार्य, पुनर्स्थापना तथा वैकल्पिक शिक्षण सिकाइसम्बन्धी नीति, कार्यविधि, मापदण्ड र विद्यालयस्तरीय कार्ययोजनाको विकास तथा कार्यान्वयन गर्ने ।
२. प्राकृतिक प्रकोप, महामारी, जलवायु परिवर्तन तथा अन्य सम्भावित जोखिमको पूर्वानुमान, जोखिम तथा संकटासन्नताको मूल्याङ्कन गर्दै विद्यालय तथा समुदायमा विपद् सचेतना, पूर्वसावधानी, सुरक्षित व्यवहार र आपत्कालीन प्रतिक्रिया सम्बन्धी ज्ञान, सीप तथा अभ्यासको विकास गर्ने ।
३. सुरक्षित तथा उत्थानशील विद्यालयको अवधारणाअनुरूप भूकम्प प्रतिरोधी, वातावरणमैत्री र विपद् सुरक्षित विद्यालय भौतिक पूर्वाधारको निर्माण, मर्मत, पुनर्निर्माण तथा आवश्यक सुरक्षा सामग्री र उपकरणको व्यवस्थापन गर्ने ।
४. विपद् जोखिम व्यवस्थापन तथा आपत्कालीन प्रतिकार्यको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय तह, विद्यालय, समुदाय तथा सरोकारवाला निकायको संस्थागत क्षमता अभिवृद्धि गर्दै आवश्यक जनशक्ति, स्रोतसाधन र समन्वय संयन्त्रलाई सुदृढ गर्ने ।
५. हरित विद्यालय, जलवायु परिवर्तन अनुकूलन, वातावरण संरक्षण, दिगो विकासका लागि शिक्षा तथा विद्यालय सुरक्षा कार्यक्रमहरूलाई एकीकृत रूपमा कार्यान्वयन गर्दै सुरक्षित, उत्थानशील र वातावरणमैत्री विद्यालय प्रणालीको विकास गर्ने।

## ४.५.७ मुख्य उपलब्धि र नतिजा

सबै विद्यालयमा विपद् जोखिम न्यूनीकरण, विद्यालय सुरक्षा, आपत्कालीन प्रतिकार्य तथा शिक्षाको निरन्तरतासम्बन्धी प्रणाली सुदृढ भई सुरक्षित, उत्थानशील, बालमैत्री र विपदमैत्री विद्यालय वातावरण सुनिश्चित भएको हुनेछ।

| बिद्यालय बिद्यालय सुरक्षा, बिपद न्यूनिकरण तथा उत्थानशिलता कार्यक्रमका लागि प्रस्तावित कार्यक्रमहरू (Proposed Activities for DRR) | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रस्तावित कार्यक्रमहरु | लगानीको अनुमान (Cost Estimates) | | | | | एकाई | प्रति इकाई बजेट | बार्षिक भौतिक लक्ष्य (Yearly Physical Target) | | | | |
| | २०२६/२७ | २०२७/२८ | २०२८/२९ | २०२९/३० | २०३०/३१ | | | २०२६/२७ | २०२७/२८ | २०२८/२९ | २०२९/३० | २०३०/३१ |
| | ८३/८४ | ८४/८५ | ८५/८६ | ८६/८७ | ८७/८८ | | | ८३/८४ | ८४/८५ | ८५/८६ | ८६/८७ | ८७/८८ |
| विद्यालयमा विद्यालय सुरक्षा सम्बन्धी तालिम कार्यक्रम | ० | ५००००० | ५००००० | ५००००० | ५००००० | १ | ५००००० | १ | १ | १ | १ | १ |
| बिद्यालयमा बृहत्तर विद्यालय सुरक्षा ढाँचा र कार्ययोजना निर्माण अद्यावधिक समेत | ५००००० | ० | ५००००० | ० | ५००००० | १ | ५००००० | १ | | १ | | १ |
| बिद्यालय भौतिक पूर्वाधार विकासका संरचना निर्माणका बेला बिद्यालय सुरक्षा सम्बन्धि मापदण्डको छलफल | १००००० | १००००० | १००००० | १००००० | १००००० | २ | ५०००० | १ | १ | १ | १ | १ |
| बिद्यालय स्तरमा बिद्यालय सुरक्षा तथा समुदाय सचेतिकरण कार्यक्रम संचालन गर्ने (आगलागि, पहिरो, भूकम्प) | २००००० | २००००० | २००००० | २००००० | २००००० | १ | १०००० | २० | २० | २० | २० | २० |
| निरन्तर र सुरक्षित सिकाइका लागि शिक्षक विद्यार्थी सम्मिलित कार्य समूह निर्माण र परिचालन (बालक्लबद्वारा जोखिम पहिचान नक्साङ्कन-बिद्यालयमा प्रयोगात्मक अभ्यास सहित) | २२०००० | २२०००० | २२०००० | २२०००० | २२०००० | १ | २०००० | ११ | ११ | ११ | ११ | ११ |
| जलवायू अनुकूल हरित, सफा, शान्त र सुरक्षित विद्यालय प्रवर्धन | १००००० | १००००० | १००००० | १००००० | १००००० | १ | १०००० | १० | १० | १० | १० | १० |
| विपदमा शिक्षा तथा सिकाइ निरन्तरता सम्बन्धी पूर्वतयारी | ५००००० | ५००००० | ५००००० | ५००००० | ५००००० | १ | ५००००० | १ | १ | १ | १ | १ |
| लागु औषध दुर्व्यसनी, बालविवाह, लैंगिक हिंसा तथा सामाजिक गलत अभ्यास बारे बिद्यालय तथा समुदायमा अभिमुखिकरण कार्यक्रम | ११०००० | ११०००० | ११०००० | ११०००० | ११०००० | १ | १०००० | ११ | ११ | ११ | ११ | ११ |
| बिद्यालयमा गुनासो सुनुवाई संयन्त्र तथा उजुरी प्रणालीको विकास र कार्यान्वयन गर्ने | ८४००० | ८४००० | ८४००० | ८४००० | ८४००० | १ | २००० | ४२ | ४२ | ४२ | ४२ | ४२ |
| बाल दुर्व्यवहार सम्बन्धि बिब्यस अभिभावक तथा शिक्षकलाई अभिमुखिकरण कार्यक्रम | ११०००० | ११०००० | ११०००० | ११०००० | ११०००० | १ | १०००० | ११ | ११ | ११ | ११ | ११ |
| बिद्यालय स्तरमा मनोसामाजिक परामर्श सेवाका कार्यक्रम संचालन गर्ने (माध्यमिक तहबाट) | १००००० | १००००० | १००००० | १००००० | १००००० | १ | १०००० | १० | १० | १० | १० | १० |
| विपद जोखिम न्युनिकरण सम्बन्धी साझेदार निकायसंग साझेदारी | १००००० | १००००० | १००००० | १००००० | १००००० | १ | १००००० | १ | १ | १ | १ | १ |
| **बिद्यालय बिद्यालय सुरक्षा, बिपद न्यूनिकरण तथा उत्थानशिलता कार्यक्रमका लागि प्रस्तावित बजेट** | **२१२४०००** | **२१२४०००** | **२६२४०००** | **२१२४०००** | **२६२४०००** | | | | | | | |

## ४.६ बिद्यालय भौतिक पूर्वाधार विकास

### ४.६.१ परिचय

विद्यालय बालबालिकाको सिकाइ, व्यक्तित्व विकास, नैतिक शिक्षा तथा सामाजिक मूल्य मान्यताको विकास गर्ने महत्वपूर्ण थलो हो । गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि सुरक्षित, बालमैत्री, समावेशी तथा शिक्षण सिकाइमैत्री विद्यालय भौतिक पूर्वाधार अपरिहार्य हुन्छ । तर अझै पनि धेरै विद्यालयहरूमा जीर्ण, कमजोर तथा मापदण्डविहीन भौतिक संरचना रहेकाले शिक्षण सिकाइ प्रक्रियामा प्रतिकूल प्रभाव परेको छ । यस्ता संरचनाले शिक्षक तथा विद्यार्थीमा असुरक्षाको भावना सिर्जना गर्नुका साथै भूकम्पलगायत प्राकृतिक विपद्का समयमा जनधनको क्षतिको जोखिमसमेत बढाएको छ ।

विद्यालयहरुमा मापदण्डअनुसार विद्यालय भवन, कक्षाकोठा, प्रयोगशाला, पुस्तकालय, खानेपानी, शौचालय, खेलमैदान तथा अन्य शैक्षिक पूर्वाधारहरू सुरक्षित, समावेशी, बालमैत्री र अपाङ्गमैत्री हुनुपर्ने व्यवस्था गरिएको छ । त्यसैले स्थानीय तहले विद्यालय पूर्वाधारको योजना, निर्माण, मर्मत, सुदृढीकरण तथा नियमित मापदण्डअनुसारको अनुगमनलाई प्राथमिकतामा राखी सुरक्षित, गुणस्तरीय र उत्थानशील विद्यालय वातावरणको विकास गर्न आवश्यक छ ।

देशभरका २८ हजार सामुदायिक विद्यालयमध्ये करिब १० हजार पुरानो र कमजोर अवस्थामा छन् । विद्यालयको भौतिक पूर्वाधार निर्माणसम्बन्धी मापदण्ड नहुँदा स्थानीय तहले आफूखुशी निर्माण, पुनर्निर्माण र मर्मत सम्भार गर्नै आएका छन् । नेपाल सरकारले नै मापदण्ड बनाइसकेपछि अब कक्षा १ देखि ५ सम्म अध्ययन गर्ने विद्यालय भवन निर्माणका लागि १५ सय ३० वर्ग मिटर, कक्षा १ देखि ८ सम्मका लागि २५ सय ४५ र माध्यमिक तह १ देखि १० कक्षासम्मका लागि ३३ सय १० वर्गमिटर जग्गा हुनुपर्ने छ । त्यसैगरी कक्षा १ देखि १२ सम्म अध्ययन गराउन विद्यालयका लागि ४ हजार ७२ वर्गमिटर जग्गा अनिवार्य हुनुपर्ने व्यवस्था गरिएको छ ।

### ४.६.२ वर्तमान अवस्था

सानीभेरी गाउँपालिकाको शैक्षिक स्थिति प्रतिवेदन २०८२ अनुसार यस गाउँपालिका अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुको भौतिक पूर्वाधारको अवस्था तल उल्लेख भए बमोजिम रहेको छ ।

| क्र.सं. | विद्यालयको नाम | सञ्चालित तह | वडा नं. | जग्गाको | खेल मैदान | खानेपानी | शौचालय | | भवन विवरण | | | प्रयोगशाला | पुस्तकालय | कम्प्युटर ल्याव | ईन्टरनेट | फर्निचर | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | कच्ची | पक्की | कच्ची | पक्की | जम्मा कोठा संख्या | | | | | डेस्क | बेन्च | अन्य |
| १ | शितल मावि पक्रैया | कक्षा १-१० | १ | ५९४० | छ | अपर्याप्त | १ | १ | १ | ३ | १४ | छैन | छ | छ | छ | ४२ | ४२ | ९ |
| २ | भेरीदेभान मा.वि. चाइनाबगर | कक्षा १-१० | १ | २७८० | छ | छ | २ | १ | - | ३ | २२ | छ | छैन | छ | छ | ६५ | ६५ | १८ |
| ३ | जनप्रिय आवि भण्डारबन | कक्षा १-८ | १ | १७१० | सामान्य | छ | ० | १ | २ | २ | १४ | छैन | छैन | छ | छ | ६२ | ६२ | १६ |
| ४ | प्रगतिशील आवि बुकीचौर | कक्षा १-३ | १ | | छ | सामान्य | १ | ० | १ | ० | ४ | छैन | छैन | छैन | छैन | १० | १० | ४ |
| ५ | बालज्योति मावि गिठाकोट | कक्षा १-१० | २ | २२८५ | अपर्याप्त | छ | ० | १ | ० | ३ | १९ | छ | छ | छ | छ | ६० | ६० | ३८ |
| ६ | जनकल्याण आवि पूर्तिमकाँडा | कक्षा १-८ | २ | ३३३५ | छ | छैन | १ | ० | २ | १ | ८ | छैन | छ | छ | छैन | ३१ | ३१ | १४ |
| ७ | ज्ञानोदय आवि घर्तिगाउँ | कक्षा १-३ | २ | ६७० | सामान्य | छ | १ | ० | २ | ० | ४ | छैन | छैन | छैन | छैन | ८ | ८ | ८ |
| ८ | मालिका पहाड प्राबावि केन्द्र | बालविकास | २ | १५५ | छ | छैन | १ | ० | २ | ० | ५ | छैन | छैन | छैन | छैन | १२ | १२ | ११ |
| ९ | सुर्योदय मावि बेल्टापु | कक्षा १-१० | ३ | 4840 | छ | छ | ० | ३ | ० | ३ | १८ | छ | छ | छ | छ | १२५ | १२५ | ३५ |
| १० | बालकल्याण आवि गोलडाँडा | कक्षा १-८ | ३ | ७३५ | अपर्याप्त | अपर्याप्त | ० | १ | ३ | २ | १५ | छैन | छैन | सामान्य | छ | ५० | ५० | १५ |
| ११ | आधारभूत विद्यालय ज्यामिरे | कक्षा १-५ | ३ | २७६० | छ | छ | १ | | ३ | ० | १० | छैन | छैन | छ | छैन | २० | २० | ११ |
| १२ | दिपज्योति आवि चौखे | कक्षा १-२ | ३ | ११९० | छ | पर्याप्त | १ | ० | ३ | ० | ११ | छैन | छैन | छैन | छैन | १७ | १७ | १६ |
| १३ | सानीभेरी मावि बलिबाङ | कक्षा १-१२ | ४ | २१०८ | छ | छ | ० | २ | ० | ३ | १६ | छ | छ | छ | छ | १२० | १२० | ११ |
| १४ | राष्ट्रीय आवि चाख्लेमेला | कक्षा १-८ | ४ | २३०५ | सामान्य | अपर्याप्त | ० | १ | ३ | ० | १० | छैन | छैन | छ | छैन | ५० | ५० | १८ |

| | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १५ | नवचन्द्रज्योति आवि गारछाला | कक्षा १-५ | ४ | 3665 | छैन | सामान्य | १ | ० | २ | १ | ६ | छैन | छैन | छैन | छैन | ८ | ८ | १३ |
| १६ | कालिका आवि इजर | कक्षा १-३ | ४ | १७८० | सामान्य | छैन | १ | ० | ३ | ० | ७ | छैन | छैन | छैन | छैन | ६ | ६ | ११ |
| १७ | जनज्योति मावि मेलचौर | कक्षा १-१० | ५ | ५०० | छ | छ | ० | १ | १ | ३ | १५ | छैन | छैन | छैन | छ | १०२ | १०२ | २१ |
| १८ | नेपाल राष्ट्रिय मावि घापागार | कक्षा १-१० | ५ | २१८५ | छ | छ | ३ | १ | २ | २ | १५ | छैन | छैन | छ | छैन | ६२ | ६२ | ३४ |
| १९ | बालहित आवि हाँसु | कक्षा १-८ | ५ | १२६० | छ | छैन | १ | ० | ४ | १ | १० | छैन | छैन | छैन | छैन | २५ | २५ | १६ |
| २० | कालिका आवि घामताप्ने | कक्षा १-५ | ५ | ३००० | छैन | सामान्य | ० | १ | ० | १ | ४ | छैन | छैन | छैन | छैन | २५ | २५ | १० |
| २१ | बालकल्याण प्राबावि केन्द्र शिलटाकुरी | बालविकास | ५ | ३०० | छ | छैन | १ | ० | १ | ० | ४ | छैन | छैन | छैन | छैन | ४ | ४ | ६ |
| २२ | बालहित आवि पोखरी | कक्षा १-३ | ५ | १०८० | छ | छ | १ | ० | २ | ० | ५ | छैन | छैन | छैन | छैन | १० | १० | १० |
| २३ | लक्ष्मी आवि कोटगाँउ | कक्षा १-८ | ६ | 1655 | सामान्य | छ | १ | ० | ३ | १ | १० | छैन | छैन | सामान्य | छैन | ६५ | ६५ | १७ |
| २४ | पृथ्वी आवि देउताखोला | कक्षा १-८ | ६ | 2990 | सामान्य | छ | १ | ० | १ | २ | १५ | छैन | छ | सामान्य | छैन | ४५ | ४५ | १७ |
| २५ | जनता आवि छहरा | कक्षा १-३ | ६ | १५०० | छ | छ | १ | ० | २ | ० | ४ | छैन | छैन | छैन | छैन | १८ | १८ | १५ |
| २६ | अमरज्योति आवि सल्लीचौर | कक्षा १-३ | ६ | 2645 | छ | छ | १ | ० | २ | ० | ६ | छैन | छैन | छैन | छैन | १२ | १२ | १२ |
| २७ | जनचाहना आवि सहरे | कक्षा १-८ | ७ | 2945 | सामान्य | सामान्य | २ | ० | ४ | १ | १२ | छैन | छैन | छ | छैन | ३५ | ३५ | १२ |
| २८ | जनज्योति आवि फुकुज्यूला | कक्षा १-५ | ७ | ११४५ | छ | छ | १ | ० | ० | २ | ४ | छैन | छैन | छैन | छ | ७ | ७ | ३ |
| २९ | चन्द्रोदय आवि सहरे | कक्षा १-५ | ७ | ९०५ | सामान्य | सामान्य | १ | | २ | | ६ | छैन | छैन | छैन | छैन | २० | २० | १० |
| ३० | कालिका आवि फुक्कु | कक्षा १-८ | ८ | 11010 | छ | सामान्य | २ | ० | ० | १ | ४ | छैन | छैन | छ | | | | |
| ३१ | जनसहयोग आवि माथिल्लो आँमडाँडा | कक्षा १-३ | ८ | १३८५ | सामान्य | छैन | २ | ० | २ | ० | ७ | छैन | छैन | छैन | छैन | ० | ० | ६ |
| ३२ | सरस्वति आवि तल्लो आँमडाँडा | कक्षा १-५ | ८ | ४०२ | छ | छ | १ | ० | ० | ० | ६ | छैन | छैन | छैन | छैन | २५ | २५ | ९ |
| ३३ | बालकल्याण आवि पाखेरोल | बालविकास | ८ | १७०० | छैन | छ | १ | ० | १ | ० | ४ | छैन | छैन | छैन | छैन | १० | १० | ९ |
| ३४ | रासी ज्ञानोदय मावि सिम्ली | कक्षा १-१२ | ९ | 4520 | छ | छ | ० | ५ | ० | ६ | ४२ | छ | छ | छ | छ | २५० | २५० | ४० |

| | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३५ | जनप्रिय आवि हाँसिबाङ | कक्षा १-१० | ९ | १०१० | सामान्य | अपर्याप्त | २ | ० | १ | २ | १२ | छैन | छ | छ | छ | १०२ | १०२ | २४ |
| ३६ | शिव आवि मगरराङ्जा | कक्षा १-५ | ९ | ३९० | छैन | अपर्याप्त | २ | ० | २ | ० | ६ | छैन | छैन | सामान्य | छ | ४ | ४ | १० |
| ३७ | सरस्वति आवि चिन्तु | कक्षा १-१० | १० | १३२० | छैन | अपर्याप्त | २ | ० | २ | २ | १३ | छ | छ | छ | छ | ७० | ७० | १५ |
| ३८ | सरस्वति मावि अर्माडाँडा | कक्षा १-१२ | १० | ३७८० | छैन | छैन | १ | ० | ४ | २ | ८ | छ | छ | छ | छ | ५० | ५० | ३० |
| ३९ | जनसेवा आवि घनठाना | कक्षा १-३ | १० | १५०० | छ | छैन | १ | ० | २ | | ५ | छैन | छैन | छैन | छैन | १५ | १५ | ६ |
| ४० | शिव आवि काफलबोट | कक्षा १-१० | ११ | ८४५ | छ | छ | १ | ० | २ | १ | ८ | छैन | छैन | छ | छ | ५७ | ५७ | २० |
| ४१ | जनकल्याण मा.वि. बागखोर | कक्षा १-१० | ११ | १७१० | अपर्याप्त | छ | १ | ० | ० | ३ | ८ | छैन | छैन | छ | **छैन** | ८५ | ८५ | ११ |
| ४२ | दिपज्योति आवि काँडा | कक्षा १-५ | ११ | ५५३० | छैन | छ | १ | ० | २ | १ | ६ | छैन | छैन | सामान्य | छैन | १९ | १९ | ८ |
| ४३ | जनजागरण आवि गात्तिना | कक्षा १-३ | ११ | ९०० | छ | छैन | १ | ० | १ | १ | ४ | छैन | छैन | सामान्य | छैन | १० | १० | ६ |
| ४४ | ज्ञानज्योति आवि टिम्मुरबोट | कक्षा १-२ | ११ | ४८० | छैन | छैन | १ | ० | २ | ० | ६ | छैन | छैन | छैन | छैन | २० | २० | १२ |
| ४५ | ज्ञानकुञ्ज आवि रानीच्यूरा | कक्षा १-२ | ११ | ३५० | छैन | छ | १ | ० | १ | ० | ३ | छैन | छैन | छैन | छैन | ३ | ३ | ६ |

### ४.६.३ समस्या तथा चुनौतिहरु

१. विद्यालयका भौतिक पूर्वाधारको निर्माण, मर्मत, सुदृढीकरण तथा विस्तारका लागि आवश्यक वित्तीय स्रोत र लगानी अपर्याप्त हुनु ।

२. भूकम्प, बाढी, पहिरो तथा अन्य प्राकृतिक विपद्का कारण विद्यालय भवन तथा शैक्षिक पूर्वाधारमा क्षति पुग्ने उच्च जोखिम रहनु तथा विपद् प्रतिरोधी संरचनाको पर्याप्त विकास हुन नसक्नु ।

३. विद्यालयहरूमा पुस्तकालय, विज्ञान तथा कम्प्युटर प्रयोगशाला, सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण सिकाइ सामग्री तथा डिजिटल पूर्वाधारको अभावले गुणस्तरीय शिक्षण सिकाइमा अपेक्षित सुधार हुन नसक्नु ।

४. विद्यालय पूर्वाधार विकास तथा पुनर्निर्माणका लागि सङ्घ, प्रदेश, स्थानीय तह, निजी क्षेत्र, विकास साझेदार तथा अन्य सरोकारवालाबीच आवश्यक समन्वय, स्रोत परिचालन र साझेदारी प्रभावकारी हुन नसक्नु ।

५. विद्यालय भौतिक पूर्वाधारको संरक्षण, नियमित मर्मतसम्भार तथा सुधारमा विद्यालय, अभिभावक, स्थानीय समुदाय र सरोकारवालाको सक्रिय सहभागिता तथा स्वामित्व अपेक्षाअनुसार विकास हुन नसक्नु ।

६. सबै विद्यालयहरुमा खानेपानी, शौचालय लगायतका भौतिक पूर्वाधार पर्याप्त र अनुकूल नहुनु ।

### ४.६.४ लक्ष्य

सबै विद्यालयमा सुरक्षित, भूकम्प प्रतिरोधी, बालमैत्री, समावेशी, वातावरणमैत्री तथा शिक्षण सिकाइमैत्री गुणस्तरीय भौतिक पूर्वाधारको विकास र दिगो व्यवस्थापन सुनिश्चित गर्दै विद्यार्थीका लागि सुरक्षित, पहुँचयोग्य र प्रविधिमैत्री सिकाइ वातावरणको निर्माण गर्ने ।

### ४.६.५ उदेश्य

१. सबै विद्यालयमा राष्ट्रिय मापदण्डअनुसार सुरक्षित, भूकम्प प्रतिरोधी, जलवायु उत्थानशील बालमैत्री, समावेशी तथा शिक्षणसिकाइमैत्री भौतिक पूर्वाधारको विकास, विस्तार, मर्मतसम्भार र सुदृढीकरण सुनिश्चित गर्ने ।

२. विद्यालय भौतिक पूर्वाधारको योजना, निर्माण, सञ्चालन तथा व्यवस्थापनमा गुणस्तर, पारदर्शिता, जवाफदेहिता र दिगोपन सुनिश्चित गर्दै प्रभावकारी कार्यान्वयन प्रणालीको विकास गर्ने ।
३. विद्यालयका सबै विद्यार्थीका लागि सुरक्षित, प्रविधिमैत्री तथा गुणस्तरीय सिकाइ वातावरण सुनिश्चित गर्न आवश्यक शैक्षिक पूर्वाधार, सुविधा तथा सेवाको विस्तार र सुदृढीकरण गर्ने ।

### ४.६.६ रणनीतिहरु

१. राष्ट्रिय मापदण्ड तथा स्थानीय आवश्यकता अनुरूप सुरक्षित, भूकम्प प्रतिरोधी, बालमैत्री, समावेशी, वातावरणमैत्री र शिक्षण सिकाइमैत्री विद्यालय भौतिक पूर्वाधारको विकास, विस्तार र सुदृढीकरण गर्ने ।
२. विद्यार्थी सङ्ख्या, विद्यालयको तह तथा भौगोलिक अवस्थाका आधारमा विद्यालय पूर्वाधारको योजनाबद्ध विकास गर्दै पुस्तकालय, सूचना केन्द्र, प्रयोगशाला तथा डिजिटल सिकाइ पूर्वाधारको विस्तार गरी गुणस्तरीय शिक्षण सिकाइ वातावरण सुनिश्चित गर्ने।
३. विद्यालय पूर्वाधार विकासका लागि सङ्घ, प्रदेश, स्थानीय तह, विकास साझेदार, निजी क्षेत्र तथा अन्य सरोकारवालासँग समन्वय, सहकार्य, लागत साझेदारी र स्रोत परिचालनलाई प्रभावकारी बनाउने ।
४. विद्यालय पूर्वाधारको दिगो उपयोग, संरक्षण तथा व्यवस्थापन गर्दै सुरक्षित विद्यालय अवधारणाअनुसार संस्थागत क्षमता अभिवृद्धि गर्ने र प्रत्येक वडामा कम्तीमा एक नमुना विद्यालय विकास गर्न पहल गर्ने।

### ४.६.७ मुख्य उपलब्धि तथा नतिजा

सबै विद्यालयमा राष्ट्रिय मापदण्डअनुसार पर्याप्त, सुरक्षित, भूकम्प प्रतिरोधी, बालमैत्री, अपाङ्गतामैत्री, लैङ्गिकमैत्री तथा शिक्षण सिकाइमैत्री भौतिक पूर्वाधारको विकास भई गुणस्तरीय सिकाइका लागि अनुकूल वातावरण सुनिश्चित भएको हुनेछ ।

| बिद्यालय भौतिक निर्माण र सुधार कार्यक्रमका लागि प्रस्तावित कार्यक्रमहरू (Proposed Activities for School Infrastructure Development and Improvement) | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रस्तावित कार्यक्रमहरु | लगानीको अनुमान (Cost Estimates) | | | | | एकाई | प्रस्तावित बजेट | बार्षिक भौतिक लक्ष्य (Yearly Physical Target) | | | | |
| | २०२६/२७<br>८३/८४ | २०२७/२८<br>८४/८५ | २०२८/२९<br>८५/८६ | २०२९/३०<br>८६/८७ | २०३०/३१<br>८७/८८ | | | २०२४/२५<br>८१/८२ | २०२५/२६<br>८२/८३ | २०२६/२७<br>८३/८४ | २०२७/२८<br>८४/८५ | २०२८/२९<br>८५/८६ |
| स्थानीय तहका छनौट भएका बिद्यालयहरूमा WASH सुबिधा र फर्निचर सहितको भूकम्प प्रतिरोधि बिद्यालय भवन निर्माण गर्ने | ५००००० | १०००००० | १०००००० | १०००००० | १०००००० | १ | ५००००० | १ | २ | २ | २ | २ |
| स्थानीय तहका छनौट भएका बिद्यालयहरूमध्ये कक्षा १-५ सम्म सन्चालित बिद्यालयहरूलाई बिद्यालय मर्मत | २००००० | ३००००० | ४००००० | ५००००० | ५००००० | १ | १००००० | २ | ३ | ४ | ५ | ५ |
| विद्यालयमा खानेपानी तथा शौचालय ब्यवस्थापन | २०००००० | ४०००००० | ४०००००० | ४०००००० | ४०००००० | १ | २०००००० | १ | २ | २ | २ | २ |
| सबै माध्यमिक विद्यालयहरुमा सुविधासम्पन्न ICT LAB को स्थापना तथा सञ्चालन | २०००००० | २०००००० | २०००००० | ४००००० | ० | १ | २००००० | १० | १० | १० | २ | ० |
| ECD बालबालिकाहरुका लागि WASH सुबिधा सहितको छुट्टै शौचालय निर्माण गर्ने | १०००००० | १०००००० | १०००००० | १०००००० | १०००००० | १ | १०००००० | १ | १ | १ | १ | १ |
| बिद्यालयहरुमा नक्साङ्न गरी आवश्यकताका आधारमा कक्षाकोठामा मापदण्ड बमोजिमका डेस्क बेन्च तथा फर्निचरको ब्यवस्थापन कार्यक्रम गर्ने | १६०००० | ४०००००० | ० | ४०००००० | ० | १ | ८००० | २०० | ५०० | | ५०० | ० |
| बिद्यालयहरुमा नक्साङ्नका आधारमा कक्षाकोठामा बुक कर्नर, ब्यवस्थापन कार्यक्रम गर्ने | ५०००० | १००००० | १००००० | ७०००० | ० | १ | १०००० | ५ | १० | १० | ७ | ० |
| आधारभूत तहमा बालमैत्री तथा अपाङ्गमैत्री बिद्यालय भवन निर्माण मर्मत कार्यक्रम | ० | १०००००० | २०००००० | २०००००० | २०००००० | १ | १०००००० | ० | १ | २ | २ | २ |
| नमूना बालविकास निर्माण तथा कार्यान्वयन सहयोग | ० | २५००००० | ० | ० | २५००००० | १ | २५००००० | ० | १ | ० | ० | १ |
| बालविकास केन्द्र तथा आधारभूत तह कक्षा १-३ मा रंगरोगन तथा भित्ते लेखन कार्यक्रम | ३००००० | ४५०००० | ४५०००० | ४५०००० | ४५०००० | १ | १५०००० | २ | ३ | ३ | ३ | ३ |
| आधारभूत तह (कक्षा ०-५) का बालबालिकाहरुका लागि दिवा खाजा घर ब्यवस्थापन कार्यक्रम | १००००० | १५०००० | २००००० | २५०००० | २५०००० | १ | ५०००० | २ | ३ | ४ | ५ | ५ |
| विद्यालयमा खानेपानी ब्यवस्थापन सहयोग | ४००००० | ५००००० | ५००००० | ५००००० | ५००००० | १ | १००००० | ४ | ५ | ५ | ५ | ५ |
| **बिद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रमका लागि प्रस्तावित कार्यक्रमको जम्मा बजेट** | **१२६५००००** | **२६००००००** | **२०६५००००** | **२३१७००००** | **२१२०००००** | | | | | | | |

## ४.७ बिद्यालय बिद्यालय सूचना तथा प्रविधि

### ४.७.१ परिचय

सूचना तथा सञ्चार प्रविधिको तीव्र विकासले विश्वव्यापी रूपमा ज्ञान, सीप, सूचना आदान प्रदान तथा शिक्षण सिकाइ प्रक्रियामा व्यापक परिवर्तन ल्याएको छ । ज्ञानमा आधारित समाजको निर्माण, प्रतिस्पर्धी, सिर्जनशील तथा प्रविधिमैत्री जनशक्ति उत्पादन गर्नु आजको शिक्षाको प्रमुख आवश्यकता बनेको छ । यस सन्दर्भमा विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी उपयोग गरी विद्यार्थीमा २१औं शताब्दीका आवश्यक ज्ञान, सीप, नवप्रवर्तनशील सोच तथा डिजिटल दक्षताको विकास गर्नु अपरिहार्य भएको छ। साथै, सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट सहरी तथा ग्रामीण, सुगम तथा दुर्गम तथा सामुदायिक र संस्थागत विद्यालयबीच रहेको शैक्षिक गुणस्तरको अन्तर न्यूनीकरण गर्दै गुणस्तरीय शिक्षामा समान पहुँच विस्तार गर्न सकिन्छ। शिक्षण सिकाइलाई प्रभावकारी, अन्तरक्रियात्मक र प्रविधिमैत्री बनाउने, डिजिटल सिकाइ सामग्रीमा पहुँच बढाउने तथा शैक्षिक प्रशासन, व्यवस्थापन र सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र प्रभावकारी बनाउन सूचना तथा सञ्चार प्रविधिको विकास र प्रयोग अत्यन्त आवश्यक छ।

नेपालको संविधान, २०७२ ले प्रत्येक नागरिकलाई सूचनाको हकलाई मौलिक अधिकारका रूपमा सुनिश्चित गरेको छ। सोही संवैधानिक व्यवस्थाअनुसार शिक्षामा सूचना तथा सञ्चार प्रविधिको पहुँच विस्तार गरी सबै विद्यार्थीका लागि डिजिटल अवसरको समानता सुनिश्चित गर्ने, डिजिटल विभाजन न्यूनीकरण गर्ने तथा सूचना प्रविधिलाई शिक्षण सिकाइ, मूल्याङ्कन, शैक्षिक व्यवस्थापन र सुशासनको प्रभावकारी माध्यमका रूपमा विकास गर्ने नीतिगत व्यवस्था गरिएको छ। त्यसैगरी डिजिटल नेपालको कार्यढाँचा, २०७६ ले विद्यालय तथा उच्च शिक्षामा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षा, डिजिटल साक्षरता, जियोस्पेसियल (GEOSPATIAL/GIS) शिक्षाको विस्तार, प्रविधिमैत्री शिक्षण प्रणालीको विकास तथा शिक्षा क्षेत्रको सूचना प्रविधिसम्बन्धी संस्थागत क्षमता

अभिवृद्धिलाई प्राथमिकतामा राखेको छ । यी नीतिगत व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयनमार्फत विद्यालय शिक्षालाई प्रविधिमैत्री, नवप्रवर्तनशील, गुणस्तरीय तथा समावेशी बनाउँदै डिजिटल नेपालको लक्ष्य हासिल गर्न महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ ।

## ४.७.२ परिचय

नेपाल सरकारले स्वीकृत गरेको राष्ट्रिय शिक्षा नीति, २०७६ तथा विज्ञान, प्रविधि तथा नवप्रवर्तन नीति ले शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास, विस्तार र प्रभावकारी प्रयोगलाई विशेष प्राथमिकता दिएको छ। यी नीतिहरूले सबै विद्यालय तथा शैक्षिक संस्थामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी आवश्यक पूर्वाधार निर्माण, उच्चगतिको इन्टरनेट पहुँच विस्तार, शिक्षण सिकाइ, मूल्याङ्कन तथा शैक्षिक व्यवस्थापनमा सूचना प्रविधिको प्रभावकारी प्रयोगका लागि आवश्यक उपकरण, डिजिटल सामग्री तथा दक्ष जनशक्तिको विकास गर्ने व्यवस्था गरेका छन् । यसका साथै पछिल्लो समय सूचना र सञ्चार तथा नवपर्वतनमा उल्लेख्य कार्य गर्नका लागि संरचनागत हिसावले नेपाल सरकारले विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय समेतको ब्यवस्था गरेको अवस्था छ । उल्लेखित नितिगत ब्यवस्था र समयको मागलाइ सम्बोधन गर्न सानीभेरो गाउँपालिकाले पनि विद्यालयमा बिद्युतिकरण, कम्प्युटर ल्याव स्थापन, विद्यालयमा इन्टरनेटको पहुँच विस्तार जस्ता कार्यहरु नियमित रुपमा गर्दै आइरहेको अवस्था छ ।

| विद्यालयको तह | कम्प्युटर ल्याव | | | इन्टरनेट सुबिधा | | कै. |
|---|---|---|---|---|---|---|
| | भएका विद्यालय | नभएका विद्यालय | सामान्य अवस्थाका विद्यालय | इन्टरनेट सुबिधा भएको | इन्टरनेट सुबिधा नभएको | |
| कक्षा १-१० | ९ | १ | ० | ८ | २ | |
| कक्षा १-१२ | ३ | ० | ० | ३ | ० | |
| कक्षा १-५ | १ | १६ | ३ | २ | १८ | |
| कक्षा ६-८ | ५ | ४ | ३ | ३ | ६ | |
| जम्मा | १८ | २१ | ६ | १६ | २९ | |

### ४.७.३ समस्या तथा चुनौतिहरु

१. सबै विद्यालयहरूमा कम्प्युटर, इन्टरनेट, विद्युत् आपूर्ति, डिजिटल उपकरण तथा अन्य सूचना तथा सञ्चार प्रविधिसम्बन्धी पूर्वाधारको अपर्याप्तताले प्रविधिमैत्री शिक्षण सिकाइ सञ्चालन हुन नसक्नु ।

२. शिक्षक, विद्यार्थी तथा शैक्षिक जनशक्तिमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी आवश्यक ज्ञान, सीप तथा डिजिटल क्षमता अभिवृद्धिका अवसर सीमित हुँदा शिक्षण सिकाइमा प्रविधिको प्रभावकारी उपयोग हुन नसक्नु ।

३. सबै विद्यालय तथा विद्यार्थीमा सूचना तथा सञ्चार प्रविधिको समान पहुँच सुनिश्चित हुन नसक्दा डिजिटल विभाजन कायम रहनु तथा समतामूलक गुणस्तरीय शिक्षामा चुनौती उत्पन्न हुनु ।

४. डिजिटल शिक्षण प्रणालीको विस्तारसँगै साइबर सुरक्षा, डाटा गोपनीयता तथा सूचना सुरक्षासम्बन्धी पर्याप्त नीतिगत व्यवस्था, जनचेतना र सुरक्षात्मक अभ्यासको अभाव रहनु ।

५. पाठ्यक्रम, शिक्षण सिकाइ, मूल्याङ्कन तथा शैक्षिक व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको एकीकृत प्रयोग, आवश्यक डिजिटल सामग्रीको विकास तथा शिक्षक विद्यार्थीको सक्रिय सहभागिता अपेक्षाअनुसार प्रभावकारी हुन नसक्नु ।

### ४.७.४ लक्ष्य

सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिमा समान पहुँच सुनिश्चित गर्दै प्रविधिमैत्री, गुणस्तरीय, समावेशी र नवप्रवर्तनशील शिक्षण सिकाइ प्रणालीको विकास गर्ने।

### ४.७.५ उदेश्य

१. सूचना तथा सञ्चार प्रविधिमा सबै विद्यार्थी र शिक्षकको समान पहुँच सुनिश्चित गर्दै प्रविधिमैत्री, समावेशी र गुणस्तरीय शिक्षण सिकाइ प्रणालीको विकास गर्ने ।

२. शिक्षक, विद्यार्थी तथा शैक्षिक जनशक्तिको डिजिटल साक्षरता, सूचना तथा सञ्चार प्रविधिसम्बन्धी क्षमता र सीप अभिवृद्धि गरी शिक्षण सिकाइ तथा नवप्रवर्तनमा प्रविधिको प्रभावकारी प्रयोग प्रवर्द्धन गर्ने ।

३. सूचना तथा सञ्चार प्रविधिको प्रयोगमार्फत विद्यालय शिक्षा, शैक्षिक प्रशासन, व्यवस्थापन, अनुगमन तथा सेवा प्रवाहलाई पारदर्शी, प्रभावकारी, उत्तरदायी र प्रविधिमैत्री बनाउने।

### ४.७.६ रणनीतिहरु

१. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आवश्यक पूर्वाधार, इन्टरनेट, डिजिटल उपकरण तथा शैक्षिक स्रोत सामग्रीको पहुँच विस्तार गर्दै प्रविधिमैत्री शिक्षण सिकाइ वातावरणको विकास गर्ने ।

२. शिक्षक तथा शैक्षिक जनशक्तिको डिजिटल क्षमता अभिवृद्धि गरी अन्तरक्रियात्मक डिजिटल सामग्री, सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण सिकाइ, शिक्षक सहायता तथा पृष्ठपोषण प्रणालीलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने ।

३. शैक्षिक प्रशासन, सेवा प्रवाह, अनुगमन तथा व्यवस्थापनलाई सूचना तथा सञ्चार प्रविधिमा आधारित बनाउँदै आपत्कालीन अवस्थामासमेत शिक्षाको निरन्तरता सुनिश्चित गर्न आवश्यक डिजिटल प्रणाली र कार्ययोजनाको विकास तथा कार्यान्वयन गर्ने ।

### ४.७.७ मुख्य उपलब्धि र नतिजा

१. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार, डिजिटल सिकाइ सामग्री तथा प्रविधिमैत्री शिक्षण सिकाइ प्रणालीको विकास भई गुणस्तरीय शिक्षा, प्रभावकारी शैक्षिक व्यवस्थापन तथा सुशासन प्रवर्द्धन भएको हुनेछ ।

२. सूचना तथा सञ्चार प्रविधिमा सबै विद्यार्थी र विद्यालयको पहुँच विस्तार भई शिक्षण सिकाइ, शिक्षक सहायता, शैक्षिक प्रशासन, अनुगमन, मूल्याङ्कन तथा एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली प्रभावकारी रूपमा कार्यान्वयन भई सिकाइ उपलब्धि र सेवा प्रवाहमा गुणात्मक सुधार भएको हुनेछ ।

## सूचना तथा प्रबिधि विकास ICT का लागि प्रस्तावित कार्यक्रमहरू (Proposed Activities for ICT)

| प्रस्तावित कार्यक्रमहरु | लगानीको अनुमान (Cost Estimates) | | | | | एकाई | प्रति इकाई बजेट | बार्षिक भौतिक लक्ष्य (Yearly Physical Target) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | २०२६/२७ | २०२७/२८ | २०२८/२९ | २०२९/३० | २०३०/३१ | | | २०२६/२७ | २०२७/२८ | २०२८/२९ | २०२९/३० | २०३०/३१ |
| | ८३/८४ | ८४/८५ | ८५/८६ | ८६/८७ | ८७/८८ | | | ८३/८४ | ८४/८५ | ८५/८६ | ८६/८७ | ८७/८८ |
| विद्यालयमा सूचना तथा सञ्चार ICT संरचना विस्तार | ४००००० | ८००००० | ८००००० | ८००००० | ८००००० | १ | २००००० | २ | ४ | ४ | ४ | ४ |
| सबै विद्यालयमा इन्टरनेटको पहुँच विस्तार कार्यक्रम र नविकरण | १५०००० | २४०००० | २४०००० | २४०००० | २४०००० | १ | ३०००० | ५ | ८ | ८ | ८ | ८ |
| विद्यालयमा इ हाजिरी तथा CCTV जडान कार्यक्रम | १०००००० | १०००००० | १०००००० | ० | ० | १ | १००००० | १० | १० | १० | ० | ० |
| विद्यालयमा अन्तरक्रियात्मक डिजिटल सामग्रीको उपलब्धता (SMART Board) | २१००००० | २१००००० | २८००००० | २८००००० | २८००००० | १ | ३५०००० | ६ | ६ | ८ | ८ | ८ |
| विद्यालयमा IEMIS व्यवस्थापन तथा शिक्षक कर्मचरी क्षमता विकास कार्यक्रम | ३००००० | ० | ३००००० | ० | ३००००० | १ | ३००००० | १ | ० | १ | ० | १ |
| सामुदायिक सिकाइ केन्द्रहरूमा सूचना र प्रविधिको विकास र नविकरण | २४०००० | २४०००० | २४०००० | २४०००० | २४०००० | १ | ६०००० | ४ | ४ | ४ | ४ | ४ |
| माध्यमिक विद्यालयका अनिवार्य विषयहरूको भर्चुअल कक्षा सञ्चालन सहयोग | २००००० | २००००० | २००००० | २००००० | २००००० | १ | २००००० | १ | १ | १ | १ | १ |
| प्रारम्भिक कक्षाका बालबालिकाहरूको लागि श्रव्यदृश्य सामग्री सहयोग कार्यक्रम | २५०००० | २५०००० | २५०००० | ५००००० | ५००००० | १ | ५०००० | ५ | ५ | ५ | १० | १० |
| प्रविधि मैत्री सिकाइका लागि टेलिभिजन, कम्प्युटर, इन्टरनेट लगायत प्रयोगका लागि तालिमको व्यवस्था | ४००००० | ० | ४००००० | ० | ४००००० | १ | ४००००० | १ | ० | १ | ० | १ |
| विद्यालय तथा कार्यालयका प्रबिधिका सामग्रीहरुको मर्मत तथा ब्यवस्थापन सहयोग | ६००००० | ६००००० | ६००००० | ६००००० | ६००००० | १ | ६००००० | १ | १ | १ | १ | १ |
| बिद्यालयको नक्सांकनका लागि प्रबिधि तथा साधनको विकास र प्रयोग | ५००००० | ० | ० | ५००००० | ० | १ | ५००००० | १ | ० | ० | १ | ० |
| भर्चुअल संसार, AI र डिजिटल साक्षरता कार्यक्रम सञ्चालन | ४४०००० | ४४०००० | ४४०००० | ४४०००० | ४४०००० | १ | ४०००० | ११ | ११ | ११ | ११ | ११ |
| **बिद्यालय ICT कार्यक्रमको जम्मा बजेट** | ६५८०००० | ५८७०००० | ७२७०००० | ६३२०००० | ६५२०००० | | | | | | | |

# परिच्छेद ६
# सुशासन र व्यवस्थापन

## ६.१ परिचय

संघीय शासन प्रणालीको कार्यान्वयनसँगै शिक्षा क्षेत्रको जिम्मेवारी संघ, प्रदेश र स्थानीय तहबीच बाँडफाँट भएको छ । यस परिवेशमा गुणस्तरीय, प्रभावकारी, पारदर्शी, उत्तरदायी तथा जवाफदेही शैक्षिक सेवा प्रवाह सुनिश्चित गर्न सक्षम संस्थागत संरचना, दक्ष जनशक्ति, स्पष्ट कार्यप्रणाली तथा सुदृढ व्यवस्थापन प्रणालीको विकास आवश्यक भएको छ। स्थानीय सरकारका रूपमा सानीभेरी गाउँपालिकाले प्रारम्भिक बालविकासदेखि माध्यमिक शिक्षासम्मको पहुँच, गुणस्तर, समता, समावेशिता तथा आजीवन सिकाइका अवसरहरूको विस्तार गर्दै प्रभावकारी शैक्षिक सुशासन कायम गर्ने महत्वपूर्ण जिम्मेवारी निर्वाह गरिरहेको छ ।

शिक्षा क्षेत्रमा सूचना प्रविधिको विकास, सामाजिक परिवर्तन, बढ्दो जनअपेक्षा तथा नतिजामुखी सेवा प्रवाहको आवश्यकतालाई मध्यनजर गर्दै शैक्षिक योजना, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन, वित्तीय व्यवस्थापन तथा सेवा प्रवाहलाई थप प्रभावकारी, पारदर्शी र उत्तरदायी बनाउनु आवश्यक छ । यद्यपि संघीय शिक्षा सम्बन्धी कानुनी व्यवस्था पूर्ण रूपमा कार्यान्वयनमा नआउनु, संस्थागत क्षमता तथा समन्वयमा रहेका चुनौतीहरूले स्थानीय तहमा शिक्षा व्यवस्थापनलाई अपेक्षाअनुसार प्रभावकारी बनाउन थप प्रयास आवश्यक देखिन्छ । त्यसैले सानीभेरी गाउँपालिकाले सुदृढ संस्थागत संरचना, सक्षम जनशक्ति, प्रभावकारी समन्वय, डिजिटल शैक्षिक व्यवस्थापन तथा सुशासनका सिद्धान्तलाई आत्मसात् गर्दै गुणस्तरीय र परिणाममुखी शिक्षा प्रणालीको विकासलाई प्राथमिकतामा राखेको छ ।

## ६.२ वर्तमान अवस्था

सानीभेरी गाउँपालिकाभित्र सञ्चालित सामुदायिक विद्यालयहरूको सञ्चालन, व्यवस्थापन, रेखदेख तथा शैक्षिक सुशासनका लागि प्रचलित शिक्षा ऐन, नियमावली तथा स्थानीय कानुनबमोजिम विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ तथा प्रधानाध्यापकको व्यवस्था रहेको छ । विद्यालय व्यवस्थापन समितिले विद्यालयको नीति तथा योजना निर्माण, भौतिक पूर्वाधार विकास, आर्थिक व्यवस्थापन, स्रोत परिचालन, बजेट स्वीकृति, अनुगमन तथा समग्र विद्यालय सञ्चालनसम्बन्धी निर्णय गरी कार्यान्वयन गर्ने व्यवस्था रहेको छ । विद्यालयको शैक्षिक, प्रशासनिक तथा व्यवस्थापकीय नेतृत्व प्रधानाध्यापकले गर्दै आएका छन् भने शिक्षक अभिभावक सङ्घले विद्यालय र समुदायबीच सहकार्य, अभिभावक सहभागिता तथा शिक्षण सिकाइ सुधारमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ ।

यसका साथै संरचनागत हिसावले वडा स्तरमा वडा शिक्षा समिति र पालिका स्तरमा पालिका शिक्षा समिति गठन गरी शैक्षिक सुशासन र ब्यवस्थापनका लागि कार्य गर्दै आइरहेको अवस्था छ भने विद्यालयहरुमा गुनासो सुनुवाई संयन्त्रको स्थापना, बालक्लवको गठन र परिचालनका साथै विद्यालय बालसंरक्षण मापदण्डको विकास गरी कार्यान्वयन गरेको अवस्था छ ।

सानीभेरी गाउँपालिकाले विद्यालयको गुणस्तर अभिवृद्धि र शैक्षिक सुशासन सुदृढीकरणका लागि विद्यालय सुधार योजना, सामाजिक परीक्षण, सामाजिक तथा वित्तीय लेखापरीक्षण, नियमित अनुगमन, शैक्षिक तथ्याङ्क व्यवस्थापन तथा सरोकारवालाको सहभागितामूलक व्यवस्थापनलाई प्राथमिकताका साथ कार्यान्वयन गर्दै आएको छ । तथापि संस्थागत क्षमता अभिवृद्धि, डिजिटल शैक्षिक व्यवस्थापन, नतिजामूलक अनुगमन, अन्तरनिकाय समन्वय तथा सेवा प्रवाहलाई अझ प्रभावकारी, पारदर्शी र उत्तरदायी बनाउन थप सुधार तथा सुदृढीकरणको आवश्यकता रहेको छ ।

## ६.३ समस्या तथा चुनौतिहरु

१. विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ तथा अन्य व्यवस्थापकीय संयन्त्रको संस्थागत क्षमता, नेतृत्व, व्यवस्थापकीय दक्षता तथा निर्णय कार्यान्वयन क्षमता अपेक्षाअनुसार सुदृढ हुन नसक्नु ।

२. विद्यालयको योजना, बजेट, वित्तीय व्यवस्थापन, सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण तथा लेखापरीक्षणलगायत सुशासनका अभ्यासलाई पूर्ण रूपमा पारदर्शी, उत्तरदायी र नतिजामुखी बनाउन चुनौती रहनु ।

३. विद्यालयको शैक्षिक, प्रशासनिक तथा वित्तीय कार्यसम्पादनको नियमित अनुगमन, मूल्याङ्कन, पृष्ठपोषण र तथ्यमा आधारित निर्णय प्रणाली प्रभावकारी हुन नसक्नु ।

४. विद्यालय, स्थानीय तह, अभिभावक, समुदाय तथा अन्य सरोकारवालाबीच समन्वय, सहकार्य, उत्तरदायित्व र अभिभावकीय सहभागिता अपेक्षाअनुसार प्रभावकारी हुन नसक्दा विद्यालय व्यवस्थापन तथा शैक्षिक सुधारमा चुनौती देखिनु ।

५. गुणस्तरीय शैक्षिक सेवा प्रवाहका लागि आवश्यक दक्ष जनशक्ति, संस्थागत क्षमता, सूचना प्रविधिमा आधारित व्यवस्थापन प्रणाली तथा पर्याप्त वित्तीय र भौतिक स्रोतसाधनको अभाव रहनु ।

## ६.४ लक्ष्य

सुदृढ संस्थागत क्षमता, प्रभावकारी व्यवस्थापन र सुशासनमार्फत गुणस्तरीय तथा उत्तरदायी विद्यालय शिक्षा प्रणालीको विकास गर्ने।

## ६.५ उदेश्य

१. संघ, प्रदेश र स्थानीय तहबीच प्रभावकारी समन्वय, सहकार्य तथा आवश्यक कानुनी, नीतिगत र संस्थागत व्यवस्था सुदृढ गर्दै शैक्षिक सुशासनलाई प्रभावकारी बनाउने ।

२. विद्यालय सुधार योजना (SIP) लाई आधार बनाई विद्यालय व्यवस्थापन, संस्थागत संरचना, जनशक्ति तथा शैक्षिक प्रणालीको क्षमता अभिवृद्धि गर्दै नतिजामूलक विद्यालय सञ्चालन सुनिश्चित गर्ने ।
३. प्रधानाध्यापक, शिक्षक तथा स्थानीय शैक्षिक संरचनाको नेतृत्व, उत्तरदायित्व, पेशागत विकास र कार्यसम्पादनलाई सुदृढ गरी गुणस्तरीय शैक्षिक सेवा प्रवाह सुनिश्चित गर्ने।
४. स्थानीय सरकार, विद्यालय, समुदाय तथा सरोकारवालाबीच साझेदारी र स्रोत परिचालनलाई सुदृढ गर्दै शिक्षाको प्रभावकारी व्यवस्थापन, अनुगमन तथा दिगो विकास सुनिश्चित गर्ने ।

## ६.६ रणनीतिहरु

१. संघ, प्रदेश र स्थानीय तहबीच प्रभावकारी समन्वय, सहकार्य तथा अन्तरसरकारी साझेदारीलाई सुदृढ गर्दै शिक्षा क्षेत्रसँग सम्बन्धित आवश्यक कानुनी, नीतिगत तथा संस्थागत व्यवस्था विकास र कार्यान्वयन गर्ने ।
२. स्थानीय शिक्षा ऐन, नियमावली, निर्देशिका, कार्यविधि तथा विद्यालय सुधार योजनाको प्रभावकारी कार्यान्वयन गर्दै शिक्षा व्यवस्थापन, सेवा प्रवाह र शैक्षिक सुशासनलाई सुदृढ गर्ने ।
३. प्रधानाध्यापक, शिक्षक, शैक्षिक प्रशासक तथा सम्बन्धित संस्थाको नेतृत्व, व्यवस्थापकीय क्षमता र उत्तरदायित्व अभिवृद्धि गर्दै शिक्षक सहायता प्रणाली तथा संस्थागत क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने ।
४. औपचारिक शिक्षा, आजीवन सिकाइ तथा शैक्षिक व्यवस्थापनलाई प्रभावकारी बनाउन स्थानीय समुदाय, सरोकारवाला संस्था तथा अन्तरसरकारी निकायसँग सहकार्य गर्दै आवश्यक संयन्त्र, स्रोत परिचालन र संस्थागत प्रणालीको विकास गर्ने ।

## ६.७ मुख्य उपलब्धि र नतिजा

पारदर्शी, उत्तरदायी, सहभागितामूलक र प्रभावकारी शैक्षिक सुशासन स्थापित भई विद्यालय व्यवस्थापन तथा शैक्षिक सेवा प्रवाहमा गुणात्मक सुधार भएको हुनेछ ।

| बिद्यालय सुशासनका लागि प्रस्तावित कार्यक्रमहरू (Proposed Activities for School Governance) | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रस्तावित कार्यक्रमहरु | लगानीको अनुमान (Cost Estimates) | | | | | एकाई | प्रति इकाई बजेट | बार्षिक भौतिक लक्ष्य (Yearly Physical Target) | | | | |
| | २०२६/२७ ८३/८४ | २०२७/२८ ८४/८५ | २०२८/२९ ८५/८६ | २०२९/३० ८६/८७ | २०३०/३१ ८७/८८ | | | २०२६/२७ ८३/८४ | २०२७/२८ ८४/८५ | २०२८/२९ ८५/८६ | २०२९/३० ८६/८७ | २०३०/३१ ८७/८८ |
| शैक्षिक कार्य सम्पादनका लागि आवश्यक कानुनी प्रबन्ध तथा मापदण्ड विकास | १००००० | ० | १००००० | ० | १००००० | १ | १००००० | १ | ० | १ | ० | १ |
| बिद्यालय संग सम्बन्धित संस्थागत संरचनाहरू गठन, पुनर्गठन तथा भैरहेकाहरूको अभिमुखिकरण गर्ने | ४८०००० | ४८०००० | ४८०००० | ४८०००० | ४८०००० | १ | ४०००० | १२ | १२ | १२ | १२ | १२ |
| विद्यालयमा अभिभावक भेला तथा सामाजिक परिक्षण कार्यक्रम | ६३०००० | ६३०००० | ५४०००० | ४८०००० | ४८०००० | १ | १५००० | ४२ | ४२ | ३६ | ३२ | ३२ |
| प्रधानाध्यापकलाई विद्यालयको नतिजाप्रति जिम्मेवार र जवाफदेही बनाउन क्षमता विकास तथा सम्झौता | १००००० | १००००० | १००००० | १००००० | १००००० | १ | १००००० | १ | १ | १ | १ | १ |
| शिक्षाका संरचनामा सम्बद्ध पदाधिकारीहरूको क्षमता विकास (विव्यस, सिअसंघ र वडा शिक्षा समिति सम्बद्ध पदाधिकारी) | १००००० | १००००० | १००००० | १००००० | १००००० | १ | १००००० | १ | १ | १ | १ | १ |
| प्रधानाध्यापक तथा शिक्षा शाखा कर्मचारीको क्षमता विकास तालिम | १००००० | १००००० | १००००० | १००००० | १००००० | १ | १००००० | १ | १ | १ | १ | १ |
| वडा तथा गाउँ शिक्षा समितको अभिमुखीकरण | १००००० | १००००० | १००००० | १००००० | १००००० | १ | १००००० | १ | १ | १ | १ | १ |
| शिक्षा शाखाका कर्मचारी ता संस्थागत संरचनाका पदाधिकारीहरूको क्षमता विकासका लागि तालिम, गोष्ठि, सेमिनार तथा भ्रमण | २००००० | २००००० | २००००० | २००००० | २००००० | १ | २००००० | १ | १ | १ | १ | १ |
| विद्यालयमा गुनासो सुनुवाई संयन्त्रको विकास तथा कार्यान्वयन (हरेक बर्ष समिक्षा र पुनराबलोकन गर्ने) | ४००००० | ४००००० | ४००००० | ४००००० | ४००००० | १ | २०००० | २० | २० | २० | २० | २० |
| विद्यालय सुशासन तथा जवाफदेहिता प्रवर्द्धन कार्यक्रम | १००००० | १००००० | १००००० | १००००० | १००००० | १ | १००००० | १ | १ | १ | १ | १ |
| अभिभावक तथा सरोकारवालाहरुको बिद्यालयमा सक्रियता बढाउन अभिभावक अन्तर्किया कार्यक्रम | २७५००० | २७५००० | २७५००० | २७५००० | २७५००० | १ | २५००० | ११ | ११ | ११ | ११ | ११ |
| पालिका स्तरमा शैक्षिक बहस तथा सार्वजनिक सुनुवाइ कार्यक्रम संचालन (शिक्षक अनुभव आदानप्रदान कार्यक्रम, बिज्ञ बहस, अध्यक्ष/उपाध्यक्षसंग बालबालिका कार्यक्रम समेत) | ४००००० | ० | ० | ४००००० | ० | १ | ४००००० | १ | | | १ | ० |
| बिभिन्न शैक्षिक कार्यक्रम तथा परियोजना संचालनका लागि साझेदारी गर्ने निकायसंगको लागत साझेदारी | ५००००० | ५००००० | ५००००० | ५००००० | ५००००० | १ | ५००००० | १ | १ | १ | १ | १ |
| बार्षिक शैक्षिक क्यालेन्डर निर्माण तथा कार्यान्वयन | २००००० | २००००० | २००००० | २००००० | २००००० | १ | २००००० | १ | १ | १ | १ | १ |
| लैंगिक समानता तथा सामाजिक समाबेशिकरण सम्बन्धि क्षमता विकास कार्यक्रम (बिब्यस, शिअस र बालक्लव | २२०००० | २२०००० | २२०००० | २२०००० | २२०००० | १ | २०००० | ११ | ११ | ११ | ११ | ११ |
| स्थानीय पाठ्यक्रममको मद्यावधि समिक्षा र पुनरावलोकन | ४००००० | ० | ४००००० | ० | ४००००० | १ | ४००००० | १ | | १ | | १ |
| अभिभावक उत्प्रेरणा तथा बिद्यालय सांगितिक सहभागिता कार्यक्रम | ० | ३००००० | ३००००० | ३००००० | ३००००० | १ | ३००००० | ० | १ | १ | १ | १ |
| स्थानीय शिक्षा योजनाको समिक्षा, पुनरावलोकन र संशोधन | ० | ५००००० | ० | ५००००० | ० | १ | ५००००० | ० | १ | ० | १ | ० |
| विद्यालय तथा समग्र शैक्षिक संरचनाको अनुगमन मूल्याङ्कन | ६००००० | ६००००० | ६००००० | ६००००० | ६००००० | १ | ६००००० | १ | १ | १ | १ | १ |
| **बिद्यालय सुशासन तथा ब्यवस्थापन कार्यक्रमको जम्मा बजेट** | **४९०५०००** | **४८०५०००** | **४७१५०००** | **५०५५०००** | **४६५५०००** | | | | | | | |

# परिच्छेद ७
# लगानी र व्यवस्थापन

## ७.१ परिचय

नेपालको संविधानले सबै नागरिकका लागि आधारभूत तहसम्म निःशुल्क तथा अनिवार्य र माध्यमिक तहसम्म निःशुल्क शिक्षाको अधिकार सुनिश्चित गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले आधारभूत तथा माध्यमिक शिक्षा, प्रारम्भिक बालविकास, विशेष शिक्षा, खुला तथा वैकल्पिक शिक्षा, सामुदायिक सिकाइ केन्द्रलगायत शिक्षा क्षेत्रको योजना, व्यवस्थापन, वित्तीय अनुशासन र स्रोत परिचालनको प्रमुख जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ । यस सन्दर्भमा सानीभेरी गाउँपालिकाले गुणस्तरीय शिक्षा प्रवर्द्धनका लागि आवश्यक वित्तीय स्रोतको पहिचान, परिचालन र प्रभावकारी व्यवस्थापनलाई प्राथमिकतामा राखेको छ ।

शिक्षा क्षेत्रको दिगो विकासका लागि संघ, प्रदेश र स्थानीय सरकार, विकास साझेदार, निजी क्षेत्र तथा समुदायको साझेदारीमा लगानी विस्तार गर्नु आवश्यक छ। साथै, विद्यालय शिक्षामा विनियोजन हुने स्रोतसाधनको मितव्ययी, पारदर्शी, उत्तरदायी र परिणाममुखी परिचालन गर्दै भौतिक पूर्वाधारको विकास, विद्यालयको आर्थिक सबलीकरण, वित्तीय सुशासन तथा स्रोत व्यवस्थापन प्रणालीलाई सुदृढ बनाउनु सानीभेरी गाउँपालिकाको शिक्षा विकासको प्रमुख आधारका रूपमा रहेको छ ।

## ७.२ वर्तमान अवस्था

विश्वव्यापी रूपमा दिगो विकास लक्ष्य (SDG-4) हासिल गर्न कुल सार्वजनिक बजेटको कम्तीमा २० प्रतिशत शिक्षा क्षेत्रमा विनियोजन गर्ने प्रतिबद्धता भए पनि नेपालमा शिक्षा क्षेत्रको बजेट अपेक्षाअनुसार वृद्धि हुन सकेको छैन। सानीभेरी गाउँपालिकामा पनि सङ्घीय सरकारबाट प्राप्त सशर्त अनुदानको अधिकांश हिस्सा शिक्षक तलब भत्ता, दिवा खाजा, छात्रवृत्ति, निःशुल्क पाठ्यपुस्तक तथा भौतिक पूर्वाधारजस्ता अनिवार्य कार्यक्रमहरूमा खर्च हुने गरेको छ। त्यसैले स्थानीय तहबाट उपलब्ध हुने स्रोतहरूलाई विशेषगरी शैक्षिक गुणस्तर अभिवृद्धि, क्षमता विकास, नवप्रवर्तन तथा विद्यालय सुधारका

कार्यक्रमहरूमा प्राथमिकताका साथ परिचालन गर्नु आवश्यक भएपनि प्रयाप्त हुन सकेको अवस्था छैन। सानीभेरी गाउँपालिकाको कुल बजेटको हिस्साका हिसावले शिक्षा क्षेत्रमा उल्लेख्य बिनियोजन भएको देखिन्छ । तथापी ब्यवस्थापकीय पक्षमा बढी खर्च हुने भएकोले शैक्षणिक सुधारका क्षेत्रमा अझ योगदान पुर्याउनुपर्ने आवश्यकता रहेको छ ।

यस पाँच वर्षीय शिक्षा क्षेत्र योजना कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत मुख्य रूपमा सङ्घीय, प्रदेश तथा स्थानीय सरकारबाट प्राप्त हुने बजेट, अनुदान र आन्तरिक स्रोतबाट व्यवस्थापन गरिनेछ । साथै, अभिभावक, समुदाय, निजी क्षेत्र, विकास साझेदार तथा शिक्षा क्षेत्रमा क्रियाशील सङ्घ संस्थासँग सहकार्य र लागत साझेदारीमार्फत थप स्रोत परिचालन गरिनेछ । योजना कार्यान्वयनका क्रममा वित्तीय स्रोतको मितव्ययी, पारदर्शी, उत्तरदायी तथा परिणाममुखी व्यवस्थापन गर्दै वित्तीय सुशासनलाई सुदृढ बनाइनेछ । विद्यालयहरूको आवश्यकता, कार्यसम्पादन र नतिजाका आधारमा नियमित अनुदानका अतिरिक्त विशेष, मागमा आधारित, कार्यसम्पादनमूलक तथा प्रोत्साहनमूलक अनुदान प्रणाली अवलम्बन गरी स्रोतको प्रभावकारी परिचालन गरिनेछ । यस योजनाको कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोतको अनुमान तथा व्यवस्थापनको खाका देहायबमोजिम प्रस्तुत गरिएको छ ।

## ७.३ लक्ष्य

शिक्षा क्षेत्रमा पहुँच विस्तार तथा गुणस्तर अभिवृद्धिका लागि पर्याप्त र दिगो लगानी सुनिश्चित गर्नु ।

## ७.४ उदेश्यहरु

१. शिक्षा क्षेत्रका योजना तथा कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्न आवश्यक स्रोतको यथार्थ प्रक्षेपण गर्नु ।

२. योजनामा समावेश भएका कार्यक्रमहरूको कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोतको पहिचान तथा सुनिश्चितता गर्नु ।

३. उपलब्ध वित्तीय तथा अन्य स्रोतहरूको आधारमा कार्यक्रमको प्राथमिकता निर्धारण गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्नु ।

## ७.५ रणनीतिहरु

१. शिक्षा क्षेत्रमा पर्याप्त, दिगो र समन्यायिक वित्तीय स्रोत सुनिश्चित गर्न सङ्घ, प्रदेश र स्थानीय सरकारबीचको लगानी साझेदारीलाई सुदृढ गर्दै स्थानीय स्रोत परिचालनमा वृद्धि गर्ने ।
२. विद्यालय शिक्षामा पहुँच, सहभागिता र गुणस्तर अभिवृद्धिका लागि उपलब्ध वित्तीय स्रोतको प्रभावकारी, परिणाममुखी तथा प्राथमिकतामा आधारित परिचालन गर्ने।
३. स्थानीय तहको वार्षिक कुल बजेटको कम्तिमा २० प्रतिशत शिक्षा क्षेत्रमा विनियोजन गरी शिक्षा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्ने ।
४. शिक्षा क्षेत्रमा निजी, गैरसरकारी तथा विकास साझेदार संस्थाहरूको लगानी र लागत साझेदारीलाई आवश्यक मापदण्ड तथा नियमनका आधारमा प्रोत्साहन र प्रवर्द्धन गर्ने।
५. वित्तीय व्यवस्थापन प्रणालीलाई सुदृढ बनाउँदै मापदण्डमा आधारित खर्च तथा प्रतिवेदन प्रणाली अवलम्बन गरी पारदर्शिता, उत्तरदायित्व, कार्यकुशलता र सुशासन अभिवृद्धि गर्ने।

## ७.६ मुख्य उपलब्धि तथा नतिजा

१. शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासका लागि आवश्यक स्रोतहरूको दिगो तथा पर्याप्त व्यवस्थापन सुनिश्चित भएको हुनेछ ।
२. मापदण्डमा आधारित वित्तीय व्यवस्थापन प्रणाली अवलम्बन भई कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ भएको हुनेछ ।

## माथि तय गरिएका क्रियाकलापका आधारमा आंकलन सानीभेरी गाउँपालिकाको गरिएको ५ वर्षको अनुमानित बजेट

| बिषयगत क्षेत्रहरु | २०२६/२७ | २०२७/२८ | २०२८/२९ | २०२९/३० | २०३०/३१ | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | ८३/८४ | ८४/८५ | ८५/८६ | ८६/८७ | ८७/८८ | | |
| प्रारम्भिक बालविकास तथा शिक्षा | १८४६२०५० | १८८८७४०० | २०८९४००० | २०२०५००० | २२१३५००० | १००५८३४५० | |
| आधारभूत तह | १४२८३३९२० | १४४७०२८९५ | १४७३१४२४४ | १४७१०७९०८ | १४७८४४०७६ | ७२९८०३०४३ | |
| माध्यमिक तह | ३६१५४९७४ | ४०५१०९०२ | ४०४५१३६३ | ४०५३७०१५ | ४०५३४७७२ | १९८१८९०२५ | |
| प्राविधिक तथा ब्यवसायीक शिक्षा | ३१०००००० | ४०५००००० | ६९५००००० | ७००००००० | ७१५००००० | २८२५००००० | |
| अनौपचारीक तथा आजीवन सिकाई | २४५००००० | ४७०००००० | ४७५००००० | ५०५००००० | ४९५००००० | २१९०००००० | |
| पाठ्यक्रम र पाठ्यसामग्री | ३१६००००० | २७५००००० | २६६००००० | ३८५००००० | २७६००००० | १५१८००००० | |
| शिक्षक ब्यवस्थापन र विकास | ५५४११०० | ४८९३६०० | ३३१६२०० | ४७१७१०० | ४८१२४०० | २३२८०४०० | |
| शैक्षिक समता र समाबेशीकरण | २४७८०२० | २१८४४२० | २७८१२९५ | २१७९२४५ | २७८०६४५ | १२४०३६२५ | |
| विद्यालय स्वास्थ्य तथा पोषण | २०२८००० | १९५८००० | १९७८००० | २०८८००० | १९९८००० | १००५०००० | |
| विद्यालय सुरक्षा, विपद न्यूनिकरण | २१२४००० | २१२४००० | २६२४००० | २१२४००० | २६२४००० | ११६२०००० | |
| विद्यालय भौतिक पूर्वाधार विकास | १२६५००००० | २६०००००० | २०६५००००० | २३१७००००० | २१२०००००० | १०३६७००००० | |
| विद्यालय सूचना तथा प्रविधि विकास | ६५८००००० | ५८७००००० | ७२७००००० | ६३२००००० | ६५२००००० | ३२५६००००० | |
| विद्यालय सुशासन र ब्यवस्थापन | ४९०५००० | ४८०५००० | ४७१५००० | ५०५५००० | ४६५५००० | २४१३५००० | |
| **जम्मा** | **२४२४६७०६४** | **२६३४३६२१७** | **२६६३५४१०२** | **२६९४०३२६८** | **२६९९६३८९३** | **१३११६२४५४३** | |

## योजना कार्यान्वयनमा ५ बर्षे बित्तिय साझेदारीको आंकलन तथा लगानी ब्यवस्थापन

| साझेदारीको हिस्सा | साझेदारी प्रतिशत | २०२६/०२७ | २०२७/०२८ | २०२८/०२९ | २०२९/०३० | २०३०/०३१ | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | ०८३/०८४ | ०८४/०८५ | ०८५/०८६ | ०८६/०८७ | ०८७/०८८ | |
| संघिय सरकार | ७५.२० | १८२३३५२३२ | १९८१०४०३५ | २००२९८२८५ | २०२५९१२५८ | २०३०१२८४७ | ९८६३४१६५७ |
| प्रदेश सरकार | ४.२० | १०१८३६१७ | ११०६४३२१ | १११८६८७२ | ११३१४९३७ | ११३३८४८३ | ५५०८८२३१ |
| स्थानीय सरकार | ११.०० | २६६७१३७७ | २८९७७९८४ | २९२९८९५१ | २९६३४३५९ | २९६९६०२८ | १४४२७८७०० |
| दातृ निकाय र सहयोगी | ४.०० | ९६९८६८३ | १०५३७४४९ | १०६५४१६४ | १०७७६१३१ | १०७९८५५६ | ५२४६४९८२ |
| समूदाय तथा अभिभावक | १.२० | २९०९६०५ | ३१६१२३५ | ३१९६२४९ | ३२३२८३९ | ३२३९५६७ | १५७३९४९५ |
| अपुग हुने बजेट | ४.४० | १०६६८५५१ | ११५९११९४ | ११७१९५८० | ११८५३७४४ | ११८७८४११ | ५७७११४८० |
| जम्मा | १०० | २४२४६७०६४ | २६३४३६२१७ | २६६३५४१०२ | २६९४०३२६८ | २६९९६३८९३ | १३११६२४५४३ |

# परिच्छेद ८
# अनुगमन र मूल्याङ्कन

## ८.१ परिचय

शिक्षा क्षेत्र योजनामा समावेश भएका नीति, कार्यक्रम तथा क्रियाकलापहरूको प्रभावकारी कार्यान्वयन, गुणस्तर सुनिश्चितता तथा अपेक्षित नतिजा हासिल गर्न व्यवस्थित अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणाली अपरिहार्य हुन्छ । सानीभेरी गाउँपालिकाले वार्षिक स्वीकृत कार्यक्रम तथा बजेटअनुसार शिक्षा क्षेत्रका कार्यक्रमहरू कार्यान्वयन गर्नेछ। स्थानीय तह तथा विद्यालय तहमा सञ्चालित कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन, नियमित अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई योजनाको अभिन्न अङ्गका रूपमा अवलम्बन गरिनेछ ।

सानीभेरी गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाले समग्र कार्यक्रमको समन्वय, अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कन गर्नेछ भने प्रत्येक विद्यालयले स्वीकृत कार्यक्रम, बजेट तथा जिम्मेवारीअनुसार कार्यक्रम सञ्चालन गर्नेछन् । कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट, प्राविधिक सहयोग तथा व्यवस्थापकीय प्रबन्ध गाउँपालिकाबाट सुनिश्चित गरिनेछ ।

कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा मूल्याङ्कनका लागि गाउँपालिका स्तरमा उपाध्यक्षको संयोजकत्वमा र शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखको अगुवाईमा अनुगमन तथा मूल्याङ्कन समिति गठन गरिनेछ । विद्यालय तहमा विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक तथा सम्बन्धित सरोकारवालाको सहभागितामा विद्यालयस्तरीय अनुगमन प्रणाली सञ्चालन गरिनेछ । विद्यालय अनुगमनका लागि निश्चित अनुगमन साधनको विकास गरी कार्यान्वयनमा ल्याइने छ । विद्यालय अनुगमनका क्रममा शैक्षिक, प्रशासनिक, व्यवस्थापकीय तथा भौतिक पक्षहरूको नियमित निरीक्षण, सुपरिवेक्षण तथा समीक्षा गरिनेछ । अनुगमनबाट प्राप्त निष्कर्षका आधारमा सरोकारवालासँग समीक्षा

बैठक आयोजना गरी उत्कृष्ट अभ्यासहरूको दस्तावेजीकरण तथा प्रचारप्रसार गरिनेछ र सुधार गर्नुपर्ने पक्षका लागि कार्ययोजना तयार गरी कार्यान्वयन गरिनेछ । यसका साथै गाउँपालिका तथा विद्यालय तहमा अनुगमन तथा मूल्याङ्कन समितिलाई संस्थागत तथा सक्रिय बनाइ नतिजामुखी कार्यसम्पादन सुनिश्चित गरिनेछ ।

## ८.२ वर्तमान अवस्था

सानीभेरी गाउँपालिकाले स्थानीय सरकार सञ्चालन ऐन तथा प्रचलित शिक्षा सम्बन्धी कानुनी व्यवस्थाअनुसार शिक्षा क्षेत्रका कार्यक्रमहरूको अनुगमन, नियमन तथा मूल्याङ्कन गर्दै आएको छ । गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाबाट नियमित रूपमा विद्यालय अनुगमन, सुपरिवेक्षण तथा प्रगति समीक्षा गर्ने अभ्यास रहेको छ । आवश्यकताअनुसार जनप्रतिनिधिहरूको सहभागितामा संयुक्त अनुगमनसमेत सञ्चालन हुँदै आएको छ । विद्यालय तहमा विद्यालय व्यवस्थापन समिति तथा प्रधानाध्यापकको नेतृत्वमा कार्यक्रमहरूको अनुगमन तथा समीक्षा गरिने व्यवस्था रहेको छ ।

यद्यपि अनुगमन तथा मूल्याङ्कनका लागि आवश्यक संस्थागत संरचना र संयन्त्र स्थापना भए पनि ती पूर्ण रूपमा सक्रिय, व्यवस्थित तथा नतिजामुखी बन्न सकेका छैनन् पालिका स्तरमा शिक्षा शाखाको जनशक्ति समेत अभाव रहेको छ । अनुगमनबाट प्राप्त सुझावहरूको कार्यान्वयन, सुधारात्मक कार्ययोजना निर्माण तथा त्यसको निरन्तर अनुगमन गर्ने अभ्यास भैरहेको भएपनि अपेक्षाकृत हुन सकेको छैन । योजना तथा कार्यक्रमहरूको आवधिक प्रगति समीक्षा, मध्यावधि तथा अन्तिम मूल्याङ्कन प्रणाली अझै प्रभावकारी रूपमा संस्थागत हुन बाँकी छ । त्यसैगरी सफल अभ्यास, सिकाइ तथा नवप्रवर्तनहरूको दस्तावेजीकरण, ज्ञान व्यवस्थापन र प्रचारप्रसार प्रणालीलाई थप सुदृढ गर्न आवश्यक देखिन्छ ।

## ८.३ उद्देश्य

१. शिक्षा क्षेत्रको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न समन्वयात्मक, एकीकृत तथा संस्थागत अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गर्नु ।

२. अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामूलक, प्रमाणमा आधारित तथा उत्तरदायी बनाउनु ।

३. योजना कार्यान्वयनका क्रममा देखिएका समस्या तथा चुनौतीहरूको समयमै सम्बोधन गर्दै अपेक्षित उपलब्धि हासिल गर्नु ।

## ८.४ रणनीतिहरू

१. कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन व्यवस्थापनका लागि एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई सुदृढ तथा प्रभावकारी रूपमा सञ्चालन गर्ने ।

२. नतिजामूलक, प्रमाणमा आधारित तथा नियमित अनुगमन, सुपरिवेक्षण र मूल्याङ्कन प्रणाली अवलम्बन गर्ने ।

३. विद्यार्थी सिकाइ उपलब्धि, विद्यालय कार्यसम्पादन तथा शैक्षिक गुणस्तर परीक्षणलाई नियमित, व्यवस्थित र मापदण्डमा आधारित बनाउने ।

४. अनुगमन प्रणालीलाई ब्यवस्थित र प्रभावकारी बनाउन अनुगमन साधनको विकास गरी पूर्ण कार्यान्वयन गर्ने गराउने ।

५. कक्षाकोठामा आधारित अनुगमन, सुपरिवेक्षण, मार्गदर्शन तथा प्रतिवेदन प्रणालीलाई सुदृढ गरी शिक्षकको पेशागत सहयोग तथा सिकाइ सुधारमा जोड दिने ।

६. योजनाअन्तर्गत सञ्चालित कार्यक्रम तथा परियोजनाहरूको नियमित, आवधिक, मध्यावधि र अन्तिम मूल्याङ्कन प्रणाली संस्थागत गरी प्राप्त नतिजाका आधारमा सुधारात्मक कार्ययोजना कार्यान्वयन गर्ने ।

७. अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ बमोजिम अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयनको अवस्थाको नियमित प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पेश गर्ने।

## ८.५ प्रमुख उपलब्धि तथा अपेक्षित नतिजा

### प्रमुख उपलब्धि

१. अनुगमन तथा मूल्याङ्कनका लागि समन्वयात्मक, संस्थागत तथा एकीकृत प्रणाली विकास भएको हुनेछ ।

२. नतिजामा आधारित अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कन प्रणाली प्रभावकारी रूपमा कार्यान्वयन भएको हुनेछ ।

३. योजना कार्यान्वयनका क्रममा देखिएका समस्या तथा चुनौतीहरूको समयमै समाधान भई योजनाले अपेक्षा गरेका उपलब्धिहरू हासिल भएका हुनेछन् ।

### अपेक्षित नतिजा

१. अनुगमन तथा मूल्याङ्कनका लागि आवश्यक संस्थागत संरचना, प्रणाली तथा जनशक्ति क्षमता सुदृढ भएको हुनेछ ।

२. नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली प्रभावकारी रूपमा स्थापित भई शिक्षा क्षेत्रका योजना तथा कार्यक्रमहरूको कार्यान्वयन, पारदर्शिता, उत्तरदायित्व र गुणस्तरमा उल्लेखनीय सुधार भएको हुनेछ ।

| प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा |
| अनुगमन तथा मूल्याङ्कन संयन्त्र निर्माण | पटक | १ | ० | १ | ० | १ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचक तयार तथा अद्यावधिक गर्ने | पटक | १ | १ | १ | १ | १ | |
| कार्यक्रम कार्यान्वयनको चौमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन तयार गर्ने | पटक | ३ | ३ | ३ | ३ | ३ | |
| कार्यक्रम कार्यान्वयन पुस्तिका तयारी | पटक | १ | १ | १ | १ | १ | |
| अनिवार्य तथा निशुःल्क शिक्षा कार्यान्वयनको अवस्थाको प्रतिवेदन तयार गर्ने | पटक | १ | १ | १ | १ | १ | |
| अनुगमन पद्धति विकास तथा कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | |

उल्लेखित अनुगमन तथा मूल्याङ्कनका लागि अनुमानित बजेट आंकलन सुशासन तथा ब्यवस्थापन विषयक्षेत्रमा समाबेश गरिएको छ ।